

शोधमूलक - चौमासिक

भाषा
साहित्य
संस्कृति
सामाजिक शास्त्र
सङ्गीत
नाट्य
कला
कौशल

८७

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रज्ञा

शोधमूलक चौमासिक

सम्पादक मण्डल

नरराज ढकाल
रमेश विकल

प्रधान सम्पादक
ज्ञानमणि नेपाल

सम्पादक
गणेशबहादुर प्रसाई

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

असार-असोज २०५५ पूर्णाङ्क ८७ वर्ष २८

मूल्य रू. २७/-
वार्षिक रू. ८०/-

प्रकाशक :

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

मुद्रक: प्रज्ञा छापाखाना, प्रज्ञा-भवन, कमलादी, काठमाडौं ।

यस अङ्कमा

१.	महान बौद्ध भिक्षु श्वेन चाङ (हुएन साङ)	– प्रा. डा. वल्लभमणि दाहाल	१
२.	श्रावणिक ध्वनिविज्ञान	– डा. माधवप्रसाद पोखरेल	१५
३.	भारतीय स्वतन्त्रता संग्रामका योद्धाहरूप्रति नेपालले अपनाएको नीति	– डा. राजेश गौतम	३८
४.	दास प्रथा	– श्रीमती इन्दिरा जोशी	५६
५.	मिथिला मध्य परिक्रमाको स्थलगत सांस्कृतिक महत्त्व	– डा. गङ्गाप्रसाद अकेला	७०
६.	साङ्केतिक लेखन विद्या	– डा. रामविक्रम सिजापति	८१
७.	मानव कर्ममा ज्योतिषको प्रभाव	– हर्षनाथ भट्टराई	८९
८.	सञ्चारिक गणितः प्रयोग, प्रचलन र अपेक्षा	– महेश्वरप्रसाद उपाध्याय	९९
९.	किराँती संस्कृतिको धरोहर बूढासुब्बा	– सीता भण्डारी (पौडेल)	१११
१०.	पिखालखुः मूलढोकाबाहिरको रक्षक	– योगेशराज	११८

महान् बौद्ध भिक्षु श्वेन चाङ (हुएन साङ)

– प्रा. डा. बल्लभमणि दाहाल

१. जन्मस्थान र समाधि

चिनको हनान प्रान्तको ल्वोयाङको यान्य काउन्टी अन्तर्गत छन्-ह गाउँ कुनै विश्व प्रसिद्ध पुरातात्त्विक स्थान होइन, न त कुनै मनै हरण गर्ने रमणीय स्थल हो। यो गाउँ वाहिरवाट झट्ट हेर्दा अरू साधारण गाउँ जस्तै देखिन्छ। तर चिनमा ज्यादै राम्रो मानिने काल्पनिक मिथकीय पक्षी फोनिक्सको नाममा रहेको नदीको पूर्वी किनारामा अवस्थित यसै गाउँमा सन् ६०० मा चिनका एकजना महापुरुष श्वेन चाङको जन्म भएको थियो।

यस गाउँमा प्रचलित कथन अनुसार श्वेन चाङका वाजे यिङ्छ्वाङ्वाट छन्-हमा बसाईं सरे। उनका जिजु हजुर वुवा उत्तरी वेई राजाका जनरल थिए। उनका वाजे छनखाङ जिल्लाका हाकिम हुनाका साथै एक प्रतिष्ठित घरानिया परिवारका भएको स्पष्ट हुन्छ। उनका एकजना दिदी र चारजना दाजुभाइ थिए। श्वेन चाङ सबैमा कान्छा थिए। उनी छन् परिवारका भएका हुनाले पारिवारिक नाम छन्- यी राखिएको थियो। वौद्ध धर्म ग्रहण गरेपछि उनको नाम श्वेन चाङ रहेको हो। उनको पारिवारिक जीवनमा आनन्दका दिन ज्यादै कम थिए। उनी ५ वर्षको हुँदा आमाको र दश वर्षको हुँदा पिताको पनि स्वर्गवास भयो। उनका साहिंला दाइ वौद्ध भिक्षु भएकोले उनी १३ वर्षको उमेरमै प्रवज्या ग्रहण गरी सारा चिनभरि वौद्धधर्म फिंजाउने प्रतिज्ञा गरे।

उनको गाउँको अगाडि ठूलो शिलापत्र ठडचाइएको छ। त्यसमा चारवटा ठुला चिनिया अक्षरहरू 'श्वेन चाङको जन्मस्थान' खोपिएको छ। त्यसै शिलापत्रवाट अगि वढेर केही सिंढी चढेपछि उनको पुरानो घरमा पुगिन्छ। यस घरबारीलाई वस्ने कोठाहरू, फूलबारी र उनका मातापिताको समाधिका स्थलमा विभाजित गर्न सकिन्छ। उनको घरमा दुईवटा चारकुने चोक छन्- अगाडि र पछाडि। घरको चौगिर्दाभित्र पस्ने द्वार स्वेई र थाङ् वंशको वास्तुकलाको अनुकरण गरेर निर्माण गरिएको छ। द्वारमा पनि प्रसिद्ध सुलेखनकार चिश्येन लिनले लेखेका चारवटा चिनिया अक्षर छन्, जसको अर्थ हुन्छ, 'श्वेन

चाङको निवास'। अगिल्लो चोकमा एउटा वैठक कोठा र दुईवटा पूर्वी र पश्चिमी सुत्ने कोठा छन्। पूर्वी कोठा दाजु-भाउजूको कोठा हो। अहिले पनि तत्कालीन वेशभुसामा दाजुले चिनिया बाजा बजाइरहेको र भाउजूले लुगामा बुट्टा भरिरहेको जीवन्त मानिसझैं नै मसिनद्वारा देखाइएको छ। कोठामा त्यस वेलाका घरेलु सामग्री पनि छन्। पश्चिमी कोठालई श्वेन चाङको योगदान प्रदर्शनी कक्ष वनाइएको छ। त्यसमा उनले ५०,००० लि लामो भ्रमण गरेको नक्सा पनि टाँगिएको छ, त्यसमा उनी लुम्विनी पुगेको रेखाले दर्शाइएको छ। उनको हस्ताक्षर, उनले गरेका अनुदित कृतिका नमुना आदि पनि राखिएका छन्। उनको वृहत् वैठक कोठालाई स्मृति कक्ष वनाइएको छ। उनको मूर्तिका साथ उनका प्रमुख शिष्य ख्वैची र च्वान्छका मूर्तिले हामीमा एउटा संवेग पैदा गरिदिन्छन्।

प्रदर्शनी कक्षको छेउमा एउटा इनार र त्यसको छेउमा एउटा वुढो रूख छ। त्यस इनारमा अहिले पनि पानी छ र त्यस पानीमा अनेकौं तत्वहरू छन्, त्यो पानी पिउने मान्छे एकदमै चलाक हुन्छ' रे। कस्तो भनाइ रहेछ भने, उनी केटाकेटीमा त्यस १५ मिटर गहिरो इनारमा खसें' रे। ठूलो हाहाकार भयो' रे। सवै गाउँले मिली निकाल्न लाग्दा त, उनी छप्लयाङ-छप्ल्याङ पौडिखेलिरहेका थिए' रे। गाउँभरि उनको वुद्धिमत्ता र अनौठो शक्तिका विषयमा चर्चा चलेको' रे। २५,००० किलोमिटरको पैदल यात्रा गर्दा उनी जुन दिशातिर जान्थे, त्यस रुखका हाँगा पनि उतै फर्कन्थे' रे।

पछिल्लो चोकमा पूर्वी र पश्चिमी कोठा छन्। उनी त्यही पूर्वी कोठामा जन्मेका थिए। अर्को कोठा चाहिं वाजेवज्यैको' रे।

उनको घरवाट २०० मिटर जति पर उत्तर पश्चिममा उनको समाधिस्थल छ। त्यहाँ निकै शिलापत्र गाडिएका छन्। यी शिलापत्रमा 'थाङ वंशका महान् भिक्षु श्वेन चाङको समाधि' लेखिएको छ। त्यहाँ एउटा स्तूप पनि छ र स्तूपको पछाडि माटाको थुप्रो छ। उनको अस्तु र लुगा यहाँ गाडिएका थिए। उनको मृत्यु सन् ६६४ को अप्रिल ५ तारिखका दिन ट्वी ह्वा विहारमा भएको र उनको शवलाई श्वेत मृग मैदानमा समाधिस्थ गरिएको थियो, तर पछि सम्राट् लिचले शिङ्च्याउ विहार ६४८ मा वनाई स्तूप खडा गरी त्यहाँ समाधिस्थ गरेका थिए। उनको वास्तविक समाधि कुन हो अझ अनुसन्धानको विषय छ किनभने चिनमा उहिल्यै नामी व्यक्तिहरूका एकभन्दा वढी समाधि हुन्थे- ८ देखि १० सम्म। उनको अस्तु धेरै ठाउँमा वाँडिएको थियो। थाङ वंशको आखिरीतिर उनको समाधिमा चोरी भयो। छिङ वंशका पालामा १८५६ सन्मा त्यो अस्तु पनि हरायो। तर सन् १९४२ मा चिनमाथि जापानी आक्रमण भए ताक जापानी आक्रमणकारीहरूले नानचिङमा एउटा समाधि खने र अस्तु फेला पारे। भनिन्छ, त्यो अस्तु उनको वास्तविक अस्तु थियो। फलामे वाकसमा त्यसका ११ टुक्रा थिए। यिनलाई तीन भाग लगाएर १ भाग त्यहीं नान्चिङको चेन्थामा, अर्को पेइचिङमा र अन्तिम भाग टोकियोमा राखियो। थाइवान वौद्ध समाजले जापानीहरूसँग कुरा गरेपछि जापानीहरूले आफ्नो भागवाट एकभाग थाइवानीलाई पनि दिए। यसरी चार भाग लाग्यो। उनको मृत्युका विषयमा पनि एउटा भनाइ प्रचलित छ, उनी एकदिन अनुवादको काम गर्दागर्दै ट्वी ह्वा विहारमा लडे अनि विमारी भए। एकरात उनले सपनामा एउटा सेतो कमलको

फूल लिएर दुई जना वुद्ध श्वेन चाङ भए ठाउँ आए र केही बोले । त्यसपछि श्वेन चाङको निर्वाण भयो । उनको शरीर ७७ दिनसम्म राखियो, त्यो जस्ताको तस्तै थियो ।

२. अध्ययन र विद्वत्ता

वाल्यकालदेखिनै श्वेन चाङ ज्यादै अध्ययनशील थिए अनि अति लगनशील थिए । वेला-वेलामा, उनी खान र सुत्न छोडेर पनि पढ्दथे । उनी ज्यादै प्रतिभाशाली थिए । एकपटक पढ्नासाथ सारा पुस्तक राम्ररी बुझ्दथे र अर्को पटकमा उनलाई पुरै कन्ठ हुन्थ्यो । उनले कन्फ्युसियसवाद, ताउधर्म, बौद्धधर्म र विभिन्न विषयका पुस्तकहरू पढ्दै तिनलाई पचाउँदै लगे । उनी आफ्ना दाजुको अनुसरण गरी बौद्ध भिक्षु बने । उनी सानो उमेरकै थिए, तर ल्वोयाङको बौद्ध विहारमा, राजाको सहायतामा मुफ्त पढ्न पाउनका लागि सयौंले निवेदन दिएकोमा १४ जना मध्ये यिनी पनि छानिए । यसरी १३ वर्षकै उमेरमा उनी प्रवज्या ग्रहण गरी विहारमा अध्ययन गर्न थाले । केही वर्षभित्रै न्यायाचार्यको नामले उनी प्रसिद्ध भए । उनले सछ्वान प्रान्तको छन्तुको विहारमा अध्ययन गरे र पूर्णरूपले भिक्षु बने । त्यसपछि उनी छाड-आन विहारमा आए । उनले त्यस वखत चिनका उपलब्ध सर्वश्रेष्ठ बौद्ध विद्वान्हरूबाट शिक्षा ग्रहण गरे । संस्कृतबाट चिनिया भाषामा अनुदित सबै ग्रन्थ पढे । बौद्ध दर्शन सम्बन्धी अभिधम्म, हीनयान र महायान दुवैको अध्ययन गरे । खासगरी महायान सम्बन्धी विज्ञानवादको स्वरूप, पृष्ठभूमि र सीमाको गम्भीर अध्ययन गरे । उनले छैटौं शताब्दीमा परमार्थद्वारा अनुदित असङ्गको महायान संङ्ग्रहको पनि अध्ययन गरे । यसै समयमा उनलाई महायानको उत्कृष्ट कृति योगाचारभूमि शास्त्रका बारेमा थाहा भयो । ल्वोयाङ, छङ्तु, छाङ'आन, हपेई आदि स्थानमा गई गहिरो अध्ययन पछि उनलाई दुईकुरा स्पष्ट भयो: (१) बौद्ध धर्ममा देखा परेका विभिन्न मत र सम्प्रदायको बारेमा उब्जिएका उनका शङ्काहरूको समाधान गर्नु आवश्यक छ र (२) पहिले संस्कृतबाट चिनियामा गरिएका अनुदित कृतिहरू अस्पष्ट र त्रुटिपूर्ण छन् । साथै उनी योगाचार भूमिशास्त्र मौलिक रूपमा नै पढ्न चाहन्थे ।

बौद्ध धर्मको उद्गम स्थलमै गएर विभिन्न शङ्काको समाधान गर्ने र विशिष्ट विद्वान्हरूबाट प्रत्यक्ष रूपमानै अध्ययन गर्ने अनि बौद्ध शास्त्र ल्याई प्रामाणिक अनुवाद गर्ने । यिनै उद्देश्य लिई उनले भारत जाने अठोट गरे र २८ वर्षको उमेरमा महा-निष्क्रमण गरे । उनले भारतवर्षमा जहाँ विद्वान्हरू छन् भन्ने सुने ती स्थानमा आफैं गई विद्वान्हरूसँग सम्पर्क गर्ने, अध्ययन गर्ने र शास्त्रहरू बटुल्ने काम गरे ।

उनले अध्ययन गरेका केही महत्त्वपूर्ण ग्रन्थ, स्थान समय र शिक्षकको विवरण यस प्रकार छ:

स्थान	शिक्षक	समय	ग्रन्थ
कस्मिर	विहाराध्यक्ष	२ वर्ष	कोशशास्त्र, न्यायानुसार शासन, हेतु विद्या
पूर्वी पन्जाब	विनीत प्रभा	१ वर्ष २ महिना	अभिधर्म शास्त्र, अभिधर्म प्रकरण शासन शास्त्र, न्यायद्वार तर्क शास्त्र आदि ।
जालन्धर	चन्द्रवर्मा	४ महिना	त्रिपिटक प्रकरण पद विभाषा शास्त्र
गङ्गोत्तरी	जयगुप्त	६ महिना	सौत्रान्तिक सम्प्रदायको विभाषा
रोहितखण्ड (मतिपुर)	मित्रसेन	६ महिना	तत्व सत्य शास्त्र, अभिधर्मज्ञान प्रस्थान शास्त्र, सर्वास्तिवाद र अन्यसूत्र

कन्नौज	वीर्यसेन	३ महिना	बुद्ध दश विभाषा
नालन्दा	शीलभद्र	४+२ वर्ष	योगशास्त्र, न्यायानुसारशास्त्र, हेतुविद्या, शब्द विद्या, शत शास्त्र, व्याकरण, स्वयं पुस्तक लेखन
धान्यकटक	सुभूति, सूर्य	?	महासंघिक सम्प्रदायको त्रिपिटक र मूलाभिधर्मशास्त्र
विभिन्न स्थानमा	स्वयं		अनेकौ ग्रन्थ, दर्शन, संस्कृत व्याकरण आदि ।
टक्क राज्य	?	१ महिना	शत शास्त्र
चिनभुक्ति राज्य	?	१ वर्ष २ महिना	विभिन्न ग्रन्थ

श्वेन चाङ आफ्नो ज्ञानपिपासा तृप्ति गर्न उनले लक्ष्य गरेको स्थल नालन्दा पुगे। त्यसबेला यो विश्वमा सबभन्दा ठूलो बौद्ध विश्वविद्यालय थियो। उनले यसको सजीव वर्णन गरेका छन्। यो नालन्दाको स्थापना इस्वीपूर्व प्रथम शताब्दीमा राजा शक्रादित्यले गरेका थिए। श्वेन् चाङको त्यहाँ जाने मुख्य उद्देश्य योगशास्त्रको अध्ययन गर्ने थियो। अतिवृद्ध भई अध्यापन छाडिसकेका महा विद्वान् शीलभद्रले श्वेन चाङको अनुरोध स्वीकार गरे। उनले शीलभद्रसँग योगाचार भूमिशास्त्र पढे। त्यहीं उनले व्याकरण, तर्कशास्त्र र हेतु विद्याको पनि गम्भीर अध्ययन गरे। शिक्षाको केन्द्र नालन्दामा त्यसबेला १० हजार विद्यार्थीहरू पढ्थे। विभिन्न बौद्ध सम्प्रदायका साथै वेद, हेतु विद्या, शब्द विद्या, चिकित्सा शास्त्र, अथर्ववेद र साङ्ख्य जस्ता विषय पढ्दथे। १५४१ जना प्राध्यापकहरू विभिन्न विषयका विशेषज्ञ थिए। प्रतिदिन प्रवचन र शास्त्रार्थ हुन्थ्यो। उनी दक्षिण भारतका विभिन्न राज्य र महाराष्ट्रको भ्रमण पछि पुनः नालन्दा फर्किए। नालन्दामा महा विद्वान् शीलभद्रले उनलाई विद्वान्हरूको जमघटमा महायान संपरिग्रह शास्त्रको व्याख्या गर्न र विद्यामात्र सिद्धि शास्त्रका कठिन बुँदाहरूमा टिप्पणी गर्न लगाए।

श्वेन चाङको वाक्पटुता र तर्क शक्ति अद्वितीय थियो। शास्त्रार्थ र वादविवादमा उनी अनुपम थिए। त्यस वखत, भारतमा महायान संप्रदायमाथि हीनयान र नव-ब्राह्मणवादको कडा प्रहार भइरहेको थियो। विद्वान्हरूका बीच श्वेन चाङले आफ्ना विद्वत्ता र तर्क शक्तिद्वारा विरोधी मतलाई परास्त गरिदिए। ब्रह्मपुरमा एकजना अति घमण्डी ब्राह्मणले महायानमाथि आक्रमण गर्दा उसलाई उनले बहसमा परास्त गरिदिएका थिए।

नालन्दामा एकजना विद्वान् सिंहरश्मि र श्वेन चाङका बीच योगका विषयमा मत भिन्नता चलिरहेको थियो। श्वेन चाङले महायानका पक्षमा तीन हजार श्लोकको शास्त्र (व्है चुङ) लेखे। उनको यस शास्त्रलाई महापण्डित शीलभद्रलगायत सम्पूर्ण बौद्ध विद्वान्को सभाले अनुमोदन गऱ्यो। त्यस्तै एकजना लोकतीय मतका विधर्मी ब्राह्मणले श्वेन चाङलाई शास्त्रार्थ गर्न हाँक दिए। हार्नेको टाउको काट्ने बाजी राखे। श्वेन चाङले यसलाई सहर्ष स्वीकार गरे र शास्त्रार्थ सुरु भयो। उनले ब्राह्मणले राखेका विभिन्न प्रश्नहरूका भूत, निर्ग्रन्थ, कपालिक, जुटिकहरूका विषयमा उत्तर दिए र आखिरमा ती ब्राह्मणले हार मानी आफ्नो टाउको काट्न तयार भए। तर श्वेन चाङले उनलाई क्षमादान दिए र आफ्नो शिष्य बनाए। साथै श्वेन चाङले प्रज्ञागुप्तद्वारा लिखित लोकतीय शास्त्रको खण्डनमा १६०० श्लोकको एउटा संस्कृतमा पुस्तक लेखे "विधर्मको विनाश"।

त्यस कृतिलाई सम्पूर्ण विद्वज्जन र विरोधी समेतबाट मान्यता दिइयो। सबैले यस्तो तर्कको खण्डन कसले गर्न सक्दछ ? भनेर प्रशंसा गरे। राजा हर्ष शिलादित्यकी बहिनी राज्यश्री लोकतीय मतबारे कहलाएकी विदुषी थिइन्। उनी आफ्ना दाजुका छेउमा बसेर श्वेन चाङले महायान मतको व्याख्या गरेको सुनेर अति प्रभावित भइन्।

त्यस समयमा हीनयान र महायानको विषयमा ठूलो विवाद भैरहेको थियो। राजा हर्ष वर्धन (शिलादित्य)ले हीनयानको मतको खण्डन गरी महायानको पुष्टि गर्न एउटा विशाल धर्म सभाको आयोजना गरे। यसमा प्रकाण्ड विद्वान्का रूपमा प्रसिद्धि पाइसकेका श्वेनचाङको प्रतिभा र योग्यताको परिचय चारैतिर फिंजाउने र महायानको परिस्कारको प्रदर्शन गर्ने पनि राजाको उद्देश्य थियो। कन्नौजमा यो महासभा भयो। यसमा १८ देशका राजा, महायान, हीनयानका ३००० विद्वान्हरू ३००० निर्गन्थ ब्राह्मणहरू र १००० नालन्दाका भिक्षु उपस्थित थिए। त्यसमा राजाले सबभन्दा ठुला १०० जना विद्वान्हरूलाई र अन्य धर्मी ५०० ब्राह्मणलाई शास्त्रार्थ गर्न छानेका थिए। पाँच दिनसम्म श्वेन चाङले हीनयान र अन्य मतावलम्बीहरूको खण्डन र महायानको समर्थनमा व्याख्या गरे। हीनयानीहरूले आफ्नो मत छताछुल्ल भएको देखेर उनलाई मार्ने षड्यन्त्र गरे। तर राजाले जसले श्वेन चाङमाथि आक्रमण गर्छ उसको शिरोच्छेदन गर्ने घोषणा गरे। उनको विद्वत्ता र तर्क शक्तिबाट प्रभावित भएर हजारौं हजार अन्य मतावलम्बीहरू पनि महायानी बने।

३ सम्मान र आदर

कन्नौजमा विशाल धर्मसभा १८ दिन चलेपछि सिद्धियो। सम्पूर्ण विरोधीमतलाई परास्त गरी महायन्-सिद्धान्तको स्थापना गरेकोमा उनलाई सजाएको हात्तीमा चढाई ठुलो सम्मान गरियो। उनलाई महायानीहरले "महायान देव" र हीनयानीहरूले "मोक्षदेव"को उपाधि दिए।

कामरूपका राजा कुमार (भास्करवर्मा)ले श्वेन चाङलाई कामरूप आउने निमन्त्रणा दिए। राजा हर्षवर्धनले उनलाई आफूसँग राखिराखेकोले भास्कर वर्माले श्वेन चाङलाई तुरुन्तै नपठाए सेना र हात्तीले सुसज्जित भएर बादलजस्तै खनिएर नालन्दा विहार धुलोपिठो पारिदिने धम्की दिए। हर्षवर्धनले उनलाई केही समयका निम्ति जाने आज्ञा दिए। श्वेन चाङ भास्कर वर्माको दरबार पुग्दा उनी अत्यन्त खुसी भए। हर्ष वर्धनले तुरुन्तै श्वेन चाङलाई फर्काउने सन्देश पठाए। तर भास्कर वर्माले तुरुन्तै फर्काउन नचाहेर यस्तो खबर पठाए, "उनले मेरो टाउको लैजान सक्छन्, तर न्यायाचार्य (श्वेन चाङ)लाई हैन।" यस्तो उत्तरले हर्षवर्धन आश्चर्यमा परे 'फेरि कि टाउको कि श्वेन चाङलाई पठाऊ' भन्ने सन्देश पठाए। राजा भास्करवर्मा स्वयं श्वेन चाङलाई लिई कजरागिरको गङ्गानदीको उत्तरी किनारामा आए। उतापट्टिका किनारमा हर्षवर्धन पहिल्यै ठुलो सजधजका साथ उनको स्वागत गर्न पर्खिरहेका थिए। हर्षवधर्नले कन्नौजमा उनको सम्मानमा एउटा विशेष सभा गरे। त्यसैगरी कास्मिरका राजाले पनि उनको सम्मानमा सभा गरेका थिए। पुस्तकहरूको प्रतिलिपि तयार गर्न उनलाई २० जना विद्वान् पनि सहयोगीका रूपमा दिएका थिए।

श्वेन चाङलाई गोबी मरुभूमिको केन्द्रीय भाग सिन्च्याङ प्रान्तका राजा छ्वन पाइले बाटैमा रोकेर आफूसँगै धार्मिक गुरुका रूपमा राख्ने दृढ निश्चय गरेका थिए। उनले श्वेन चाङलाई श्रद्धाबश राख्न चाहेकोले 'बरु पामीर पहाडलाई सार्न सजिलो होला तर उनको अठोटलाई कसैले हल्लाउन सक्तैन' भने। श्वेनचाङ पनि भारतीय उपद्वीपमा जान दृढ-प्रतिज्ञ थिए। उनले जवाफ दिए, "सरकार मेरो हड्डी राख्न समर्थ भइवक्सेला, तर सरकारको शक्ति न त मेरो आत्मामाथि छ न त मेरो मनोवलमाथि।" आमरण अनशन गर्ने धम्की दिएपछि मात्र श्वेन चाङ त्यहाँबाट उम्किए। पश्चिमीतर्फका वडा महाराजा खानले पनि रोक्न खोजेको थिए तर, फर्कंदा भेट्ने वाचा गरी उनी फुत्किए।

उनले विद्वान्बाट पनि त्यस्ता सम्मान र आदर पाएका थिए। नालन्दा पुग्नुभन्दा पहिल्यै चारजना विद्वान् उनको स्वागतमा चार योजन पर स्वागत गर्न गएका थिए। नालन्दा आइपुग्दा हजारौं मानिस र दुईसय विद्वान्ले फूल, छाता र अत्तर लिई उनको प्रशंसा गर्दै भित्र्याएका थिए। नालन्दामा उनलाई अति सम्मानसाथ विशिष्ट भोजन र कक्षको व्यवस्था गरी राखिएको थियो। साधारण मानिसले पनि उत्तिकै आदर गर्दथे। सकल (श्यालकोट)मा ५ जना लुटेराको डफ्फाले उनका सबै कुरा चोरिदिए, तर गाउँलेहरूले लुगाफाटा र अन्य आवश्यक सामग्री जुटाई ठुलो स्वागत गरे। चिन फर्केपछि आफ्नो जन्म स्थान ल्वोयाङमा पाएको स्वागत र शि'आनमा सम्राट्द्वारा गरिएको सम्मान अवर्णनीय नै छ।

४. भ्रमण

श्वेन चाङले सन् ६२८ मा २८ वर्षको उमेरमा छाड' आनवाट राजाको निषेधाज्ञा भङ्ग गरी भारतीय उपमहाद्वीपका निम्ति प्रस्थान गरे। भारतीय उपमहाद्वीपका विभिन्न राज्यका विभिन्न स्थान र आवतजावत गर्दा बाटामा पर्ने केन्द्रीय एसियाका राज्यहरू समेत जम्मा ११० वटा राज्यको भ्रमण गरे। यस महानिष्क्रमणमा उनले चिनको उत्तरी बाटो सिल्करोड समाती गोबी मरुभूमिको केन्द्रीय भाग केन्द्रीय एसियाका राज्यहरू छिचोल्दै खैबर घाटी पार गरेर गान्धार पुगे। त्यसपछि पुश्कलवती हुँदै इन्दुस नदी पार गरेर भारतीय उपमहाद्वीपका तक्षशिला पुगी त्यहाँबाट कास्मिर प्रवेश गरे अनि पन्जाव हुँदै जालन्धर, कुलुको बाटो गरी मथुरा हुँदै उत्तर पूर्वी बाटो समाती स्थानेश्वर, गढवाल, कुमाउ भएर कन्नौज वा कान्यकुब्ज गए। त्यसपछि अयोध्या र प्रयागका यात्रा गरी कौशाम्वी पुगे। त्यहाँबाट श्रावस्ती, कपिलवस्तु, लुम्विनी, रामग्राम, कुशिनगर, वनारस, वैशाली, मगध, नालन्दा राज गृहको यात्रा गरेर चम्मा पुगे। वंगाल हुँदै उडिसा भएर दक्षिणतिर लागे। धान्यकटक हुँदै कान्ची पुगे अनि मैसुर, महाराष्ट्र, गुजरात क्षेत्र हुँदै पुनः नालन्दा फर्किए र कन्नौजको धर्म महासभामा भाग लिए। त्यसपछि प्रयाग सभामा भाग लिए। उनको फिर्ती यात्रामा जालन्धरबाट कौशाम्वी हुँदै तक्षशिला भएर उत्तरी बाटो समाते (नेपाल काठमाडौं उनी आएका विषयमा मतमतान्तर छ)। उनले ११० वटा राज्य आफै पुगेर र अन्य १८ वटा राज्यको विवरण अरूबाट सुनेर वर्णन लेखेको हो भन्ने धेरै विद्वान्हरूको मत छ।

श्वेन चाङले ११० वटा राज्यहरूको यात्रा सम्पूर्ण रूपमा ५०,००० लि (२५ हजार किलोमिटर) लामो थियो। यस भ्रमणमा उनले सामना गरेका सङ्कट, कष्ट र खतराको वर्णन कुनै शब्दद्वारा पनि गर्न सकिन्न। सबभन्दा पहिलो खतरा त आफ्नै सम्राट्वाट थियो। त्यस वखत चिनमा विदेश जान कडा प्रतिवन्ध थियो। सम्राट्ले उनको निवेदन अस्वीकार गरेका थिए। तर भारतवर्ष जानका लागि उनी सुटुक्क निस्के। लान्चौमा उनले एकजना साथी पनि फेला पारे। गुप्तचरहरूले उनलाई जान नदिने पूर्ण चेष्टा गरे, तर सौभाग्यवश त्यहाँका प्रान्तपाल ली चाङले उनलाई आफ्नो यात्रामा अगि वढ्ने अनुमति दिए। उनले ठाडा र डरलाग्दा खोलानालाहरू तुइनवाट र जँघार तर्नुपऱ्यो। कैयौं दिन हिउँमै हिउँले ढाकेका पहाडहरू छिचोल्नु पऱ्यो भने कतिपल्ट भास भएको थलथले भएर जानु पऱ्यो। उनले गोवीको मरुभूमि पार गर्दा वाटो देखाउन साथमा ल्याएको मानिसले ५ वटा चौकी पार गरेपछि धोका दिएर फर्क्यो। वालुवाको आँधीले वाटो पुरिदियो र उनी हराए। त्यहाँ वाटो पत्तो लगाउने चिन्ह मरेका मान्छेका हाडखोड र घोडाका लिदी मात्र थिए। उनले सयौं किलोमिटरसम्म तीन चारवटा मरुभूमि भएर गुज्रनु पऱ्यो। पचास किलोमिटर गैसकेपछि उनले वाटो विराए। वोकेको खानेपानी पनि एक थोपा वाँकी नरही सिद्धियो। एक थोपो पानी नपिई उनले ५ दिन ५ रात मरुभूमिमा विताउनु पऱ्यो।

दक्षिण एसियाली मुलुकमा पुग्नुभन्दा पहिले र दक्षिण एसिया पुगेपछि चारपटक उनलाई लुटेराहरूले दुःख दिए। सबभन्दा खतरापूर्ण घटना चाहिं गङ्गा नदीवाट नाउमा अयोध्या हुँदै ह्यमुख जाँदा भएको थियो।

गङ्गा नदीको वाटो नौकामा आफ्ना साथीहरूसँग अयोध्यावाट ह्यमुख जाँदै गर्दा नदीका दुवै किनारमा पर्खिरहेका लुटेराको जमातले नदीको मझधारमा हम्ला गरी नौकामाथि कब्जा गरे। दुर्गा देवीलाई वलिदान दिन ती लुटेराहरू एउटा गतिलो सुन्दर मानिसको खोजीमा थिए। यसो हेर्दैमा उनीहरूले वलि दिन श्वेन चाङलाई रोजे। उनको टाउको काट्न मात्र के लागेका थिए, एकाएक एउटा तुफान आयो र रुखहरूलाई पनि वटारेर ढालिदियो। वालुवाको वादल चारैतिर फैलियो। नदीमा छाल आएर नाउलाई एकदमै ढल्पल पारिदियो। ती लुटेराहरूले यस्तो भएको कारण श्वेन चाङको आध्यात्मिक शक्तिले हो भन्ठानी उनका शरणमा परेर क्षमा याचना गरे। उनको विद्वत्तावाट तर्सिएर उनलाई एउटा ब्रह्मणले मार्ने षड्यन्त्र गरेको कुरा पनि उनको जीवनीमा लेखिएको छ।

उनको विद्वत्ता र चरित्रवाट प्रभावित भई कतिपय राज्यहरूले उनलाई उम्कन नदिने चेष्टा गरेका थिए। यो पनि उनको लक्ष्यमा वाधा नै थियो। माथिनै भास्कर वर्मा र हर्षवर्धनले रोक्न खोजेको र वाटामा खान राजा र राज छुवन पाईले रोक्न खोजेको कुरा उल्लेख भैसकेको छ।

उनी फर्कंदा हर्षवर्धनले उनलाई ३००० सूनका मुद्रा र १०,००० चाँदीका मुद्रा वाटो खर्च दिएका थिए। उनले फर्कंदा आफूसँग ६५७ बौद्ध ग्रन्थ ल्याएका थिए। तिनमा २२४ सूत्र, १९२ महायानका शास्त्र, १५ वटा सम्मतीय सम्प्रदायका ग्रन्थ, २२ वटा महीशासक सम्प्रदायका ग्रन्थ, ६७ वटा स्थविरवादी सम्प्रदायका ग्रन्थ, १७ वटा काश्यपीय सम्प्रदायका ग्रन्थ, ४२ वटा धर्मगुप्त सम्प्रदायका ग्रन्थ, ३६ वटा हेतु विद्या शास्त्र र १३ वटा शब्द विद्याशास्त्र पनि ल्याएका थिए। यसरी जम्मा ५२० प्रति ६५७ ठेली ग्रन्थहरू

उनले ल्याएका थिए। भारतवर्षका विभिन्न राज्यमा सङ्ग्रह गरेका बौद्ध मूर्ति र सामग्री १५० स्थान पनि आफ्नो भारीमा थिए। यी सम्पूर्ण सामग्री २० वटा घोडामा लादिएका थिए। उनले बाटोमा ५० प्रति ग्रन्थ र फूलको बीजन हराए भन्ने कुरा पनि उनको जीवनीमा लेखिएको छ।

५. अदम्य साहस र विनम्रता

श्वेनचाङ बाल्यकालदेखि नै अदम्य अठोट साहस अनि कठोर परिश्रम गर्ने जाँगर भएका व्यक्ति थिए। उनले आफ्नो सारा जीवन सत्यको खोजीमा लगाए। उनको दृढ निश्चय र साहस तथा २५ हजार किलोमिटरको यात्रा कैयौंपटक ज्यान जोखिममा पारेर पुरा गरी आफ्नो लक्ष्य सिद्धि प्राप्त गरेबाटनै स्पष्ट हुन्छ। उनले सुरुमै वैवाहिक जीवन परित्याग गरेर बौद्धधर्ममा जीवन अर्पण गर्ने अठोट गरेका थिए। उनलाई भारत र केन्द्रीय एसियाका विभिन्न राजाहरूद्वारा ठुलो पद दिने लालचाले रत्तीभर छोएन। उनले थाङसम्राट्को सरकारी उच्च ओहदा लिने अनुरोध अस्वीकार गरे।

एकातिर अदम्य मनोवल र साहस अर्कातिर धर्मपरायणता, विनम्रता र दया उनका व्यक्तित्वका विशेषता थिए। उनको दयाको भावना र विनम्रताबाट चोर डाकूहरूमा समेत परिवर्तन आउँथ्यो। उनी शास्त्रार्थमा निर्भीक र स्पष्टवादी थिए अनि विरोधी मतको अकाट्य खण्डन गर्दथे। तर व्यक्तिगत रूपमा सबैसँग स्नेह र शिष्ट व्यवहार गर्दथे। आफ्ना गुरुजनप्रति उनको सम्मान र आदर अतुलनीय थियो। उनको क्षमा र दयाबाट कट्टर शत्रुहरू पनि प्रभावित भएको तथ्य माथि उल्लेख भइसकेको छ। उनले भारतवर्षमा छाँदा अनेकौं मित्र बनाएका थिए। उनी चिन फर्केपछि महाबोधी विहारबाट धर्मरुद्धभिक्षु श्वेन चाङलाई आफ्ना पुराना मित्रहरूबाट पठाएका उपहार ग्रन्थ र पत्रहरू लिएर चिन गएका थिए। भारत वर्षका विद्वान्हरूसँग उनको त्यस्तो आत्मीय सम्बन्ध थियो।

६. श्वेन चाङ एक सांस्कृतिक दूत र उनको देशभक्ति

ज्ञान, विज्ञान र सिद्धान्तको जात, जाति वा देशको सीमा केही हुँदैन। श्वेन चाङले भारतवर्षका विभिन्न मुलुकमा गएर आफ्ना शंकाको समाधान गरे, ज्ञान पिपासा मेटे र एक प्रकाण्ड विद्वान्का रूपमा त्यो ज्ञानको ज्योति आफ्नो मातृभूमिमा बालिराख्ने प्रण गरे। उनको विद्वत्ता, तर्कशक्ति, विनम्रता र धर्मपरायणताले गर्दा राजा र विद्वान्हरू उनलाई आफूसँगै राख्न चाहन्थे, तर सच्चा बौद्धमार्गी श्वेन चाङले उनीहरूको अनुरोध स्वीकार गरेनन्। उनको जीवनीमा उनले आफ्ना गुरु शीलभद्रसँग नालन्दामा विदा माग्दाको कुरा हृदयस्पर्शी रूपमा वर्णन गरिएको छ। उनले भने, 'यो बुद्धको स्थल हो। यसलाई स्नेहपूर्वक श्रद्धा नगरी रहन सकिन्न। आफू भारतवर्ष आएको उद्देश्य आफ्ना जनताहरूको हितका लागि शास्त्रहरूबारे जानकारी लिनु हो।' उनले त्यहाँ गएर शीलभद्रसँग योगाचार भूमिशास्त्र पढे, शङ्कास्पद बुँदाको निराकरण गर्ने अवसर पाए। विभिन्न पवित्र स्थलको भ्रमण गर्ने र विभिन्न मतको गम्भीर व्याख्या सुन्ने अवसर पाए र उनको भ्रमण अत्यन्त फलदायक भयो। उनले अन्त्यमा यी शब्द व्यक्त गरे, "अब म फर्केर अनुवाद गर्न र आफूले सुनेका कुरा अरूलाई व्याख्या गर्न चाहन्छु, जसबाट अरू पनि तपाईसँग उत्तिकै कृतकृत्य हुन सकून् ... अतः म फर्किन ढिलो गर्न र यहाँ रहन इच्छुक छैन।" शीलभद्रले प्रसन्न हुँदै जवाफ दिए, "यी विचारहरू, बोधिसत्वमा हुने विचार हुन्, तपाईंका अभिलाषालाई मेरो हृदयले पहिल्यै महसुस गरिसकेको छ।" उनलाई

आफूसँगै राख्ने हर्षवर्धनको तीव्र चाहना थियो। वास्तवमा श्वेन चाङ र हर्षका बीच अतिसम्मान र आत्मीयता थियो। तर आफ्नो मातृभूमिको प्रेम र चिनियाँ जनतालाई बोद्ध धर्मको सत्य सन्देश फिंजाउने उनको भीष्म प्रतिज्ञा अटल थियो। चाहे कामरूपका राजा भास्कर हुन्, चाहे तुर्फानका राजा वा तुर्कका राजा हुन्, कसैले पनि उनको अठोटलाई भङ्ग गर्न सकेन। यो उनको अति गहिरो रूपमा जरा गाडेको देशभक्तिनै थियो। आफ्नो यात्रा र यात्रावृतान्तद्वारा अनि असाधारण विद्वत्ताबाट उनी विश्वका एक सांस्कृतिक दूत बन्न पुगेका छन्। उनमा देशभक्ति र अन्तरराष्ट्रिय भातृत्वको अनौठो संगम रहेको छ। उनले आफ्नो यात्राका क्रममा केन्द्रीय र दक्षिण एसियाका मुलुकमा अनि फर्केपछि जापान र कोरिया लगायत दक्षिण पूर्वी एसियामा प्राज्ञिक सञ्चारको स्थापना गरे। भारतवर्षका विभिन्न राज्यमा उनी जहाँजहाँ गए, चिनको सभ्यता र संस्कृतिको परिचय दिए। चिनिया आचार, नैतिकता र सद्गुणका साथै आफ्नो सम्राट्का विषयमा पनि जानकारी दिए। आफ्नो भ्रमणको सिलसिलामा उनले दिएका प्रवचनमा र अध्ययनमा चिनका कन्फचुसियसवाद र ताउवादको उल्लेख गर्दै चिनिया संस्कृतिको पुष्टि गरे। छो-छो राजालाई श्वेन चाङले यौटा पत्र लेखी जन-कल्याण र जन-सेवा गरेकोमा प्रशंसा गरी पत्र पठाए। राजा छो-छोले चिनियाँ संस्कृतिका धेरै तत्वहरू ग्रहण गरेका थिए। श्वेन चाङले उनलाई यसमा अझ प्रोत्साहित गरे। राजा हर्षवर्धन र भास्कर वर्मालाई उनले थाङ सम्राट्को गुण र चरित्रको वर्णन गरे। उनले चिनको परिचय दिन भास्करवर्माको अनुरोधमा ताउ ग्रन्थको मूलग्रन्थ "लाओच" संस्कृतमा अनुवाद गरी चिनवाट पठाइ दिए। त्यस्तै भारतमा अप्राप्य भएको "महायान श्रद्धोत्पाद" शास्त्रलाई चिनियावाट संस्कृतमा अनुवाद गरेर भारत पठाइ दिए। भारतवर्षका र केन्द्रीय एसियाका विभिन्न मुलुकमा उनले यी मुलुक र चिनका बीच सेतुको काम गरी अतुलनीय प्राज्ञिक सम्बन्ध कायम गरे। उसको परिणाम केवल धार्मिक-सांस्कृतिक आदान प्रदानमा मात्र सीमित नरही कूटनैतिक क्षेत्रमा पनि उत्तिकै पर्न गयो। उनले चिन फर्किएपछि, धर्म-प्रचारका क्रममा जापान र कोरियाका पनि शिष्य बनाए। उनले प्रतिपादन गरेको विज्ञानवाद सम्प्रदाय चिनमाभन्दा बढी जापानमा चल्यो।

प्राज्ञिक र सांस्कृतिक आदान-प्रदान मानव जातिको उत्थानका निम्ति मूल्यवान् कारक तत्त्व हुन्। ठुला-ठुला विजयी योद्धाहरूले विश्वमा नरसंहार र विपत्ति ल्याएका छन्, तर श्वेन चाङ जस्ता महान् प्राज्ञिक व्यक्तिले आफ्नो दुःखकष्टको वास्ता नगरी हजारौं किलोमिटरको यात्रा गरी मानवता, सत्य, शान्ति र भातृत्वको सन्देश फिंजाएका छन्। देश-देश र जनता-जनताका बीचका मैत्री र समझदारीका दूत बनेका छन्।

७. अमर योगदान

श्वेन चाङका योगदानका विभिन्न पक्षहरू छन्। उनका योगदानको सर्वाङ्गीण रूपमा मूल्यांकन गर्न यहाँ सम्भव पनि छैन। संसारका विभिन्न विद्वान्हरू यसमा जुटिरहेकै छन्। यहाँ हामी ज्यादै संक्षेपमा उनका योगदानका केही पक्षको चर्चा गर्दछौं।

(क) अनुवाद र चिनिया भाषाको विकास

श्वेन चाङ छाङ 'आनबाट प्रस्थान गरेको १७ वर्ष पछि सन् ६४५ मा पुनः छाङआनमा आइपुगे। सम्राट् थाइचुङले उनको भव्य स्वागत गरे। उनलाई केही दिन विश्राम गरी मनोरञ्जन गर्न अनुरोध गरे, तर श्वेन चाङले सो अनुरोध अस्वीकार गरी आफूले ल्याएका ग्रन्थहरूको अनुवाद गर्ने निवेदन गरे। सम्राट्को संरक्षकत्वमा उनलाई हुङ्फु विहारमा त्यसको प्रमुख बनाई राखियो र उनकै

अनुरोधमा सम्राट्द्वारा उनले ल्याएका संस्कृतका ग्रन्थहरू राख्ने एक विशाल स्तूप पनि बनाइयो। त्यस समयमा उपलब्ध बौद्धधर्मका प्रकाण्ड विद्वान् चिनका विभिन्न स्थानबाट झिकाइए। श्वेन चाङकै अध्यक्षतामा अनुवाद संस्थानको स्थापना गरियो।

श्वेन चाङले सही र स्तरीय अनुवाद संस्कृतबाट चिनिया भाषामा गर्न अनुवाद सिद्धान्त प्रतिपादन गरे र सो अनुरूप अनुवाद गरे। अनुवाद सिद्धान्तको प्रतिपादन त्यसवेला सम्भवतः पहिलो नै थियो होला। यसै अर्थमा उनलाई विश्वकै प्रथम अनुवाद सिद्धान्तकार भन्न सकिन्छ। उनले दर्शन र तर्क शास्त्रका अति सूक्ष्म र जटिल भाव व्यक्त गर्न पारिभाषिक शब्दावलीको पनि निर्धारण गरे। कस्ता शब्दको अनुवाद गर्ने र कस्ता शब्दको नगर्ने त्यसको निरूपण पनि गरे। उनले बनाएका पारिभाषिक शब्दावली सम्बन्धी नियम आज पनि उत्तिकै उपयोगी छन्। उनले सरल तर स्तरीय कथ्य भाषाको प्रयोग गरी अति सूक्ष्म र जटिल भाव व्यक्त गर्दै अनुवादद्वारा चिनियाभाषालाई समृद्ध र विकसित तुल्याए। उनको अनुवाद कलाका विषयमा अनेकौं विद्वान्ले अध्ययन गरेका छन्। उनले ७४ वटा विशिष्ट ग्रन्थहरूको अनुवाद गरे। त्यसमाथि उनले प्रशस्त मात्रामा तस्वीर बनाउनका साथै धेरै सूत्रहरूको पाण्डुलिपि आफ्नै हातले लेखे। भनिन्छ, उनले समस्त कृतिहरू अनुवाद गरी वाचन गरिसकेपछि आफ्ना आँखा बन्द गरे र मैत्रेयका प्रार्थनामा केही श्लोक वाचन गर्दै विस्तारै विस्तारै ५अप्रिल ६६४ का दिन निर्वाण प्राप्त गरे। उनले पहिले त्रुटिपूर्ण अनुवाद गरिएका कृतिहरूको पनि पुनः शुद्ध अनुवाद गरे।

उनले गरेका अनुदित कृतिहरूमा केही चाहिं बौद्ध साहित्यमा सबभन्दा ठुला कृति पनि छन्। जस्तै **महाप्रज्ञा पारमिता सूत्र, योगाचार्य भूमि शास्त्र** र हीनयानी सर्वास्तिवाद सम्प्रदायको सङ्ग्रह **महाविभाषा**। उनले अनुवाद गरेका कृतिहरूमा चन्द्रमति वा मति चन्द्रको 'वैशेषिक' सम्बन्धी दश पदार्थ शास्त्र एक अमूल्य कृति हो। यसको मौलिक संस्कृतको कृति लोप भइसकेको हुनाले उनकै चिनिया भाषामा यो कृति जीवित छ। उनको अनुवाद कलाका विषयमा फ्रान्सेली चिन विशेषज्ञ पल द्वो मिए भिलको भनाइ यहाँ उद्धृत गर्नु उपयुक्त हुनेछ, "कसैलाई पनि थाहा छैन, कुन चाहिं ती सबै कारण हुन् जसले श्वेन चाङको अनुवादले आश्चर्य चकित पार्दछन्: त्यो शीघ्रता जसरी तिनीहरूलाई (अनुदित गरियो), पारिभाषिक शब्दावलीमा (अँगालिएको) कठोरता अथवा यी विद्वान्ले दर्शाएका विद्वत्ता र विलक्षणता ! चिनमा उनी एकमात्र त्यस्तो व्यक्ति थिए जसले प्रथम कोटिको चिनिया संस्कृतिलाई संस्कृतको पूर्ण ज्ञानसँग संयोग गरिदिए।" नभन्दै उनीभन्दा पहिलेका कुनै पनि विद्वान् संस्कृत भाषाको यस्तो ज्ञाता र यति गहिरो शास्त्र पारंगत थिएनन्।

(ख) विज्ञप्ति मात्रतासिद्धि सम्प्रदायका संस्थापक

भारतवर्ष जानुभन्दा पहिल्यै उनलाई मनमा बौद्धधर्मका विभिन्न सम्प्रदाय र तिनका मान्यताबारे विभिन्न प्रश्नहरू उठेका थिए। ती प्रश्नको समाधान बौद्धधर्मकै जन्म स्थानमा गएर अध्ययन गरी समाधान गर्नु थियो। उनले भारतवर्षमा विभिन्न विषयहरू पढे, छलफल गरे, वादविवादमा भागलिए र विरोधी मतावलम्बीलाई परास्त गरे।

उनी महायानी सम्प्रदायका भए पनि हीनयानका साथै विभिन्न बौद्ध सम्प्रदायका तर्कशास्त्र र ब्राह्मणिक शास्त्र, अध्यात्म विद्याको समेत उनले गम्भीर अध्ययन गरे। खासगरी बौद्धधर्मको जटिल सम्प्रदाय सर्वास्तिवाद अभिधम्म सम्प्रदायमा पनि उनी पारंगत भए। त्यस समयका सम्पूर्ण सम्प्रदायका ग्रन्थ, विभिन्न दर्शन र व्याकरणको गहिराइमा डुबेर एक प्रखर विद्वान्का रूपमा चिन फर्केका थिए। उनले कुनै पनि विशिष्ट कृति पढ्न छोडेका थिएनन्। महायान सम्प्रदायका पनि दुई मत थिए मध्यमार्ग र विज्ञानवाद। उनी यिनमा पछिल्लाका समर्थक थिए। भारतमा यी दुवै मतमा सामाञ्जस्य ल्याई एउटै बनाउन उनले एउटा ग्रन्थ लेखेको र त्यसमा सबै विद्वान्को मतैक्य भएको कुरा चर्चा भइसकेको छ। तर यी सबैमा उनको सर्वोपरि योगदान चिनमा फर्केपछि उनले स्थापना गरेको वैस फाश्याङ सम्प्रदायको प्रतिपादन हो। यसलाई संस्कृतमा विज्ञप्ति मात्रता सिद्धि भनिन्छ। यो सम्प्रदाय शीलभद्रको विचार अनुकूल छ र विज्ञानवादसँग मिल्दछ। उनको कृति वैस फश्याङको महत्त्वपूर्ण प्रभाव चिन र जापानमा पऱ्या। चिन र जापानमा यसलाई **विज्ञानवाद वा धर्मलक्षणवादको** नाम दिइएको छ। कमलेश्वर भट्टाचार्य भन्दछन्, "तर हाम्रा निम्ति यस कृतिद्वारा श्वेन चाङले अनुमानै गर्न नसकिने अमूल्य अभिलेखको संरक्षण गरिदिए। नत्र भने, सधैंका लागि लोप भएर जान्थ्यो।" यहाँ स्मरण गर्नुपर्ने कुरा के छ भने, यो **विज्ञप्ति मात्रता सिद्धि** नामक कृतिमा दशजना प्रकाण्ड बौद्ध विद्वान्हरूका विचारको टिप्पणी गरिएको छ।

चिनमा यो सम्प्रदाय पहिले ज्यादा समय चलेन। उनको मृत्युपछि चार दशकभित्रै विलीन हुँदै गयो, तर जापानमा यो मौलाइरह्यो। कोरियामा पनि जीवितै रह्यो। आज उनको सम्प्रदाय जापानमा झन् फस्टाइरहेछ र चिनमा यसको विशेष अध्ययन हुन लागेको छ। संसारका बौद्ध विद्वान्हरू यसको अध्ययनमा झन्झन् रुचि लिन लागेका छन्।

(ग) हेतुविद्या (तर्कशास्त्र)

हेतु विद्या (तर्कशास्त्र)लाई 'सम्पूर्ण विज्ञानको दीप' भनिन्छ। श्वेन चाङले दिङनागको न्यायमुख र त्यसको संक्षिप्तरूप शङ्करस्वामीको न्याय प्रवेशको चिनिया भाषामा अनुवाद गरेका थिए। जापानी विद्वान्हरूका श्वेन चाङको हेतुविद्याबारे योगदानमा मतभेद छ। एकथरी उनको अनुवाद त्रुटिपूर्ण ठान्दछन् भने अर्काथरी चाहिं संस्कृतको मौलिक कृतिमा देखा परेका अस्पष्टतालाई उनले प्रष्ट पारेको धारणा राख्छन्, तर चिनिया विद्वान् प्राध्यापक ल्यौ फइ्वीको धारणा चाहिं एकदमै अलग छ। उनको विचारमा हेतुविद्यामा चिनिया तर्कशास्त्रको इतिहासमा श्वेनचाङको योगदान अतुलनीय छ। बौद्ध तर्क शास्त्रका धेरै सूत्रहरू श्वेन चाङले चिनमा लिएर आए र अझसम्म सुरक्षित छन्, भारतमा ती सूत्रहरू हराएर गए। श्वेन चाङले तर्कशास्त्रको दोस्रो जन्मभूमि चिनलाई बनाइदिए। उनीभन्दा पूर्ववर्ती विद्वान्ले भारतवर्षबाट तर्कशास्त्रका कृति ल्याए तापनि ती अव्यवस्थित थिए र तिनको प्रभाव चिनमा पर्न सकेको थिएन। आज विश्वभरिनै प्राचीन भारतीय तर्कशास्त्रको स्रोत चिन मात्र हुन गएको छ। उनी तर्क शास्त्रका धुरन्धर थिए। त्यस कारणनै चिन आएर कतिपय छिमेकी मुलुकका भिक्षुहरू उनका शिष्य बने। उनका शिष्यहरूले बौद्धतर्कशास्त्रलाई जापान र कोरियामा पुऱ्याए। यसरी बौद्ध तर्क शास्त्रको एक जन्म-स्थान चिन पनि बन्यो।

श्वेन चाङले बौद्धतर्कशास्त्रलाई आफ्नै विशेषता अनुसार समृद्ध पारे। उनका शिष्यका प्रयासद्वारा बौद्ध तर्क शास्त्र चिनमा लोकप्रिय विषय बन्यो। उनको तर्क शास्त्रले गर्दानै तर्क शास्त्रको आधुनिक तुलनात्मक अध्ययन गर्न सम्भव हुन गएको छ। यसरी उनको योगदान तर्कशास्त्र (हेतुविद्या)मा महत्त्वपूर्ण रहेको छ।

(घ) धर्म प्रचार

श्वेन चाङले महायानको परिपुष्टिमा खेलेको महत्त्वपूर्ण भूमिका र हजारौंलाई महायान मतावलम्बी बनाएको कुरा माथिनै उल्लेख भैसकेको छ। उनले चिन फर्केपछि आफ्नो मत (विज्ञानवाद वा विज्ञप्तिमात्रता सिद्धि)को स्थापना गर्नाका साथै तीन हजार शिष्यहरू बनाएका थिए र छिमेकी मुलुकहरूबाट पनि उनीसित शिक्षा ग्रहण गर्न आएका थिए। अझ खास गरी जापान र कोरिया उनका मतको केन्द्रनै बन्न गए। उनले सारा जीवन बौद्ध कृतिको अनुवाद, लेखन र बौद्ध धर्मको प्रवचन दिनमा नै लगाए।

बौद्धधर्मको संरक्षणमा उनको अतिमहत्त्वपूर्ण योगदान रहेको कुरामा संसारका सबै विद्वान्हरू एकमत छन्। भारतीय विद्वान्हरूले पनि यसमा प्रकाश पारेका छन्। भारतमा गुप्त राज्यकालपछि बौद्धधर्मको क्रमशः अवनति हुँदै गयो। त्यस अवस्थामा श्वेन चाङको भारतयात्रा विद्वत्ता र प्रवचनले भारतका विभिन्न राज्यहरूमा बौद्धधर्मको शंखनाद गरिदियो र तत्काल विनाश हुनबाट बचायो। त्यस्तै, बौद्ध धर्मको विस्तारमा चिनमा त श्वेन चाङले प्राण सञ्चारनै गरिदिए। उनीभन्दा पहिले पनि फास्याङ (फाइह्यान) जस्ता विद्वान् भारत गएका थिए, अनेकौं भारतीय विद्वान् पनि चिन आएका थिए, संस्कृतिक बौद्ध धर्म सम्बन्धी कृतिहरू पनि अनुवाद गरिएका थिए। तर श्वेन चाङले प्रशस्त मौलिक र आधारभूत कृति ल्याएर चिनिया भाषामा ती कृतिको अनुवाद गरेर मात्र होइन, उनको तेजस्वी र प्रखर विद्वत्तापूर्ण प्रचारले पनि बौद्ध धर्ममा प्राण फुकिदियो। त्यसैले थाङ वंशको काललाई बौद्धधर्मको पनि स्वर्णकाल भनिन्छ।

(ङ) महा थाङ वंशकालमा पश्चिमी राज्यहरूको यात्रा वृतान्त

श्वेन चाङको अर्को अमर योगदान उनको कृति, "महाथाङ वंशकालमा पश्चिमी राज्यहरूको यात्रा वृतान्त" हो। यो अमर कृति उनले सम्राट् थाइचुङको अनुरोधमा लेखेका थिए। वस्तुतः यो कृति उनले भन्ने र उनी र उनका शिष्य पेन्चीद्वारा लेखिएको हो। यस महान् कृतिलाई तथ्यपरक र प्रमाणिक रूपमा प्रस्तुत गर्ने अथक प्रयास गरिएको छ। यो कृति १२ खण्डमा विभाजित छ। यसमा श्वेन चाङ आफैंले भ्रमण गरेको ११० राज्यहरूको र उनले सुनेका २८ राज्यको वर्णन छ। यस कृतिको संसारका प्रमुख भाषाहरूमा अनुवाद भैसकेको छ। यसको शैली स्वयं प्रभावशाली छ। यथार्थ, संक्षिप्त र सटीक वर्णनले गर्दा मूलतःयसलाई वस्तुपरक शैली भन्न सकिन्छ। वर्णनको सहजता र सरलताले पाठकको ध्यान आकर्षण गरिरहन्छ।

यो कृति साधारण रोचक यात्रा वृतान्त मात्र होइन, यसले १३८ मुलुकको विभिन्न विषयमा सूचना प्रदान गर्दछ। यसमा प्रत्येक ठाउँको बौद्ध धर्मको स्थिति, विहार, स्तूप, भिक्षु र राज्यको भौगोलिक, आर्थिक, सांस्कृतिक, शैक्षिक जस्ता विषय र किंवदन्ती समेतको वर्णन गरिएको छ। वास्तुकलादेखि जनसंख्या र राज्यको क्षेत्रफल, दूरी अनि धार्मिक विवाद जस्ता विषयको पनि चर्चा गरिएको

छ। उनले वर्णन गरेका विषयहरूमा बौद्ध धर्मावलम्बीहरूका रीतिरिवाज, बौद्ध र ब्राह्मणिक शिक्षा, प्रणाम विधि, बौद्ध धर्मका विभिन्न सम्प्रदाय, जातप्रथा, विभिन्न राज्यका मानिसको चरित्र, न्यायव्यवस्था, मृत्यु संस्कार, चालचलन, बेसभुषा, नाप तौल, समय, क्षेत्र, भाषा र भाषिकाहरू, सेना, बौद्ध धर्मको स्थिति, राजस्व र उत्पादन जस्ता कुराको समेत वर्णन छ। उनको समस्त वर्णनमा कमै त्रुटि फेला परेका छन्। उनको वर्णनका आधारमा आजसम्म उत्खनन र अनुसन्धान गर्दा तथ्यहरू फेला परेका छन्। भारतवर्षका विभिन्न राज्यहरू (वर्तमान भारत, बंङ्गलादेश, पाकिस्तान, श्रीलंङ्का र नेपाल)को तात्कालिक इतिहासको मूल स्रोत नै उनको यही यात्रा वृतान्त रहीआएको छ। यी देशका शिक्षितहरूले उनलाई व्हेनसाङका नामले चिन्दछन्।

यति सम्म कि उनले स्तूप र भवनको लम्बाई र चौडाई समेत उल्लेख गरेका छन्। उनले कपिलवस्तुको वर्णन गर्दा क्रकुच्छन्द वुद्ध र कनकमुनि वुद्धको जन्मस्थान, समाधि र स्तूपको अनि अशोक स्तम्भको वर्णन गरेका छन्। नेपालको कपिलवस्तु जिल्लाको गोटिहवा र निग्लीहवामा ती दुई वुद्धको समाधि थियो भन्ने प्रमाण हालसम्म रहिरहेको कनकमुनि वुद्धको निग्लीहवाको अशोक स्तम्भले प्रमाणित गरेको छ। त्यस्तै नेपालको काठमाडौं उपत्यकाको २ हजार किलोमिटर वर्गक्षेत्र भएको र राजधानी चाहिं १० किलोमिटर परिधिको वताएका छन्। खेत, भूमि पहाडै-पहाड र हिमालमा अवस्थित तामा आदि खानीले युक्त चिसो हावापानी भएको राज्यका रूपमा चर्चा गरेका छन्। जनताहरू कटुभाषी, न्यायको पालना नगर्ने, अपढ तर कालीगढीमा सिपालु थिए। बौद्ध र सनातन धर्म उत्तिकै चलेको थियो र २०० भन्दा वढी भिक्षु थिए यहाँ हीनयानी र महायानी दुवै थिए भनेका छन्। राजा अंशुवर्माको वर्णन गर्दै उनी लिच्छवि क्षत्रिय, बौद्ध धर्मावलम्बी थिए "शब्द विद्या" नामक ग्रन्थ लेखेका थिए अनि उनको सच्चरित्र र ख्याति चारैतिर फैलिएको थियो भन्ने पनि वताएका छन्। राजधानीको दक्षिणमा आगो हाल्दा धप्प वल्ने कुण्डको पनि वर्णन गरेका छन्। यस कृतिको आधार नलिई दक्षिण एसियाको तत्कालीन इतिहास लेख्नै सकिन्न भन्ने कुरा माथि चर्चा भैसकेको छ। प्रसिद्ध ब्रिटिस इतिहासकार विल्सनका अनुसार, यो पुस्तकविना भारत, पाकिस्तान र नेपालको इतिहासनै अधुरो रहन्छ। यस कृतिको अध्ययन आज विभिन्न दृष्टिकोणले भैरहेछ।

८. उपसंहार

श्वेन चाङलाई सबै युगका निम्ति र्सवश्रेष्ठ बौद्धधर्म शास्त्रविद् मानिन्छ। उनको मृत्यु भएको १३३५ वर्षपछि पनि उनी चिन र पुरा एसियामा मात्र होइन, संसारभरि झन् झन् प्रख्यात हुँदैछन्। उनी त्यस समयका सर्वश्रेष्ठ विद्वान्, विचारक, दार्शनिक, साहसिक यात्री, धर्म-प्रचारक र सर्वोपरि बौद्धशास्त्रका सर्वज्ञाता थिए। उनको मृत्युपछि चिनमा उनको कीर्ति र गाथा फैलिदै गयो। मिङ वंशका पालामा रचित "पश्चिमको तीर्थयात्रा" र सुङ वंशका पालामा रचित "थाङ सङ्ले कसरी सूत्र खोजे ?" नामक पौराणिक गाथा उनको यात्राका आधारमा रचिएको हो। वास्तवमा उनी अजर र अमर छन्। उनी कुनै खास देश र खास कालभन्दा माथि देश-कालजयी बनेका छन्।

सन्दर्भ सामग्री:

निम्न लिखित सामग्रीहरू चिनको श्वेन चाङ अध्ययन केन्द्र, छाङ-आन बौद्ध धर्म अध्ययन केन्द्र र चिनिया सामाजिकशास्त्र प्रज्ञा प्रतिष्ठानको दक्षिण एसियाली अध्ययन केन्द्रद्वारा आयोजित **श्वेन चाङ् अन्तराराष्ट्रिय अधिगोष्ठी** चिनको ल्वोयाङको यान्यमा र शि'आनमा १६-२० अप्रिल १९९४ मा विभिन्न देशका विद्वान्हरूद्वारा प्रस्तुत केही अधि गोष्ठी-पत्रहरू हुन्। यस अधिगोष्ठीमा यो लेखक पनि आमन्त्रित भई गोष्ठीपत्र प्रस्तुत गरेको थियो।

1. Behera, K.S. "Xuan Zang and Cultural Communication Between China and Orissa in Eastern India."
2. Bhattacharya, Kamaleshwar. "Xuan Zang's Contribution to Buddhology."
3. Dahal, Ballabh Mani, "Xuan Zang's Contribution to the Standardization of The Chinese, Language."
4. Dhammavisuddhi, Y. "Xuan Zang."
5. International Symposium on Xuan Zang. "Studies Geographical Notes on Xuan Znag's Travel in the East and Northeast India."
6. Pei-yu, Liu. "Xuan Zang's Contribution to Chinese History of Logic."
7. Sanlong, Jing. "Preliminary Exploration of Xuan Zang and His Da Tang Xi Yu Ji."
8. Sheng Zhang, Huang, "The Uigur Verson of the life of Xuan Zang and Related Problems in Historical Places."
9. Simhadri, Y.C. "Xuan Zang's Visit to India and His Impressions About Indian Society"
10. Shimin, Tang. Xuan Zang: Diplomat of Chinese Culture.
11. Tian Xiang, Ma. "On Study of Faxianig Wei Shi Theory in Modern China."
12. Wei Hong, Zheng. "Discussion of the type of Logic Inference of Chen Na (दिग्नाग)"
13. Xuan Zang et al. 647. "Da Tang Ji (महान् थाङ वंशको समयमा पश्चिमको तीर्थयात्रा)"
14. Yarong, Wang. "A study on the Translation of Buddhist Scriptures in the Early Tang Dynasty."

श्रावणिक ध्वनिविज्ञान

– डा. माधवप्रसाद पोखरेल

१. परिचय

बोलचालमा प्रयोग हुने ध्वनिलाई कान, श्रावणिक स्नायु (Audit-ory Nerve) र मस्तिष्क (Brain) को सहायताले सुनेर मान्छेले गर्ने प्रतिक्रिया (Response) को अध्ययन गर्ने ध्वनिविज्ञानको हाँगालाई श्रावणिक ध्वनिविज्ञान (Auditory Phonetics) भन्ने चलन छ (हेर्नु क्रिस्टल १९९१ ई.)। यस परिभाषाबाट के बुझिन्छ भने (क) श्रावणिक ध्वनिविज्ञानले मान्छेले कुरा गर्दा वर्ण (Phoneme) वा संवर्ण (Allophone) का रूपमा उच्चारण गरिएका ध्वनिको मात्र श्रोताले देखाएको प्रतिक्रियाको अध्ययन गर्छ, गाईवस्तु जस्ता जन्तुको आवाज, हुरी, असिना र बिजुली चम्किंदा निस्कने भौतिक आवाज जस्ता मान्छेका ध्वनि अवयववाट उच्चारण नगरिएका ध्वनिको मान्छेले देखाएका प्रतिक्रियाको अध्ययन गर्दैन। (ख) श्रावणिक ध्वनिविज्ञानले मान्छेले कुरा गरेको सुनेर मान्छेले व्यक्त गरेको प्रतिक्रियालाई मात्र आधार बनाएर बोलचालमा आउने ध्वनिको प्रकृतिबारे आफ्ना निष्कर्षहरू निकाल्छ। (ग) औच्चारिक ध्वनिविज्ञान (Articulatory Phonetics) ले वक्ताका उच्चारण अवयवका कार्यका आधारमा ध्वनिको विश्लेषण र वर्गीकरण गर्छ अनि श्रावणिक ध्वनिविज्ञानले चाहिं श्रोताको प्रतिक्रियाका आधारमा ध्वनिको अध्ययन गर्छ। यसरी आंशिक रूपमा श्रावणिक ध्वनिविज्ञानमा श्रोताले कुनै ध्वनि कसरी सुन्छ भन्ने कुरा बुझ्न कान, श्रावणिक स्नायु र मस्तिष्कको शरीररचना विज्ञान (Anatomy) को पनि जानकारी राख्नु आवश्यक हुन्छ भने स्नायु-शरीरविज्ञान (Neurophysiology) र मनोविज्ञान (Psychology) सँग पनि श्रावणिक ध्वनिविज्ञानको साइनो हुन्छ।

२. श्रोताले ध्वनि कसरी सुन्छ ?

वक्ताले उच्चारण गरेको ध्वनि हावा (भैं कुनै माध्यम)बाट तरङ्ग (Wave) का रूपमा श्रोताका कानमा ठोकिन्छ। मान्छेको कान पनि निनादक (Resonator) जस्तै हो, तर त्यसको त्वरण क्षेत्र (Frequency Range) बीस हर्जदेखि वीस किलोहर्ज (अर्थात् २०,००० Hz) बीच पर्छ। यसको अर्थ हो कानको जाली (कर्णपटह)को त्वरणमान (Frequency) पनि यसै बीचमा पर्छ अर्थात् कानको जालीमा बीस हर्जभन्दा कम र बीस किलोहर्ज भन्दा बढी त्वरणमानमा कम्पन (Vibration) हुँदैन। त्यसो भए, कुरो के भयो भने, बीस हर्जभन्दा कम र बीस किलोहर्जभन्दा बढी त्वरणमान हाम्रा कानले सुन्न सक्तैन, त्यसैले बीस हर्जभन्दा कम त्वरणमान भएका ध्वनिलाई अवश्रावणिक ध्वनि (Subsonic Sound) र बीस किलोहर्जभन्दा बढी त्वरणमान भएका ध्वनिलाई अतिश्रावणिक (Ultrasonic Sound) भन्ने चलन छ। चमेराले कराएको आवाजको त्वरणमान बीस किलोहर्जदेखि सय किलोहर्जसम्म हुने भएकाले हामी चमेरो कराएको सुन्दैनौ (वोर्डेन र ह्यारिस १९८० ई.: ३८)।

कानको जालीभन्दा वाहिरको कानको भागलाई वाहिरी कान (Outer Ear) भनिन्छ भने कानको जाली (कर्णपटह) भन्दा भित्र कानका अरू दुई पत्र हुन्छन्। कानको जालीसँग टाँसिएको कोठालाई बीच कान (Middle Ear) भन्दछन् भने, त्यसभन्दा भित्रको कानको भागलाई भित्री कान (Inner Ear) भन्दछन्। कसैले बोलेको कुरो ध्वनितरङ्गका रूपमा कानले फिल्टर गरेर कानको जाली वा कर्णपटह (Eardrum) मा पर्छ, कर्णपटहमा त्यसको सहानुभौतिक कम्पन (Sympathetic Vibration) हुन्छ। कानको जाली कामेपछि त्यसका कम्पनको त्वरणअनुसार बीच कानमा भएका तीनवटा हाडका बीचमा उत्तोलक (Lever) को सिद्धान्त लागेर कम्पनमा विस्तार (Magnification) हुन्छ र त्यो विस्तारित कम्पन भित्री कानमा पुग्छ। भित्री कानमा त्यो ध्वनि अझ विस्तारित हुन्छ र स्नायुहरू (Nerves) मा विद्युतीय (Electrical) तरङ्गका रूपमा श्रुति केन्द्र (Hearing Centre) मा पुग्छ। त्यसपछि नै श्रोताले त्यो ध्वनि सुन्छ र त्यसअनुसार आफ्नो प्रतिक्रिया व्यक्त गर्छ।

३. कानको बनावट र कार्य

३.१. बाहिरी कान (Outer Ear)

मान्छेको बाहिरै देखिने कान (Auricle) र कर्णपटह अर्थात् कानको जालीसम्मको भागलाई बाहिरी कान (Outer Ear) भन्ने चलन छ। बाहिरै देखिने कानले आवाजलाई समेटेर कानको ढुङ्ग्रो (Ear Canal) मा हुलिदिन्छ। कानको ढुङ्ग्राको निनाद त्वरण (Resonant Frequency) बीस हर्जदेखि वीस किलोहर्जसम्म भएकाले, कानको ढुङ्ग्राले त्यस भन्दा बढी वा घटी त्वरणमान भएको ध्वनिलाई छानिदिन्छ (Filter Out)। कानको जाली हातको अँजुली



चित्र १: पूरै कानको चित्र

जस्तो आकारको एउटा झिल्ली (Membrane) हो। त्यो हावाको चापमा आएको सानो परिवर्तन प्रति पनि संवेदनशील हुन्छ, अर्थात् आफ्नो क्षेत्रभित्र ध्वनिमा आएको सानो परिवर्तनमा पनि त्यसले प्रतिक्रिया देखाउँछ।



चित्र २: बाहिरी कान

कानका दुलाको सरदर मोटाइ वा व्यास (Diameter) पुग नपुग एक सेन्टिमिटर जति हुन्छ र लम्बाइ चाहिं झन्डै एक इन्च जति हुन्छ। बाहिरबाट देखिने दुलाको मोटाइभन्दा बीचको मोटाइ अलि कम हुन्छ र त्यसभन्दा भित्रको मोटाइ अलि बढ्ता हुन्छ। कानको यो ढुङ्ग्रो बाहिरपट्टि खुल्ला हुन्छ र भित्रपट्टि कानको जालीमा टुङ्गिन्छ। मुरली वा बाँसुरी भित्रको हावा बजेझैं कानभित्रको हावामा पनि माथि लेखिएको त्वरणमान बराबरको ध्वनि तरङ्गले कम्पन (Vibration) सुरु हुन्छ र त्यो कानको जालीमा ठोकिन्छ। कानको जालीको आकार झन्डै मट्टीतेल हाल्ने सोली (Funnel) जस्तो बनोटको हुन्छ, तर यसमा सोलीमा जस्तो दुलो चाहिं हुँदैन। दुई किलोहर्जदेखि साढे पाँच किलोहर्जबीचको ध्वनिको कम्पनलाई चाहिं कानको ढुङ्ग्राले दश गुणा जति विस्तारित (Amplified) वा ठूलो पार्छ। यसरी बाहिरी कानमा चाहिं ध्वनितरङ्ग (Sound Wave) हावाको माध्यम (Medium) ले विस्तारित हुँदै कानको जालीमा ठोकिन्छ (स्टिभेन्स, वार्शोफ्स्की र अन्य १९८० ई.: ३८)। कम्पन हुँदा कानको जाली साँरै सूक्ष्ममान (Microscopic) मा हल्लिन्छ। कानमा पर्ने सबभन्दा ठूलो ध्वनिले पनि कानका जालीलाई हाइड्रोजनको एउटा अणुको दशांश भाग जति मात्र हल्लाउन सक्छ।

३.२ बीच कान (Middle Ear)

३.२.१ संरचना

बाहिरी कानमा हावाको माध्यमबाट ध्वनितरङ्ग सर्छ, कानको निनाद त्वरण (Resonant Frequency) अनुसार निश्चित त्वरण क्षेत्र (Frequency Range) को ध्वनि विस्तारित (Amplified) हुन्छ र कानको जालीमा त्यस कम्पन र विस्तार (Amplification) को असर पर्छ भने बीच कानमा चाहिं हाड अर्थात् ठोस पदार्थ (Solid) का माध्यमबाट ध्वनि भित्री कानतिर सर्छ। बीचकानका तीनवटा साना हाड अर्थात् अस्थिका (Ossicle) का बीचमा उत्तोलक (Lever) को सिद्धान्त लागेर कानको जालीमा जति त्वरणमानको ध्वनि ठोकिन्छ त्यो ध्वनि त्यसै गुनामा विस्तारित भएर भित्री कानतिर जान्छ।



चित्र ३: बीच कान

बीच कानमा पनि हावा भरिएको हुन्छ। बीच कानमा भएका तीनवटा साना हाड अर्थात् अस्थिका (Ossicle) मध्ये कानको जालीसँगै जोडिएका अस्थिकालाई हतौडा (Hammer) भन्दछन्; हतौडासँग जोडिएको बीचको अस्थिकालाई सन्दान (Anvil) भन्दछन् र बाहिरपट्टि सन्दानसँग र भित्रपट्टि भित्री कानसँग जोडिएको अस्थिकालाई वलयक (Stirrup) भन्दछन्। वलयक भित्री कान (Inner Ear) को जुन अङ्गसँग जोडिन्छ, त्यस अङ्गलाई अण्डाकार गवाक्ष (Oval Window) भन्ने चलन छ। तीनवटा अस्थिकाहरूको काम चाहिं कानका जालीमा तरङ्गका रूपमा आइपुगेको ध्वनिलाई विस्तारित गरेर भित्री कानको अण्डाकार गवाक्षसम्म पुऱ्याउनु मात्र हो। कानका जालीमा जति कम्पन हुन्छ अस्थिकाहरूको उत्तोलन कार्य (Lever Action) ले त्यसलाई दुई-तीन गुणा पारेर अण्डाकार गवाक्षसम्म पुऱ्याउँछ।

३.२.२ बीच कानको सुरक्षा

ज्यादै चर्को आवाज आयो भने कानको जालीमा बढी कम्पन हुन्छ। त्यसो भयो भने अस्थिकाहरूमा त्यसै अनुसार बढी बल उत्पादन हुन्छ र त्यो बल अण्डाकार गवाक्षमा विस्तारित भएर भित्री कान बिग्रिन सक्छ। यस खतराबाट कानलाई जोगाउन कानमा दुईवटा ज्यादै साना मांशपेशी (Muscle) हुन्छन्। कानको जालीमा ज्यादै ठूलो कम्पन भयो भने ती मांशपेशीहरू आफैं खुम्चेर हतौडालाई कानको जालीमा छुन नसक्ने पारिदिन्छन्। अर्कातिर वलयक (Stirrup) संग जोडिएको मांशपेशी पनि खुम्चिन्छ र अण्डाकार गवाक्षको पातलो झिल्लीमा वलयकलाई पुग्न दिंदैन। यसरी कानलाई खतरा हुने मात्राको कम्पन भएको आवाज कानको जालीसम्म आइपुगेमा बीचकानका मांशपेशीहरू खुम्चेर कानलाई बिग्रन नदिने व्यवस्था (System) कानभित्रै छ। तर यसरी खतरनाक त्वरणमान भएको ध्वनि कानको जालीमा विस्तारै आएमा मात्र मांशपेशीहरूले कानलाई जोगाउन सक्छन्, अचानक कुनै विस्फोट भयो भने चाहिं मांशपेशीहरू खुम्चिन भ्याउँदैनन् र वलयकले अण्डाकार गवाक्षमा भएको संवेदनशील पातलो झिल्लीलाई बिगारिदिन्छ।

बीच कानको सुरक्षा गर्ने अर्को एउटा चाँजो कर्ण-ग्रसनी नली (Eustachian Tube) को हुन्छ। कर्ण-ग्रसनी नलीले बीच कान र घाँटीको ग्रसनी (Pharynx) लाई जोड्छ। यस नलीले बीच कान र कानको जाली बीचको चाप बराबर पार्छ। 'हाई' गर्दा वा खानेकुरा निल्दा यस नलीबाट हावा ओहोर-दोहोर गर्छ। कानको जाली र बीच कानमा हावाको चाप बराबर भएन भने कान राम्ररी सुनिंदैन। यसको अर्थ हो कर्ण-ग्रसनी नलीले कानको जालीको भित्रपट्टि र बाहिरपट्टिको हावाको चापलाई सन्तुलित गर्छ।

३.२.३ ध्वनिको विस्तार (Magnification)

(क) कानको बाँसुरी जस्तो आकारले गर्दा कानमा पर्ने ध्वनिको कम्पन दश गुणा जति बढ्छ।

(ख) बीच कानका अस्थिकाहरूको उत्तोलन व्यवस्था (Lever System) ले त्यस ध्वनिलाई अझ तीन गुणा बढाउन सक्छ।

(ग) कानको जाली र अण्डाकार गवाक्षको सोली जस्तो बनोटले त्यस ध्वनिलाई अझै तीस गुणासम्म बढाउन सक्छ, किनभने फराकिलो ठाउँबाट साँगुरो ठाउँतिर समानुपातिक रूपमा बल बढ्दै जान्छ।

यसरी कानमा आइपुग्ने कुनै पनि आवाज भित्री कानको तरल पदार्थलाई चलाउने अवस्थासम्म पुग्न आठ सय गुणासम्म ठूलो हुन सक्छ (स्टिभेन्स, वार्शोफस्की र अन्य १९८० ई.: ३८)।

३.२.४ उत्तोलकको सिद्धान्त र ध्वनिको चाप

एउटा खन्ती (वा गल)ले ढुङ्गो उप्काउँदा खन्ती मुन्तिर ढुङ्गो नजिकै अर्को ढुङ्गामा भर गर्नुपर्छ र त्यस भर गरेका ढुङ्गाबाट उप्काउनुपर्ने ढुङ्गो चाहि. नजिक पार्नुपर्छ, खन्तीको अर्को छेउ चाहिं धेरै लामो हुनुपर्छ जहां हातले थिचिन्छ। यसरी एउटा विन्दु चाहिं नचल्ने अरू विन्दु चाहि. चल्ने खन्ती जस्तो लामो यन्त्र (Machine) लाई भौतिक विज्ञान (Physics) मा उत्तोलक (Lever) भन्दछन्। उत्तोलकको अड्काउने ठाउँलाई आलम्ब (Fulcrum) भन्दछन्। उत्तोलकमा जहिले पनि उचाल्नुपर्ने ढुङ्गाको भार (=W) र खन्तीको अर्को छेउमा थिच्ता लगाउनुपर्ने बल (P) को जति अनुपात हुन्छ, त्यति नै अनुपात आलम्बबाट बल गर्नुपर्ने ठाउँको दूरी ($=D_p$) र आलम्बबाट ढुङ्गाको दूरी ($=D_w$) को हुन्छ।



चित्र ४: उत्तोलक

$$\frac{Dp}{Dw} = \frac{W}{P} \quad \text{अथवा} \quad P \times Dp = W \times Dw$$

यस सूत्रबाट के बुझिन्छ भने जति बढ्ता गरुङ्गो ढुङ्गो उचाल्नु छ त्यति आलम्बबाट बल गर्नुपर्ने ठाउँको दूरी बढाउनुपर्ने रहेछ।

बीच कानमा भएका तीनवटा अस्थिकाहरूका बीचमा पनि उत्तोलकको यही सिद्धान्त लाग्छ र कानका जालीमा परेको थोरै बलको कम्पन अण्डाकार गवाक्षमा पुग्दा धेरै गुणा बढ्छ। यसरी बढ्दा ध्वनि त्वरण (Frequency) चाहिं बढ्दैन त्यसको विस्तार (Amplitude) मात्र बढ्छ।

एउटी पचास किलो तौल भएकी केटी उत्तानो परेर सुती भने उसको पचास किलो तौल पिठ्युंको क्षेत्रफलअनुसार सबैतिर बाँडिन्छ अर्थात् हरेक वर्ग सेन्टिमिटरमा बाँडिन्छ, तर चुच्चे खुर भएको जुत्ता लगाएर उभिई भने उसको सबै भार भुईमा टेकिएका जुत्ता र चुच्चे खुरको क्षेत्रफलमा समेटिन्छ अर्थात् उभिंदा प्रति वर्गसेन्टिमिटर उसको भार बढ्छ।



चित्र ५: बाहिरी, बीच र भित्री कानमा ध्वनिको चाप

ठीक त्यसै गरी कानका जालीको क्षेत्रफल भन्दा अण्डाकार गवाक्षको क्षेत्रफल तीस गुणा कम भएकाले प्रति वर्गमिलिमिटर (mm^2) अण्डाकार गवाक्षमा ध्वनिको चाप कानका जालीमा भन्दा तीस गुणा बढी हुन्छ।

३.३ भित्री कान (Inter Ear)

अण्डाकार गवाक्षदेखि कर्णावर्त (Cochlea) को टुप्पासम्मको कानको भागलाई भित्री कान भन्ने चलन छ। साँच्चै भन्ने हो भने भित्री कान कर्णावर्त मात्रै हो। कर्णावर्त शालिग्राम वा गँडेउलो जस्तो गुँडुल्किएको हुन्छ। कर्णावर्तको कमलो र संवेदनशील भागलाई जोगाउने हाड (Bone) र कुकुरे हाड (Cartilage) को कर्णावर्त जस्तै गुँडुल्किएको सुरुङ वा ओढार (Labyrinth) हुन्छ। एक किसिमले त्यो गुँडुल्किएको सुरुङ र त्यसभित्रको सम्पूर्ण भाग नै कर्णावर्त हो।



चित्र ६: कर्णावर्त वा भित्री कान

कर्णावर्तको भित्रपट्टि खोक्रो हुन्छ। त्यसलाई तेर्सापट्टिबाट च्वाट्ट काट्ने हो भने बीचमा त्रिकोणाकार ढुङ्ग्रो देखिन्छ र त्यो त्रिकोणाकार खण्डको बाहिरपट्टि दुवैतिर दुईवटा अर्धचन्द्राकार ढुङ्ग्राहरू देखिन्छन्। तीनवटै ढुङ्ग्रामा तीन किसिमको झोल टन्न भरिएको हुन्छ। गुँडुल्किएको कर्णावर्तको भित्रपट्टि पर्ने अर्धचन्द्राकार ढुङ्ग्रालाई कर्णपटही नली (Tympanic Canal) भन्दछन् भने बीचको त्रिकोणाकार ढुङ्ग्रालाई कर्णावर्तीय नलिका (Cochlear Duct) भन्दछन्।



चित्र ७: कर्णावर्तको भित्री भाग

कानबाहिर आइपुग्ने कुनै आवाज बाहिरी कानको ढुङ्ग्रो जस्तो आकारको निनाद (Resonance) अनुसार फिल्टर भएर विस्तारित (Amplified) हुँदै कानको जालीमा पर्छ। बीचकानका अस्थिका (Ossicle) हरूमा उत्तोलन क्रिया (Lever Action) भएर त्यो कम्पन धेरै गुणा बढेर वलयक (Stirrup) को माध्यमद्वारा भित्री कानको अण्डाकार गवाक्षमा पुग्छ। भित्री कान तीनवटा सुरुङ, डुँड वा ढुङ्ग्रामा बाँडिएको हुन्छ। तीनैवटा ढुङ्ग्रामा बेग्लाबेग्लै भौतिक (Physical) र रासायनिक (Chemical) गुण भएको झोल टन्न भरिएको हुन्छ। वलयकका माध्यमबाट अण्डाकार गवाक्षमा आइपुगेको कम्पनले सबभन्दा पहिले प्रघाणीय नलीमा भरिएको झोलमा कम्पन पैदा गर्छ।

पास्कलको नियम (Pascal's Law) अनुसार सबैतिरबाट बन्द भएको तरल पदार्थको कुनै भागमा परेको चाप सर्वत्र बराबर मात्रामा फैलिन्छ र त्यो बल जुनसुकै भित्तामा पनि लम्ब (Perpendicular) रूपमा पर्छ। पास्कलको यस नियमलाई तरल पदार्थमा चापको प्रसारण (Transmission of Liquid Pressure) पनि भनिन्छ। प्रघाणीय नलीमा भरिएको झोलमा पनि पास्कलको नियम लागेर कम्पनको दबाव सर्वत्र फैलिन्छ। दबाव एकातिर रिज्नरको झिल्लीमा पनि पर्छ र त्यसबाट कर्णावर्तीय नलिकामा सर्छ भने अर्कातिर कर्णावर्तको टुप्पासम्म पुगेर कर्णपटही नलीमा पनि आइपुग्छ र अन्त्यमा गोलाकार गवाक्षमा पुग्छ। कर्णपटही नली र कर्णावर्तीय नलिकालाई छुटयाउने झिल्लीलाई मूल झिल्ली भन्दछन्। मूल झिल्ली ध्वनिको कम्पनको त्वरणअनुसार नागबेली परेर लहरिन्छ अर्थात् साइन तरङ्ग (Sine Wave or Sinusoidal Wave) जस्तै हुन्छ। मूल झिल्ली र कर्णावर्तीय नलिका बीचको कानको अति संवेदनशील (Sensitive) अङ्ग कोर्टीको अङ्गमा मूल झिल्लीको कम्पनको प्रत्यक्ष प्रभाव पर्छ, किनभने कोर्टीको अङ्ग मूल झिल्लीसँग टाँसिएको हुन्छ।

दुईवटा नली (Tube) एउटा पट्टीमा टाँसिदियो र त्यसलाई तलमाथि दोब्र्यायो भने निम्नानुसार देखिन्छ। अर्थात् एकातिर टुप्पा जोडेर बङ्ग्याइदिएका दुईवटा नलीहरू परस्पर विपरीत दिशातिर सर्छन्। कर्णावर्तमा पनि कम्पन हुँदा विपरीत दिशातिर झोल सर्नाले विद्युत् चार्ज उत्पन्न हुन्छ, जसरी अँध्यारामा कपाल कोऱ्यो भने कपालसँग काँगियो घोटिएर विद्युत् चार्ज उत्पन्न हुन्छ। कर्णावर्तभित्र बेग्ला बेग्लै नलीमा बग्ने झोलको विद्युत् चार्ज पनि विपरीत हुन्छ। जसरी भुइँनजिकै पर्ने बादलमा ऋणात्मक (Negative) चार्ज हुन्छ र मास्तिर पर्ने बादलमा धनात्मक (Positive) चार्ज हुन्छ अनि ती दुई बादल जोडिंदा बिजुली चम्किन्छ, त्यसैगरी विपरीत चार्ज भएका दुई नलीका झोलहरू जोडिए भने कान सुन्न छोडिन्छ।



चित्र ८: टुप्पो जोडिएका दुई नलीको गति



चित्र ९: कोर्टीको अङ्ग, स्नायु, रेसा र केशिका

कोर्टीको अङ्गभित्र थुप्रै कोश (Cell) हुन्छन्, तिनीहरूमध्ये केशिका कोश (Hair Cell) मुख्य छन्। केशिका कोशका एकापट्टिबाट श्रावणिक स्नायु (Auditory Nerve) जोडिएको हुन्छ, अर्कातिर केशिकाहरू (Hairs) आच्छादक झिल्ली (Tectorial Membrane) संग जोडिएका हुन्छन्। माथि चित्र ८ मा देखाएझैं कोर्टीको अङ्ग र आच्छादक झिल्लीबीच विपरीत दिशाको घर्षण (Friction) बाट विद्युत् रासायनिक (Electrochemical) संङ्केत (Signal) हरू उत्पन्न भएर केन्द्रीय स्नायु प्रणाली (Central Nervous System) मा पस्छन् र ठूलो मस्तिष्क (Cerebrum) को श्रुति-केन्द्र (Hearing Centre) मा पुग्छन्। कोर्टीको अङ्गमा भएका केशिका कोशहरूले नै ध्वनि-तरङ्गहरूलाई स्नायु-आवेश (Nerve Impulse) का रूपमा उल्था गर्छन्। मस्तिष्कमा भएको स्मृति-केन्द्र (Memory Centre) ले ध्वनिलाई चिन्छ। हाम्रो मस्तिष्कमा टेलिफोन क्याबिनेटमा भएका असंख्य तारहरूको जालो परेझैं स्नायुहरूको जालो हुन्छ। दुबै कानमा परेको आवाजले स्नायुहरूको असंख्य जालो हुँदै श्रावणिक केन्द्रमा पुग्ने बाटामा धेरै रिले स्टेशन पनि पार गर्नुपर्छ। केन्द्रमा पुगेर स्मृति केन्द्रले ठम्याएपछि श्रोताले कुनै ध्वनि सुन्छ।

४. मस्तिष्क, स्मृति, श्रुति र भाषाको ज्ञान



चित्र १०: मस्तिष्क र भाषिक अङ्गहरू

१. श्रावणिक केन्द्र (Auditory Centre), २. ध्वनिको स्मृति (Sound Memory)
३. भाषाको ज्ञान, ४. दृष्टि (Vision), ५. दृष्टि स्मृति (Visual Memory)
६. संवेदन प्रान्त (Sensory Cortex), ७. प्रेरक प्रान्त (Motor Cortex)
८. बोली (Speech)

हामीले सुनेको ध्वनि बाहिरी कान, बीचकान र भित्री कान हुँदै स्नायुहरूबाट ठूलो मस्तिष्कको श्रावणिक केन्द्रमा पुग्छ। मान्छे जन्मेका दिनदेखि उसले सुनेको हरेक ध्वनि श्रावणिक केन्द्र नजिकैको ठूलो मस्तिष्कको एक भागमा रेकर्ड गरिएको हुन्छ। भित्री कानबाट मस्तिष्कमा पुगेका ध्वनि ध्वनिका रूपमा नभएर स्पेक्ट्रालेख (Spectrogram) र शिखर (Formant) जस्ता गूढ-संकेत (Code) हरूका रूपमा पुग्छ। श्रावणिक केन्द्रबाट मस्तिष्कका विभिन्न

केन्द्रहरूमा ती गूढ संकेतहरू पठाइन्छन् । ध्वनिको स्मृति रेकर्ड हुने ठाउँले ध्वनिको विश्लेपण गरेर ध्वनि चिन्छ । वर्णवैज्ञानिक नियम (Phonological Rule) हरू पनि त्यहीं रहेका हुन्छन् । मस्तिष्कको जुन भागमा मान्छेका भाषाको ज्ञान वा मातृभाषा वा कुनै भाषाको व्याकरणका नियमहरू हुन्छन् ती संकेतहरू त्यहां पुगेपछि सुनेका कुराको भाषावैज्ञानिक विश्लेपण हुन्छ । दृष्टि स्मृति (Visual Memory) हुने ठाउँले त्यस कुरालाई पहिले देखेका कुरासँग भिडाउँछ र ती संकेतहरू मस्तिष्कको संवेदन प्रान्त (Sensory Cortex) मा पुग्छन् । संवेदन प्रान्तले प्रेरक प्रान्तलाई खबर पठाएपछि प्रेरक प्रान्त (Motor Cortex) ले ध्वनि अवयवले उच्चारण गरेर मान्छेले सुनेअनुसारका कुराको बोलेर उत्तर दिन्छ । मान्छेको बोली चाहिं मस्तिष्कको अधिल्लो भागले नियन्त्रण गर्छ । विद्युत्-मस्तिष्कालेखी (Electroencephalographic = EEG) परीक्षणमा आवाज सुन्ने कुरामा मस्तिष्कको दाहिनेभन्दा देब्रे भाग बढी सक्रिय भएको पाइएको छ (बोर्डेन र ह्यारिस १९८० ई.:) ।

कन्चट र त्यसदेखि अलि पछाडिको भाग नै सुनेको ध्वनि चिन्ने वा ठम्याउने क्षेत्र हो भन्ने कुरो पत्ता लगाउने वैज्ञानिकको नाम वर्नाइक हो, त्यसैले त्यस क्षेत्रको नाम पनि वर्नाइकको क्षेत्र (Wernicke's Area) भन्ने रहेको छ (बोर्डेन र ह्यारिस १९८० ई.) । भाषावैज्ञानिक दृष्टिले ठूलो मस्तिष्कको देब्रे भाग नै दाहिने भागभन्दा महत्त्वपूर्ण भएको छ, किनभने बोर्डेन र ह्यारिस (१९८० ई.:) को अनुसार दाहिनेपट्टिको भागले खालि शब्द मात्रै पढ्न सक्छ भने देब्रेपट्टिको भागले चाहि. वाक्य नै पढ्न सक्छ । वुफ, गोफ र डेको विद्युत्-मस्तिप्कालेख (Electroencephalogram) मा वर्णको पहिचान मस्तिप्कको देब्रेपट्टिकै भागले गर्ने कुरो देखिएको छ (बोर्डेन र ह्यारिस १९८० ई.: २०३) ।

मस्तिष्कमा हुने स्मृति दुई किसिमको हुन्छ (क) लामो समयसम्म सञ्चित हुने र (ख) छोटो समयसम्म सञ्चित हुने । लामो समयसम्म सञ्चित हुने स्मृति नै कुनै ध्वनिको उच्चारण गर्न र सुनेको ध्वनि चिन्न काम लाग्छ । छोटो समयसम्म अडिने ध्वनि पनि दुई किसिमको हुन्छ चाँडै मेटिने र केही समयसम्म अडिने । एउटी सारै सानी केटीलाई एकपल्ट मैले सोधें, "नानी, तिमीलाई आँप, लिच्ची र केरामा कुन मन पर्छ ?" केटीले जवाफ दिई "केरा" अर्कोपल्ट मैले सोधें "नानी तिमीलाई केरा, लिच्ची र आँपमा कुन मन पर्छ ?" केटीले जवाफ दिई, "आँप" । केटीले जहिले पनि पछिल्लो फलको नाम लिन्थी । वैज्ञानिक भाषामा यस्तो स्मृतिलाई अद्यावधिक प्रभाव (Recency Effect) भन्दछन् ।

बालखलाई मातृभाषाका अनुतान (Intonation) को ज्ञान तोतेबोली फुटेकै बेलामा हुन्छ भन्ने परीक्षणहरूबाट प्रमाणित भएको छ । ध्वनि र भाषाको ज्ञान बालखले जति राम्रो र छिटो ठूला मान्छेले गर्न सक्तैनन् । वैज्ञानिकहरू यसको के कारण दिन्छन् भने बालखको मस्तिष्क कोमल र लचकदार हुन्छ, मस्तिष्क छिप्पिदै गएपछि त्यसमा जर्रोपन आउने हुनाले बालखले जत्तिकै छिटो ध्वनि र भाषाको ज्ञान ठूला मान्छेले गर्न सक्तैनन् ।

५. सुनेका आधारमा गरिएको ध्वनि विश्लेषण

५.१ बोलीको संश्लेषण (Speech Synthesis)

अमेरिकाको ह्यास्किन्स प्रयोगशाला (Haskins' Laboratory) मा लिबरम्यान, दलात्रे, कूपर, गर्स्टमन, ओकोनर र लिस्कर नाम भएका ध्वनिवैज्ञानिकहरूले श्रावणिक ध्वनिविज्ञानसम्बन्धी

धेरै प्रयोगहरू गरेका छन्। त्यस्ता धेरै प्रयोगहरूको साइनो मनोविज्ञान (Psychology) सँग पनि छ। साञ्चारिक ध्वनिविज्ञान (Acoustic Phonetics) को ज्ञानबाट प्रभावित भएर उनीहरूले मान्छेका बोलीको संश्लेषण (Speech Synthesis) गरे। मान्छेले बोलेको ध्वनि स्पेक्ट्रालेखी (Spectrograph) भन्ने यन्त्रमा हाल्यो भने स्पेक्ट्रालेख (Spectrogram) भन्ने फोटो आउँछ। त्यो स्पेक्ट्रालेख हेरेर बोलेको ध्वनि चिन्न सकिन्छ। यसका लागि स्पेक्ट्रालेख हेर्ने धेरै अभ्यास चाहिन्छ। स्पेक्ट्रालेखमा हरेक स्वर त्यसका तीनवटा शिखर (Formant) को त्वरण (Frequency) हेरेर चिनिन्छ भने, त्यस स्वरका छेउमा पर्ने व्यञ्जन (विशेषगरी स्पर्श व्यञ्जन)को उच्चारणस्थान चाहिं स्वरका शिखरहरू व्यञ्जनका छिमेकका सीडभैं भएर कता-कता फर्केका छन्, त्यो हेरेर थाहा पाइन्छ। सीड जस्ता ती शिखरका टुप्पालाई सङ्क्रमण (Transition) भन्ने चलन छ। घोष ध्वनिको स्पेक्ट्रालेखमा ठाडा धर्सा (Vertical Striation) हुन्छन्, अघोष ध्वनिका स्पेक्ट्रालेखमा ठाडा धर्सा हुँदैनन्। स्पेक्ट्रालेख हेरेरै कुनै ध्वनि अनुनासिक (Nasal) हो कि अननुनासिक(Nonnasal)हो भन्ने पनि थाहा पाइन्छ। स्पेक्ट्रालेखमा कुनै ध्वनिको उच्चारणकाल वा मात्रा (Duration) पनि नापेर निकाल्न सकिन्छ। कुनै स्पर्शपछाडि हल्ला (Noise) जनाउने भ्यारभ्यारको उच्चारण-काल हेरेर त्यो ध्वनि स्पर्श (Plosive) हो कि, स्पर्शोष्म (Affricate) हो कि स्पर्श र ऊष्म (Fricative) ध्वनिको संयोग (Cluster) हो भन्ने पनि थाहा हुन्छ।

स्पेक्ट्रालेखका उपर्युक्त ढाँचा (Pattern) लाई ध्यानमा राखेर ह्यास्किन्ज प्रयोगशालाका लिबरम्न, दलात्रे, कूपर, आदिले जानी जानी आफैंले स्पेक्ट्रालेखी यन्त्रलाई उल्टो चलाए। त्यसरी ढाँचा उल्टो चलाउँदा (Pattern Playback) मान्छेले बोले जस्तै आवाज सुनियो। सर्वप्रथम लिबरम्यान र उनका मित्रहरू (१९५२ ई.)ले त्यसरी अघोष स्पर्श (Voiceless Stop) व्यञ्जनहरूमा सफलता पाए। पहिलो (F_1), दोस्रो (F_2) र तेस्रो (F_3) शिखरमध्ये पहिलो शिखरको सीड काटेर ढाँचा उल्टो चलाउँदा "क त प" सुनियो। यस्तै प्रयोग कूपर, दलात्रे, लिबरम्यान, बोर्स्ट र गर्स्टमन (१९५२ ई.) ले पनि गरे। लिबरम्यान र उनका मित्रहरू (१९५२ ई.) ले पनि गरे। लिबरम्यान र उनका मित्रहरू (१९५२ ई.) ले स्पर्श व्यञ्जनका परिचायक स्पेक्ट्रालेखका तत्वहरूमध्ये कहिले पहिलो शिखर छोटयाएर कहिले लम्याएर (लिबरम्यान र अन्य १९५८ ई.), कहिले दोस्रो र तेस्रो शिखरका सीडको नति (Inclination) फरक पारेर (लिबरम्यान र अन्य १९५७ ई.) कहिले सीड लामा-छोटा पारेर (लिबरम्यान र अन्य १९५६ ई.), कहिले दोस्रो शिखरको त्वरण फरक-फरक पार्दै (दलात्रे र अन्य १९९५ ई.) अनेक नक्कली स्पेक्ट्रालेख बनाएर श्रोताहरूलाई चिन्न लगाए (Identification Test)। लिबरम्यान र अन्य (१९५२ ई., १९५४ ई., १९५५ ई., १९५६ ई., १९५७ ई., १९५८ ई.)ले स्पर्श र नासिक्य (लिबरम्यान र अन्य १९५४ ई.) जस्ता व्यञ्जनमा जस्तो प्रयोग गरे, त्यसैगरी दलात्रे, लिबरम्यान, कूपर र गर्स्टमन (१९५२ ई.) ले स्वरहरूका नक्कली स्पेक्ट्रालेख बनाएर श्रोताहरूलाई ढाँचा उल्टा चलाएर चिन्न लगाए।

गे (१९७० ई.)ले चाहिं वक्रशिखर (Gliding Formant) भएका सन्ध्यक्षर (Diphthong) का नक्कली स्पेक्ट्रालेख बनाएर श्रोताहरूलाई चिन्न लगाएपछि सफलता पाए। राफाएल र डोरमन (१९७७ ई.)ले स्पर्श र भ्यारभ्यारको लम्बाइ घटबढ पारेर स्पर्श, ऊष्म र

र स्पर्शोष्म (Affricate) का नक्कली स्पेट्रालेख बनाई श्रोताहरूलाई चिन्न लगाएर के पत्ता लगाए भने भ्यारभ्यारको लम्बाइ बढाइदिंदा श्रोताहरूले ऊष्म ध्वनि सुन्दा रहेछन् र स्पर्शको लम्बाइ बढाइदिंदा श्रोताहरूले त्यसलाई स्पर्शोष्म सुन्दा रहेछन्। 'यरलव' जस्ता अन्तःस्थ (Semivowel/Approximant) का नक्कली स्पेक्ट्रालेख चाहिं लिस्कर (१९५७ ई.) र ओ'कोनर आदि (१९५७ ई.)ले बनाएर श्रोताहरूलाई चिन्न लगाए।

दलात्रेहरू (१९५५ ई.) ले लक्ष्यविन्दुको सिद्धान्त (Locus Principle) कसरी बनाउँदा दुई शिखरको ढाँचा (Two-Formant Pattern) मा दुई किसिमका नक्कली स्पेक्ट्रालेख निम्नानुसार रँगाए



चित्र ११: शिखरको सङ्क्रमण, लक्ष्यविन्दु र स्पर्श

पहिलो शिखरको सीङ पहिलो चित्रमा झैं सुरुमै बङ्ग्याइदियो र १८०० हर्जको कुनै विन्दु P मा जोडिने गरी विभिन्न त्वरणमा दोस्रो शिखर रँगाएर श्रोताहरूलाई सुन्न लगाउँदा के पाइयो भने दोस्रो शिखर ३००० हर्जमा हुँदा श्रोताले प्रस्ट 'ब' ध्वनि सुने, १८०० हर्जमा प्रस्ट 'ड' ध्वनि सुने र प्रस्ट 'ग' चाहिं ७२० हर्जमा सुने, तर पहिलो शिखरको सीङ ५० मिलिसेकेन्ड पर बङ्ग्याइदियो र सुरुदेखि ५० मिलिसेकेन्ड जति शिखरका सीङहरू दोस्रो चित्रमा झैं मेटिदियो भने श्रोताहरूले 'डा-डु-डे-डि' जस्तो ध्वनि सुने अरे, अर्थात् 'ड' व्यञ्जन मात्र सुनियो अरे। यस प्रयोगमा दोस्रो शिखरका सीङले एउटै लक्ष्यतिर ताकेको देखिन्छ तर त्यसै विन्दुलाई लक्ष्यविन्दु (Locus) भन्दछन्। दलात्रेहरू (१९९५ ई.)को यस प्रयोगबाट उच्चारण-स्थान चिन्न लक्ष्यविन्दुको तुलनात्मक स्थिति कतातिर पर्छ भन्ने थाहा पाउनु आवश्यक रहेछ भन्ने थाहा हुन्छ। यसै सिद्धान्तलाई लक्ष्यविन्दुको सिद्धान्त (Locus Principle) भन्दछन्।

यसरी नक्कली स्पेक्ट्रालेखमा तीनवटा शिखरहरूका विभिन्न परिवर्तित ढाँचा रँगाएर स्पेक्ट्रालेखीलाई उल्टो घुमाउँदा सुनिने विभिन्न ध्वनिहरू चिन्ने प्रयोगलाई वर्गीकृत चिनाइ (Categorical Perception) भन्दछन्। यस्ता एउटै वर्गमा कि विभिन्न उच्चारण-स्थानका स्पर्श ध्वनिहरू, कि एउटै उच्चारणस्थानका स्पर्शमा पनि अघोष, घोष र नासिक्य ध्वनिहरू, कि एउटै उच्चारणस्थानका स्पर्श, ऊष्म र स्पर्शोष्म ध्वनिहरू, कि विभिन्न स्वरहरू, कि विभिन्न अन्तःस्थहरूका स्पेक्ट्रालेख चिनाउने अभ्यास र प्रयोगहरू पर्दछन्।

यस्ता प्रयोगहरू एउटै भाषा बोल्ने विभिन्न वक्ताहरूबीच गर्दा जस्तो जवाफ पाइन्छ, त्यस्तै जवाफ बेग्ला-बेग्लै भाषा बोल्ने मान्छेमा गर्दा पाइँदैन, किनभने कुनै पनि मान्छेले आफ्नै भाषाका वर्ण मात्रै चिन्दछ, संवर्ण (Allophone) चिन्न सक्तैन, सुनेर पनि ठम्याउन सक्तैन। घोषारम्भ काल (Voice Onset Time) र घोषावसान काल (Voice Offset Time) पनि बेग्ला-बेग्लै भाषामा एउटै हुँदैन। यस्ता प्रयोगबाट के पनि थाहा भयो भने स्वरका छिमेकमा भएको व्यञ्जन, अथवा व्यञ्जनका छिमेकमा भएको स्वर चिन्न धेरै सजिलो हुन्छ।

५.२ अन्य वर्गीकृत प्रयोगहरू

प्रयोगहरूबाट के पनि बुझिन्छ भने नेपाली भाषाका दन्तमूलीय (Alveolar) 'ट/ड' र मलयालम भाषाका मूर्धन्य (Retroflex) 'ट/ड'को उच्चारणभेद कुनै विद्यार्थीलाई सिकाउनु छ भने धेरैपल्ट नेपाली 'ट' उच्चारण गर्ने वित्तिकै मलयालम 'ट' उच्चारण गऱ्यो अथवा धेरैपल्ट मलयालम 'ट' उच्चारण गर्ने वित्तिकै नेपाली 'ट' उच्चारण गऱ्यो भने विद्यार्थीलाई उच्चारण भेद चिन्न सजिलो पर्ने रहेछ।

वर्गीकृत चिनाइको प्रयोग एक भाषाका दुईवटा वक्तामा, दुई भाषाका दुईवटा वक्तामा, केटाकेटी वा शिशुमा र बाँदरमा पनि गरेर रमाइला ध्वनिवैज्ञानिक निष्कर्षहरू निस्केका छन्। बाँदरहरूले पनि दोस्रो र तेस्रो शिखरको सङ्क्रमण चाल पाउँदा रहेछन्। तोते बोल्ने केटाकेटीले अरूले बोलेको तोते बोलीमा चाहि. आपत्ति जनाउँछन्, तर म्याकरेनल्डहरू (१९७५ ई.)ले गरेका प्रयोगमा उनीहरूले आफैंले बोलेको तोतेबोली चाहिँ छुट्याउन नसकेको पाइयो। यसबाट केटाकेटीले आफ्नो वर्णको व्यतिरेकभन्दा छिटो अरूको वर्णको व्यतिरेक (Contrast) थाहा पाउने रहेछन् भन्ने बुझिन्छ।

शाङ्वैलरहरू (१९६७ ई.)ले गरेका प्रयोगबाट के पाइयो भने लघुतम युग्म (Minimal Pairs) राखिएका ध्वनिको फरक चिन्न श्रोताहरूले गल्ती कम गरेको पाइयो। गोटो (१९७१ ई.)ले गरेका प्रयोगबाट के पाइयो भने वयस्क मान्छेले पनि आफ्नै वर्णको व्यतिरेक चाहिं सजिलै चाल पाउँछ र उच्चारण गर्न पनि सक्छ, तर आफ्नो वर्णमा नभएको उच्चारण भेद चाहिं चाल पाउँदैन। मैले जापानीलाई नेपाली बोल्न सिकाउँदा 'पालो-पारो-पाडो' बीचको फरक उच्चारण गराउन चाहिं सकें, तर मैले बोलेका ती तीनवटा शब्दको उच्चारणभेद चाहिं चिन्न सक्ने बनाउन सकिन, किनभने जापानीमा नेपाली तरल (Liquid) ध्वनिको व्यतिरेक पाइँदैन। अर्थात् विदेशी भाषा सिक्ता ठीकसँग उच्चारण गर्न सिके पनि आफ्नो वर्णमालामा नभएको ध्वनिको भेद सुनेर ठम्याउन श्रोतालाई गारो पर्छ।

५.३ मानस्वर

मानस्वर (Cardinal Vowels) भनेको डेनियल जोन्स (१९१८ ई.)ले बनाएको स्वरहरूको समूह हो जसमा जिब्राको उचाइ (Tongue Height), ओठको गोलाइ (Lip Rounding) र साञ्चारिक (Acoustic) विशेषताहरू परिभाषित गरिएका छन्। संसारका जुनसुकै भाषाका स्वरहरूको वर्गीकरण र विश्लेषण गर्ने जाली (Grid) वा फ्रेमका रूपमा जोन्सले मानस्वरको विकास गरेका हुन्। मानस्वरको सम्बन्ध औच्चारिक ध्वनिविज्ञान (Articulatory Phonetics), साञ्चारिक ध्वनिविज्ञान (Acoustic Phonetics) र श्रावणिक ध्वनिविज्ञान (Auditory

Phonetics) सबैसँग धेरथोर मात्रामा छ। जिब्राको उँचाइ, ओठको गोलाइ र जिह्वामध्य (Front of the Tongue) को पश्चता (Backness) जस्ता मानस्वरहरूलाई परिभाषित गर्ने आधारहरू सबै औच्चारिक हुन्। यी तीन आधारमा स्वरहरूको उच्चारण गराएर जोन्सका गुरुकुलमा मानस्वरहरूको उच्चारण गर्ने र चिन्ने अभ्यास गराइन्छ। उच्चारण गरेको स्वर सुनेर जोन्सका गुरुकुलको ध्वनिवैज्ञानिकले मानस्वरका तुलनामा त्यो स्वर, कहाँनेर पर्छ भनेर परिभाषित गर्छ, त्यसैले श्रावणिक ध्वनिविज्ञानसँग पनि मानस्वरको सम्बन्ध छ। पहिलो, दोस्रो, तेस्रो र चौथो मानस्वर समदूरी (Equidistance) मा पर्छन् भनेर जोन्सका गुरुकुलका ध्वनिवैज्ञानिकले भन्छ। उसले कुनै स्वरको विश्लेषण गर्ने पनि त्यस स्वरको साञ्चारिक (Acoustic) लक्षण सुनेर पनि हो, अर्थात् श्रावणिक ध्वनिविज्ञानको सम्बन्ध कुनै ध्वनिको साञ्चारिक लक्षणमै धेरथोर आधारित हुन्छ।

मानस्वरहरू आधारभूत रूपमा दुई किसिमका हुन्छन्

(क) प्रारम्भिक मानस्वर (Primary Cardinal Vowels)

(ख) गौण मानस्वर (Secondary Cardinal Vowels)

५.३.१ प्रारम्भिक मानस्वर

प्रारम्भिक मानस्वर डेनियल जोन्सका आठवटा स्वरहरूको नाम हो जहाँ पछिल्तिर पर्ने स्वरहरूको उच्चारण गर्दा ओठ गोलो पार्नुपर्छ र अघिल्तिर पर्ने स्वरहरूको उच्चारण गर्दा ओठ गोलो पार्नु पर्दैन।



चित्र १२: प्रारम्भिक मानस्वर व्यक्त गर्ने विभिन्न तरिका

५.३.१.१ पहिलो मानस्वर (Cardinal Vowel No. 1)

पहिलो मानस्व 'इ' [i] को उच्चारण गर्न जोन्सले यसरी सिकाएका छन्

(क) जिब्रो सकेसम्म माथि र सकेसम्म अगाडि लैजानुहोस् तर तालु (Palate) र जिब्राका बीचको साँगुरो ठाउँमा हावा घोटिएर ऊष्म (Fricative) ध्वनिको उच्चारण नहोस् ।

५.३.१.२ पाचौं मानस्वर (Cardinal Vowel No. 5)

पाचौं मानस्वर 'आ' [ɑ] को उच्चारण गर्न जोन्सले यसरी सिकाएका छन्

(क) जिब्रो सकेसम्म तल पुऱ्याएर सकेसम्म पछाडि तान्नुहोस् तर जिह्वपाद (Root of the Tongue) र ग्रसनी (Pharnx) घोटिएर ऊष्म ध्वनिको उच्चारण नहोस् ।

५.३.१.३ अन्य मानस्वर

पहिलो र पाचौं मानस्वर पत्ता लगाइसकेपछि दोस्रो [ए e], तेस्रो [ए़ ɛ] र चौथो [आ a] मानस्वरको स्थान चाहिँ उच्चारण गरेको स्वर सुन्दा बराबर दूरीमा पर्ने गरी जोन्सले जसरी निर्धारण गरे, त्यसै गरी छैटौं [ओ ɔ], सातौं [ओ o] र आठौं [उ ŭ] मानस्वर पनि सुन्दा बराबर दूरीमा पर्ने गरी मिलाए । जोन्स र उनको गुरुकुलमा ध्वनिवैज्ञानिकहरू उच्चारण गरेको स्वर सुनेकै भरमा मानस्वर हो कि खास मानस्वरभन्दा तल पर्छ कि माथि पर्छ कि भित्र पर्छ भन्ने ठम्याउन सक्थे । त्यसैले मानस्वरका आधारमा कुनै भाषाका स्वरको विश्लेषण गर्ने विधि मूलतः श्रावणिक ध्वनिविज्ञानअन्तर्गत नै पर्छ ।

५.३.१.४ मानस्वर व्यक्त गर्ने तरिका

मान्छेले शान्त अवस्थामा सास फेरिरहेका बेलामा जिब्रो जुन स्थितिमा हुन्छ, प्रायः त्यो अमूर्त स्वर (Schwa) को स्थिति हो । प्रारम्भिक मानस्वर उच्चारण गर्न जिब्राले त्यो विश्राम स्थिति (Rest Position) बाट तलतिर, मास्तिर अघिल्तिर वा पछिल्तिर सर्नुपर्छ । चि १२ (क) मा देखाएझैं मानस्वर देखाउँदा जिब्रो र तालुको भागका बीचको मुख गुहा (Oral Cavity) बढी दुरुस्त देखिन्छ । अघिल्तिर पर्ने (i, e, ɛ a जस्ता) अग्रस्वर (Front Vowel) हरूको उच्चारण गर्दा जिब्राको अघिल्तिरको भाग वा जिह्वाग्र (Blade of the Tongue) को तुलनात्मक उचाइ हेरिन्छ भने पछिल्तिर पर्ने (u, o, ɔ, ɑ) पश्चस्वर (Back Vowel) हरूको उच्चारण गर्दा जिब्राको पछिल्तिरको भाग वा जिह्वापश्च (Back of the Tongue) को तुलनात्मक उचाइ हेरिन्छ । अर्को तरिकाबाट भन्ने हो भने, जिह्वाग्रको उँचाइ परिवर्तन गरेर उच्चारण गरिने स्वरहरू अग्रस्वर हुन् भने जिह्वापश्चको उँचाइ सक्रिय भएर उच्चारण गरिने स्वरहरू पाश्चस्वर हुन् ।

ध्वनिविज्ञान पढाउने शिक्षक र पढ्ने विद्यार्थीलाई चाहिं १२ (क) भन्दा १२ (ख) सजिलो, १२ (ख) भन्दा १२ (ग) सजिलो र १२ (ग) भन्दा १२ (घ) सजिलो हुन्छ । १२ (ग) मा चाहिं a - ɑ को लम्बाइ २ भाग, a - u को लम्बाइ ३ भाग र i - u को लम्बाइ ४ भाग हुन्छ अर्थात् a - ɑ : ɑ - u : i-u = २ : ३ : ४. हुन्छ र [ɑ] र [u] विन्दुमा समकोण (Right Angle) हुन्छ । ध्वनिविज्ञानका धेरैजसो पुस्तकमा १२ (ग) नै अपनाइएकाले मैले पनि १२ (ग) लाई नै रोजेको छु । १२ (ग) मा सबै तेर्सा रेखाहरू समानान्तर (Parallel) हुन्छन् ।

प्रारम्भिक मानस्वरमा (माथि भनिए झैं) पश्चस्वरहरू गोलित (Round) हुन्छन् र अग्रस्वरहरू अगोलित (Unround) हुन्छन् । चित्र १२ (ग) लाई यसरी पनि व्यक्त गर्न सकिन्छ



चित्र १३: प्रारम्भिक मानस्वर

५.३.२ गौण मानस्वर

ओठको गोलाइमा परिवर्तन गरिदियो भने आठवटा प्रारम्भिक मानस्वरहरू नै गौण मानस्वर (Secondary Cardinal Vowel) बन्दछन् र तिनीहरूलाई क्रमशः ९ देखि १६ नम्बरसम्म लगाइन्छ। यसको अर्थ के हो भने गोलित अग्रस्वर र अगोलित पश्चस्वरलाई नै गौण मानस्वर भन्दछन्।

गौण मानस्वरमा केन्द्रीय स्वर (Central Vowel) हरू पनि पर्दछन्। केन्द्रीय स्वरहरू चाहिं जिह्वामध्य (Middle or Front of the Tongue) को उचाइका आधारमा निर्धारण गरिन्छन् र तिनीहरूको ठाउँ अग्रस्वर र पश्चस्वरका बीचमा पर्छ। केन्द्रीय स्वर पनि गोलित र अगोलित गरी दुई प्रकारका हुन्छन्। चित्र (१४) मा देब्रेपट्टि गोलित र दाहिनेपट्टि अगोलित मानस्वरहरू देखाइएका छन्।



चित्र १४: गौण मानस्वर

५.३.३ मानस्वरको उच्चारण र श्रवण

डेनियल जोन्स (१९५७ ई. १४०, १४१) के भन्दछन् भने किताबमा मानस्वरको वर्णन पढेका भरमा मात्रै मानस्वर ठीकसित चिन्न र ठीकसित उच्चारण गर्न सकिदैन । जोन्सकै गुरुकुलका शिक्षकले सुन्न र उच्चारण गर्न राम्रो अभ्यास गराएको विद्यार्थीले मात्र मानस्वर ठीकसँग सुन्न र उच्चारण गर्न सक्छ । क्यासेटमा रेकर्ड गरिएको मानस्वर बजारमा पाइन्छ । त्यसलाई पटक पटक सुनेर राम्रो अभ्यास गर्ने व्यक्तिले चाहिं मानस्वर ठीकसँग सुन्न पनि सक्ला, तर त्यो त्यति पत्यारिलो हुँदैन । ध्वनिवैज्ञानिक नै भए पनि म जोन्सका गुरुकुलको विद्यार्थी हैन र मेरा गुरु भास्करराव पनि जोन्सको गुरुकुलका नभएकाले म पनि मानस्वर ठीकसँग सुन्न र उच्चारण गर्न सक्तिनँ ।

म जस्ता ध्वनिविज्ञानका विद्यार्थीहरूको समस्या-समाधान गर्न ल्याडेफोगेड (१९८२ ई.)ले शिखर-तालिका (Formant Chart) बनाएका छन् र स्वरहरूका शिखर (Formant) को त्वरण थाह पाएपछि ल्याडेफोगेडको विधिबाटै जुनसुकै भाषाका स्वरहरूको स्थिति निर्धारण गर्न सकिन्छ तर त्यसरी गरेको स्वरको विश्लेषण श्रावणिक ध्वनिविज्ञानका क्षेत्रमा नपरेर साञ्चारिक ध्वनिविज्ञान (हेर्नू पोखरेल २०५४)का क्षेत्रमा पर्छ मैले (पोखरेल १९८९ ई.) नेपाली स्वरहरूको स्थिति निर्धारण पनि ल्याडेफोगेडकै विधिबाट गरेको हुँ ।

५.४ पारिभाषिक शब्दहरू

५.४.१ सुर (Pitch)

सुर भनेको कुनै पनि ध्वनिको एउटा यस्तो श्रावणिक गुण हो, जसका भरमा श्रोताले आफूले सुनेको ध्वनि उच्च (High), मध्य (Mid), निम्न (Low) भनेर छुट्याउँछ । यसको साञ्चारिक सम्बन्ध मौलिक त्वरण (Fundamental Frequency) सँग छ, त्यसैले मौलिक त्वरण विश्लेषक (Fundamental Frequency Analyzer) वा सुर मापक (Pitch Meter) भन्ने यन्त्र सुर नाप्न काममा ल्याइन्छ, तर मौलिक त्वरण र सुरको प्रत्यक्ष साइनो चाहिं छैन । ज्विकर (१९६१ ई.) ले श्रावणिक ध्वनिविज्ञानको प्रयोगबाट के देखाएका छन् भने मौलिक त्वरण १००० हर्ज हुँदा क्रान्तिक शिखर पट्टि (Critical Band) को त्वरण २०० हर्ज मात्र छ, तर मौलिक त्वरण १०,००० हर्ज हुँदा क्रान्तिक पट्टिको त्वरण १००० हर्ज मात्रै छ यसको अर्थ के हो भने जुन अनुपातमा ध्वनिको मौलिक त्वरण बढ्दै जान्छ, त्यसै



चित्र नं. ५ मौलिक त्वरण र क्रान्तिकपट्टी

अनुपातमा कानले सुर बढेको थाहा पाउँदैन । मान्छेका कानले थोरै त्वरण भएको ध्वनि जति राम्ररी चाल पाउँछ, त्यत्तिकै अनुपातमा राम्ररी एक किलोहर्जभन्दा बढी त्वरण भएको ध्वनि सुन्न सक्तैन । मान्छेका कानले २० हर्जदेखि २० किलोहर्जसम्मको ध्वनिको त्वरण सुन्न सक्छ । बीस हर्जभन्दा कम त्वरण भएको ध्वनिलाई, त्यसैले, अवश्रावणिक (Subsonic) ध्वनि भन्दछन् भने बीस किलोहर्जभन्दा बढी त्वरण भएको ध्वनिलाई अतिश्रावणिक (Ultrasonic) ध्वनि भन्दछन् । क्रान्तिक शिखरपट्टी भनेको त्यस्तो शिखरपट्टी (Bandwidth) हो जहाँ श्रोताहरूको प्रतिक्रिया फनक्क बद्लिन्छ ।

क्याटफोर्ड (१९७९ ई.: १११)को अनुसार कुनै शब्द वा रूपिम (Motpheme) को एक अक्षर (Syllable) ढाकेर बस्ने सुरको ढाँचा (Pattern), विन्यास (Arrangement), वा विचलन (Variation) लाई तान (Tone) भन्दछन् र जुन भाषामा शब्दको अर्थ सुरको यस्तो उपयोगका आधारमा बदलिन्छ, त्यस्ता भाषालाई तान भाषा (Tonal Language) भन्दछन् । अनुतानल भाषा (Intonational Language) चाहिँ त्यस्ता भाषालाई भन्ने चलन छ, जहाँ सुरको ढाँचा विन्यास र विचलन चाहिँ एक शब्द वा रूपिममा सीमित नभएर पदावली (Phrase), उपवाक्य (Clause) र वाक्य (Sentence) मा फिंजारिएको हुन्छ । चीनियाँ भाषा चाहिँ तानल भाषा हो भने नेपाली चाहिँ अनुतानल भाषा हो ।

सुर भनेको एउटा संवेदना (Sensation) हो । यो मनोवैज्ञानिक कुरो हो, तर त्वरण (Frequency) चाहिँ भौतिक कुरो भएकाले यन्त्रले नाप्न सकिन्छ । सुर नाप्न चाहिँ त्वरण बढाउँदै श्रोतालाई सोध्दै गर्नुपर्छ । सुरको एकाइ चाहिँ मेल (Mel) हो भने त्वरणको एकाइ चाहिँ हर्ज (Hertz) हो । मेल-स्केलमा एक हजार हर्जलाई १००० मेल मानिन्छ, अनि जति त्वरणलाई श्रोताले त्यसको आधा सुर बराबर सुन्छ, त्यसलाई ५०० मेल र जति सुरलाई श्रोताले १००० मेलको दोबर सुन्छ, त्यति सुरलाई २००० मेल भन्दछन् । यसरी त्वरण र मेल-स्केलको निम्नानुसार सम्बन्ध पाइन्छ (हेर्नू स्टिभेन्सहरू १९३८) सामान्य नियतकालिक ध्वनि तरङ्गको (Simple Periodic Sound Wave) चाहिँ श्रोताले सोझै ध्वनिको त्वरण सुनेर आफ्नो



चित्र १६: त्वरण र सुरको सम्बन्ध

निर्णय दिन्छ भने मिश्र नियतकालिक ध्वनि तरङ्ग (Complex Periodic Sound Wave) को चाहिं मौलिक त्वरण (Fundamental Frequency) सुनेर आफ्नो सुरको निर्णय दिन्छ।

५.४.२ तारत्व (Loudness)

श्रोताले सुनेर निर्णय दिएका भरमा ठैलो वा सानो भनेर एउटा स्केलमा वर्गीकरण गरिने ध्वनिको विशेषतालाई तारत्व (Loudness) भनिन्छ। तारत्व ध्वनिको भौतिक (Physical) विशेषता नभएर श्रोताको मनोवैज्ञानिक, आत्मपरक संवेदना हो। तारत्वको प्रत्यक्ष साइनो ध्वनिको तीव्रता (Intensity) सँग छ। तीव्रता चाहिँ ध्वनिको भौतिक लक्षण हो। अर्का शब्दमा तीव्रतालाई ध्वनिको चाप (Sound Pressure) पनि ध्वनिको क्षमता (Power) पनि भन्ने चलन छ।

$$I \propto a^2$$

(I = तीव्रता, a = तरङ्ग विस्तार)

यस सूत्रले ध्वनिको तीव्रता र तरङ्ग विस्तार (Amplitude) को सम्बन्ध देखाएको छ। यसको अर्थ के हो भने ध्वनिको विस्तार दोबर भयो भने तीव्रता चार गुणा बढ्छ, ध्वनिको विस्तार आधा भयो भने तीव्रता एक-चौथाइ हुन्छ; त्यस्तै ध्वनिको विस्तार तेबर भयो भने तीव्रता नौ गुणा बढ्छ, ध्वनिको विस्तार एक-तृतीयांश भयो भने तीव्रता नौ भागमा एक भाग मात्र हुन्छ। अर्थात् ध्वनिको विस्तार बढ्यो भने तीव्रता पनि बढ्छ, ध्वनिको विस्तार घट्यो भने तीव्रता पनि घटछ्। कुनै ध्वनिमा ध्वानिक ऊर्जा (Acoustic Energy) को जति मात्रा छ, त्यति मात्रालाई नै ध्वनिको तीव्रता भन्दछन् (ल्याडेफोगेड १९८२ ई.: २८२)।

ध्वनिको तीव्रता र तारत्वको प्रत्यक्ष सम्बन्ध छ भनेको के हो भने जति ध्वनिको तीव्रता बढ्छ, त्यो ध्वनि त्यति नै चर्को सुनिन्छ, तर ध्वनिको तीव्रता दोबर भयो भने आवाज पनि दोबर सुनिने होइन र ध्वनिको तीव्रता आधा भयो भने आवाज पनि आधा हुने होइन। ध्वनिको तीव्रता डेसिबेल (Decibel) भन्ने एकाइमा नापिन्छ भने ध्वनिको तारत्वचाहिँ फोन (Phone) र सोन (Sone) दुईवटा एकाइमा नापिन्छ। प्रायः के पाइन्छ, भने तीव्रता जति छिटो बढ्छ, तारत्व त्यति छिटो बढ्दैन। चित्र नं. १७ ले तीव्रता, त्वरण र तारत्वको तुलनात्मक स्थिति व्यक्त गर्छ। **चित्रबाट निम्नलिखित कुराहरू बुझिन्छन्–**



चित्र १७: त्वरण, तीव्रता र तारत्व (फ्लेचर र मुसन १९३३)

(क) त्वरण जति घटवढ भए पनि श्रोताले त्यसलाई बराबर तारत्वको सुन्न सक्छ।

(ख) बराबर त्वरण भएको ध्वनि पनि श्रोतालाई चर्को, ठीकै र मलुवा लाग्न सक्छ।

(ग) तीव्रता घटबढ भए पनि श्रोताले त्यो चाल नपाउन पनि सक्छ।

(घ) तीव्रता बराबर भए पनि श्रोतालाई त्यो चर्को, ठीकै र मलुवा लाग्न सक्छ।

चित्रमा कोरिएका तेर्सा वक्ररेखा (Curve) हरूले ध्वनिको तारत्व व्यक्त गर्दछन्। एउटा वक्ररेखाको जुनसुकै विन्दुमा ध्वनिको तारत्व बराबर हुन्छ। हरेक वक्ररेखामा 'फोन' (एकाइ)मा ध्वनिको तारत्व लेखिएको छ। चित्रबाट तीव्रता र तारत्व एउटै होइन भन्ने कुरो बुझिन्छ।

५.४.३ श्रवणीयता सोपान (Sonority Hierarchy)

श्रवणीयता (Sonority) भनेको अरू ध्वनिका तुलनामा कुनै ध्वनिको तारत्व हो। ध्वनिहरूको श्रवणीयताको सोपान ल्याडेफोगेड (१९७५ ई.: २२०, १९८२ ई. २२२), सेल्कर्क (१९८२ ई., १९८४ ई.), हक (१९८६ ई.: २२), गोल्डस्मिथ (१९९० ई.: ११०) र ल्याभर (१९९४ ई.: ५०४)ले दिएको पाइन्छ, जो निम्नानुसार छ–

तालिका – १

श्रवणीयता सोपान	
अधिकतम श्रवणीय (गोल्डस्मिथ १९९०: १११)	**उदाहरण**
निम्न स्वर (Low Vowels)	आ
मध्य स्वर (Mid Vowels)	ए, ओ
उच्च स्वर (High Vowels)	इ, उ
सर्प (Glides)	य, व
तरल (Liquid)	र, ल
नासिक्य (Nasal)	ङ, न, म
ऊष्म (Fricatives)	स
स्पर्शोष्म (Affricates)	च, छ, ज, झ
स्पर्श (Stops)	क, ख, ट, त, प, आदि
न्यूनतम श्रवणीय	

५.४.४ आवाजको गुण (Voice Quality)

श्रोताले बेग्ला-बेग्लै मानिसको बोली आवाज सुनेरै पनि चिन्छ। वर्ण (Phoneme) र संवर्ण (Allophone) एउटै उच्चारण गर्दा पनि केटाकेटी र पाको मान्छेको बोली उस्तै हुँदैन। पाको मान्छेमै पनि लोग्नेमान्छे र आइमाईको बोली फरक हुन्छ। दुईजना लोग्नेमान्छे वा आइमाईकै बोली पनि मिल्दैन। श्रोताले चाहिं सुनेर त्यो फरक थाहा पाउँछ, तर औच्चारिक ध्वनिविज्ञान (Articulatory Phoneties) र साञ्चारिक ध्वनिविज्ञान (Acoustic Phonetics) को अहिलेसम्मको अनुसन्धानले श्रोताको त्यो क्षमतालाई परिभाषित गर्न सकेको छैन। चौथो, पाचौं र त्यसभन्दा मथिल्लो शिखर (Formant) को त्वरण, मौलिक त्वरण, मुखगुहा

(Oral Cavity) को नाप, आकार, जस्ता अनेक चल (Variable) हरूले त्यसमा फरक पार्न सक्छन् ।

५.५ बोली चिन्ने सिद्धान्तहरू (Theories of Speech Perception)

५.५.१ सक्रिय सिद्धान्त (Active Theories)

५.५.१.१ चालक सिद्धान्त (Motor Theory)

यो सिद्धान्त हास्किन्स प्रयोगशालाका लिबरम्यानहरूले बनाएका हुन् । यस सिद्धान्तले के भन्छ भने श्रोताले कुनै ध्वनि सुन्दा आफू त्यस ध्वनिको उच्चारण कसरी गर्छ, त्यो विचार गरेर, त्यसै ज्ञानका आडमा सुनेर चिन्छ ।

५.५.१.२ संश्लेषणद्वारा विश्लेषण सिद्धान्त (Analysis - by - Synthesis Theory)

श्रोता कुनै मातृभाषाकै वक्ता छ भने उसलाई त्यस ध्वनिको उच्चारण मात्र होइन, कुन कुन वर्ण कुन कुन परिस्थितिमा कस्तो स्वरूपमा सन्धि भएर परिवर्तित भएका हुन्छन् भन्ने आफ्नो भाषाका वर्णविज्ञान र सन्धिका नियमहरू समेतको ज्ञान भएकाले गर्दा कुनै ध्वनि ठीकसँग उसले चिन्न सक्छ । (हेर्नू बोर्डेन र ह्यारिस १९८० ई.: २०५) । यो सिद्धान्त स्टिभेन्स र हेलेले बनाएका हुन् ।

५.५.२ निष्क्रिय सिद्धान्त (Passive Theories)

निष्क्रिय सिद्धान्तका प्रणेता (फ्यान्ट, पिसोनी)हरू श्रोता वा बालकको मस्तिष्ककै विशिष्ट संरचनालाई ध्वनि सुनेर चिन्ने क्षमताको जस दिन्छन् ।

५.५.३ महालङ्घन सिद्धान्त (Quantal Theory)

यो सिद्धान्त स्टिभेन्स (१९७२ ई.)ले बनाएको हो । यो सिद्धान्त औच्चारिक, साञ्चारिक र श्रावणिक ध्वनिविज्ञानका प्रयोगका आधारमा बनेको छ ।

प्रयोगहरूद्वारा स्टिभेन्सले के पाए भने तालुको बेग्लाबेग्लै भागमा जिब्रो क्रमशः सार्दै उच्चारण गर्दै गयो भने कुनै ठाउँबाट चाहिँ जिब्रो धेरै सार्दा पनि उच्चारण हुने व्यञ्जनको ध्वानिक (Acoustic) प्रकृतिमा खास फरक पर्दैन, तर कुनै ठाउँबाट चाहिँ जिब्रो अलिकति मात्रै सार्‌यो भने पनि उच्चारण गरिने ध्वनिमा आमूल परिवर्तन हुन्छ । श्रोताले यस्तो ध्वनिलाई चाहिँ अघिल्लो पल्ट उच्चारण गरेको ध्वनिबाट सारै ठूलो फड्को हालेको (महालङ्घन) अनुभव गर्छ । स्वरको उच्चारण गर्दा पनि 'उ'को उच्चारण गर्दै मुख विस्तारै च्यात्ने लग्यो भने त्यसै गरी 'उ'को संवर्णको उच्चारण भइरहेका बेलामा एकैचोटि लामा फड्को हालेझैं गरी 'ओ' ध्वनिको उच्चारण हुन्छ ।

स्टिभेन्सका विचारमा हाम्रो मुखे ओढार (मुख गुहा)को विशिष्ट बनोटले गर्दा यसरी कुनै स्थानबाट अर्को स्थानमा जिब्रो वा करण (Active Articulator) अलिकति मात्रै सार्दा पनि उच्चारण गरिएको ध्वनिमा आमूल परिवर्तन भए जस्तो लाग्छ भने अन्यत्र चाहिँ करण निकै सार्दा पनि उच्चरित ध्वनिमा आमूल परिवर्तन भएझैं लाग्दैन । भाषा-भाषाका वक्ताहरूले महालङ्घनको यसै तत्वलाई अनुसरण गरेर नै आफ्नो भाषाको उच्चारण-स्थान (Place of Articulation) र स्वरहरूको संख्याको निर्धारण गर्छन् भन्ने स्टिभेन्सको मान्यता छ ।

६. निष्कर्ष

श्रावणिक ध्वनिविज्ञानका क्षेत्रमा यसरी माथि उल्लिखित प्रयोग र निष्कर्षहरू प्रकाशमा आइरहेकै भए पनि ध्वनिविज्ञानको यो चाहिँ हाँगो तुलनात्मक रूपले कम विकसित छ; तर परिस्थिति जे भए पनि अहिलेसम्मका अनुसन्धानबाट के कुरो बुझिन्छ भन्ने श्रोताहरूले वर्ण-वर्ण बेग्लाबेग्लै नचिनेर व्यञ्जन र स्वर (CV, VC, CVC) का परिस्थितिमा राखे मात्र स्वर वा व्यञ्जन सजिलै चिन्न सक्ने रहेछन् ।

सन्दर्भ-सूची

१. पोखरेल, माधवप्रसाद (२०५३). औच्चारिक ध्वनिविज्ञान : ध्वनि-अवयव र कार्य, प्रज्ञा ८३ खः ३८-६७.

२. पोखरेल, माधवप्रसाद (२०५४). साञ्चारिक ध्वनिविज्ञान, प्रज्ञा ८४: ४०-७०.

3. Abercrombie, D. (1967). **Elements of General Phonetics.** Edinburgh Univ. Press.

4. Borden, Gloria J. and Katherine S. Harris (1980). **Speech Science Primer.** Baltimore: Williams & Wilkins.

5. Catford, J.C. (1977). **Fundamental Problems in Phonetics.** Bloomington: Indiana Univ. Press.

6. Cooper, F.S., P.C. Delattre, A.M. Liberman, J.M. Borst and L.J. Gerstman (1952). Some experiments on the perception of synthetic speech sounds. **JASA** 24: 597-606

7. Crystal, David (1991). **A Dictionary of Linguistics and Phonetics.** New York: Basil Blackwell.

8. Delattre, P., A.M. Liberman, F.S. Cooper and L.J. Gerstman (1952). An experimental study of the acoustic determinants of vowel color: Observations on one-and two formant vowels synthesized from spectrographic patterns, **Word** 8: 195-210.

9. Delattre, P.C., A.M. Liberman and F.S. Cooper (1955). Acoustic loci and transitional cues for consonants, **JASA** 27: 769-73.

10. Delattre, P.C., A.M. Liberman and F.S. Cooper (1962). Formant transitions and loci as acoustic correlates of place of articulation in American fricatives. **Studia Linguistica** 16: 104-21.

11. Darwin, C.J. (1976). The perception of speech. In: E.C. Carterette and M.P. Friedman (Eds). **Handbook of Perception,** vol. 7, New York: Academic Press.

12. Denes, Peter B. and E.N. Pinson (1973). **The Speech Chain.** New York: Anchor Books.

13. Gay, T.A. (1970). A perceptual study of American English diphthongs. **Language and Speech** 13:65-88.

14. Gerstman, L. (1957). **Cues for Distinguishing among Fricatives, Affricates and Stop Consonants.** Ph.D.thesis, New York Univ.

15. Goldsmith, J. (1990). **Autosegmental and Metrical Phonology.** Oxford: Basil Blackwell.

16. Got. H. (1971). Auditory perception by normal Japanese adults of the sounds 'l' and 'r' **Neuropsychologia** 9: 317-23.

17. Hock. Hans H. (1986). **Principles of Historical Linguistics,** Mouton.

18. **The International Phonetic Alphabet** (revised to 1993).

19. Jones. Daniel (1918). **An Outline of English Phonetics.** Cambridge: Hetfer (8th edition 1957)

20. Joos. Martin (1948). Acoustic Phonetics. **Language** 24 (supplement): 1-136.

21. Ladefoged, Peter (1962). **Acoustic Phonetics.** Univ. of Chicago Press.

22. Ladefoged, Peter (1975). **A Course in Phonetics.** New York: Harcourt (2nd edition, 1982).

23. Laver, John (1994). **Principles of Phonetics.** CUP.

24. Liberman, A.M. (1970a). The Grammars of Speech and Language. **Cognitive Psychology** 1: 301-23.

25. Liberman, A.M. (1970b). Some characteristics of perception in the speech mode. **Perception and its Disorders** 48: 238-54.

26. LIberman, A.M., P.C. Delattre and F.S. Cooper (1952). The role of selected stimulus-variables in the perception of unvoiced stop consonants. **American Journal of Psychology** 65:497-516.

27. Liberman, A.M., F.S. Cooper and L. Gerstman (1954). The role of consonant-vowel transition in the perception of stop and nasal consonants. **Psychological Monograph** 68: 1-13.

28. Liberman, A.M., P.C. Delattre, L. Gerstman and F.S. Cooper (1956). Tempo of frequency change as a cue for distinguishing classes of speech sound. **Journal of Experimental Psychology** 52: 127-37.

29. Liberman, A.M., K.S. Harris, H.S. Hoffman and B.C. Griffith (1957). The discimination of speech sounds within and across phoneme boundaries. **Journal of Experimental Psychology** 54: 358-68.

30. Liberman, A.M., P.C. Delattre and F.S. Cooper (1958). Some rules for the distinction between voiced and voiceless stops in initial position. **Language and Speech** 1: 153-67.

31. Liberman, A.M., K.S. Harris, P. Eimas, L. Lisker and J. Bastian (1961). An effect of learning on speech perception: The discrimination of durations of silence with and without phonemic significance. **Language and Speech** 4: 175-95.

32. Liber man, A.M., F.S. Cooper, D.P. Shankweiler and M. Studdert Kennedy (1967). Perception of the speech code. **Psychological Review** 74: 431-61.

33. Liberman, A.M. and I.G. Mattingly (1985). The motor theory of speech revised. **Cognition** 21: 1-36.

34. Lieberman, Philip and Sheila E. Blumstein (1988). **Speech Physiology, Speech Perception and Acoustic Phonetics.** CUP.

35. Lisker, L. (1957). Minimal cues for separating /w,r,l,y/ in intervocalic position. **Word** 13: 256-67.

36. McReynolds, L.V., J. Kohn and G.C. Williams (1975). Articulatory defective children's discrimination of their production errors. **Journal of Speech and Hearing Disorder** 40: 327-38.

37. O' Connor, J.D. (1973). **Phonetics.** Penguin Books

38. O' Connor, J.D., L.J. Gerstman, A.M. Liberman, P.C. Delattre and F.S. Cooper (1957). Acoustic cues for the perception of initial /w,j,r,l/ in English. **Word** 13: 22-43.

39. Pokharel, Madhav P. (1989). **Experimental Analysis of Nepali Sound System.** Ph. D. thesis, Univ. of Pune.

40. Raphael, L.J. and M.F. Dorman (1977). Perceptual equivalence of cues for the fricative-affricate contrast. **JASA** 61; 5(45) A.

41. Selkirk, E.O. (1984). **Phonology and Syntax: The Relation between Sound and Structure.** MIT Press.

42. Shankweiler, D.P., M. Studdent-Kennedy (1967). Indentification of consonants and vowels presented to left and right ears. **Quaterly Journal of Experimental Psychology** 19: 59-63.

43. Stevens, K.N. (1972). The quantal nature of speech: Evidence from articulatory-acoustic data. In: E.E David, Jr and P.B. Denes (eds). **Human Communication: A Unified View.** New York: McGraw. Hill, 51-66.

44. Stevens, S.S. and H. Davis (1938). **Hearing.** New York: John Wiley and Sons.

45. Stevens, S., Fred Warshofsky and the editors of Time-Life Books (1980). **Sound and Hearing.** Hong Kong: Time-Life Books.

46. Uvarov, E.B. and D.R. Chapman (1971). **A Dictionary of Science.** Penguin Books.

47. Wood, C.C., W.R. Goff and R.S. Day (1971). Auditory evoked potentials during speech perceptionce. **Science** 173: 1248-51.

48. Zwicker, E. (1961). Subdivision of the audible frequency range into critical bands. **JASA** 33: 248.

भारतीय स्वतन्त्रता संग्रामका योद्धाहरूप्रति नेपालले अपनाएको नीति

– डा. राजेश गौतम

भारतीय सैनिकहरू लगायत राजा रजौटा र जनता मिली अंग्रेजहरूको विरुद्ध सन्चालन गरेको १८५७ को स्वतन्त्रता संग्राम भारतीय इतिहाससँग मात्र सम्बन्धित नभएर नेपालको इतिहाससँग पनि सम्बन्धित भएको छ। नेपालले उक्त स्वतन्त्रताको संग्राममा जे जस्तो कार्य गऱ्यो त्यसलाई प्रायः गरी भारतीय इतिहासकारहरूले पनि एक पक्षीय रूपले भारतीय स्वतन्त्रताका सैनिकहरूलाई असहयोग गरेको कुरा मात्र वर्णन गरी आभार व्यक्त गरेका छन्। जबकि प्राप्त गोप्य तत्कालीन कागजपत्रहरूले नेपालले कुनै एक पक्षलाई मात्र सहयोग नगरी आफ्नो देशको स्वतन्त्रता र सार्वभौमसत्तालाई पुष्टी गर्ने र त्यसलाई जोगाउने नीति अनुरूप दुवैपक्षलाई सहयोग पनि गरेको थियो र असहयोग पनि गरेको थियो।

यो लेखमा तिनै अर्थात् नेपालले तीनै भारतीय स्वतन्त्रताका सेनानीहरू र तत्कालीन अङ्ग्रेज अधिकारीहरूलाई के कस्तो सहयोग गऱ्यो र असहयोग गऱ्यो भन्ने कुरालाई नै प्रष्ट गर्न खोजिएको छ।

अङ्ग्रेज इतिहासकारहरूको भनाइअनुसार भारतमा भएको उक्त स्वतन्त्रता सङ्ग्राम केही महिनामात्र चल्यो। जसको फलस्वरूप १० मे देखि १६ सेप्टेम्बर, १८५७ इ.स.सम्म दिल्लीमा 'आजाद हिन्दुस्तानी सरकार' नै कायम रह्यो। तर बादशाह बहादुर शाह 'जफर'लाई गिरफ्तार गरेपछि अङ्ग्रेजहरूले फेरि दिल्लीमाथि आफ्नो आधिपत्य कायम गरे। क्रमशः झाँसी, फर्रुखाबाद, बरेली र लखनउमा पनि विजय प्राप्त गर्दै गए। यस प्रकार ती स्वतन्त्रताका सेनानीहरूले युद्धमा हार खाँदै गए तापनि उक्त हारलाई उनीहरूले सजिलैसँग स्वीकार गरेनन्। युद्धमा विजय गरी आफ्नो स्थितिलाई पुनः कायम गर्ने आशामा उनीहरू आफ्नो देश छोडेर क्रमशः नेपालको सिमानाभित्र प्रवेश गर्न थाले। तर अरू ठाउँमा भने अङ्ग्रेजहरूको स्थिति नराम्रो रूपमा नै रह्यो। विद्रोहीहरूको केन्द्र

यतिखेर बिहार इलाकातिर (लखनौ, गोरखपुर, फैजाबाद, अवध, वरेली इत्यादि ठाउँहरूमा) खडा भएको थियो ।

भारतमा भएको त्यसप्रकारको शङ्कटपूर्ण स्थितिमा अङ्ग्रेजहरूलाई सहयोग गर्नको लागि जङ्गवहादुर तयार थिए । तर नेपालका धेरैजसो भाइभारदारहरू भने विद्रोहीहरूलाई सहयोग गर्न चाहन्थे । जुन कुरा १८७७ मा नेपालस्थित एक अङ्ग्रेज अधिकारीसँग धीर शमशेरले उक्त विद्रोहमा (Mutiny) जङ्गवहादुर वाहेक सवै भारदारहरू विद्रोहीहरूलाई सहयोग गर्न चाहन्छन् र आफ्नो पुरानो राष्ट्रिय भावना अनुरूप तिमीहरूलाई खतम गर्न चाहन्छन् भनेर भनेको कुराले पनि पुष्टि गर्दछ । [१]

नेपालले विद्रोहीहरूलाई नै सहयोग गर्नुपर्छ भन्ने भारदारहरूमा मुख्य राजगुरु नै थिए । उनको विचार अनुसार अव भारतवाट अङ्ग्रेजहरूका अधिकारको अन्त्य हुनेछ भन्ने थियो । तर जङ्गवहादुर भने यतिकै वा सजिलैरूपवाट भारतवाट अङ्ग्रेजहरूको अधिकारको अन्त्य हुँदैन र भयो भने पनि ६ महिना भित्र नै फेरि फिर्ता लिनेछ, त्यसैले यतिखेर हामीले अङ्ग्रेजलाई सहयोग नगरी विद्रोहीहरूलाई गर्यौं भने अङ्ग्रेजले भारत फिर्ता लिएको २-३ वर्षभित्र हामीले हाम्रो देश पनि गुमाउछौं भन्ने थियो ।[२] यस्तो किसिमले आफ्ना सर्दार, भाइ-भारदारहरूसँग 'सहायता गर्ने वा नगर्ने' भन्ने विषयमा जङ्गवहादुरले सल्लाह वा छलफल गर्दा कसैले गर्ने वा नगर्ने भनी सल्लाह दिए तापनि जङ्गवहादुर भने अघि देखि नै सहायता गर्ने कुरामा पूर्ण निश्चित थिए भनी पद्मजङ्गले उल्लेख गरेका छन् ।[३]

यस्तै गरी विद्रोह चले पछि नेपालको सहयोग लिने कि नलिने भन्ने विषयमा अङ्ग्रेज अधिकारीहरूमा पनि मतभेद थियो । जसमा भारतका गभर्नर जनरल भने सकेसम्म सहयोग नलिने पक्षमा थिए भने नेपालस्थित अङ्ग्रेज रेजिडेन्ट च्यामसे (Ramsay) भने सहयोग लिने पक्षमा थिए ।[४] सहायता लिनु हुँदैन भन्ने पक्षको भनाइमा 'यदि नेपालीहरूको सहयोग लियौ भने अङ्ग्रेज सैनिक तथा अधिकारीहरूलाई अविश्वास गरेको ठहरिन्छ र भारतीयहरूलाई अङ्ग्रेज सरकारको कमजोरी प्रष्ट हुन जान्छ भन्ने थियो ।[५] जुन कुरालाई वहुसंख्यक अङ्ग्रेज अधिकारीहरूले स्वीकार गरेका थिए । एक जना अङ्ग्रेज अधिकारी एच.सी. ट्चुकरले १३ जूनमा एक पत्र लेखी गोरखालीहरूको सहयोग लिने कुराको विरोध गरेका थिए । उनले "..... म नेपाली सैनिकहरूलाई आफ्नो राज्यभित्र प्रवेश गराउने कुराको पूर्ण विरोधी छु र विरोध गर्दछु । यदि हामीले यो समस्यालाई गोरखालीहरूको सहयोग विना अन्त्य गर्न सक्दैनौ भने हामीले यो ठाउँ

---

१ Foreign Secret Consultation of December 1877, No. 117, I.N.A., Cited by Ramakanta - **Indo-Nepalese Relations** (Delhi S. Chand and Co.,) Page 281.

२ Memorandum of Political Relations of 1857; cited by **Ibid**, Page 26.

३ Padma Jung, - **Life of Maharaja Sir Jung Bahadur of Nepal** - (Kathmandu Ratna Pustak Bhandar, 1974 Reprint) PP - 188-90

४ **Ibid**, PP 197-98

५ **Ibid**, p 198

छोड्ने बेला भएछ भन्ने ठान्नु पर्दछ। गोरखाली सैनिकहरूको उपस्थितिले छिमेकी राज्यहरूमा नराम्रो असर पर्न सक्छ" भनी एक चिठ्ठी लेखेका थिए।[६]

यस्तै गरी गोरखपुरका एक अङ्ग्रेज न्यायाधीसले पनि 'गोरखालीहरू ज्यादै खतरा हुन्छन्, त्यसैले उनीहरूले हामीलाई राम्रो सहयोग गर्नुभन्दा बढी दुःख नै दिन्छन्' भनी चिठ्ठी लेखेका थिए।[७]

यस्तै श्रीमती केनिङ्गले हड्सनलाई "You praise these Gurkhas like your husband, but I can assure you that they are looked on here as being little better than the rebels." "तिमी यी गोरखालीलाई खसम जत्तिकै ठानेर प्रशंसा गर्दछौ तर यी विद्रोही भन्दा यी कति नै असल छन र !" भनी भनेकी थिइन।[८] यस्तै गरी नेपालको सैनिकहरूको सहायता तुरुन्तै नलिनुमा नेपालको सैनिकहरू पुराना किसिमका लडाकु र युद्धका अभ्यास नभएका र भारतका विद्रोहीहरू भने नयाँ किसिमले लड्ने लडाकु र युद्धका अभ्यासी हुनु पनि थियो।

यसप्रकार आफ्नो अधिकारीहरूले गोरखालीहरूको सहयोग लिने कुराको ठूलो विरोध गरेकाले विद्रोह शुरु हुनासाथ जङ्गबहादुरले अङ्ग्रेजलाई सहायता गर्न खोज्दा अङ्ग्रेजहरूले लिन चाहेनन्। त्यस प्रकार सहयोग दिन चाहेकोमा धन्यवाद मात्र दिए। तर भारतको अङ्ग्रेजहरूको स्थिति भने दिनपरदिन नाजुक हुँदै गयो। यसैको परिणाम स्वरूप १८५७ को जुन महिनामा विद्रोहीद्वारा सताइएका ५० जना भन्दा बढी अङ्ग्रेजहरूलाई काठमाडौं र भिंत्री तराईमा नआउने गरी नेपालको तराईमा शरण दिए[९] भने फिरङ्गीलाई मद्दत गर्नु हुँदैन भारतीय जनताले संचालन गरेको संघर्षमा नै सामेल हुनुपर्छ भनी मुख फोर्ने अंग्रेज विरोधी भावनाले ओतप्रोत भएका सिपाहीहरूलाई जङ्गबहादुरले मृत्यु दण्ड समेत दिए। यस कुरालाई जङ्गबहादुरले नै रेजिडेन्टलाई लेखेको पत्रको "तपाईलाई जाहेर रहोस् कि वृटिस सरकारलाई मद्दत दिनु हुँदैन भन्या सिपाहीहरूलाई काटी उमारबहरूलाई सम्झाई मैले आफ्ना भाई फौजहरूलाई वृटिश सरकारको बढीया हुन्या कुरामा मिहिनत गर्याको कुराले वृटिश सरकारबाट मलाई ठूलोमानको अकबाल तक्मा इज्जत मिल्याको हो" भन्ने कथनले पुष्टि गर्दछ।[१०]

भारतमा त्यस प्रकार अङ्ग्रेजहरूको स्थिति नराम्रो हुन थाले पछि र कम्पनी सरकार पनि धेरै गोरखाली पल्टन सहायताका लागि एकलौटी वृटिश भारतमा ल्याउँदा संघर्षरत भारतीयहरूसँग मिल्ने सम्भावनाले शङ्कित भए पनि जङ्गबहादुरले त्यस कुरामा विश्वास दिलाएकोले गर्दा नेपालले दिन खोजेको सहयोगलाई अङ्ग्रेजले स्वीकार गर्न करै

---

६ Foreign Secret Consultation of 18th December 1857, No. 665, I.N.A. cited by Ramakanta, **No. 1**, P. 282

७ Foreign Secret Consltation of 18th December 1857, No. 666, I.N.A. Cited by **Ibid.**

८ W. W. Hunter **Life of B.H. Hoodgson** (London: 1896) Page 256

९ Foreign Secret Consultation of 18th December 1957, No. 477 I.M.A. cited by Ramakanta, **No. 1**, Page 284

१० जङ्गबहादुरले रेसिडेन्ट रेम्सेलाई १९२० श्रावण बदी १ राज ४ मा लेखेको पत्र ज्ञानमणी नेपाल – "लेखन स्वतन्त्रता पुरानो उदाहरण", **राष्ट्रिय पुनर्जागरण**, मासिक वर्ष ४, अङ्क ८-९, पूर्णाङ्क १२ (काठमाडौं, २०४१) पृष्ठ ३९

लाग्यो। फलस्वरूप जङ्गबहादुरले पनि १८५७ को २ जुलाईमा ६००० सैनिक, नवेम्बर १८, १८५७ मा ८००० सैनिक त्यसतर्फ पठाए र पछि डिसेम्बर १०, १८५७ मा स्वयं जङ्गबहादुर पनि ९००० सैनिक लिई त्यसतर्फ गए। जङ्गबहादुर २३ डिसेम्बर १८५७ मा गण्डक नदी तरी सिमानामा पुगे र ३० डिसेम्बरका दिन गोरखपुर माथि आक्रमण गरे।[११]

यस प्रकार नेपाली सैनिकहरूले त्यहाँ गई जे जे गरे, जस्तो लुट गरे अथवा जङ्गबहादुरले जे र जस्तो सहयोग गरे त्यसको एउटा भिन्दै इतिहास छ जसको यहाँ वर्णन गर्न सकिदैन। तर नेपालीहरूको सहयोग पाएपछि अङ्ग्रेजहरूको स्थिति भने ज्यादै राम्रो हुन थाल्यो भने विद्रोहीहरूको स्थिति भने नराम्रो हुँदै गयो। नेपालीहरूको सहयोगबाट अङ्ग्रेजले लखनौं, गोरखपुर, फैजाबाद, अम्बरपुर आदिको साथसाथै उत्तरतिरका भागहरूमा पनि विजय प्राप्त गर्दै गए।[१२] यस सहयोगमा नेपालको लेफ्टिनेन्ट कर्णेल मदनमानसिंह बस्नेत सहित कैयौं मरे भने कैयौं घाइते भए। घाइते र मर्नेहरूको संख्या ७० थियो। देवीदत्त गणका गम्भीर सिंह रायमाझीले ७ जना हतियारलैस विद्रोहीहरूलाई एक्लैले मारी अङ्ग्रेज सरकारबाट 'बहादुर भन्ने उपाधी प्राप्त गरे।[१३] यसपछि जङ्गबहादुर मई ४, १८५८मा बनारस हुँदै नेपाल फर्के। भारतीय विद्रोहीहरू पनि अङ्ग्रेजहरूसँग बची फेरि संगठित भई उनीहरूसँग पुनः युद्ध गर्ने विचार गरी ज्यान जोगाउन नेपालको सिमाना भित्र प्रवेश गर्न थाले।

त्यसप्रकार नेपालभित्र प्रवेश गरेका भारतीय स्वतन्त्रताका सेनानीहरूलाई नेपालले कुनै बेला सहयोग गऱ्यो भने कुनै बेला असहयोग पनि गऱ्यो।

भारतीय स्वतन्त्रताका सेनानीहरू प्रति नेपालले अपनाएको सहयोगात्मक नीति

यसप्रकार नेपालको सिमानाभित्र भारतीय सेनानीहरूले प्रवेश गरेको देखे तापनि नेपाल र अङ्ग्रेज सरकारको बीच भएको सन्धिका केही शर्तहरूले गर्दा अङ्ग्रेजका सैनिकहरू नेपालको सिमानाभित्र प्रवेश गर्न सक्दैनथे।[१४] त्यसैले गण्डक नदीवारी रहेको नेपाल सरकारको जुन छाउनीहरू देख्दथे त्यसको गतिविधिहरू उपर निगरानी राख्दै त्यसको सूचना गुप्तचरहरूद्वारा कलकत्ताको फोर्ट विलियममा बसेका गवर्नर जनरललाई पठाउँदै गर्दथे। उनले नेपाल सरकार समक्ष विरोध गरी चिठ्ठी पठाउँथे र विभिन्न प्रकारको कार्य गर्ने अनुरोध गर्दथे। यस प्रकारका विभिन्न कार्यहरू भए तापनि भारतीय स्वतन्त्रताका सेनानीहरूले नेपालमा निर्विघ्न भएर आफ्नो गतिविधिहरू जारी नै राख्न सक्ने वातावरण तयार भइरहेको थियो। तत्कालीन गोप्य कागजपत्रहरू र सैनिक दस्तावेजहरूबाट यस्ता रोचक वृतान्तहरूको वर्णन प्राप्त गर्न सकिन्छ।

---

११ Padma Jung - **No. 3,** PP 198-200

१२ Melleson - **Indian Mutiny,** Vol III. Page 226

१३ Padma Jung - No. 3, PP 202

१४ योगी नरहरीनाथ (संकलनकर्ता) – "गोरखा र इष्ट इण्डिया कम्पनीबीच अपराधीहरू बुझाउने सन्धि" – १९११ इ.स. (१८५५ वि.सं.) बीच अपराधीहरू बुझाउने सन्धि १९११ ई.सं. (१८५५ वि.सं.) **इतिहास प्रकाशन सन्धिपत्र सङ्ग्रह** (काठमाडौं, मृगस्थली २०२२ वि.सं.) पेज १३१-१३३।

उता भारतमा अङ्ग्रेजहरूले क्रमिकरूपले विजयमाथि विजय प्राप्त गर्दै गइरहेका थिए। तर अवध र रुहेलखण्ड अझै स्वतन्त्र नै थिए। फर्रुखावाद स्वतन्त्रताका सेनानीहरूको गढ बन्न पुगेको थियो।[१५] उनीहरूको अझै विजयी बन्ने आशा थियो। त्यसैले जहाँ र जतिखेर उनीहरू अङ्ग्रेज सैनिकहरूद्वारा घेरिन्थे तब उनीहरू कष्टप्रद बाटोहरूबाट नेपालभित्र प्रवेश गर्दथे र मौका पाउनासाथ फेरि मार्चहरूमा भाग लिन्थे, सम्मिलित हुन्थे। अङ्ग्रेजहरूले पनि नेपालको तराईका मलेरीया व्याप्त इलाकामा गएका आधिभन्दा बढी उनीहरूको विद्रोहीहरू विरामी भएर नै मर्ने र बाँकी विद्रोहीहरूलाई पनि नेपाल सरकारको सहयोगबाट फर्काउन सक्ने विचार गरेर आफ्नो युद्धनीति पनि उनीहरूले त्यतिखेर त्यस्तै किसिमको बनाएका थिए। तर नेपाल सरकारले भने अङ्ग्रेजहरूको त्यस प्रकारको इच्छालाई सजिलै रूपले पुरा गर्न चाहेनन्। जुन कुराको निम्न दुई कागजपत्रहरूबाट पुष्टि गर्न सकिन्छ।

क) तत्कालीन नेपाल स्थित अङ्ग्रेज रेजिडेन्टले भारत स्थित आफ्नो उच्च अधिकारीलाई २५ जनवरी १८५८ मा लेखेको एक गोप्य पत्रमा निम्न आरोप लगाएका थिए "... नेपालका राजाबाट प्रष्ट आदेश नमिलेको कारणले गर्दा नेपाली सैनिकहरूले नेपाल भित्र प्रवेश गरेका ती विद्रोही भारतीयहरूलाई गिरफ्तार गर्दैनन्। मैले आज जलेश्वर अड्डामा (कचहरी) रहेको नेपाली सैनिकका लेफ्टिनेन्ट भगतसिंह र हरिदाससँग यदि उनीहरूले हिन्दुस्तानी सैनिकहरूलाई समाउन चाहँदैनन् भने कमसेकम उनीहरूको 'गतिविधिहरू माथि कडा निगरानी राख्ने र त्यसको सूचना हामीलाई तुरुन्त दिने अनुरोध गरें।[१६]

ख) यस्तै गरी पटनाका कमिश्नरले पनि आफ्नो उच्च अधिकारीलाई मे १८५८ मा लेखेको एक पत्रमा पनि त्यस्तै किसिमको निम्न आरोप लगाएका थिए:

"तिरहुतको मेजिस्ट्रेटले २२ मे को दिन हिन्दुस्तानी विद्रोहीहरूको पल्टनलाई नेपालको सिमानाभित्र देखे र जनकपुरमा तैनाथ नेपाली सैनिक अधिकारीहरूलाई तुरुन्त कारवाही गर्न अनुरोध गर्दा उनीहरूले आफ्नो सरकारबाट आदेश प्राप्त नगरेसम्म आफूले पनि गिरफ्तार नगर्ने र हामीलाई पनि गर्न नदिने जवाफ दिए।"[१७]

यस्तो किसिमको यो पहिलो घटना थिएन। यो भन्दा अगाडि जनवरी महिनामा पनि हिन्दुस्तानी फौजका कैयौं सैनिकहरूले यस्तै किसिमबाट नेपालभित्र प्रवेश गरिसकेका थिए। नेपाल भित्र आइसकेका कैयौं हिन्दुस्तानी सैनिकहरूले तोप, हात्तीहरू पनि नेपाल भित्र विना रोकटोक ल्याउँदै रहेका थिए। यस्तो हुँदा पनि नेपालका कुनै पनि अधिकारीले त्यस प्रकारको गतिविधिहरूलाई नरोक्दथे न उनीहरूसँग युद्ध नै गर्दथे।

नेपाल सरकारले अङ्ग्रेजी सैनिकहरूलाई आफ्नो राज्यभित्र प्रवेश गर्न मात्र प्रतिवन्ध लगाएका थिएनन् अपितु अङ्ग्रेजी गुप्तचरहरूलाई पनि यहाँको गोप्य खवर लिएर जान वा पठाउन पनि प्रतिबन्ध लगाएका थिए। नेपालीहरूको सहानुभूति हिन्दुस्तानी

---

१५ Padma Jung No-3-page 199

१६ Letter from Resident Ramsay to his Governer General dated 25th january 1858, No number, I.N.A.

१७ Letter from an officer to his superior officer, dated 26th may 1858, NO. 240, I.N.A.

सिपाहीहरू माथि नै थियो। नेपाल सरकारले अङ्ग्रेजहरूलाई त्यस्ता खवरहरू मात्र पठाउँथे जसबाट आफ्नो र अङ्ग्रेज बीचको सम्बन्ध पनि नराम्रो नहुने र हिन्दुस्तानी सिपाहीहरूलाई पनि कुनै नोक्सान पुग्दैनथ्यो।

नेपालले के कस्तो खवर पठाउँदथे र अङ्ग्रेजहरूले कसरी खवर प्राप्त गर्दथे भन्ने कुरा ब्रिट्रिस फिल्ड फोर्सका कमाण्डर केलीले आफ्नो अधिकारीलाई पठाएको ६ मार्च १८५९ को निम्न पत्रले प्रष्ट गर्दछ। उनी लेख्दछन्– "नेपाल सरकारले मलाई आजसम्म एउटा पनि गोप्य सूचना पठाएको छैन। जुन सूचनाहरू मलाई प्राप्त हुन्छ ती आफ्ना गुप्तचरहरूबाट नै प्राप्त भएका हुन्।"[१८]

यस्तै गरी नेपालीहरूले विद्रोहीहरूलाई के कस्तो सहायता दिएका थिए भन्ने कुरा नेपाल स्थित अङ्ग्रेज रेजिडेन्ट जी. रम्यामसेले आफ्नो उच्च अधिकारीलाई ८ मार्च १८५९ मा "मलाई विश्वास छ कि नेपाली अधिकारीले उनीहरूले बताएको भन्दा बढी रूपले हिन्दुस्तानी विद्रोहीहरूको सबै योजनाहरूको बारेमा थाहा पाएछन्। नेपाल सरकारले ती विद्रोहीहरूलाई लुकी चोरी खाद्यान्न वस्तुहरू उपलब्ध गराइरहेको र उनीहरूले पनि भनेको मूल्यमा ती खाद्यान्न वस्तुहरू किनेको खवर गोप्यरूपले मलाई प्राप्त भएको छ। हालैमा नेपाली सैनिकहरूको लागि हिन्दुस्तानी विद्रोहीहरूले ५००० बन्दुकहरू, भाला, ढाल, तरवार दिएका छन्। सिमानामा रहेको मेजस्ट्रेटहरूबाट नपाली सरकारबाट भारी मात्रामा युद्धको सामानहरू र बारुद पनि विद्रोही फौजहरूलाई प्राप्त गराइरहेको खवर पनि मैले पाएको छु। यद्यपी यस कुरामा म विश्वास गर्दिन तापनि यो सम्भव छ कि सिमानामा रहेका गाउँहरूलाई लुटपाटबाट बचाउने दृष्टिले नेपालको प्रशासनले उनीहरूलाई खाद्यान्न वस्तुहरू उपलब्ध गराएको हुन सक्छ।"[१९] यस कुरालाई उनले उक्त पत्रमा नै पुष्टि पनि गरेका छन्। उक्त पत्रमा नै अगाडि लेखिएको छ "... केही दिन अगाडि एक अङ्ग्रेज अधिकारी केही समयको लागि काठमाडौं आएको थियो। उसले बाटाको पहाडहरूमा चर्दैरहेका केही राम्रा नस्लका सेता अरबी घोडाहरू देखेछ। उनले त्यहाँ सोध्दा तराईको जंगलमा स्थायी रूपले बसेको एउटा सानो गाउँबाट किनेको कुरा थाहा पाए छन्। त्यो घोडा खाद्यान्न प्राप्त गर्ने सिलसिलामा नै हिन्दुस्तानी विद्रोही सिपाहीहरूले नै बेचेको हुन सक्छ।"[२०]

यहाँनेर नेपाली सैनिक अधिकारीहरूले र अरू अधिकारहिरूले हिन्दुस्तानी सैनिकहरूको गतिविधिबारे कुनै कुरा थाहा पाउँदैनथे भनेर भन्न पनि सकिदैन। उनीहरूले आफ्नो सरकारलाई त्यस विषयमा खवर पठाइरहन्थे। जुन कुरा सुवेदार निधी पुढासैनीले फागुन वदी पंचमी सम्वत १९१५ अर्थात २ फरवरी १८५९ मा पठाएको निम्न पत्रले पनि प्रष्ट गर्दछ। उनले उक्त पत्रमा "मैले आज गोन्डाका राजा देवी बख्शा सिंह, चुरदाका राजा ज्वालासिंह र बालाराव र बेगम (लखनउको बेगम हजरत महल)का केही घोडचढी

---

१८ Leter from commandr Kelly to his superior military officer, dated 6th march 1859, No. Number, I.N.A.

१९ Letter from Resident Ramsay to his Governor General, dated 8th march 1859, No. 37, I.N.A.

२० **Ibid**

सैनिकहरूलाई नदीतारी वारी ल्याइदिएँ। मेरो मानिसहरूले नदीवारी आएका मानिसहरू गनेका थिए र यस समय अर्थात विहान १० बजेसम्म आएका सिपाहीहरू, मानिसहरू, घोडा, हात्ती, उँट र शस्त्रहरूको सूची तयार गरेका छन्। जुन यस पत्रसँग नै संलग्न छ। भविष्यमा पनि यस प्रकारको कडा निगरानी राख्ने नै छु र नदीवारी आउनेहरूको पुरा सूची वनाउने काम जारी नै राखिने छ। सूची यस प्रकार छ

११५३	मानिस	७	आइमाईहरू
२२३	वन्दुक	१६	तोपहरू
१५१	पिस्तौल	४९७	तलवारहरू
२१	भाला	१	धनुषवाण
६ मेचलोक (?)	(Matchlock)	७	हात्ती
२२८	घोडा	६	उँट[२१]

नेपाल भारत सिमानामा भारतीय स्वतन्त्रता सेनानीहरू र अङ्ग्रेजहरूको जासुसी कार्य–

नेपाली अधिकारीहरूवाट कुनै प्रकारको तथ्य सूचना प्राप्त नभए पछि र नेपालीहरूले उल्टो सहयोग नै गरेको कुरा थाहा पाए पछि हिन्दुस्तानी सैनिकहरूको गतिविधिहरू माथि निगरानी राख्नको लागि कैयौं अङ्ग्रेज सैनिकहरू र कुनै कुनै ठाउँमा त पल्टन समेतै नेपाल-भारत सिमानामा राख्न थाले। उनीहरूले नेपाल भित्र प्रवेश गर्ने प्रत्येक मूलवाटो, नदी घाटहरूमा कडा निगरानी राखेका थिए। उक्त कुरा नेपालको सिमाना नजिकै वेलवा वजार क्याम्पमा तैनाथ रहेका ब्रिट्रिस कर्णेल केलीले लेखेको ६ मार्च १८५९ को निम्न पत्रवाट प्रष्ट हुन्छ।

"... हिन्दुस्तानी विद्रोही सैनिकहरूको पल्टनले ३ र ४ तारिखको दिन गण्डकको सिकरौला घाटवाट फेरि नदी तरी नेपाल भित्र प्रवेश गरेका छन्। उनीहरू अहिले पश्चिम दिशामा वुटवल तर्फ अगाडि वढिरहेका छन्। मलाई शंका लागेको छ कि यस पल्टनले कुनै पनि समय गोरखपुर जिल्लामा अचानक हमला गर्ने छन्। अतः मैले आफ्नो सैनिकको एक भागलाई चाँडै नै वधुवाघाट (गण्डक) मा मोर्चा कायम गर्न आदेश पनि दिएको छु र भोली म पनि आफ्नो वाँकी सैनिकहरू सहित सत्ती वुधवाघाट जाँदै छु। जहाँवाट आवश्यकतानुसार नदी पार गर्ने छु वा त्यही वस्तै छु। तपाईले नेपाल सरकारमाथि दवाव दिनोस् कि उसले सिकरौला घाटको सवै डुङ्गाहरूलाई नष्ट गरोस् कि वाँकी विद्रोही सैनिकहरूले फेरि नदी पार गर्न नसकुन्।[२२]

---

२१ सुवेदार निधी पुडासेनीले १९१५ फागुण वदी पञ्चमी (22nd February 1859) का दिन जङ्गवहादुरलाई लेखेको एक पत्र-नेपालको पररा्ष्ट्र मन्त्रालय।

२२ Letter from commander Kelly to his military officer, dated 6th march 1859, No. Number, I.N.A.

लखनउकी बहादुर बेगम–

एउटा अर्को पत्रमा बेगम हजरत महलको सैनिकहरूद्वारा गण्डक नदी तरेको (सूचना) कुरा थाहा हुन्छ। सैनिकहरूको अतिरिक्त हिन्दुस्तानी नागरिकहरूले पनि अङ्ग्रेजहरूको विरुद्ध लडेका थिए। तर हार हुनासाथ उनीहरू नेपालको सिमानाभित्र शरण लिन आएका थिए। त्यतिखेर नेपाल आउने र नेपालवाट फर्कने साधुहरूलाई नरोक्ने परम्परा नै थियो। अङ्ग्रेजहरूको कुनै एक जासुसले १० मे १८५९ को एउटा खवर यस प्रकार थियो: पार्थीलाई हिजो कुनै विश्वस्त सुत्रवाट थाहा भयो र जासुसले पनि देखेको थियो। त्यसैले तुरुन्त आफ्नो फौजलाई आज्ञा दियौं। तर नेपाल विदेशी इलाका भएकोले हाम्रो फौज प्रवेश गर्न सक्दैनथे। त्यसैले हामीले नेपाली अधिकारीहरूसँग उनीहरूलाई गिरफ्तार गर्न अनुरोध गर्‍यौं, तर स्थानीय नेपाली अड्डा (कचहरी)ले कुनै पनि मद्दत गरेनन् र हामीहरूलाई पनि गिरफ्तार गर्न दिएनन्। यस प्रकार हात लागेका अभियुक्तहरू सजिलो किसिमले फुत्किन सफल भए। अव उनीहरू नेपालमा छन्।[२३]

१८५७ देखि निरन्तर २ वर्षसम्म युद्धरत रहे पछि हिन्दुस्तानी सेना नायकहरूले नेपाल भित्र प्रवेश गरे मात्र आफ्नो विग्रिएको स्थितिलाई फेरि सुधार गर्न सक्ने आशा देखे। १८५९ सम्म त्यस संग्राममा भाग लिएका ६० जना सेना नायकहरूले नेपाल भित्र प्रवेश गरी ठाउँ ठाउँमा पाल टाँगेर वसिसकेका थिए। यस सम्वन्धी अनेकौं खवरहरू अङ्ग्रेजका गुप्तचरहरूले पठाई नै रहेका थिए। यसको पुष्टि नेपाल-भारत सिमाना नगिचै तैनाथ रहेका कर्नेल केलिको १४ अप्रिल १८५९ को पत्रले पनि गर्दछ। उनले लेखेका छन् -"हिजो मेरो गुप्तचरले एक जना हिन्दुस्तानी सिपाहीलाई समातेर मेरो अगाडि ल्यायो। यो सिपाही ७ (अप्रिल?) तारिखको वेलुकीसम्म वेगम (हजरत महल) र खानवहादुर खान (वरेलीका नवाव र तत्कालीन हिन्दुस्तानी फौजका सेनाध्यक्ष)को फौजमा तैनाथ रहेको थियो। त्यस समय वेगम, उनको छोरा शाहजादा विरजिस कद्र, नाना साहेव (पेशवा) नुवाकोट किल्लामा थिए। यो ठाउँ वुटवल भन्दा अगाडि छ। त्यस समय किल्लामा २०० जति अङ्गरक्षकहरूको पहरा थियो। उनका वाँकी अरू सैनिक वुटवलको दुःखदायी घना जङ्गलमा छावनी वनाएर वसेका थिए। वालाराव आफ्नो २००० लडाकू सैनिकहरूको साथ हामीहरूको मोर्चाको ठिक अगाडि सम्भवतः रतनपुरको नजिकै मोर्चा लगाएर वसेको हुन सक्छ। गोंडा (गुन्डा ?) को राजा देवी वख्श पनि आफ्नो ठूलो सेनाहरूसँग अलि टाढा दुःखरारी (देउखरी ?)को पश्चिमपट्टी पाल टाँगेर वसेका छन्। यो ठाउँ तुल्सीपुरवाट धेरै टाढा पर्दैन। अगाडिको महिनाको २५ र २८ तारिखका दिन हाम्रो सैनिकहरूसँग दुईचोटी लडेपछि विद्रोहीहरूको ढाढ खुस्किसकेको छ र उनीहरूको अनुयायीहरू विस्तारै विस्तारै ठूलो संख्यामा शहरवाट निस्कदै गइरहेका छन्। वालाराव अझै पनि आफ्नो सैनिकहरूलाई वल दिइरहेका छन् र यसको साथै प्रतिदिन प्रतिव्यक्ति आधा सेर चामल पनि दिइरहेका छन्। विद्रोही सवै सैनिकहरूले आत्म समर्पण गरेमा उनीहरूलाई माफी

---

२३ Letter from a British Military officer to his superior officer, dated 6th March 1859, No. Number, I.N.A.

दिइन्छ भन्ने कुरा थाहा पाइसकेका छन्। तर जबसम्म उनीहरू भोकै भोकै मर्न लाग्दैनन् सम्भवतः आत्मसमर्पण गर्न एक जना सैनिक पनि राजी हुँदैनन् होलान्।"[२४]

"अहिले बुटवलको पूर्वपट्टी एकजना पनि विद्रोही छैनन् होला? विग्रेडियर रोक्राफ्टबाट विद्रोही पल्टन हामीहरूको मोर्चाको नजिकैबाट बढ्ने ठूलो सम्भावना भएको सूचना प्राप्त भएको छ। त्यसैले मैले His Majesty 13th light Infantry हिज म्याजेस्टी थर्टिन्थ इन्फ्यान्ट्री का लेफ्टिनेन्ट कर्नेलको नेतृत्वमा घोडचडी, तोपखाना सहित ४ पल्टनलाई बाँसी तर्फ पठाइसकेको छु।"[२५] कर्नेल केलिले उक्त पत्र आफ्नो उच्च अधिकारीलाई लेख्दा खानबहादुर खान र उनका मन्त्री शोभाराम नेपालमा नै थिए। हिन्दुस्तानी सेना औलो ज्वरोबाट पीडित - ती देशभक्त हिन्दुस्तानी वीरहरू मध्ये कैयौं त तराईको औलो ज्वरोबाट पीडित भएर मरे। जसको कुनै लेखाजोखा नै उपलब्ध छैन। तत्कालीन अङ्ग्रेजहरूको अखवारमा प्रकाशित कुरालाई सही मान्ने हो भने "The Bengal Halkara and India" मा प्रकाशित 'नाना साहव (पेशवा)को भाइ वाला राव, वहराइचको नजिकै पर्ने भौनीका ताल्लुकदार हरदत्तसिंह र नजीवावादका नवाव १९ जुलाई १८५९ का दिन नेपाल सिमाना भित्र बुटवलको नजिकैको जङ्गलमा चलेको खराव ताता हावाको प्रभाववाट मरे। लगभग सवै विद्रोही सैनिकहरू तराईको मलेरियाबाट पीडित छन्। नाना साहव जो स्वयं ज्यादै विरामी छन् तापनि कि ज्वराले यसै ठाउँमा प्राण त्याग्छु या युद्ध क्षेत्रमा लड्दै मर्छु भनेर भन्दछन्। वेगम (हजरत महल) अहिलेसम्म वहादुरीका साथ टिकिरहेकी छिन् र उनी उक्त ठाउँबाट परगाना या तिरहुत तर्फ जान सफल भइन् भने सायद उनले हामीलाई अझै धेरै दुःख कष्ट दिन सक्छिन्। जुन उनको योजना पनि छ" भन्ने एउटा समाचार प्रकाशित गरेको थियो।[२६]

सेनाका महिलाहरूलाई शरण

नेपाल सरकार र यहाँका सैनिक सरदारहरूको सहानुभूति हिन्दुस्तानीहरूप्रति अवश्य थियो। नेपाली सेनाका जनरल वद्रीनरसिंहले चैत वदी (?) सम्वत १९१५ (२४ मार्च, १८५९) मा आफ्नो उच्च अधिकारीहरूलाई पठाएको एक रिपोर्टवाट पनि यही कुरा प्रष्ट हुन्छ। ती दिनहरूमा अङ्ग्रेजहरूको ४००० सैनिकहरू नियम विरुद्ध अनेकों तोपहरू लिएर गण्डक तरी एक्कासी पाली (माझपाली ?)मा पुगे। त्यस पछि वेगम (हजरत महल) पाली (माझपाली ?) छोडेर बुटवल पुगिन्। उक्त रिपोर्टमा लेखिएको छ "गुप्तचरहरूले खवर दिएका छन् कि वेगमका सैनिकहरू सौराहाको नजिकै पाल टाँगेर वसेका थिए। अङ्ग्रेजहरूको ठूलो सैनिक आएको देख्नासाथ उनी छिटो से छिटो बुटवलतर्फ आइन्। उनीसँग ठूलो संख्यामा आइमाईहरू र वच्चा, नोकर आदि पनि आएका छन्। ती आइमाईहरू र वच्चाहरूले यहाँका पहाडहरू ज्यादै कठिनका साथ चढेका थिए। तर उनीहरूसँग कुनै पनि सशस्त्र लोग्नेमानिस भने देखिएनन्। वेगमले बुटवलको पाले (

---

२३ Letter from commander Kelly to his military officer, dated 14th April 1859, No. Number, I.N.A.

२५ **Ibid**

२६ **The Bengal Halkara and India Gazette** of July 1959

रक्षक ?)को हातबाट एक पत्र मलाई पठाएकी छिन्। जसमा उनी स्वयं पहाडतर्फ आउन चाहेको कुरा लेखेकी थिइन। तर मैले यस कुराको निर्णय गर्ने अधिकार ममा निहित छैन भनी उत्तर दिए। यस्तो भने तापनि मैले ती निर्दोष बालकहरू महिलाहरूलाई पहाडबाट तल फर्काउन सकिन। त्यसैले उनीहरूलाई माथि पहाडमा आउन दिएको छु। मेरो आत्माले यी शरणमा आएका शरणार्थीहरूलाई पहाडबाट पुनः ओर्लिन विवश गराउन चाहेन। अगाडि जस्तो आज्ञा हुन्छ पालना गर्नेछु।[२७] यस किसिमबाट भारतीय स्वतन्त्रताका सेनानीहरूले शरणको लागि नेपाल सरकारसँग अनुरोध/गुहार गर्न थाले।

नेपाल सरकार समक्ष नसिरावाद रेजिमेन्टको निवेदन

नेपालमा शरण लिने एउटा अत्यन्तै महत्त्वपूर्ण सेना नसिरावाद रेजिमेन्ट थियो। यस सेनाले कैयौं मोर्चाहरूमा आफ्नो पहिलेका मालिक अङ्ग्रेजहरूसँग जमेर लडेका थिए र अन्त्यमा अरूले झैं नेपालमा प्रवेश गरेका थिए। जङ्गलको अभाव, कष्ट, भोकमरी र विरामीबाट दिक्क भएर, हरेश खाई यसका अफिसरहरूले नेपाल सरकारलाई एउटा निवेदन गरेका थिए। जसमा जनरल रामवख्श (फस्ट वटालियन), विग्रेड मेजर मंशा राम र गंगा सिंह लंट साहव (नसीरावाद डिविजन)को छाप र हस्ताक्षर थियो। उक्त निवेदन हिन्दुस्तानी सैनिकहरूले नेपाल स्थित आफ्नो छावनीमा रहेका सबै ४००० सैनिक (अधिकारी)हरूको तर्फबाट २२ अप्रिल १८५९ का दिन नेपाल सरकार समक्ष पठाएका थिए। लेख्ने व्यक्तिले यसमा कुनै मिति लेखेको छैन। उक्त निवेदनमा निम्न कुराहरू लेखिएको छ। "... हामी सबै निजामती फौजी, स्थल, घोडचडी र तोपखानाका सैनिकहरू यो निवेदन गर्दछौं। हामी अर्थात् सेना सबैले फिरङ्गीहरूको विरुद्ध विद्रोह गऱ्यौ। यसको कारण यो हो। सय वर्ष पहिले यी फिरङ्गीहरू हिन्दुस्तान आए र विस्तारै विस्तारै उनीहरूले आफ्नो फौजहरू खडा गर्न थाले र अन्त्यमा सबै देशी राज्यहरूको मालिक बन्दै गए। हाम्रा बाउ बाजेले उनीहरूको सेवा गरे र हामीले पनि त्यसमा कुनै कमी गरेनौं। जसको बदलामा कम्पनी सरकारले पनि हामी र हाम्रो बच्चाहरूको सधैं ख्याल राखे। भगवानको कृपा र हाम्रो सहायताबाट फिरङ्गीहरूले जुन राज्य चाह्यो त्यस राज्यलाई जित्दै गए। यी युद्धहरूमा हाम्रा हजारौं हिन्दुस्तानीहरूको मृत्यु भयो, तैपनि हामीले न कहिले कुनै निउ नै खोज्यौं न कुनै विद्रोह नै गऱ्यौं। दुनियाँ जान्दछन् कि हामीले फिरङ्गीहरूसँग कति राम्रो काम गरेका छौं। तर १८५७ मा अङ्ग्रेजहरूले (वेलायतबाट ?) इंगलिस्तानबाट ल्याएका नयाँ कारतुस प्रयोग गर्ने पर्छ भनी आदेश जारी गरे। जसमा गाई र सुङ्गुरको बोसो प्रयोग गरिएको थियो। यो मात्र हैन कि 'गहुँको पिठो जसमा मान्छेको हाडको धूलो मिलेको पनि खानै पर्छ भनी आदेश दिए।"[२८]

"सबैभन्दा पहिले मेरठको छावनीमा यो काम सुरु भयो। तर आफ्नो धर्म र इज्जतको लागि सिपाहीहरूले उक्त आदेशलाई मान्न अस्वीकार गरे। हामीलाई तर्साउन

---

२७ बद्रीनरसिंहले पाल्पाबाट चैत बदी (?) १९१५ (24th March 1859) का दिन जङ्गबहादुरलाई पठाएको एक चिठ्ठी - परराष्ट्र मन्त्रालय नेपाल।

२८ **Bharat-Nepal Patrika,** Vol IV, No. 1. August 1980, PP 8 and 35

गोरा सैनिकहरूलाई हाम्रो अगाडि खडा गराई तोपहरू तयार गरे र हाम्रो ८४ जना सैनिकहरूको हतियार खोसी तिनीहरूलाई जेलमा लगेर थुने ।"[२९]

"यस कारणले हामी र हाम्रो देशवासीहरूले काँधमा काँध मिलाई आफ्नो धर्मको लागि ठाउँ ठाउँमा अङ्ग्रेजहरूसँग लड्यौ । हामीले उनीहरूसँग कुनै सम्पत्ति प्राप्त गर्न वा राज्य प्राप्त गर्नको लागि लडेका होइनौ । जवकी अङ्ग्रेजहरू हामीहरू यिनै कुराहरू प्राप्त गर्न लडेका हौ भनेर प्रचार प्रसार गरेका छन् । यही कुरा प्रचार गरी आफ्नो धर्म र इज्जतको ख्याल नगर्ने राजाहरू, सरदारहरूलाई धोकामा पारी फकाई रहेका छन् । सात वटा देशहरूले (राज्यहरू ?) अङ्ग्रेजको त्यस्तो गल्ती भनाइलाई विश्वास गरे, हामीहरूको विरुद्ध लड्न तयार भए । जसले गर्दा हामीलाई अगाडिका दुई वर्षदेखि लड्न वाध्य हुनु परेको थियो । उक्त धर्मयुद्धमा जुन राजा र सरदारहरूले हाम्रो साथ दिए तिनीहरूले ज्यादै ठूलो दुःख पाउनु पऱ्यो । हामीले हाम्रो धर्म र इज्जत यथावत राख्न दुईसाल देखि निरन्तर युद्ध गर्दै रह्यौ । किनभने हिन्दु हुन् या मुसलमान यदि उसको धर्म नष्ट भयो भने त्यसको संसारमा केही कुरा पनि बाँकी हुँदैन । तैपनि हामीलाई कहींबाट पनि मद्दत प्राप्त भएन । किनभने सबै राजा र सरदारहरू अङ्ग्रेजहरूसँग नै मिलेका छन् । यस कारणले गर्दा कुनै राम्रो नतिजा निस्केन । धर्मको लागि हामीले सबै ठाउँमा युद्ध गऱ्यौं, ठूलो दुःख झेल्यौं, भोकभोकै मऱ्यौं, यसको एउटा भिन्दै लामो कथा छ । तर कुनै नतिजा निस्केन । अब हामीले थाहा पायौं कि हाम्रो धर्मको रक्षा कसैले पनि गर्न सक्दैनन् । किनभने अङ्ग्रेजहरूले सबैलाई आफ्नो पक्षमा पारिसकेको छ र धेरै धेरै रूपिया दिएर हामीलाई गिरफ्तार गराउने प्रयासहरू गरिरहेका छन् ।"[३०]

"अब हामीलाई विश्वास भइसकेको छ कि अब एउटा सिर्फ एउटा त्यस्तो देश छ जहाँ अझै पनि धर्म र इमान सही रूपमा बाँकी छ । हामीले हाम्रा पूर्खाहरूबाट "विजयी तिनै व्यक्तिहरू नै हुन्छन् जो उत्तर तर्फ जान्छन्" भनी सुनेका छौ । त्यसैले हामी हिन्दु, मुसलमान तपाईको राज्यमा आएका छौं । हामीहरूको यहाँ राम्रो व्यवस्था हुने छ भन्ने आशामा हामी सबै फौजी, राजा र वेगम (हजरत महल) समेत यस ठाउँमा आएका छौं र भोकै मर्दा मर्दै पहाडका अति कठिन, दुर्गम बाटोहरूमा लड्दै पड्दै यहाँसम्म आइपुगेका छौं । यस आशा अनुरूप तपाईले हाम्रो इज्जत, हाम्रो धर्म रक्षा गर्नु भएमा कुनै नयाँ कुरो हुँदैन । भगवानले तपाईलाई यस समय यस देशको स्वामी बनाएको छ र यसै कारणले गर्दा हामीहरूलाई तपाईको घरको दैलोसम्म आउने हिम्मत भएको हो । यदि महाराजाधिराजले हाम्रो दुर्दशामाथि कृपादृष्टि दिई हाम्रो धर्मको रक्षा गरेमा भगवानले तपाईको वैभवलाई अरू बढाउने छन् । यही आशा र विश्वास लिएर हामीहरूले यस निवेदन पत्रमा दस्तखत गरी तपाईको सेवामा पठाएको छौं । धन, वैभव र सम्पत्तिको सूर्य तपाई माथि सधै प्रकाशमान रहिरहोस् । जवाफ पाउने आशामा ..."[३१]

यो निवेदन शेख मोला बक्स, फर्स्ट डिवीजनका मुंशी (लेखन्दास)द्वारा लेखिएको थियो । यस निवेदन पत्र उपर के कस्तो कार्य भयो, कसैलाई थाहा छैन ।

---

२९ **Ibid**
३० **Ibid**
३१ **Ibid**

विद्रोहीहरूप्रति नेपाल सरकारले अपनाएको असहयोगात्मक नीति

अङ्ग्रेजहरूलाई सहयोग गरेर फर्के पछि केही समयसम्म जङ्गबहादुर र अङ्ग्रेजहरूको बीचको सम्बन्ध विग्रियो । यसैको परिणाम स्वरूप पछाडि गएर फिर्ता लिनु परे तापनि जङ्गबहादुरले त्यस्ता दुई आदेशहरू प्रचार गरे जसले नेपाल-अङ्ग्रेज बीचको सम्बन्धमा केही समय नराम्रो वातावरण देखा पर्न गएको थियो ।[३२]

यस समयसम्ममा नेपालको तराईमा विद्रोहका प्रमुख नेताहरू मध्ये, वेगम हजरत महल, उनका छोरा विरजीस कद्र, पेशवा नाना साहेब र उनका भाइ बाला राव, देवी बक्स, बेनि माधो, ज्वालाप्रसाद, नशिरबाद विग्रेडका देवी दिन, बरेलीका खानबहादुर खान, गोरखपुरका निजाम महम्मद हुसेन, राजा दिग्ग विजय सिंह, मौलभी महम्मद सरफर्ज अलि आदि नै (मुख्य) थिए ।[३३]

यी विद्रोहीहरूले नेपाल सरकारको सहयोग प्राप्त गर्न सकेमा भारतमा आफ्नो गुमेको राज्य र स्थितिलाई पुनः कायम गर्न सक्ने देखेर राजा गङ्गाधर राव र बालारावले १८५९ को २२ जनवरीका दिन जङ्गबहादुरलाई एक पत्र लेखे जसमा उनीहरूले 'भने अहिले हामी नेपालको शरण लिइरहेका छौं । त्यसैले हामीलाई समाउने वा स्वतन्त्र राख्ने जे गर्नु चाहनु हुन्छ गर्न सक्नु हुनेछ । अहिले हामी नेपाललाई एक करोड रूपैयाँ दिने छौ र पाँच करोड रूपैया लखनौ र गोरखपुर फिर्ता लिए पछि दिने छौं । यसमा तपाई बाहेक अरू कसैले पनि हाम्रो धर्मलाई बचाउन सक्दैनन् । हामीहरू गाइ हौ तपाई जे चाहनु हुन्छ गर्नुहोस ।[३४]

यस प्रकारको स्थितिमा जङ्गबहादुरले विद्रोहीहरूलाई केही गर्न सकेनन् । किनभने एकातिर विद्रोहीहरूलाई सहयोग गर्न चाहन्थे । त्यसैले उनले डा. ओल्ड फिल्डसँग आफूले विद्रोहीहरूलाई खत्तम गर्ने आदेश दिए तापनि फौजले मान्छन् या मान्दैनन् निश्चित छैन भनी भनेको पनि थिए[३५] भने अर्कोतिर नेपालको सिमाना भित्र गाई र ब्राम्हणलाई मार्नु महापाप र कानूनी रूपले ठूलो अपराध मानिन्छ । अतः उक्त कार्य पनि गर्न सकिदैन भनी भनेको पनि थिए ।[३६]

त्यसैले विद्रोहीहरूको र अङ्ग्रेजहरूको आफू आफ्नो सरकार प्रतिको धारणा बुझ्न सफल भएका जङ्गबहादुरले २७ फरवरी १८५९ का दिन कप्तान निरंजन (राय) माझी मार्फत एउटा चिठ्ठी वेगम हसरत महल समक्ष पठाए । जसमा जङ्गबहादुरले 'तपाईहरू अङ्ग्रेजहरूसँग मेल मिलाप गर्नोस, यसैमा अब तपाईहरूको फाइदा हुनेछ भनी लेखिएको

---

३२ Foreign secret consultation of 26th. November 1856, No. 115, I.N.A., cited by Ramakant, **No. 1,** P. 295.

३३ **Sunday,** Vol. 12, Issue 5, 25th November 1st December 1984, Book Extract of Ed. William Howard Russell, & **Caroline Chapman 'Russell of the Times war Dispatches and Diaries-** PP 46-54.

३४ P.C. of the 30 th Septemer 1859, No. 532 I.N.A., cited by Ramakanta, **No. 1,** P. 297.

३५ P.C. of 30th December, 1859, No. 558, I.N.A., cited by **Ibid,** P. 288.

३६ P.C. of 22nd. July 1859, No, 199, I.N.A., cited by **Ibid.** P. 299

थियो।[३७] वेगम हसरत महलको तर्फबाट नवाव अलि मुहम्मद खाँ उर्फ मम्मू खाँ (नसिरुद्धौला)ले 'महाशय हामीलाई न तपाईको मद्दत नै आवश्यक छ न अब हामी अङ्ग्रेजहरूसँग मेल मिलाप नै गर्छौं भनी जवाफ दिए।[३८] मम्मु खाँको त्यस प्रकारको जवाफले उनलाई नराम्रो स्थितिको सामना गर्नु पऱ्यो। उनलाई अङ्ग्रेजहरूले जङ्गबहादुरको सहयोग मार्फत गिरफ्तार गरे, मुद्दा चलाए र कालापानीको सजाय दिई अण्डमान पठाए।[३९]

यही समयमा जङ्गबहादुरले विद्रोहीहरूप्रतिको आफ्नो नीतिमा परिवर्तन गरे। उनले रुहेलखण्डको नवाव खानबहादुर खाँलाई गिरफ्तार गरी अङ्ग्रेजहलाई बुझाइ दिए र अङ्ग्रेजहरूले पनि उनलाई १८६० को मार्च महिनाको एक दिन बरेलीको मुख्य चौवाटोमा फाँसी दिए।[४०]

वेगम हसरत महल र उनका छोरा विरजीस कद्रलाई अङ्ग्रेजहरूले आफ्नो मुलुकमा नै फर्काउने प्रयास कैयौं चोटि स्वयं नै गरे भने कैयौं चोटि नेपाल सरकार मार्फत पनि गरे।[४१] तर सफल भने भएनन्। यस प्रकारको स्थितिमा हरेश खाएका कैयौं विद्रोही सिपाहीहरूले आफ्नो हात हतियार फ्याँकी चुपचाप आफ्नो घर फर्के। यस्तै सैनिकहरूलाई अङ्ग्रेज सरकारले पनि केही गरेनन्। तर केही सिपाहीहरूले भने अङ्ग्रेजको दासत्व स्वीकार्नु भन्दा नेपालको जङ्गलतिर लाग्नु नै श्रेयकर सम्झे।

अन्तमा नेपाल सरकारले पनि के कारणले हो उनीहरू सबैलाई चितवन जाने आदेश दिए। जुन कुरा विरजीस कद्रको एउटा चिट्ठीबाट प्रष्ट हुन्छ। जङ्गबहादुरको उक्त आदेश पछि उनीहरूले आफ्नो भएका सबै सैनिकहरूलाई विभिन्न दलमा बाँडी, चितवन, बुटवल र नुवाकोट (स्याङ्जा) तर्फ पठाए।[४२] ती विद्रोही सिपाहीहरूसित नेपाल सरकारले बन्दुक र अरू हतियारहरू लिदै खानको लागि चामल दिन्थे।[४३] यस प्रकारको दुःख झेल्दा झेल्दै बाला राव, नाना साहब र वेगम हजरत महलका कैयौं साथीहरू राना बेनी माधव, दबीर जङ्गबहादुर, बैसवाडेका राजा जोगराज सिंह, गोडाँका राजा देवी बख्शा सिंह, खैरावादका हर प्रसाद, बौडी (बहराइच ?)का ठाकुर हरदत्त सिंह, नाना साहेबको साथी अजीमुल्ला खाँ र बेरुआका गुलाब सिंहहरू एकएक गर्दै शहीद भए। यसले गर्दा उनी हरेश खान थालिन। अङ्ग्रेजहरूले उनलाई र उनको छोरालाई फिर्ता लैजाने प्रत्येक सम्भव प्रयास गरे। तर अङ्ग्रेजहरूको कैद भन्दा दुःखदायी स्वतन्त्रता नै उनलाई राम्रो लाग्यो। अन्तमा आफ्नो प्यारो भूमि र आफ्नो उद्देश्यलाई माया मारी उनले नेपालमा शरण लिने विचार गरिन् र नेपाल सरकारसँग अनुरोध गरिन्।[४४]

---

३७ योगेश प्रवीन - 'अवध कि विद्रोहीनी - वेगम हजरत महल' 'धर्मयुग' (हिन्दी साप्ताहिक, भारत) ४ मार्च १९७१ पेज - २९

३८ **Ibid**

३९ **Ibid**

४० **Ibid**

४१ **Ibid**

४२ **Ibid**

४३ **Ibid**

४४ **Ibid**

नेपालमा शरण लिन यहाँ आउनु अघि नै वेगमले जङ्गबहादुर समक्ष आफूसँग भएको सबै हिरा जवाहरात जम्मा गरी उपहार स्वरूप दिई पठाइन्। यो कार्य उनले नेपाल सरकार र जङ्गबहादुरप्रति आफ्नो धारणा राम्रो भएको देखाउन मात्र गरेकी थिइन्।[४५] अन्तमा चारैतिरबाट हार, हरेश र निराश भरिएको हृदय लिएर उनी लाचारीका साथ काठमाडौं आइन्। उनलाई केही समय एउटा घरमा राखिए तापनि जङ्गबहादुरले तुरन्त आफ्नो दरबार नजिकै 'बर्फ बाग' नामक एक द्रबार बनाई वेगमलाई त्यही राखे।[४६] वेगमले यहाँ पहिले देखि नै रहेको छाप्रो जस्तो मस्जिदलाई पनि मर्मत गरी राम्रो बनाइन् र आफूसँगै काठमाडौं आएका धुरन्धर विद्वान् सर्फराज अलीलाई त्यही मस्जिदमा राखिन्। सर्फराज अली गोरखपुरका थिए। यिनले लखनौमा अध्ययन गरेका थिए र दिल्लीमा 'काजी' पदमा जागिरे थिए। यिनले मस्जिदमा बसी नमाज पठाउने कार्य गर्न थाले। तर आएको १-१/२ वर्षमा नै मृत्यु भयो।[४७] वेगम र उनको छोराको लागि नेपाल सरकारले महिनाको ५००/- रु. भत्ता तोकिदियो।[४८]

वेगम हजरत महलले नेपालमा शरण लिएको थाहा पाएपछि जङ्गबहादुर वेगम हजरत महललाई लेखेको पत्र जस्तै अर्को पत्र उनले नाना साहबलाई पनि लेखेका थिए। उक्त पत्रमा जङ्गबहादुरले के लेखेका थिए त्यसको जानकारी छैन। तर उक्त पत्रको जवाफमा नाना साहबले लेखेका छन् "हामीलाई तपाईको पत्र प्राप्त भयो। हामीले धेरै टाढा बसेर पनि नेपालको ख्याती सुन्दै आइरहेका छौं। मैले भारतका अगाडिका अनेकौ राजाहरूको चरित्र र इतिहासको अध्ययन गरेको छु र अहिलेका राजाहरूको चरित्र पनि मूल्याङ्कन गरेको छु। तर तपाई विश्वास गर्नोस, तपाईको सुकृतिहरू, विलक्षण छन्। किनभने अङ्ग्रेजहरूलाई सहायता दिन जाँदा तपाईको मनमा केही समयको लागि पनि दुविधाको जन्म भएन। यद्यपि यी अङ्ग्रेजहरू तिनै हुन्, जसले तपाईको जनतालाई सधैं नराम्रो दृष्टिले नै हेरे। तपाईको उदारताको पनि कुनै अन्त छैन। यस्तो परिस्थितीमा तपाईको यो महान उदारतालाई ध्यानमा राख्दै यदि मैले तपाईले पेशवालाई पनि सहायता गर्नु हुनेछ भनेर आशा गरे भने के मबाट कुनै भूल हुनेछ ? तपाईलाई सम्झना नै होला– पेशवाहरूको पुरा पुर्खाहरूले तपाई र तपाईको जनताहरूसँग सँधै मित्रता नै देखाउँदै आएका छन् र म तिनै पेशवाहरूको नै वशंज हुँ। यदि तपाईको हृदयमा शत्रुहरूको लागि स्थान हुन सक्छ भने मित्रको लागि किन हुन नसक्ला ? .. ।[४९]

यस चिठ्ठीमा पेशवाको शाही छाप लागेको थियो। यो चिठ्ठीको साथै जङ्गबहादुरसँग व्यक्तिगत रूपले कुरा गर्न नाना साहबले आफ्नै भाइ श्रीमन्त बाला साहबलाई पठाएका

---

४५ **Ibid**

४६ **Ibid**

४७ मजलिस इस्लमियाका इमाम (धर्मगुरु) मौलाना हायात हुसेनसँग लेखकले २०४० चैत्र १३ गते लिएको अन्तरवार्ता।

४८ योगेश प्रविन, नं. ३६, पेज २९

४९ Sir Charles Bell - **Indian Muting.** Vol II quoted by Savarkar, Vinayak Damodar **The Indian War of Independence 1857.** (Dombay: Phoenix Publication, 1947_ PP. 518-519

थिए।[५०] उक्त चिठ्ठी प्राप्त गरे पछि जङ्गबहादुरले भारतीय स्वतन्त्रताका सेनानीहरूसँग भेट्न र कुरा गर्न आफ्नो एक जना भारदार कर्णेल वलभद्र सिंहलाई पठाएका थिए।[५१] ती सेनानीहरूले वलभद्र सिंहसँग भेट गर्दा निम्न कुराहरू बताए "हामीहरू हिन्दु धर्मको लागि लडिरहेका छौं। महाराजा जङ्गबहादुर पनि एक हिन्दु नै हुन्। त्यसकारण पनि उनले हामीलाई मद्दत गर्नुपर्दछ। यदि तिनले हामीलाई मद्दत गरेमा वा यदि उनले आफ्ना अधिकारीहरूलाई 'हाम्रो नेतृत्व गर्ने आदेश दिएमा हामी फेरि कलकत्तासँग टक्कर लिन सक्छौं। हामीले हामीलाई स्वतन्त्र बनाउने छौं र उनको आदेशलाई मान्ने छौं। युद्धमा हामीले विजय गरेको भूभागहरू पनि गोरखा सरकारको अधीनमा हुनेछ। यदि यो सम्भव हुँदैन भने कमसेकम हामीलाई उनको राज्यमा शरण लिन दिइयोस् र हामी उनको आदेश अन्तरगत रहने छौं।[५२] यसको प्रत्युत्तरमा वलभद्र सिंहले भारतीय स्वतन्त्रताका संग्रामका नेताहरूलाई निम्न कुरा बताए "... अङ्ग्रेजहरूले तपाईहरूलाई क्षमा दिने नीति बनाई दयाको ठूलो ढोका खोलेका छन्। त्यसकारण तपाईहरूले आफ्ना हात हतियारहरू अङ्ग्रेजहरूको अगाडि समर्पण गर्नोस् र त्यही नै शरण लिनोस्।"[५३] तर भारतीय नेताहरूले निम्न विचार व्यक्त गरे "... हामीले पनि घोषणा सुनेका छौं। तर हामीहरू हाम्रा भाइहरूको रगतको ऋण उनीहरूको अगाडि झुकेर चुकाउन चाहँदैनौं। महाराजा जङ्गबहादुर एक हिन्दु हुन् र हामीहरू गोरखाको विरुद्ध लड्न चाहँदैनौं। यदि उनी चाहन्छन् भने पनि हामी विना रुकावट त्यो स्वीकार गर्न तयार छौं। तर हामी कसरी हाम्रा भाइहरूको रगतको वदला हामी स्वयंलाई अङ्ग्रेजहरू समक्ष समर्पण गर्न सक्छौं ?"[५४]

नाना साहवले उक्त चिठ्ठी कहाँवाट लेखे, वलभद्र सिंह र भारतीय नेताहरूको वीच कुन ठाउँमा कुराकानी भयो कहिले भयो त्यसको जानकारी भने छैन।

तर यही समयमा १८ जुन १८६३ को भारतीय अङ्ग्रेजी समाचारपत्र फेन्ड अफ् इन्डिया (Friend of India)ले नाना साहवलाई जङ्गबहादुरले नै लुकाएर राखेको समाचार प्रकाशित गऱ्यो।[५५] त्यस किसिमको प्रकाशित समाचारले गर्दा अङ्ग्रेज सरकारले पनि जङ्गबहादुरले नाना साहवलाई लुकाएर नै राखेको हो कि भन्ने शङ्का गर्न शुरु गरे। अङ्ग्रेजहरूको तर्फवाट त्यस किसिमको शङ्का गर्नुपर्ने कारण नाना साहवले जङ्गबहादुरलाई चिठ्ठी पठाउनु र जङ्गबहादुरले पनि त्यसको जवाफ नाना साहवलाई पठाउनु थियो। त्यस किसिमको शङ्का गरेको थाहा पाएपछि 'अङ्ग्रेज सरकार'ले जङ्गबहादुरलाई सोध्नुभन्दा अगाडि नै जङ्गबहादुरले १९२० श्रावण वदी १ रोज ४ मा रेजिडेन्ट रेम्सेलाई एउटा पत्र लेखे। जसमा उनले लेखेका छन् "... छापामा हामीहरू

---

५० **Ibid**
५१ **Ibid**
५२ **Ibid**
५३ **Ibid**
५४ **Ibid**
५५ जङ्गबहादुरले रेजीडेन्ट रेम्सेलाई १९२० श्रावण वदी १, रोज ४ लेखेको पत्र, ज्ञानमणि नेपाल नं. १० पेज ३९

सम्झन्छौं कि नाना साहेव नेपालमा छ, हामी माथि षेल गर्दछ, भनी लेपी दीनाले नानालाई म दोस्तले नेपालमा लुकायाको रहेछ भन्या वृद्धिस सम्राटका सोहेवानका मनमा पनि ठूलो सुभा पारी दियो । श्री ५ को सरकारवाट भयो, मैले भयो, अरू गोर्षाको उमरान अफसरहरूले भयो नाना राउलाई हाम्रा मुलुकमा लुकायाको छ भनी कसैले सावित गर्न सके भन्या तेसलाई १० लाष रूपैया हामी दिछौं सावित गर्न सक्तैन भन्या नभयाको कुरा गर्नेले १ लाष रूपैया हामीलाई दिन अधि सरोस् ...।"[५६]

उक्त पत्र पाए पछि रेजिडेन्ट रेम्सेले १० जुलाई १८६३ (१९२० श्रावण वदी १० रोज ४)मा भारतमा वाकस्वतन्त्रता भएकोले अखवारहरूले आफूले सुनेको वा देखेको कुनै पनि कुरा लेख्ने स्वतन्त्रता छ भनी जङ्गवहादुरलाई फकाउने प्रयास गरी सो को जानकारी दिए ।[५७] यस पछि नाना साहवलाई के भयो, उनी कहाँ गए भन्ने कुराको कतै कुनै उल्लेख छैन । तर, केही अरू अङ्ग्रेज पदाधिकारीहरूले भने 'नाना साहव' नेपालको सिमाना (तत्कालीन) भित्र कतै मरेको शंका गरेका थिए ।

पछि चन्द्र शमशेरको प्राइभेट लाइब्रेरीको छाप परेका एउटा कापीमा मिर सुव्वा रामभक्तको एउटा टिपोटमा 'नानाराउ १ वालाराउ १ हाम्रो वुटवलका झारीमा मेरो सपुर्दगी कसैलाई गरिवक्सियेन" भनी उल्लेख गरिएकोले [५८] 'नानाराउ' नेपाल भित्र नै मरेको कुरा तथ्य नै हो कि भन्ने देखिन्छ । यस परिस्थितिमा माथि उल्लेख गरिएको अङ्ग्रेज पत्रिका फ्रेन्ड अफ् इण्डिया 'Friend of India'को १८ जुन १८६३ मा प्रकाशित समाचारमा र तत्कालीन उच्च अङ्ग्रेज पदाधिकारीहरूले गरेको शंका तथ्य नै देखिन आउँछ ।[५९]

तर, जुलाई १९७८ को 'टाइम्स अफ इण्डिया'मा नाना साहेव वारे एउटा लेख प्रकाशित भएको थियो । जसमा लेखकले आफूलाई नाना साहेवको 'नाति' भनेर उल्लेख गरेका छन् । उनले नाना साहेवको मृत्यु १०२ वर्षको उमेरमा भारतको 'प्रतापगढ' जिल्लामा भएको कुरा उल्लेख गरेका छन् । उनले आफूले नाना साहेववाट तरवार धनु काँढ चलाउने तालिम लिएका कुरा पनि उल्लेख गरेका छन् ।[६०] यो हुन पनि सम्भव छ । किनभने जङ्गवहादुर रणोद्दिप सिंहको समयमा नाना साहव नेपालमा रहनु सम्भव थियो । यसो हुनुको कारण जङ्गबहादुर र उनका भाइहरू न विट्रिसहरू माथि पूर्णरूपले भर नै परेका थिए न उनीहरू माथि पूर्ण रूपले आशा नै गरेका थिए । तर वीरशमशेर र उनका भाइहरूको समय भने पूर्णरूपले त्यसको उल्टा भएको थियो । वीरशमशेरले विट्रिसहरूलाई ठूलो र वलियो सहयोग उपलब्ध गराएको देखेपछि भारतीय स्वतन्त्रताका सेनानीहरूले विस्तारै विस्तारै गोप्य रूपले भारत तर्फ नै फर्की त्यहाँ पनि गोप्य रूपले

---

५६ **Ibid**

५७ The Letter written by Resident Ramsay to Jang Bahadur on Friday 10th, July 1868 A.D., (१९२०/४/१०/४ वि.सं.) quoted by - **Ibid**

५८ कमलमणि दीक्षित 'नाना राव, वाला राउ', नेपाली, नं. ७६ (ललितपुर, मदन पुरस्कार गुठी, २०३५ वि.सं. श्रावण, भाद्र-आश्विन) पेज ७०

५९ नाना राव जोगीको भेषमा नेपालमा रहेको कुरा चर्चामा थियो । यस भनाइलाई पुष्टि गर्ने केही कुराहरू नेपाली मासिक पत्रिकामा प्रकाशित छन् ।

६० **Times of India** 2nd July, Sunday, 1978 A.D.

वस्न थाले। विरजीस कद्र पनि बीरशमशेरको समयमा कलकत्ता फर्केका थिए। त्यसैले 'टाइम्स अफ इण्डियामा' उल्लेख गरिएको त्यो कुरा पनि सत्यको ज्यादै नै नजिक रहेको देखिन्छ।

यस प्रकार भारतको पुनाका श्री लक्ष्मणजीले १२ सेप्टेम्वर १९५० मा नेपालस्थित भारतीय दूतावास मार्फत नेपालको वैदेशिक विभागको तात्कालीन डाइरेक्टर मेजर जनरल शारदा शमशेरलाई एक पत्र लेखी वाजी राव र उनको परिवारको नेपालको सीमाभित्र रहेको सम्पत्तिहरू फिर्ता दिन आफू वाजी रावको वंशको नै एक सदस्य भएको कुरा उल्लेख गरी अनुरोध गरेका थिए।[६१]

यस प्रकार नेपालमा शरण लिएको १९ वर्षपछि १८७९ को अप्रिल महिनामा वेगम हजरत महलको (नेपालमा नै) दुःखपूर्ण मृत्यु भयो।[६२] उनको पार्थिव शरीर उनको जन्मभूमि कर्मभूमि देखि धेरै टाढा आफैले मर्मत गरी राम्रो बनाएको मस्जिदको अगाडि नै गाडियो।

वेगम हजरत महलले किन नेपालमा नै शरण लिइन् ? यस विषयमा प्रश्न उठ्न सक्दछ। यस सम्बन्धमा धेरै रोचक कुरा चर्चामा आउन थालेका छन्। भनिन्छ उनी भारतीय नभएर एक नेपाली केटी थिइन।[६३]

---

६१ Letter from S. Gupta the then first Secretary of Indian Embassy in Nepal to Major General Sarada Shamsher J.B. Rana, the then Director General of Foreign Affairs of Nepal, dated 12th September 1950 (N,F.M = Nepal Foreign Ministry)

६२ योगश प्रविन - नं. ३६, पेज २१ (तर वेगम हजरत महलको सिंह मरमरले सजाइएको उक्त चिहानमा उनको मृत्युको मिति १८७३ इ.सं. लेखिएको छ। उक्त मिति गलत भएको कुरा त्यहीं मस्जिदमा रहेका व्यक्तिहरू लगायत वयोवृद्ध विद्वान मौलाना (धर्मगुरु) हायात हुसेनले पनि २०४० चैत्र १३ गते भएको कुराकानीमा स्वीकार गर्नु भएको थियो।

६३ सन् १८४७ मा राजगद्दीमा बसेपछि राजकाजमा ध्यान नदिएर मोजमज्जा तिर तिनले ध्यान आकर्षित गरे। तिनले हरेक रात आफ्ना दरवारमा नयाँ नयाँ नर्तकीहरूको नृत्य हेर्न रुचाउँदथे। लखनउका प्रत्येक वजार, गल्ली, मोहल्लातिर केटीहरू खोज्न कुटुनीहरू घुम्थे। ती कुटुनीहरूले केटीहरू फँसाएर ल्याई वाजिदअली शाहलाई खुसी पार्न दरवारमा लैजान्थे। यसरी नै एकदिन संयोगवस कुटुनीहरूले लखनउको गल्लीमा एउटा सुन्दरी नेपाली केटी फेला पारे। कुटुनीहरूले त्यस केटीलाई पालन पोषण गरी संगीत र नृत्य आदिको राम्रो शिक्षा दिएर वाजिद अली शाहको महलमा पुऱ्याए। ती नेपाली केटीको अति आकर्षक र नृत्य कलामा वाजिद अली शाह 'यस्तो मुग्ध भए कि उनले ती केटीलाई वेगम बनाएर वेगम हजरत महल' नाम दिए। तथापि वाजिदअली शाहको खास बिहाइते वेगमहरू पनि थिए।

सन् १८४६-४७ तिर आफ्नो वेजोड नृत्यकला र हाजीरी जवाफ शायरीले लखनउमा धुम मचाउने वेश्या नर्तकी मुइतरी बाईलाई पनि आफ्नो महलमा वेगम बनाउने इच्छाले वाजिद अली शाहले एक सन्देश पठाए। तर मुइतरी वाईले उक्त सन्देशलाई अस्वीकार गरिन्। त्यसपछि वाजिदअली शाहको वेगम हजरत महलमा नै ध्यान केन्द्रीत हुन थाल्यो। उनलाई अश्त्र-शस्त्रको पनि शिक्षा दिए। सन् १८५६ मा अङ्ग्रेजहरूले लखनउमा धावा गर्दा वेगम हजरत महलले नै अङ्ग्रेजहरूको विरुद्ध हतियार उठाइन्। पछि अन्तिम समयमा आफ्नो केही नलाग्ने देखेपछि आफ्नो अन्तिम काल नेपालमा नै विताउने इच्छा प्रकट गरिन् र नेपाल तर्फ आइन्। हेर्नोस:

क. कुमार घिसिङ-दुनघाटी-नालापानी (दार्जिलिङ्ग पाइन्स प्रकाशन, २०३८ वि.सं.) पृष्ठ ४२-४३।

ख. यस्तो नै किसिमको जानकारी अमृतलाल नागरको -गदर के फूल (दिल्ली, राजपाल एण्ड सन्स, १९८२ इ.सं.) मा पनि दिइएको छ।

ग. यस्तो नै किसिमको विचार र धारणा गोरखपुर र नेपाल स्थित उच्च तहका मुसलमानहरूमा पनि रहेको पाइन्छ।

वेगम हजरत महलको मृत्यु भएपछि अझ भनौं काठमाडौंमा शरण लिए पछि १८५७ को भारतीय स्वतन्त्रताको युद्धको इतिहासको एउटा अध्यायको अन्त्य भयो।

उनीसँग काठमाडौं आएका र नेपालको अनेकौं भागमा शरण लिई बसेका हिन्दुस्तानीहरूको विषयमा के भयो कसैले बताउन सकेका छैनन्। अर्थात् थाहा छैन। तर उनको छोरा विरजीस कद्र भने पछि वीर शमसेरको समयमा कलकत्ता गएर बसे र उनको मृत्यु पनि त्यही भयो। उनको चिहान आज पनि कलकत्ताको खिजरपुर भन्ने ठाउँमा यथावत् नै छ।[६४]

यस प्रकार भारतीय स्वतन्त्रताको युद्ध लड्ने ती वीरहरूको अन्त जे जस्तो प्रकारले र जहाँ भए तापनि प्रस्तुत लेखले एकातिर उनीहरूको अमर गाथालाई प्रष्ट गर्दछ भने अर्कोतिर नेपालले अङ्ग्रेजहरूलाई खुसी राखी आफ्नो स्वतन्त्रता र सार्वभौमसत्तालाई जोगाउन र अङ्ग्रेजहरूले नेपालप्रति जुन प्रकारको नीति अपनाउन खोजेका थिए, त्यसलाई हाँक दिन भारतीय विद्रोहीहरूलाई सहयोग गरी नेपाल स्वतन्त्र राष्ट्र हो भन्ने कुराको पुष्टि गराउन उनीहरूप्रति नेपालले के कस्ता नीति, कतिखेर कसरी अपनाएको थियो भन्ने कुरा प्रष्ट गर्दछ। जुन प्रष्ट गर्नु नै यस लेखको मुख्य उद्देश्य पनि हो। अस्तु।

---

६४ मजलिस इस्लामियाका इमाम (धर्मगुरु) मोलाना हायातु हुसेनसँग लेखकले २०४० चैत्र १३ गते लिएको अन्तरवार्ताबाट।

दास प्रथा

– श्रीमती इन्दिरा जोशी

उत्पत्तिः

मानव सभ्यताको अस्तित्व पूर्व पाषाण युगवाट सुरु भएको पाइन्छ। यस युगमा मानिसहरू जनावरजस्तै जङ्गलमा घुमफिर गरेर वस्दथे। जङ्गली जनावरहरू शिकार गरेर ल्याएर सवै मिलेर खान्थे। मानव वडो आनन्दित जीवन विताउँदथ्यो। कसैको कसैमाथि प्रभाव र दवाव थिएन। दास-दासीको प्रयोग भएको पनि पाइँदैन।तसर्थ पूर्व पाषाण युगमा दास प्रथावारे कुनै सङ्केत पाइँदैन। मानव यायावरी जीवन व्यतित गर्दथ्यो। पूर्व पाषाण युग पार गरेर मानव उत्तर पाषाण युगमा प्रवेश गरेपछि मानव सभ्यताको महत्त्वपूर्ण युगको शुरुवात भएको पाइन्छ। यस युगमा सर्वप्रथम मानवले स्थायी वसोवास, कृषिको आविष्कार, पशुपालनको विकास, भाँडाकुँडाको प्रयोग, हातहतियारको निर्माण गर्न कमैले जान्यो। मुख्यतः कृषिको आविष्कार र उत्पादनवाट मानिसले यायावरी जीवन छाडेर स्थायी रूपमा वसोवास गर्न सक्ने अवस्थामा पुग्यो। गुफालाई छोडी साना-साना झुपडीहरूको निर्माण यसैवेला गर्न थाल्यो।कृषिको साथसाथै पशुपालनको विकास पनि गर्दै लग्यो। कृषि कार्य आरम्भ भएको हुँदा खन्ने काट्ने छेड्ने हातहतियारहरूको निर्माण गर्न थाल्यो। यसरी क्रमिक रूपमा हरेक क्षेत्रमा मानिसको चेतनाको विकास हुँदै गयो। मानिसहरू समूहगत रूपमा रहन थाले। समूहगत रहन थालेपछि एक समूहले अर्को समूहलाई दवाउने प्रक्रिया पनि चल्न थाल्यो।पछि आद्य ऐतिहासिक युगमा आएर यो प्रकृया वढ्दै गयो। एक समूह मालिक वने अर्को समूह दास वने। यसरी वर्वर युगपश्चात् अन्य युगहरूमा दासको चेतना भएको भए तापनि यसको अत्यधिक प्रयोग आद्य ऐतिहासिककाल देखि नै भएको पाइन्छ।

यसरी क्रमवद्ध रूपमा मानव सभ्यताको विकासको साथसाथै दासप्रथाको प्रचलन भयो र समय व्यतित हुँदै जाँदा यसको रूप पनि वदलिँदै गयो। आखिरमा यो एउटा

कलङ्कित अमानवीय प्रथामा परिणत हुन गई सरकारी स्तरबाटै गैऱ्हकानूनी घोषित गरेर यो प्रथालाई निर्मूल पार्नु पऱ्यो। अतः दास प्रथा अति प्राचीन अर्थात् ईसा पूर्व तेस्रो सहश्राब्दीदेखि शुरु भएको हुनु पर्छ। यस प्रकारको दास प्रथा विकास भएको थाहा पाए पछि हामी दास शब्द कसरी वन्यो भन्नेतिर पनि विचार गरौं।

दास भन्नाले त्यो व्यक्तिलाई जनाउँछ जसको श्रमलाई आफ्नो सम्पत्तिद्वारा खरिद गरिन्छ र उसको सम्पूर्ण कृयाकलाप मालिकको भावनाअनुसार सञ्चालित हुन्छ। मालिकको आज्ञाविना उ सास फेर्नवाहेक अरू कुनै कुरामा पनि स्वतन्त्र हुन सक्दैन अर्थात् मालिकको इशारामा सञ्चालित हुनु, मालिकको इच्छामाथि आश्रित हुनु र आफ्नो स्वतन्त्रता भन्ने रतिभर नहुनुलाई नै दास भनेर भनिन्छ। शायद यही कारण नै होला "A man is the shadow of God and a slave is the shadow of man" भनेर भनेको।[१] यसबाट नै स्वतः अनुमान लगाउन सकिन्छ कि दास भनेको मानिसको एउटा प्रतिविम्व मात्र हो।

किसिमः

मानव सभ्यताको इतिहाससँग गाँसिएर आएको दासको वर्णन हिन्दू धर्मशास्त्रमा पनि भएको पाइन्छ। धर्मशास्त्रले १५ प्रकारका दासप्रथाको उल्लेख गरेको छ।[२]

१. घरकी दासीबाट जन्मेका	२. किनेको
३. दान पाएको	४. अंशमा पाएको
५. अनिकालमा पालिएका	६. बन्धकी राखिएको
७. ठूलो ऋणबाट छुटाइएको	८. लडाइमा जितेर समातिएको
९. जुवामा जितेको	१०. दास भएँ भनेर आएको
११. सन्यास छाडेको	१२. केही कालसम्म दास स्वीकार गरेको
१३. भाते	१४. कमारी पछ्याएर आएको

१५. स्वयं वेचिएको आदि।

अरू देशका दासहरू पनि यिनै मध्येमा एक प्रकारबाट भएका पाउँछौं। समय, काल, परिस्थिति अनुसार दास-दासीको रूपमा पनि परिवर्तन भएको पाइन्छ। कहिले दास-दासीले सेवक तथा कृषकको रूपमा कार्य गर्नु पर्दथ्यो भने कहिले लडाकुको रूपमा, कहिलेकाहिँ दास-दासीले शिकारीको कार्य पनि गर्नु पर्दथ्यो। त्यस्तै मालिकको आवश्यकता अनुसार पुलिसको साथै अनेक रूपमा पनि कार्य गर्नु पर्दथ्यो। त्यसकारण त्यस्तो अनुमान लगाइएको छ। धर्मशास्त्रमा १५ प्रकारका दास-दासीको व्यवस्था भए पनि समय र परिस्थिति अुनसार दास-दासीको कामको प्रकृति विभिन्न प्रकारको पाइन्छ।

कारणः

यसरी विभिन्न प्रकारको दास-दासीको व्यवस्था भएबाट यो प्रथा चल्नुमा विभिन्न कारणहरू भएको कुरा स्पष्ट थाहा पाइन्छ। राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, न्यायिक जस्ता विभिन्न कारणबाट दास प्रथालाई प्रोत्साहन मिल्ने गरेको पाइन्छ। राजनैतिक, सामाजिक, आर्थिक कारणबाट नै यो प्रथा व्यापक रूपमा विस्तार भएको बुझिन्छ। कृषि अवस्थामा बजारको व्यवस्था भएपछि दास प्रथाको वृद्धिमा एकाएक

व्यापकता देखा परेबाट नै यो कुरा प्रमाणित हुन्छ कि यसको मुख्य कारण आर्थिक नै हुनुपर्छ।[३]

आर्थिक कारण:

कृषि अवस्थामा मानव पुगेपछि एक समूहले खेतीपाती गरी धन सङ्कलन गर्न थाले। ती धनी हुँदै गए। धनी समूहले आफ्नो खेतको काम गर्न पैसा दिएर अर्को समूहलाई कज्याए। त्यो परम्परा क्रमबद्ध रूपले समयको साथसाथै विकसित हुँदै गयो। यो परम्परा विकसित हुँदै जाँदा दासप्रथाजस्तो कलङ्कित प्रथाको आरम्भ भयो।

आर्थिक कारोवारबाट दास बन्न पुगेकाहरूमा ऋण लिएको वा दिएको, काम गर्नको लागि बजारबाट किनेर ल्याएको, ऋणबाट छुटाइएको, बन्धकी राखिएको, अनिकालमा पालेका व्यक्तिहरू नै पर्दथे। ऋण लिएर वा दिएर पनि एकले अर्कोलाई दास बनाइन्थ्यो। अर्थिक सङ्कटमा परेर गरीबले साहुबाट ऋण लिन्थे। सो ऋण लिएबापत साहु-महाजनले उक्त व्यक्तिलाई आफ्नो घरमा काम गर्नको लागि दास बनाएर राख्दथे। यस्ता दासहरू अल्पकालीन हुन्थे।

बजारको वृद्धि तथा विस्तार भएपछि काम गर्ने सिलसिलामा दासको संख्यामा पनि वृद्धि हुन थाल्यो। दासको व्यापार अरू सामानको जस्तै प्रत्यक्ष रूपमा बजारमा चल्न थाल्यो। धनी वर्ग, सामन्ती, उद्योगपतिहरूले आ-आफ्नो क्षेत्रमा काम लगाउनको लागि बजारबाट आवश्यकता अनुसार दासहरू किनेर घरमा राख्न थाले। कामको आवश्यकता हेरी यिनीहरूलाई राखिन्थ्यो। बढ्ता भएमा बजारमा लगेर बिक्री गरिन्थ्यो। कतिपय मानिसहरूले दासको व्यापारलाई नै आफ्नो मुख्य पेशा बनाएका ज्वलन्त उदाहरणहरू पाइन्छ। यसरी किनबेचको आधारमा पनि दासप्रथा विकसित भएको पाइन्छ। कुनै व्यक्तिले कुनै व्यक्तिलाई ठूलो ऋणबाट मुक्त गराएवापत् दास बनाउन सक्दथ्यो। यस किसिमको आर्थिक प्रकृयाबाट धेरै व्यक्तिहरू दास बन्न पुगेका थिए। यसबाहेक बन्धक र धरौटीको आधारमा पनि दास बन्न गएका धेरै उदाहरणहरू पाइन्छ। गरीबहरूले आर्थिक सङ्कट टार्नको लागि साहु महाजनको घरमा कार्य गर्नु पर्दथ्यो। यसरी आर्थिक सङ्कट टार्ने प्रकृयामा दासप्रथा प्रचलित भएको पाइन्छ।

यसको अतिरिक्त प्राकृतिक प्रकोपको कारण अनिकाल परेको वेलामा गरीबहरू खान नपाएर भोकभोकै मर्दथे। केही साहु, महाजनहरूले अनिकाल पर्दा २, ४ जना व्यक्तिहरूलाई खान दिएमा उनीहरूले कमारा कमारी बनिदिनु पर्दथ्यो। प्राकृतिक प्रकोपको कारणबाट साहु, महाजनहरूले मानिसहरूलाई दास बन्न बाध्य गराउँथे।

राजनैतिक कारण:

राजनैतिक कारणबाट पनि धेरै व्यक्तिहरू कमारा कमारी बनेको पाइन्छ। दासको किसिमको वर्णन अनुसार लडाईमा जितेर पक्रिएका मानिस पनि दास हुन्थे। एक राज्यले अर्को राज्य माथि आक्रमण गरेर त्यसलाई पराजित तुल्याएमा पराजित प्रदेशका जनताहरूले दासता स्वीकार्नु पर्दथ्यो। यसको ज्वलन्त उदाहरण "American war of Independence" अमेरिकी स्वतन्त्रता सङ्ग्रामलाई बनाउन सकिन्छ। अमेरिकीहरूलाई अङ्ग्रेजहरू आफ्नो दास ठान्दथे र त्यस्तै किसिमको व्यवहार गर्दथे। जसको कारण

उनीहरूले अङ्ग्रेजको विरोधमा उनीहरूबाट मुक्ति पाउनको लागि स्वतन्त्रताको सङ्ग्राम गरे। त्यस्तै भारतको "Mutiny" लाई पनि लिन सकिन्छ। जब भारतमा अङ्ग्रेजले आफ्नो उपनिवेश कायम गऱ्यो तब त्यहाँ जनतालाई दासजस्तो सम्झेर कार्यहरू गरेका कारण मुक्ति गर्नका लागि "सैनिक विद्रोह" गरे। यसरी प्राप्त राजनैतिक पृष्ठभूमिबाट पनि एक राज्यले अर्को राज्यको जनतालाई सजिलैसँग कमारा-कमारी बनाउन सक्दथ्यो।

सामाजिक कारण:

सामाजिक कारणबाट पनि धेरै व्यक्तिहरू कमारा कमारी बनेको पाइन्छ। छोरीलाई विवाह गरेर पठाउँदा धनी मानिसहरूले केटी दाइजो स्वरूप पठाउँथे। यिनीहरूले कमारी भएर जीवनभरी सेवा गरेर बस्नु पर्दथ्यो। घरका दास-दासीबाट जन्मेकाहरू पनि स्वतः दास-दासीमै परिणत हुन्थे। कोही केटाहरू कमारी पच्छ्याएर आउँदथे। उनीहरू विवाह गरेर आफू पनि कमारोको रूपमा बस्दथ्यो। कसैले धर्म कमाउनको लागि आफ्नो सम्पत्ति मानिने दास-दासी दान पनि गर्दथे। यसरी सामाजिक कारणबाट पनि दास-दासी बन्नमा महत्त्वपूर्ण भूमिका रहन गएको पाइन्छ।

धार्मिक कारण:

संसारका विभिन्न किसिमका दासहरू मध्ये देवदास-दासी पनि एक हो। देवदास-दासी प्रथा अरू दासप्रथा भन्दा अलि भिन्दै किसिमको छ। देव मन्दिरमा सफा, सुग्घर गर्ने, आरतीको वेला देवमूर्ति समक्ष भक्तिपूर्वक नाचगान तथा नृत्य गर्ने कामको निम्ति युवक युवतीलाई देवदास-दासीको रूपमा अर्पण गर्ने प्रचलन थियो। यसैलाई देवदास-दासी प्रथा भनिन्छ। यो प्रथा धार्मिक कारणको पनि उपज हो।[४]

न्यायिक कारण:

आर्थिक, सामाजिक, राजनैतिक कारणबाहेक न्यायिक कारणबाट पनि दासहरू बनेको उदाहरण पाइन्छ। हाडनातामा यौनसम्बन्ध राख्ने, ज्यान मार्न नहुने जातिका व्यक्तिहरूलाई कमारा कमारी बनाउने वा शुद्र बनाउने जस्ता दण्ड दिइन्थ्यो। वि.सं. १८९२ मा एउटी खसिनीले जातक मारेकीले त्यसलाई कमारी पारी रु. ३०।- मा बेचिएको थियो।[५] त्यस्तै न्यायालयले नै कमारा कमारीको मोलतोल गर्ने परम्परा थियो। वि.सं. १८९४ मा ३ वटा कमारा कमारी रु. १६०।- भनेर श्री इटाचपलीले मोल निर्धारण गरेको उल्लेख छ।[६]

त्यस्तै यदि ब्राह्मण, क्षत्रीय, माथिल्लो जातको कन्यालाई पानी नचल्ने जातले जबर्जस्ती होस् अथवा मिलोमतोले होस करणी गरेमा त्यस्तो तल्लो जातको व्यक्तिलाई दास बनाइन्थ्यो। यसै गरेर देशका लागि लड्न गएका सिपाही पुलिसका स्वास्नीले अर्कालाई करणी गराएमा त्यस्ती आइमाईलाई पनि दासी बनाइन्थ्यो। यी कारणले दास प्रथा विस्तृत र विकसित गराउनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

दास प्रथाको विकास:

मानव सभ्यताको उषाकाल देखिनै दास प्रथा विश्वभरिनै प्रचलित थियो। यसको रूप तथा यसप्रतिको मानवको भावना पनि समयको साथसाथै बदलिँदै गएको पाइन्छ।

नीलघाटीको सभ्यता देखि नै दासप्रथाको उल्लेख पाइन्छ। दासहरूको उल्लेख गर्दै एक जना लेखकले "Life in these huts was as drap as the huts themselves" भनेबाट नै स्वतः अनुमान लगाउन सकिन्छ कि दासप्रथा समाजमा व्यापक रूपमा प्रचलित थियो।[७] यसको अतिरिक्त यिनीहरूको स्थान पनि ज्यादै नाजुक थियो। समाजमा सबैभन्दा निम्नस्तरका जनता कृषक र दास नै हुन्थे। यिनीहरू ज्यादै उपेक्षित र अपहेलित हुन्थे। सबैभन्दा कठोर कार्य गरेबापत खान र लाउन पनि यिनीहरूलाई बडो मुस्किल थियो। यिनीहरूको जीवनको कुनै मूल्य नै थिएन। प्राचीन नीलघाटीको सभ्यतामा दासहरूको प्रचलन भएबाट र यिनीहरूको अवस्था उपेक्षित र अपहेलित भएबाट नै दासको अवस्था यो भन्दा पछिका सभ्यताहरूमा झन निम्नकोटीको हुँदै गयो। मेसोपोटामियाको सभ्यता कालमा सुमेरियन सभ्यतामा, बेबोलियन सभ्यतामा र आसिरियन सभ्यतामा पनि दास प्रथा प्रचलित थियो। सिन्धुघाटीको सभ्यताकालमा मानिसहरूको समाजिक जीवन ज्यादै उन्नत थियो। समाजमा विभिन्न वर्गका श्रमिक, कृषक, कुम्हाले र दास पर्दथे। समाजमा निम्नवर्गका मानिसहरूका कुनै मूल्य र मान्यता थिएन।[८] यसरी समाजको सृष्टिको सुरुआत देखि नै निम्नवर्ग उपेक्षित र अपहेलित भएको पाइन्छ। उनीहरूको समाजमा कुनै मूल्य हुँदैनथ्यो। तर पनि इतिहासकारहरूले मध्यकालका दासहरूको स्तरभन्दा प्राचीनकालीन दासहरूको स्तर उच्च भएको बताएका छन्। किनभने दासहरूले अर्को वर्गसँग वैवाहिक सम्बन्ध कायम गर्न सक्दथे। दासको पुत्र दास नै हुँदैनथ्यो भन्ने उल्लेख पाइन्छ।[९]

चिनियाँ सभ्यतामा पनि दास प्रथाको उल्लेख पाइन्छ। त्यस समाजमा एउटा अचम्मको प्रचलनअनुसार कुनै समाजको स्वामीको मृत्यु भएमा दास-दासीहरूलाई उसको शवसँगै जिउँदै गाडिन्थ्यो। मरेपछि स्वर्गमा पनि दास-दासीको आवश्यकता पर्ने भएको हुनाले यसो गरिएको भन्ने उल्लेख पाइन्छ। यसो गर्ने प्रचलन भएबाट अनुमान लगाउन सकिन्छ कि दासहरू समाजको एक आवश्यकीय अङ्ग मात्र नभै व्यक्तिको अर्धाङ्ग अर्थात् अभिन्न अङ्ग बनाएको पाइन्छ। यसो हुनमा आर्थिक पृष्ठभूमिबाहेक अरू कुनै कारण भएको थाहा पाइँदैन। मालिकप्रतिको माया, मोह, स्नेह, प्रेम, जस्ता भावनात्मक कारणबाट, पृथक भएर बस्न नसकेर, वियोगको पीडा सहन नसकेर पनि मालिकको साथ दास-दासीहरू सती गएको पाइन्छ। तर चिनीयाँ समाजमा भने प्रत्येक समाजको स्वामीको निधनमा स्वर्गको कुरालाई आवश्यक ठानेर दास-दासी सती किन्न सकिने सस्तोमा पाइने कुरालाई आवश्यकीय अङ्ग बनाएर पठाएको हो भन्न कसैको दुईमत नहोला।[१०]

मानव सभ्यताको इतिहाससँग संबद्ध भएर आएको दासप्रथाकोइतिहास पनि मानव सभ्यताको इतिहासको साथसाथै विकसित र विकराल रूप धारण गर्दै क्रमिकरूपमा अगाडि बढेको पाइन्छ। प्राचीन सभ्यतामा दासहरूको स्तर निम्न थियो। यिनीहरूले दयनीय जीवनयापन गरेर बस्दथे। तर पछि यस प्रथामा पनि क्रूरता बढ्दै गयो। ग्रीक सभ्यतासम्म दासहरू समाजका उच्च वर्गका सेवकका रूपमा हुँदा आफ्नो अधिकारबाट मात्र वञ्चित थिए भने रोमन सभ्यतामा दासहरू पशुसरहको स्तरमा पुगिसकेका थिए। पशुहरूजस्तै बजारमा खरिद बिक्री हुन्थ्यो र दासहरू मालिकका निजी चल सम्पत्तिको

रूपमा लिइन थालियो। मालिकलाई छोडेर कतै जान सक्दैनथ्यो र गएको खण्डमा उसलाई मृत्युदण्ड दिइन्थ्यो। यसरी कानूनी तवरबाट अधिकारप्राप्त गरेर दास प्रथालाई अझ क्रूर र विकराल रूप दिन रोमन कानूनले महत पुऱ्याएको पाइन्छ। रोममा दासहरूले विद्रोह गरेका र त्यसलाई क्रूरतापूर्वक दमन गरिएको थियो। यसरी मानव सभ्यतासँग सृजना भएको प्रथामा समय र सभ्यताको साथसाथै मानवले यसलाई बडो क्रूर र अमानवीय प्रथामा परिणत गऱ्यो।[१२]

नेपालमा पनि यो कलङ्कित अमानवीय प्रथा प्राचीन कालदेखि नै प्रचलित थियो। इन्द्रियलाई दासजस्तो दवाएर भन्ने उल्लेख भएवाट लिच्छवी कालमा दास प्रथा थियो भन्ने अनुमान लगाउन सकिन्छ। लिच्छवी राजा नरेन्द्रदेवको अनन्त लिङ्गेश्वरको अभिलेखमा लोकपाल स्वामीको पूजाआजाको विधान उल्लेख भएको पाइन्छ। उक्त विधानमा १० जना देवदास र २० जना देवदासीको भागहरू छुट्टचाइएको उल्लेख भएवाट लिच्छवी कालमा देवदासी प्रथा प्रचलित थियो भन्ने अनुमान लगाउन सकिन्छ। तर दास प्रथा व्यापक रूपमा प्रचलन नभई सामान्य र सीमित तवरबाट मात्र चलेको पाइन्छ।[१३]

प्राचीन कालदेखि नै प्रचलनमा भएको दासप्रथा मध्यकालमा पनि विद्यमान भएको पाइन्छ। एक लेखकले दासप्रथा मध्यकालमा उपत्यकामा छैदै थिएन भन्ने लेखे पनि केही लेखकले यस भनाइलाई खण्डन गरेका छन्।[१४]

उपत्यकामा दासप्रथा अरू ठाउँमा भन्दा कम थियो। मध्यकाल र आधुनिक कालमा दोलखामा दास प्रथाको व्यापकता हुनुको मुख्य कारण दोलखा व्यापारिक केन्द्र भएकोले हुन सक्दछ। व्यापारिक केन्द्र भएको कारण त्यहाँ अनेक आर्थिक कारोवार आरम्भ भयो। कार्य सम्पन्न गर्नको लागि जनशक्तिको आवश्यकता भयो। जनशक्तिको आवश्यकता पूर्ति गर्ने सिलसिलामा विश्वसनीय व्यक्तिहरूको आवश्यकता अनिवार्य भएवाट नै दास प्रथा त्यस क्षेत्रमा व्यापक रूपमा प्रचलित भएको पाइन्छ। त्यसैकारणले उपत्यकाको तुलनामा दोलखामा दासप्रथामा व्यापकता हुन गएको अनुमान लगाउन सकिन्छ।[१५]

उपत्यकाभित्र पूर्व मल्लकालमा लिच्छवी कालमा जस्तै सामान्य रूपमा मात्र दासप्रथाको प्रचलन थियो। तर यसको अस्तित्व चाहिं पटक्कै नभएको होइन। लिच्छवीकालमा जस्तै मध्यकालमा पनि देवदासीहरू मन्दिरको लागि राखिने प्रचलन यथावतै थियो भन्ने कुरा वि.सं. १६९३ मा पाटनका राजा सिद्धिनरसिंह मल्लले पाटनको कृष्णमन्दिर बनाएर राखेको अभिलेखबाट स्पष्ट हुन आउँछ।[१६] यसरी लिच्छवीकाल देखि नै देवदास-दासी राखिने परम्परा मल्लकालको साथै आधुनिक कालसम्म पनि कायम रहन आएको पाइन्छ। तर मल्ल कालको अन्त्यतिर भने यस प्रथाको प्रचार प्रसार विशेष रूपमा नै बढ्यो। फलस्वरूप ऋण लिँदा दिँदा दास-दासी धरौटीको रूपमा राख्ने परम्परासमेत बाँधियो। त्यस्तै दास-दासीहरूको किनवेच गर्दा पञ्च कचहरी साक्षी राखिने व्यवस्था पनि कायम भयो। पञ्च कचहरीले नै दास-दासीको मूल्य निर्धारण गर्दथ्यो। यसरी राखिएको दासदासीलाई सरकारको तर्फबाट संरक्षण प्राप्त हुन्थ्यो। यिनीहरू भागेमा सरकारी स्तरबाट नै खोजी तलासीको कार्यसमेत हुन्थ्यो। यसरी वैध तरिकाबाट नै दास-दासी राख्ने परम्परामा वृद्धि हुन गएबाट लौकिक जीवनमा पनि यसको प्रचलनमा

वृद्धि भएको हो। दिन-प्रतिदिन व्यापकता हुँदै गएको दासप्रथा उपत्यकाको वरिपरि जस्तो दोलखा, नुवाकोट, लुटीकोट, सातगाउँ आदि ठाउँहरूमा विशेष रूपमा प्रचलित थियो।[१७]

उपत्यका व्यापारिक केन्द्र थिएन साथैउपत्यकाको माटो ज्यादै मलिलो भएको हुनाले यहांका मानिसहरूले कृषि कार्यबाट सहजै आफ्नो जीवन बिताइरहेका थिए। थोरै परिश्रम गरेर पनि उनीहरूले सजिलै जीवन निर्वाह गर्न सक्दथे। जसको कारण यहाँका मानिसले कुनै किसिमको उद्योग व्यवसायहरू अपनाउन परेन। तर उपत्यकादेखि वाहिर कृषिवाट मात्र आत्मनिर्भर हुन नसक्ने भएको हुनाले विभिन्न उद्योग र व्यवसायहरू अपनाउनु पऱ्यो। जसको लागि केवल परिवारले मात्र श्रमदान गरेर सम्भव भएन र आफ्नो चल सम्पत्तिको रूपमा गनिने र विश्वसनीय व्यक्ति ठहरिने भएको हुनाले दास-दासी राख्ने प्रचलन उपत्यकादेखि वाहिर विशेष रूपमा रहन गयो। उपत्यकामा सामान्य रूपमा मात्र रहन गयो।

दोलखा कान्तिपुरमा मिलेपछि त्यहाँका पहिलेका शासक वर्गहरूले भूमिपति र पूँजिपतिका रूपमा परिणत हुँदै व्यापारमा, खेतीमा, पशुपालनमा, खानी उद्योगमा अधिकार जमाउँदै लगेको र सबै काम आफैले भ्याउन नसकेकोले यिनीहरूले कमारा-कमारीहरू पाली उनीहरूबाट यस्तो काम लिन थालेको पाइन्छ। यसप्रकारबाट उपत्यकामा दासप्रथा वढ्दै गएको देखिन्छ।

उपत्यकाको मल्लकालीन समाज सुसंस्कृत थियो मल्लकालीन समाजका विशेषताहरूमध्ये संयुक्त परिवार पनि एक हो। खास गरेर संयुक्त परिवारमा जनशक्तिको अभाव हुँदैनथ्यो। कुनै पनि कार्य सजिलैसँग मिलिजुली गरिन्थ्यो। उपत्यकामा नेवार जातिहरूको वसोवास भएको, व्यापारिक केन्द्र पनि नभएको र यिनीहरू अरू जातिभन्दा वढी स्वावलम्बी भएवाट र गुठीको व्यवस्थाको कारणबाट लौकिक जीवनमा जनशक्तिको अभाव नहुने हुँदा दासप्रथा सामान्य रूपमा मात्र प्रचलित भएको पाइन्छ।

मल्लकालको साथसाथै आधुनिक कालमा पनि दासप्रथा रहेको पाइन्छ। पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा कान्तिपुर विजय गर्नुभन्दा केही दिन अगाडि लडाईमा पक्रिएर कमारो बनाइएको मल्ल राज्य क्षेत्रको एउटा मानिसलाई धनादत्त नेवार नाम गरेको करिया मुक्त गरिदिएर आफ्नो राज्यमा स्वतन्त्रतापूर्वक घरजम गरी वस्ने अनुमति दिएका थिए।[१८] वि.सं. १८३० मा भीरकोटवासी श्री वालकृष्ण उपाध्यायले नकु र गुणवती नाम गरेकी दुइवटा नेवार्नी कमारीलाई देवदासीको रूपमा पशुपतिमा अर्पण गरेवाट आधुनिक युगमा पनि देवदासी प्रथा विद्यामान भएको स्पष्ट हुन आउँदछ।[१९] त्यस्तै वि.सं. १८३० मा सात गाउँमा पनि त्यहाँका साहू महाजनहरूले प्रजाहरूलाई कमारा कमारी तुल्याउन नपाउने व्यवस्था गरेका थिए। यी कार्यहरूबाट अनुमान हुन आउँछ कि पृथ्वीनारायण शाहको दासत्व मोचन गर्ने नीति थियो।[२०] तर यस कदमलाई निरन्तरता दिन नसक्दा पृथ्वीनारायण शाहको उक्त नीति अपूर्ण भयो।

पृथ्वीनारायण शाहपछि रणवहादुर शाहको पालामा नेपाल-चीन-युद्धपछि धेरै तिब्वतीहरू नेपालमा आई वस्न थाले। गोसाइँस्थानमा आई वसेका ती शेर्पाहरूले तिब्वतीहरूसँग धार्मिक एकताको कारण नेपाल राज्यवाट अलग हुन विद्रोह गरी झण्डासमेत गाडेका थिए। यस विद्रोहलाई दवाउन जरुरी भएकोले दवाइयो तथा यस

विद्रोहमा मारिनेका युवती, छोरी, बुहारीहरू पक्रिएका थिए। यिनीहरूलाई दास-दासी बनाएर राखेको उदाहरणहरू पनि छन्।[२१]

त्यस्तै पृथ्वीनारायण शाहपछि दास प्रथा बन्द गर्न पाइला चाल्ने शासकहरूमा स्वामी महाराज रणबहादुर शाह देखा परेका छन्। वि.सं. १८५० मा डोटीमा भागेर गएका दास दासीहरूलाई जबर्जस्ती उनीहरूको मालिककहाँ नपठाउने आदेश स्थानीय अधिकारीहरूलाई दिएका थिए। वि.सं. १८५८ मा ब्राह्मण र रजपूतलाई दास बनाउन नपाउने नियम बनाइयो।[२२] नेपालका शासकहरूले दासत्व मोचन गर्न एकातिर समय-समयमा अनेकौं कदमहरू चाल्दै आएका पाइन्छन् भने अर्कोतिर जनस्तरबाट पनि दासत्व मोचन भएका उदाहरणहरू पाइन्छ। वि.सं. १८६३ मा बुद्धि रेखा गोदारर्नीले पशुपतिनाथमा थाल, बटुको, पन्यू, आदि भाँडाकुँडाको साथ सुनको गहना, आफ्नो पेवाको केही सम्पत्ति चढाउँदा १५ रूपैयाँमा किनेको धनावती नाम गरेकी कमारीलाई दासमोचन गरेको कुरा स्पष्ट उल्लेख भएबाट देवमन्दिरमा गई विधिपूर्वक दास मोचन गर्ने प्रथा भएको बुझिन्छ।[२३] यसपछि दासप्रथा बन्द गर्न खोज्ने शासकहरूमा प्रधानमन्त्री भीमसेन थापा देखा पर्दछन्।[२४] वि.सं. १८६५ मा कसैले पनि आफ्ना छोराछोरीलाई भोटे र मुसलमानलाई बेच्न नपाउने आदेश गराए। वि.सं. १८९३ मा प्यूठानका मगरहरूले छोरी बेचबिखन गर्न नपाउने आदेश गरेका थिए। यसरी पृथ्वीनारायण शाहपछि दासत्व मोचनमा अर्को सिँढी थप्ने कार्य भीमसेन थापाले गरेका थिए।[२५] वि. सं. १८९६ मा श्री ५ राजेन्द्रले अधिराज्यभरका सबै बासिन्दाले दास बनाउन र दासको खरिद बिक्री गर्न नपाउने नियमको घोषणा गरे। नेपाल अधिराज्यभरि दासप्रथाको उन्मूलनको लागि आदेश भएको यो पहिलो आज्ञापत्र थियो।[२६]

आधुनिक युगको शाहकालमा दासत्व मोचनको लागि प्रशस्त आवाजहरू उठे। अनेकौं नियम कानूनहरू, आदेशहरू बने तर यो प्रथा समाजमा विद्यमान नै रहिरह्यो। राणा कालको उदय भएपछि जङ्गबहादुरले पनि दासप्रथालाई निरुत्साहित पार्न अनेक नियमहरू बनाए। जस्तो :

१. ब्राह्मण, क्षत्रिय, रजपूतका छोराछोरीलाई दास दासी बनाउन नपाउने।
२. तागाधारीलाई कमारा, कमारी बनाउन नपाउने।
३. तोकिएको जातबाहेक अरूलाई दासदासी बनाउन नपाइने।
४. कोही दास दासी भागेर विदेशमा गई पछि फर्केर आएर सरकारले तोकेको मूल्य साहूलाई बुझाएमा ऊ मुक्त हुन पाउने, त्यस्तै भागेर मोरङ्ग, सुर्खेत, चितवनमा पुगेमा मालिकले पक्रेर ल्याएर दास बनाउन नपाउने भयो।
५. पानी नचल्ने जातमा कुनै कसुर गरेबापत दासमा परिणत गर्न नपाइने।

वि.सं. १९२४ मा जङ्गबहादुरले भारतीय दासदासीलाई मुक्त गराएका थिए। त्यस्तै उनले कानूनी तवरबाट कमारा कमारीको मूल्य तोकिदिएका थिए। ६० वर्ष भन्दा माथिका मानिसको बेचबिखन गर्न नपाइने व्यवस्था गरिदिएका थिए। भाइअंश लगाउँदा कमारा कमारी पनि अंश लाग्दथ्यो र छोरीलाई दाइजो दिँदा ११ वर्ष भन्दा कम उमेरको कमारीलाई दिई पठाउन प्रतिबन्ध लगाएका थिए। त्यस्तै कमारी कमारी बेच्दा भाइ सल्लाह गर्नुपर्ने र ११ वर्षभन्दा कम उमेरका छोरा छोरी भएमा छोरा छोरी सहित

किनवेच गर्नु पर्ने नियम तोकिदिए। जङ्गवहादुरका यी कदमहरू हेर्दा करिया मोचनको लागि उनले निकै प्रशंसनीय कार्यहरू गरेको देखिन्छ।[२७]

वि. सं. १९४५ मा वीरशमशेरले नेपालमा दासप्रथा उन्मूलन गर्ने क्रममा प्रधानमन्त्रीको सहमतिविना दुई जना भन्दा वढी दासदासी राख्न नपाउने यवस्था गरे।[२८]

वीरशमशेरपछि देवशमशेरले करिया मुक्तिको लागि कदमहरू चालेको पाइन्छ। उनले आफ्नो राज्याभिषेकको वेलामा आफ्ना दरवारमा रहेका दास दासीहरूलाई मुक्त गरिदिएका थिए। कास्की र लमजुङ्गका दासीहरूलाई उन्मूलन गर्ने विचार गरेर अधिकारीहरू खटाए। तर त्यहाँका ठूला ठालुहरूले विरोध गरेका हुनाले त्यस कामका लागि खटिई गएका अधिकारीहरूको सुरक्षाको लागि सैन्य दलहरूको समेत प्रयोग गर्नुपरेको थियो। यो विरोधपछि उनले कमारी उन्मूलन गर्ने विचार छोडेर कमारा कमारीलाई अवदेखि एक ठाउँबाट अर्को ठाउँमा विक्री गर्न पाइँदैन भनी वि.सं. १९५८ मा ऐन समेत वनाएका थिए।[२९] तर उनको शासन अवधि ४ महिनाको मात्र भएकोले दासप्रथाको उन्मूलन गर्नेतर्फ अरू प्रयासहरू गर्न पाएनन्।

देवशमशेरपछि चन्द्रशमशेर प्रधानमन्त्री वने। उनी शताब्दीयौँदेखि चलिआएको दासप्रथालाई निर्मूल पार्ने उद्देश्य लिई अगाडि वढे। वि.सं. १९८१ सालमा उनले दासत्व प्रथाको अन्त्य गर्न भनी ठोस कदम उठाए। त्यो काममा उनले सतर्कतासाथ कदमहरू उठाएका हुँदा उनले पूर्ण सफलता पाए।[३०] उनले अधिराज्यभर एकैपटक यस प्रथालाई उन्मूलन गर्ने विचार गरे। वि.सं. १९६३ को मुलूकी ऐनमा दाससम्वन्धी व्यवस्थाम संशोधन गरी नयाँ व्यवस्था अपनाए। त्यस्तै दासत्व प्रथा खतम गर्न करिया मोचन विभाग भन्ने एउटा सरकारी विभाग खोलिदिए। यसप्रकार चन्द्रशमशेरले दासत्व प्रथा उन्मूलन गर्ने कार्यमा विशेष कदम चालेको पाइन्छ। सर्वप्रथम करिया मुक्त गर्नको लागि मालिक र दासदासीहरूको संख्या पत्ता लगाउनु पर्थ्यो, यसो नगरेको भए उनले पनि पूर्ववर्ति शासकहरूलेजस्तै दास प्रथा उन्मूलन कार्यमा सफलता हासिल गर्न सम्भव प्रायः थिएन। वि.सं. १९७७ मा सम्पूर्ण अधिराज्यभरिको जनगणना लगत लिँदा उनले फाराममा दास-दासीहरूको छुट्टै महल खडा गरी लगत लिन लगाएका थिए। वि.सं. १९७७ को जनगणना वमोजिम सम्पूर्ण देशमा करियाहरूको संख्या ४६०६४ देखिन आयो।[३१] उनले तत्कालै करिया मूक्ति गर्ने कदम उठाएनन्। चन्द्रशमशेरले दासत्व उन्मूलन सम्वन्धमा दुइवटा सुधारका कदमहरू आरम्भ गरे। सर्वप्रथम उनले वि.सं. १९७८ मा एउटा ऐन वनाएर जारी गरे जस अनुसार वावु आमाको सम्पत्तिमा र आफुले कमाएको सम्पत्तिमा पनि करियाको हक रहने भयो।[३२] यो ऐन अनुसार पहिलो पटक उसको अर्थात् दासको पनि आफ्नो व्यक्तिगत सम्पत्ति भन्ने रहन गयो। यो भन्दा पहिले करियाहरू पशुतुल्य हुन्थे र तिनका छोराछोरीसमेत आफ्नो हुँदैनथ्यो। यो ऐन वने तापनि करियालाई दिइएको अधिकार व्यवहारमा उत्रन सकेन। उसले आफ्नो सम्पूर्ण समय मालिककै कार्यमा विताउनुपर्ने भएकोले यस ऐनको कुनै ठोस नतिजा निस्कन सकेन। तत्पश्चात उनले वि.सं. १९७८ मा नै करियासम्वन्धी अर्को दोस्रो ऐन वनाए। जसअनुसार विदेशमा ३ वर्ष वसी आएका करियाले मालिकलाई ऐन वमोजिमको मोल तिरे अमलेख हुन पाउने, १० वर्ष विदेशमा विताइआएको छ भने केही नतिरी स्वतः अमलेख हुन पाउने व्यवस्था

गरिदिए।[३३] खास गरेर धेरै जसो करियाहरू भारतमा जान थालेको र नेपालका मालिकहरूले धेरै कष्ट दिन थालेकोले यो ऐन जारी गरी स्थितिमा सुधार ल्याउन खोजेको देखिन्छ। तर यस ऐनको सूचना प्रवाह व्यापक रूपमा नभएकोले यस ऐनको पनि खास उपलब्धी हुन सकेन। यसरी चन्द्रशमशेरले वडो सतर्कतासाथ दासमुक्तिको लागि एक पछि अर्को गर्दै विभिन्न कदमहरू चालेवाट उनी परिपक्व तवरवाट काम गर्ने र यसको उन्मूलन गर्नमा दृढ रहेछन् भन्ने विश्वास गर्न सकिन्छ।

करिया मोचन गर्ने सिलसिलामा योजनावद्ध तरिकाले कार्यहरू गरेकोले नै उनी सफल भए। वि.सं. १९७७ को नेपाल अधिराज्यको जनगणनामा करियाहरूको लगत तयार गराउँदा मालिकहरूको संख्या सो लगतमा नहुँदा तथ्याङ्कविना काम हुन नसकेकोले वि.सं. १९८० मा उनले पुनः करिया र मालिकहरूको समेत लगत तयार गर्न लगाए। यो लगतअनुसार करियाहरूको संख्या ५१५१९ र मालिकहरूको १५७१९ आयो।[३४] यो आँकडाले उनलाई करिया मुक्तिको लागि आवश्यक रकम छुट्याउन पनि सजिलो भयो। सम्पूर्ण कार्यहरू योजनावद्ध तरिकाले गर्दै आए तापनि कसरी दासत्व मोचन गर्ने भन्ने एउटा समस्या देखापऱ्यो। ऐन कानूनको निर्माणले मात्र करिया मोचन सम्भव रहेनछ भन्ने कुरा उनले आफूभन्दा अगाडिका शासकहरूवाट देखिसकेको तथा मालिकहरूको मत सङ्कलन गर्न पनि सम्भव नहुने भएकोले एक निश्चित दिन तोकी सवै भाइ-भारदार एवं जनताहरूको सामूहिक राय लिने विचार गरे। तदनुसार वि.सं. १९८१ को मार्ग १४ गते शुक्रवार निजामति सैनिक अफिसरहरू तथा आम जनताहरूलाई टुँडिखेलमा सामेल गराएर आफ्नो उपस्थितिमा गुरुजू हेमराज पाण्डेद्वारा "करियाको अमलेख गर्ने" विषयमा आफ्नो भाषण पढ्न लगाएर आमसभा जस्तै गरे। यस सभामा श्री ५ त्रिभुवनको समेत समुपस्थिति थियो।[३५] भाषणका क्रममा "करिया प्रथा" को फाइदा वेफाइदा सवै विवेचना गरिएको थियो। संसारवाट अन्त्य भैसकेको यस्तो कुप्रथा नेपालमा मात्र वाँकी रहेकोले निन्दनीय तथा धार्मिक, आर्थिक, नैतिक, कुनै किसिमले पनि ठीक नभएको प्रथालाई अन्त्य गर्नु नै राम्रो भन्ने अपील गरे। यसरी वडो दूरदर्शिताका साथ "करिया मुक्ति" को लागि आवाज उठाएर सवै जनताहरूको मनशाय बुझ्ने चलाखी उनले गरे। यसका अतिरिक्त उनले तत्कालै यो हटाउने कार्य पनि व्यवहारिक नठानेको हुँदा आफ्नो राय सल्लाह पेश गर्न सवैमा अपील गर्दै ३ वटा सुझावहरू प्रस्तुत गरे :

१. सकेसम्म चाँडै नेपाल राज्यवाट कमारा कमारी हटाउने सवैको सुझाव आएमा ऐन वनाउने।
२. फिरिस्तमा दर्ता भएका र मालिकले मागेमा त्यस्ता गैह्र करियाहरूको लागि अमलेख गर्न ऐन वमोजिम मालिकहरूलाई मोल दिने व्यवस्था मिलाउने।
३. अमलेख भएका करियाले ७ वर्षसम्म अमलेख भएपछि पनि मालिकको काम गर्न पर्ने र मालिकले पनि उनीहरूलाई पहिलाको जस्तै खान लाउन दिनु पर्ने।

यसरी सुझावहरू समेत दिएर एकातिर जनभावनाको कदर गरेको जस्तोदेखाए भने अर्कोतिर करियाहरूलाई सुरक्षा पनि गरिदिए। यसरी उनले कार्य सफल पार्न खोजेको देखिन्छ। उनको यस कार्यको गौणरूपले मात्र विरोध जनाएको पाइन्छ। तसर्थ आमसभा गरेको ५ महिनापछि चन्द्रशमशेरले सम्पूर्ण करियाहरूलाई अमलेख गर्ने अन्तिम कदम

उठाए। वि.सं. १९८२ साल वैशाख १ गते देखि नेपाल अधिराज्यमा कुनै पनि व्यक्तिलाई दास वा दासी मानिने छैन, कसैले कसैलाई दासदासी बनाउन सक्ने छैन भन्ने ऐन बनाई कार्यान्वयन समेत गरे।[३६] यस ऐनको उल्लङ्घन भएमा कडा-से-कडा सजायको व्यवस्था पनि उनले गरेका थिए। यसरी चन्द्रशमशेरले मानवको आद्य ऐतिहासिक कालदेखि शुरु भएको दासत्व प्रथालाई वडो परिपक्वताका साथ कदमहरू चालेर आफ्ना अग्रजहरूले गरेका भूलहरूलाई नदोहोऱ्याइकन नेपालबाट वि.सं. १९८२ वैशाख १ गते देखिसदाको लागि अन्त्य गरिदिए। उल्लेखनीय कुरा के छ भने भारतमा दासप्रथा अन्त्य भएको ७८ वर्षपछि मात्र नेपालमा दासप्रथा अन्त्य गर्न सफलता मिलेको थियो।[३७]

अमलेख भएका करियाहरूलाई पाखुरामा "शिवभक्त" नामकरण गरियो।[३८] उनीहरूलाई अमलेख गर्दा पशुपतिको भण्डारबाट पैसा निकालिएको थियो। पशुपतिको भण्डारबाट रु. ५६ लाख निकालिएको भनिन्छ तापनि यथार्थ समुच्च रकम कति हो भन्ने अभिलेख प्राप्त भएको छैन। करिया मुक्त भएपछि जीविकोपार्जनको निम्ति भिक्षाखोरीमा जग्गा जमिन आवाद गरी बस्ने सुविधा प्रदान गरिएको हुनाले सो ठाउँको नाम पनि पछि अमलेखगन्ज नै रहन गयो।[३९] यसरी ढिला नै भए पनि संसारबाट कलङ्कित कुप्रथा भनेर मानिएको "दासप्रथा" लाई नेपालबाट सदाको लागि हटाएर मानव जातिको ठूलो कल्याण चन्द्रशमशेरले गरेका थिए। नेपालको इतिहासमा "दासप्रथा" को उन्मूलनको अध्यायसँग गाँसिएको चन्द्रशमशेरको नाम सदैव अजर अमर रहन गयो।

उपसंहार

मानव सभ्यताको विकासको क्रमका साथ साथै दास प्रथाको शुरुवात भई व्यापक प्रचलनमा आएको पाइन्छ। क्रमबद्ध रूपमा विकसित हुँदै आएको दासप्रथा पछि विकृत भई कलङ्कित हुन गयो। अन्त्यमा दास मानवको प्रतिबिम्ब मात्र हो भन्ने धारणा बन्यो।

धर्मशास्त्रहरूमा पनि यसको वर्णन भएको पाइन्छ। समय, काल, परिस्थिति अनुसार यसको स्वरूप परिवर्तित तथा विकसित हुँदै गयो। यसको स्वरूपप्रति मानवको भावना पनि बदलिँदै गयो। संसारका विभिन्न सभ्यतामा दासप्रथाको उल्लेख पाइन्छ। यी सभ्यताहरूको अध्ययनबाट दासहरूको स्थिति क्रमिक रूपमा बदलिँदै गएर निम्नस्तरको तथा पशुसरह बन्न पुगी बजारमा खरिद विक्रिको वस्तु सम्म हुन थाल्यो। यसरी मानवले यसलाई समयअनुसार वडा क्रूर र अमानवीय प्रथामा परिणत गरे।

यो प्रथा नेपालमा पनि प्राचीन कालदेखि नै प्रचलित थियो। तर यो प्रथा व्यापक रूपमा नभएर सामान्य रूपमा मात्र प्रचलित थियो। मध्यकालमा पनि यो प्रथा व्यापक रूपमा थियो। मध्यकालको अन्त्यतिर यस प्रथाको प्रचार-प्रसार विशेष रूपमा बढ्न गई ऋण लिँदा र दिँदा दास-दासी धरौटी राख्ने प्रचलन बढ्दै गयो। सरकारले दासप्रथालाई संरक्षणता प्रदान गर्दै यस प्रथालाई वैधता प्रदान गरेको पाइन्छ। यसको स्वरूप अझ क्रूर हुँदै नाजुक बन्न पुगिसकेको हुनाले यसको उन्मूलन हुनु आवश्यक थियो। तसर्थ पृथ्वीनारायण शाहले करिया मुक्तिमा सर्वप्रथम पाइला चालेको पाइन्छ। पृथ्वीनारायण शाहले चालेका कदमहरूलाई उनका उत्तराधिकारीहरूले पनि निरन्तरता दिँदै आएका थिए। तर पनि सफलता अपूर्ण थियो। आफ्ना पूर्वजहरूले गरेका कार्यहरूमा विभिन्न कारणवस सफलता हासिल गर्न नसकेको कुरा चन्द्रशमशेरले बुझेका हुनाले वडो

परिपक्वतापूर्वक कदमहरू चालेर नेपालमा शताब्दीयौंदेखि विद्यमान भएको क्रूर कलङ्कित र अमानवीय दास प्रथालाई वि.सं. १९८२ वैशाख १ गतेदेखि सरकारी स्तरबाट नै मुक्त गरी मानव जातिको ठूलो उद्धार गरेको पाइन्छ ।

टिप्पणी

१. कुन्द्रा एण्डा वावा, रिफ्रेसर कोर्स इन वर्ल्ड हिस्ट्री, दिल्ली जे.सि. कपुर, १९७१-७२, पृ. ७६
२. दिनेशराज पन्त, स्वामि महाराज रणबहादुर शाहको वि.सं. १८६२ को वन्दोवस्त, काठमाडौं,पूर्णिमा २४ पूर्णाङ्क, पृ. २४९ ।
३. टेक बहादुर श्रेष्ठ, देवदासी प्रथामा नयाँ प्रकाश, काठमाडौं, कन्ट्रीव्युसन टु नेपलिज स्टडिज, नेपाल र एशियाली अनुसन्धान केन्द्र, पृ. १०३ ।
४. ऐजन
५. डा. जगदिसचन्द्र रेग्मी, नेपालको वैधानिक परम्परा, काठमाडौं, पाठ्यविकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०३६, पृ. २७१ ।
६. ऐजन ।
७. कुन्द्र एण्ड वावा, टिप्पणी नं. १ ।
८. ऐजन ।
९. डा. एस. एल. नागोरी, प्राचीन भारत, जयपुर, एस. के. परनामी, आ.वि. एस. पब्लिशर्स, १९८६, पृ. १७ ।
१०. कुन्द्रा एण्ड वावा, टिप्पणी नं. १, पृ. ७६ ।
११. ऐजन ।
१२. ऐजन ।
१३. धनवज्र वज्राचार्य, लिच्छवी कालको अभिलेख, काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, पृ. ४५८, ८९ ।
१४. डिल्लीरमण रेग्मी, मिडिभल नेपाल, कलकत्ता, के. एल. मुखोपाध्याय, १९९६, पृ. ५७३ ।
१५. धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, दोलखाको ऐतिहासिक रुपरेखा, काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, पृ. ६३ ।
१६. दिनेशराज पन्त, टिप्पणी नं. २, पृ.२५० ।
१७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, टिप्पणी नं. १५, पृ. ६३ ।
१८. नेपाल सांस्कृतिक परिषद्, ऐतिहासिक पत्र सङ्ग्रह, काठमाडौं, पहिलो भाग २०१४, पृ. २७, २८ ।
१९. टेकबहादुर श्रेष्ठ, टिप्पणी नं. ३, पृ. १०५ ।
२०. दिनेशराज पन्त, टिप्पणी नं. २, पृ. २५२ ।
२१. देवीप्रसाद भण्डारी, ऐ.शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास, काठमाडौं, पूर्णिमा ६३, ३ अङ्क, पृ. २० ।

२२. डा. तीर्थप्रसाद मिश्र, आधुनिक नेपालको इतिहास, काठमाडौं, एम. के. पब्लिशर्स एण्ड डिस्ट्रीव्युटर्स, २०५०, पृ. १७६ ।
२३. टेकबहादुर श्रेष्ठ, टिप्पणी नं. ३, पृ. १०५ ।
२४. दिनेशराज पन्त, टिप्पणी नं. २, पृ. २५३ ।
२५. दिनेशराज पन्त, दि स्टेट, दि ल एण्ड एडमिनिस्ट्रेशन इन क्लासिकल इण्डिया, म्यूनिख १९९७, पृ. १४२ ।
२६. ऐजन
२७. कानुन किताब व्यवस्था समिति, श्री ५ सुरेन्द्र विक्रम शाहदेवको शासनकालमा वनेको मुलुकी ऐन, काठमाडौं, कानून र न्याय मन्त्रालय, २०२२, पृ. ३५६, ६२ ।
२८. दिनेशराज पन्त, टिप्पणी नं. २५, पृ. १४४ ।
२९. चित्तरन्जन नेपाली, नेपालमा करिया मोचनको इतिहास, नेपाल, नेपाली २० पूर्णाङ्क, मदन पुरस्कार गुठी, ललितपुर, २०२१, पृ. १२, १३ ।
३०. ऐजन, पृ. १८ ।
३१. ऐजन, पृ. १९ ।
३२. ऐजन, पृ. १९ ।
३३. ऐजन, पृ. १९, २० ।
३४. ऐजन, पृ. २१ ।
३५. दिनेशराज पन्त, टिप्पणी नं.२, पृ. २५७, २५८ ।
३६. ऐजन, पृ. २५८, २५९ ।
३७. दिनेशराज पन्त, टिप्पणी नं. २५, पृ. २८ ।
३८. चित्तरन्जन नेपाली, टिप्पणी नं. २९, पृ. २८ ।
३९. ऐजन, पृ. २८ ।

सहायक ग्रन्थ-सूची

१. कानून किताब व्यवस्था समिति "श्री ५ सुरेन्द्र विक्रम शाहदेवको शासनकालमा वनेको मुलुकी ऐन" काठमाडौं, कानून र न्याय मन्त्रालय, २०२२ ।
२. कुन्द्र एण्ड वावा "रिफ्रेसर कोर्स इन वर्ल्ड हिस्ट्री", दिल्ली, जे.सि. कपुर, १९७१, ७२ । ३. नागोरी, डा. एस. एल. " प्राचीन भारत" जयपुर, एस. के. परनामी, आर. वि. एस. पब्लिशर्स, १९८६ ।
३. नागोरी, डा. एस.एल. "प्राचीन भारत" जयपुर, एस. के. परनामी, आर. वि. एस. पब्लीशर्स, १९८६ ।
४. नेपाल सांस्कृतिक परिषद् "ऐतिहासिक पत्र सङ्ग्रह" काठमाडौं, पहिलो भाग, २०१४ ।
५. नेपाली, चित्तरञ्जन "नेपालमा करिया मोचनको इतिहास" नेपाल, "नेपाली" पूर्णाङ्क २०, मदन पुरस्कार गुठी, श्रीदरवार ललितपुर २०२१ ।

६. पन्त, दिनेश राज "स्वामी महाराज रणबहादुर शाहको वि. सं. १८६२ को वन्दोवस्त काठमाडौं, पूर्णिमा २४ पूर्णाङ्क ६ वर्ष ४ अङ्क संशोधन मण्डल ।
७. पन्त, दिनेश राज "दि स्टेट, दि ल एण्ड एडमिनिस्ट्रेशन इन क्लासिकल इण्डिया",म्युनिख आर, ओल्डेनवर्ग भरलग, १९९७ ।
८. वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ "दोलखाको ऐतिहासिक अभिलेख", काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।
९. वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ "दोलखाको ऐतिहासिक रुपरेखा" काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०३१ ।
१०. भण्डारी, देवीप्रसाद "ए.शि. वावुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास" काठमाडौं, पूर्णिमा ६३, १६ वर्ष ३ अङ्क, संशोधन मण्डल ।
११. मिश्र, डा. तीर्थप्रसाद "आधुनिक नेपालको इतिहास" काठमाडौं, एम. के. पब्लीशर्स एण्ड डिस्ट्रीव्युटर्स २०५० ।
१२. रेग्मी, डिल्लीरमण "मिडिभल नेपाल" कलकत्ता, के. एल. मुखोपध्याय, १९६६ ।
१३. रेग्मी, डा. जगदिशचन्द्र " नेपालको वैधानिक परम्परा" काठमाडौं, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०३६ ।
१४. श्रेष्ठ, टेकबहादुर "देवदासी प्रथामा नयाँ प्रकाश" काठमाडौं, कन्ट्रीव्युसन टु नेपलीज स्टडिज, नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

मिथिला मध्य परिक्रमाको स्थलगत सांस्कृतिक महत्त्व

– डा. गङ्गाप्रसाद अकेला

परिक्रमाको महत्त्वः

पुण्यभूमिको चारैतिर श्रद्धा-भक्तिसाथ घुमेर आराध्य देवको पूजन-प्रक्रियालाई 'परिक्रमा' भनिन्छ। हिन्दू संस्कृतिमा परिक्रमाको धेरै ठूलो महत्त्व छ। विवाहको समयमा दुलहा-दुलहीद्वारा वेदीको परिक्रमा गराइन्छ। मन्दिरमा आराध्यदेवको वन्दनापश्चात् मूल मन्दिरको चारैतिर घुमेर १ देखि ५ पटकसम्म परिक्रमा गरिन्छ। हिन्दू धर्मावलम्वी मन्दिरमा जानेहरू प्रायः हरेक दिन आराध्यदेवका मूल मन्दिरका परिक्रमा गर्दछन्। तर, पवित्र र पुण्यभूमि 'मिथिला धाम'को परिक्रमा वर्षमा एक पटक फागुन शुक्ल पक्षमा मात्र प्राचीन कालदेखि नै गर्ने प्रचलन रही आएको देखिन्छ त्यसवाट मिथिलाका समस्त देवी-देवताहरूको आराधना पूरा हुन्छ भन्ने अवधारणा रहेको छ। त्यसैले वर्षमा एक पटक १५ दिन लगाएर मिथिलाको पुण्यभूमिको परिक्रमा गरिन्छ, । त्यो परिक्रमा 'मिथिला मध्य परिक्रमा'का नामले प्रसिद्ध छ।

मिथिला महात्म्यअनुसार परिक्रमा तीन प्रकारको हुन्छ– वृहती, मध्य एवं लघु अर्थात् अन्तर्गृही। वृहती परिक्रमाको क्षेत्र फराकिलो र वढी समय लाग्ने अवधिको हुन्छ जो सामान्य भक्तजनका लागि प्रायः सम्भव नहुने हुनाले मध्य र अन्तर्गृही परिक्रमा मात्र सर्वसुलभताका दृष्टिकोणबाट प्राचीनकालदेखि नै सम्पन्न गर्ने विधान रही आएको छ। मध्य परिक्रमा र अन्तर्गृही परिक्रमा एक-अर्काका अभिन्न अङ्ग हुन् भन्न सकिन्छ किनभने मध्य परिक्रमाको अन्तिम दिनमा अन्तर्गृही परिक्रमा गरिन्छ। अथवा अर्को शब्दमा यसो भनौं, मध्य परिक्रमाको अन्त अन्तर्गृही परिक्रमा गरेपछि नै हुन्छ।

मध्य परिक्रमा पहिले पाँचै दिनमा पूरा गर्ने गरिन्थ्यो। तर ३५ कोसको परिक्रमा ५ दिनमै गर्नु सामान्य भक्तजनहरूका लागि सुविधाजनक नरहेको कारणवाट पछि यसको अवधि १५ दिनको वनाइयो। हिजोआज मध्यपरिक्रमा प्रतिवर्ष माघ कृष्णपक्षको अमावस्था

तिथिदेखि प्रारम्भ भई फागुन शुक्लपक्षको चतुर्दशी तिथिका दिन पुनः जनकपुरधाममा फर्केर आएपछि समाप्त हुन्छ र भोलि पल्ट पूर्णिमाका दिन सकालै अन्तर्गृही परिक्रमाको कार्यक्रम प्रारम्भ भई सोही दिन दिउँसो समाप्त हुन्छ।

परिक्रमाको नियम के छ भने मलमूत्रादि त्याग परिक्रमा क्षेत्रको भित्रको भागमा नगरी बाहिरपर्ने क्षेत्र अर्थात् देब्रेपट्टि गर्नु पर्दछ। जुत्ता चप्पल लगाउनु, साबुन-तेल लगाउनु, असत्य बोल्नु, अमर्यादित आचरण गर्नु वर्जित रहन्छ।

मिथिला मध्य परिक्रमाको विधिः

उहिले 'मिथिला विहारी अर्थात् मिथिला धाममा आनन्दपूर्वक विचरण गर्ने सीताराम युगलजोडीको डोला अघि-अघि मिथिलाविहारीका अनन्य भक्त हुनमानजीको झण्डा र त्यसको पछाडि मिथिला विहारीको डोला (लालकी) 'अग्निकुण्ड'बाट प्रस्थान गर्दथ्यो। त्यसपछि 'रत्न सागर'बाट प्रस्थान गर्न थाल्यो र हाल सोही ठाउँद्वारा प्रत्यायोजित प्रथाअनुरूप 'कचुरी' भन्ने गाउँको मन्दिरबाट पूजा-पाठ गरेपश्चात् घराघण्टी सहित सङ्गीर्तन गाँउने मण्डलीकासाथ श्रीराम जानकीको मूर्तिलाई डोला (जालकी)मा राखिन्छ। कचुरी गाउँका मन्दिरका महन्थद्वारा कलशमा माला पहिराएपश्चात् भक्तिपूर्ण सङ्गीतमय वातावरणबीच सो डोला त्यहाबाट माघ कृष्णपक्ष औंसी तिथिका दिन जनकपुरका लागि प्रस्थान गर्दछ र पिडारी चौक हुँदै पहिला 'रत्नसागर' लगिन्छ। रत्नसागरका महन्थद्वारा डोलाको पूजा गरिन्छ र तत्पश्चात् जानकीमन्दिरमा लगिन्छ र जानकीमन्दिरमा डोलाको पूजा-आजा गरी सकेपछि अगाडि-अगाडि भव्य झन्डा र पछाडि-पछाडि श्री मिथिला-विहारीज्यूको डोला 'हनुमान गढी' भन्ने स्थानतिर प्रस्थान गर्दछ। हनुमान गढी जनकपुरधामदेखि दक्षिण दिशामा पर्दछ जहाँको मन्दिरमा हनुमानजीको भव्य र विशिष्ट प्रकारको मूर्ति छ। यहाँ श्रीसीतारामका अनन्य भक्त हनुमानलाई श्री मिथिला-विहारी अर्थात् सीतारामजीको डोलाको दर्शन गराइन्छ। प्रथम रात्रिवास हनुमानगढीमा नै हुन्छ र भोलिपल्ट हनुमानजीको विशाल प्रतिमाबाट आशीर्वाद लिएर भक्तजनहरू डोलासहित त्यहाँबाट बिसौल, जहाँ ब्रह्मर्षि विश्वामित्रले तपस्या गरेका ठाउँमा उहाँको मन्दिर छ, हुँदै 'कल्याणेश्वर नाथ' अर्थात् 'कलना' (ग्रामीण बोलचालको नाम)का लागि प्रस्थान गर्दछ।

हनुमानगढीदेखि ४ कोस दक्षिण-पूर्वको कुनामा अवस्थित 'कल्याणेश्वर' अर्थात 'कलना' भन्ने स्थानमा शिवजीको मन्दिर छ र सोही कम्पाउण्डमा कल्याणेश्वर स्थानको विशाल 'शिव सागर' तालाबबाट निस्केको विष्णु भगवानको मूर्ति भएको मन्दिर समेत रहेको छ। त्यही 'तूफान कुण्ड' पनि छ। दोस्रो दिन अर्थात् फागुन शुक्ल प्रतिपदा तिथिका दिनको रात्रिवास त्यहीं हुन्छ। रात्रिमा रामायण पाठ, भजन-सङ्गीर्तन, आदि साङ्गीतिक कार्यक्रम हुन्छ। रामायण पाठको उपदेशात्मक सङ्गीतमय शुरुआत यस प्रकार हुन्छः

'गति होगा राम गुण गाने से - २
मिथिलापुर परिक्रमा करके - २
हो, हो गंगा सागर नहाने से - २। गति होगा ... ।'

भोलिपल्ट 'शिव सागर'मा स्नानादिपश्चात् कल्याणेश्वरनाथको मन्दिरको दर्शन-आशीर्वाद लिएपछि श्री मिथिला-विहारीको डोला त्यहाँबाट 'गिरीजास्थान' फुलहरका लागि प्रस्थान गर्दछ।

गिरिजास्थान, कल्याणेश्वरदेखि ४ कोस दक्षिण-पश्चिम कुनामा अवस्थित रहेको त्यो पौराणिक महत्त्वको रमणीक प्राचीन ऐतिहासिक गरिमामय स्थान हो, जहाँ भव्य 'सीता सागर', 'दुखहरण कुण्ड' र मनोरम गिरिजा फूलवारी छ। त्यहीँ गिरिजा माताको भव्य मन्दिरका साथै अर्को भव्य मन्दिरहरू पनि छन्, जसमा विष्णु भगवान्, भगवती दुर्गा, योगमाया, जानकीजी, गौरीशङ्कर सबैका मूर्तिका साथै गणेश भगवान्का आदि गणेश, मध्य गणेश र अन्त गणेश समेतका मूर्तिहरू छन्। यो त्यही स्थान हो, जहाँ सीताजी विवाहपूर्व गिरिजा फूलवारीबाट फूल टिपेर गिरिजा भवानीलाई सोही फूलले नित्य पूजा गर्ने गर्दथिन्। यो त्यही स्थान हो, जहाँ श्रीरामचन्द्र आफ्ना अनुज लक्ष्मणसाथ घुम्न गएका थिए, सीताजीसँग प्रथम भेट भएको थियो र दुबैले एक-अर्कालाई हेरेपछि सुधि-बुधि (होश) गुमाएका थिए। त्यो दिन सीताजीको अवस्था सङ्कटग्रस्त बन्न पुगेको थियो। गिरिजा-पूजनका बखत उनको हातबाट माला तल खसेको थियो, उनको त्यस्तो अवस्था देखेर मूर्ति पनि मुस्कुराउन थालेको थियो जसलाई तुलसीदासले 'रामचरित मानस'मा यस प्रकार व्यक्त गरेका छन्–

'विनय प्रेमवश भई भवानी
खसि माल मूरत मुसकानी।'

अर्थात् रामजीलाई देखेर सीताजी कस्तरी विमोहित भइन् भने गिरिजा भवानीलाई चढाउने माला उनको हातबाट तल झर्‍यो र आफ्नो सेविकाको त्यस्तो तन्मयता देखेर गिरिजा भवानीको मूर्ति समेत मुस्कुराउन थाल्यो।

सीताजीले यहाँ फूल लोढ्ने (टिप्ने) गरेकी हुनाले यस स्थानको अर्को नाम 'फूलहर' पनि छ। उहिलेको जस्तो फूलबारी आजभोलि त त्यहाँ छैन तापनि अद्यापि यो स्थानको मनोरम दृश्यले मनलाई लोभ्याइहाल्छ। फागुन शुक्ल द्वितीया अर्थात् तेस्रो रात्रिवास यहीँ हुन्छ र भक्तजनहरू आनन्दविभोर भएर सङ्गीतमय वातावरणमा भजन-कीर्तन गरेपछि आराम गर्दछन्। भोलिपल्ट विहानै त्यहाँका सबै देवी-देवताहरूको आशीर्वाद लिएर भक्तजनहरू मिथिला-विहारीका डोलासँगै त्यहाँबाट प्रस्थान गर्दछन्।

फागुन शुक्ल तृतीयाका दिन श्री मिथिला विहारीको डोला ३ कोस पश्चिम-उत्तरतिर अवस्थित 'मटिहानी' भन्ने स्थानमा पुग्दछ। यो त्यो ऐतिहासिक प्राचीन ठाउँ हो जहाँ सीताजीको 'मटकोर' (विवाह पूर्वको विधि) सम्पन्न भएको थियो र जुन ठाउँमा मटकोर भएको थियो त्यो 'लक्ष्मी सागर' भन्ने तलाउ अहिले पनि मौजूद छ। यहाँ लक्ष्मीनारायणजीको भव्य मन्दिर, 'तस्मैया बाबा' भन्ने साधुले ४५० वर्ष पूर्व गाडेका खन्ती वाला स्थानसँगै मटिहानीको गौरवमय स्थान पनि छ, जसको सञ्चालनका लागि कुनै समयमा सरकारबाट ९५० विगहा जग्गा प्रदान गरिएको थियो चौथो दिनको रात्रिवास यसै स्थानमा हुन्छ। सीताजीको मटकोर यसै ठाउँमा भएकोले यस स्थानको नाम 'मटिहानी' राखिएको जनविश्वास र अवधारणा रहेको छ। आस्थामय गीत र

भक्तिपूर्ण सङ्गीतले परिपूर्ण सो रात्रिवासपश्चात् भोलिपल्ट डोला यहाँवाट जलेश्वरका लागि प्रस्थान गर्दछ ।

फागुन शुक्ल चतुर्थी तिथिका दिन श्रीमिथिला-विहारीको डोला मटिहानीवाट २ कोस उत्तर-पश्चिममा अवस्थित 'जलेश्वर' भन्ने स्थानमा पुग्दछ र यहीं पाँचौं रात्रिविश्राम हुन्छ । यहाँ भक्तजनले सदा जलमा निमग्न रहने 'जलेश्वरनाथ' महादेव मन्दिरको दर्शन, भजन, सङ्कीर्तन गर्दछन् । भक्ति सङ्गीतको त्यस्तो धारा परिक्रमाका अवसरमा प्रवाहित हुन्छ जसको प्रभावमा महिलावर्ग समेत मस्त भएर भजन गाउन-नाच्न थाल्दछन् । भोलिपल्ट त्यहाँका सुरम्य तलाउ (पोखरी)हरूमा स्नान गरेर जलेश्वरनाथ महादेवको पूजा-अर्चना गरे पश्चात् परिक्रमाको डोला त्यहाँवाट 'मड़ई' भन्ने स्थानका लागि प्रस्थान गर्दछ ।

पञ्चमी तिथिका दिन जलेश्वरवाट २ कोस उत्तरको 'मड़ई' भन्ने गाउँमा परिक्रमाको डोला पुग्दछ, जहाँ प्राचीन कालमा माण्डव्य ऋषिको आश्रम रहेको अवधारणा छ । अर्को जनविश्वास र जनश्रुति के पनि छ भने सीताजीको विवाहको मड़वा (मण्डप) त्यस ठाउँमा नै बनेकोले त्यस ठाउँको नाम मड़ई रहेको हो । ग्रामीण जनविश्वास र जनश्रुति के पनि छ भने त्यस गाउँमा बहुत आगलागी हुने गर्दथ्यो । तर जुन दिनदेखि त्यस गाउँका गाउँलेहरूले परिक्रमा गर्ने भक्तजनहरूलाई पूर्ण निष्ठा र आस्थाका साथ स्वागत सत्कार तथा भोजनादिको व्यवस्था गर्न थाले त्यस पछि त्यहाँ त्यस्तो कुनै उपद्रव भएको छैन । छैटौं रात्रि-विश्रामपश्चात् मड़ईवासीहरूले वडो श्रद्धाका साथ परिक्रमाको डोलालाई आफ्नो गाउँको सिमानासम्म आएर विदा गर्छन् । र त्यसपछि परिक्रमाको डोला उत्तर-पूर्वतिर ३-४ कोसको दूरीमा अवस्थित 'ध्रुवकुण्ड'का लागि प्रस्थान गर्दछ ।

फागुन शुक्ल षष्टी तिथिका दिन परिक्रमाको डोला 'ध्रुवकुण्ड' पुग्दछ, जो जनकपुरधामवाट ५ कोस उत्तर-पश्चिम दिशामा पर्दछ । यो त्यही ठाउँ हो जहाँ प्राचीन कालमा भक्त ध्रुवले तपस्या गरेका थिए । त्यहीं ध्रुवजीको मन्दिर र एउटा कुण्ड पनि छ, जसको नाममा यस स्थानको नाम 'ध्रुवकुण्ड' राखिएको छ । पूर्वमा तपोभूमि रहेको यस ध्रुवकुण्ड भन्ने स्थानमा भक्तजन श्रद्धा-भक्तिपूर्वक सङ्गीतमय वातावरणमा रात्रि-विश्राम लिन्छन् । यस प्रकार सातौं दिनको परिक्रमा पूरा हुन्छ र भोलिपल्ट विहानै परिक्रमाको डोला त्यहाँवाट 'कञ्चन वन' तिर प्रस्थान गर्दछ ।

सप्तमी तिथिका दिन 'ध्रुवकुण्ड'देखि पाँच कोस उत्तर-पूर्व तिर 'इच्छावती गङ्गा' र 'विरजा गङ्गा' नाम गरेको पवित्र नदीद्वयको सङ्गमस्थलमा अवस्थित 'कञ्चन वन' भन्ने स्थानमा परिक्रमाको डोला पुग्दछ । प्राचीन कालमा त्यस क्षेत्रमा रहेका रमणीक र सुरम्य 'कदली वन', तालवन, तामाल वन, अनार वन जस्तै १२ वटा वनहरूको प्राकृतिक अद्भुत सौन्दर्य र विशिष्टताले परिपूर्ण त्यो ठाउँ आजभोलि जङ्गलविहीन भइसके तापनि अद्यापि यस ठाउँको शोभा अवर्णनीय छ । प्राचीन समयमा त्यहाँ मिथिला विहारी राम-सीताको इच्छानुसार 'इच्छावती' नामक नदीको उत्पत्ति होलिकोत्सव मनाउने उद्देश्यले भएको थियो भन्ने जन-विश्वास रहेको छ र त्यसैले गर्दा अहिलेसम्म पनि सो नदीको जल 'लालिमायुक्त' (रातो) रहेको छ भनिन्छ । त्यसै ठाउँमा भगवान् रामले ससुरालीका महिलाहरूसँग होली खेलेका थिए र त्यसैले होला यो ठाउँमा मिथिला-विहारीको डोला

पुगेपछि प्रतिवर्ष अहिले पनि महिलावर्गद्वारा आनन्दमा मग्न भएर होली खेल्ने गरिन्छ। त्यसले प्राचीन कालमा रामसँग महिलाहरूले खेलेका दृश्यको स्मरण गराऊँछ। परिक्रमाका अवसरमा महिलाद्वारा खेलिने त्यहाँको होलीको दृश्य सवैभन्दा आकर्षक र मनमोहक समेत हुन्छ। त्यसैले होला, अहिले पनि मिथिलाञ्चलमा होली खेल्दा यो गीत गाउने चलन रहेको छ

"फागुन मे राम खेलैअ होरी - २
किनकाही हाथ रङ्ग-पिचकारी
किनकाही हाथ अवीर-झोरी
हो, केकरा सँग खेले बरजोरी। फागुन मे . . . ॥"
हे, रामजी केह हाथ रङ्ग-पिचकारी
सीताजी के हाथ अवीर-झोरी
हो, हो, सखियन सँग खेले वर जोरी ॥ फागुन . . .॥"

अर्थात् फागुनमा राम होली खेल्दछन्। कसैको हातमा रङ्गले भरिएको पिचकारी हुन्छ र कसैको हातमा अवीरको झोला हुन्छ र कसैकसैसँग राम जवरजस्ती होली खेल्दछन्। यो प्रश्न गाउने स्वयंले पहिला गाउँदै उठाउँछन् र पछि आफै जवाफ दिने गरी गाउँछन्। रामजीको हातमा रङ्गले भरिएको पिचकारी हुन्छ, सीताजीको हातमा अवीरको झोला हुन्छ र सीताजीका सखी-सहेलीहरूका साथ रामजीले आनन्दमग्न भएर जवरजस्ती होली खेल्छन्। त्यस प्रकार कञ्चनवनमा साधु-समाजद्वारा शालिग्रामको पूजन, भक्तजनद्वारा रामायण पाठ र भजन-सङ्कीर्तन तथा महिलावर्गद्वारा आनन्दविभोर भएर होली खेलिन्छ। त्यस प्रकारको आनन्दोल्लास र उमङ्गको वातावरणवीच आठौं रात्रिवास-पश्चात् भोलिपल्ट डोला त्यहाँवाट अघि वढ्छ।

फागुन शुक्ल अष्टमी तिथिका दिन विहान कञ्चनवनवाट परिक्रमा डोला प्रस्थान गरी उत्तर-पूर्वतिर ५ कोसको दूरीमा अवस्थित श्री क्षीरेश्वरनाथ महादेवको मन्दिरको प्राङ्गणमा पुग्दछ। त्यहाँ पूजापाठ सकेपछि पुनः त्यहाँवाट 'जलादि' नदी हुँदै त्यहाँ स्नान दर्शन गर्दै त्यहाँवाट फेरि २ कोस उत्तर-पूर्वतिरको 'पर्वत्ता' नामक स्थानमा पुग्दछ। प्राचीन मान्यताअनुरूप त्यस ठाउँमा पाँच पर्वतको सङ्गम भएको थियो जो आजभोलि कुण्डको रूपमा परिवर्तित भइसकेको छ र त्यसैले त्यस ठाउँको नाम 'पर्वत्ता' राखिएको हो। नवौं दिनको रात्रिवास 'पर्वत्ता' मा गरेर भोलिपल्ट विहान परिक्रमाको डोला पुनः अघि वढ्छ।

नवमी तिथिका दिन पर्वत्ताबाट २ कोस दक्षिण-पूर्वका दूरीमा रहेको हिन्दु धर्मावलम्बीका परम पावन, प्राचीन, पौराणिक, ऐतिहासिक, सांस्कृतिक गरिमामय तीर्थस्थल 'धनुषाधाम'मा मिथिलाविहारीको डोला पुग्दछ। त्यहाँ राजर्षि जनकद्वारा त्रेता युगमा सम्पन्न गरिएको पौराणिक महत्त्वको 'धनुषयज्ञ'मा श्रीरामद्वारा खण्डित भई उत्तरतिर उडेर झरेको सोही 'शिव धनुष'को खण्डित भागको अंश अहिले प्रस्तरको रूपमा मौजूद छ र दिन-प्रतिदिन विस्तारित नै हुँदै गइरहेको छ। स्तम्भकार स्वयंले करिब साढे तीन दशकअघि सो धनुषको खण्डित अवशेषलाई कालो र भूरभुरे कडा कंक्रीटका रूपमा देखेका थिए जो यस वर्ष स्वयं निजले हेर्दा पूर्णतः प्रस्तरका रूपमा परिवर्त्तित भइसकेको

प्रत्यक्ष अनुभूति छ। यहाँका धनुषको सो अवशेषको दर्शन-पूजन गर्दा रामेश्वरधामको दर्शन गरे जस्तै फल प्राप्त हुने कुरा मिथिला महात्म्यमा समेत वर्णित छ।

धनुषाधामस्थित धनुषको सो अवशेषको मध्य भागमा विशाल पिपलको रूख छ जसको पूर्वोत्तिर एउटा अति लघु रूपको कुण्ड छ जसलाई 'धनुषकुण्ड' भनिन्छ। जन अवधारणाअनुसार सो 'धनुषकुण्ड' भित्रको पानी कहिले सुक्दैन। जुन वर्ष कुण्डको पानी सुक्छ, त्यसले सो वर्ष अकाल पर्छ भन्ने सङ्केत दिन्छ। त्यहाँ सीताराम मन्दिर, हनुमान मन्दिर र धामको पूर्वतिर 'वाण-गङ्गा' नदी समेत वगिरहेको छ। त्यस प्राचीन पौराणिक स्थलमा पहिला साखुका ठुला-ठूला वन थिए, जसमा शेर हुने गर्दथ्ये तर आज सो सखाप प्रायः भइसकेको छ। धामको पश्चिमपट्टि हालसम्म पनि साखुका केही रुखहरू छन्, जसको संरक्षण राष्ट्रिय सांस्कृतिक धरोहरको अक्षुण्णताका दृष्टिवाट परमावश्यक छ। त्यस पवित्र धाममा प्रत्येक वर्ष माघ महिनाको प्रत्येक रविवारका दिन 'मकर मेला' लाग्दछ मेला परापूर्व कालदेखि लाग्दै आएको छ जसमा देश-विदेशवाट लाखौंको संख्यामा भक्तजन आउँछन् र सो धनुषको अवशेषको दर्शन-पूजन गर्छन्। वडो आस्था, श्रद्धा, भक्ति र विश्वासपूर्वक साधु-समाज र भक्तजनद्वारा रामायण पाठ, भजन-सङ्कीर्तनको कार्य सम्पन्न गर्दै परिक्रमाको दशौं रात्रिविश्राम त्यहीं हुन्छ। त्रेता युगको महिमालाई प्रत्यक्षतः स्मरण गराउने त्यो पवित्र तीर्थ 'धनुषाधाम'ले थुप्रै पौराणिक, ऐतिहासिक, सांस्कृतिक प्रसङ्गहरूको स्मरण गराउँदछ, यथाः

१. राजर्षि जनकद्वारा त्रेतायुगमा सीताजीको विवाहका लागि आयोजित 'धनुषयज्ञ'को प्रसङ्ग, जसमा देश-विदेशवाट आएका राजा-माराजाहरूमध्ये कसैले पनि सो शिवजीद्वारा प्रदत्त धनुषलाई राखिएको स्थानवाट उचाल्न समेत नसकेको अवस्थामा राजर्षि जनकद्वारा व्यक्त क्षोभपूर्ण र निराशाजनक चुनौतीपूर्ण तुलसीदासको 'रामचरित-मानस' वर्णित यो वाक्य–

"अव जनि भाखे कोउ भटमानी।
वीर विहीन नही मै जानी॥"

तत्पश्चात् लक्ष्मणजीको चुनौती पछि ब्रह्मर्षि विश्वामित्रद्वारा रामलाई दिएको आदेश।

"उठहु तात भंजतु धनु चापा।
मेटहु सकल ताप संतापा॥"

विश्वामित्रको आदेशपश्चात् श्रीरामद्वारा धनुष-भङ्ग भएको प्रसङ्ग आउँछ जसमा धनुषको तीन टुक्रा भई एउटा टुक्रा उडेर उत्तर दिशामा गई हालको 'धनुषाधाम'मा खस्यो र सोही पवित्र तीर्थ स्थल आज धनुषाधामका रूपमा विश्व विख्यात भएको भनिन्छ।

२. लक्ष्मण-परशुराम बीचको चर्का-चर्की मध्येको यो वाक्यः

'बहु धनु तोरहि लड़िकाई। कबहु न अस रिस किन गोसाईं।'

३. परशुराम ऋषिको श्रीरामद्वारा मोह-भङ्ग हुनुपूर्वको यो उदात्त भावले परिपूर्ण श्रीरामको वाक्य :

'राम अति लघु नाम हमारा ।
परशु सहित बड़ नाम तुम्हारा ॥"

४. सिता स्वयंवरको आयोजनपश्चात् अयोध्याबाट बरात (जन्ती) सहित जनकपुर आगमन र श्रीराम, लक्ष्मण, भरत तथा शत्रुघ्न चारै दाइ-भाइको सीताजी तथा उनको तीन वटै वहिनीसँग भएको विवाहको पौराणिक प्रसङ्ग ।

उपर्युल्लिखित पौराणिक वृत्तान्तको स्मरण गराउने 'धनुषाधाम' मा दशौं दिनको रात्रिवास गरे पश्चात् भोलीपल्ट दशमी तिथिका विहान सो पुण्यभूमिको पूजन-वन्दनपश्चात् परिक्रमाको डोला त्यहाँबाट प्रस्थान गर्दछ ।

फागुन शुक्ल दशमी तिथिका दिन परिक्रमाको डोला धनुषाधामबाट प्रस्थान गरी पूर्व-दक्षिण कुनामा २.५ कोसको दूरीमा अवस्थित 'सप्तपोखरी' अर्थात् ग्रामीण बोलचालको भाषामा भनिने 'सतोखैर' भन्ने स्थानमा परिक्रमाको डोला पुग्दछ । त्यो ठाउँको पनि आफ्नै पौराणिक महत्त्व र विशिष्टता छ । त्यसै ठाउँमा सप्तर्षिले तपस्या गरेको पौराणिक मान्यता छ । त्यहाँ अझ पनि सातवटा पोखरी अर्थात् तलाउ त्यसै क्रममा छन् जसरी कि आकाशमा ध्रुवतारालाई परिक्रमा गर्ने सप्तर्षिहरू ताराका रूपमा रात्रिमा आकाशमा देखिन्छन् । त्यहाँ शिव मन्दिर तथा श्री सीताराम मन्दिर छ । भक्तजनहरूले पोखरीहरूमा स्नान गरेर मन्दिरहरूमा पूजा-पाठ गर्दछन् । रातभरि भक्ति-सङ्गीतको कार्यक्रम चल्दछ । त्यस प्रकार एघारौं रात्रिविश्रामपश्चात् भोलिपल्ट स्थानीय मन्दिरहरूमा पूजन-वन्दन गरिसकेपश्चात् श्री मिथिला विहारीको डोला त्यहाँबाट 'औरही-हौरसाहा' भन्ने स्थानका लागि प्रस्थान गर्दछ ।

एकादशी तिथिका दिन परिक्रमाको डोला 'औरही-हौरसाहा' गाउँमा पुग्दछ, जो पौराणिक महत्त्व बोकेको 'विमला नदी'को छेउमा अवस्थित छ । विमला भनेकी सीताजीकी एउटी अति प्रिय सहेली थिइन्, जो सीताजीको विवाहपश्चात् नदीको रूप धारण गरेर वग्न थालिन् । 'औरही-हौरसाहा' पुग्नुभन्दा अघि नै 'विमला नदी' पर्छ, जहाँ परिक्रमाको डोलालाई सर्वप्रथम भुइँमा राखेर विमला नदीलाई प्रणाम गरी सकेपछि मात्र डोला गाउँतिर वढ्छ । यहाँ पनि भक्तजनहरूद्वारा भजन-सङ्कीर्तन, सांस्कृतिक कार्यक्रमको आयोजन गर्दै वाह्रौं रात्रिवास गरिन्छ र भोलिपल्ट विहान त्यहाँबाट परिक्रमाको डोला दक्षिण दिशातिर वढ्छ ।

द्वादशी तिथिका दिन विहानै परिक्रमाको डोला औरही-हौरसाहावाट सर्वप्रथम 'वैदेही' भन्ने ठाउँमा पुग्दछ र त्यहाँ विमला नदीकै किनारमा केही घण्टा विराम लिन्छ । 'औरही-हौरसाहा' भन्ने गाउँनिर हाल विमला नदीमा पानी नरहने गरेकोले 'वैदेही' गाउँनिरको 'विमला नदी' (जसलाई ग्रामीण स्थानीय बोलचालको भाषामा 'बेलौंती नदी' भन्ने गरिएकोछ) मा भक्तजनहरूले स्नानादि गरेर पूजा-पाठ, भजन-सङ्कीर्तन गर्दछन्, साधु समाजद्वारा विमला नदीको महिमा दर्शाउने गीत भक्तजनलाई सुनाइन्छ । यी सबै आध्यात्मिक कार्यक्रम सम्पन्न गरी सकेपछि पुनः त्यहाँबाट परिक्रमाको डोला दक्षिणतिर प्रस्थान गर्दै २.५ कोसको दूरीमा अवस्थित भारतको सीमावर्ती स्थान 'करुणा' पुग्दछ र त्यहीं तेह्रौं रात्रिवास हुन्छ । 'करुणा'मा रात्रिमा रामायणपाठ, भजन-सङ्कीर्तन र होली खेल्ने कार्य समेत हुन्छ । भोलिपल्ट विहानको पूजन-वन्दनपश्चात् श्री मिथिला विहारीको डोला

दक्षिण-पश्चिम कुनामा अवस्थित 'कलना' अर्थात् 'कल्याणेश्वर' हुँदै 'विशौल'तिर प्रस्थान गर्दछ ।

यस प्रकार त्रयोदशी तिथिका दिन 'करुण'वाट २.५ कोस दक्षिण-पश्चिमको दूरीमा अवस्थित 'विशौल' भन्ने स्थानमा पुग्दछ । 'विशौल' भनेको त्यो पौराणिक महत्त्व बोकेको स्थान हो जहाँ विश्वामित्रले तपस्या गरेका थिए । त्यहाँ ऋषि विश्वामित्रको मन्दिर, श्री सीताराम मन्दिर (प्राचीन कालको मूर्ति भएको), शिव मन्दिर र विशाल 'विश्वामित्र सागर' छ । किम्वदन्तीअनुसार सोही सागर (पोखरी)वाट प्राप्त विश्वामित्रको मूर्तिलाई 'विश्वामित्र मन्दिर'मा प्रतिस्थापित गरिएको हो र त्यसैले गर्दा सो सागरको नाम 'विश्वामित्र सागर' राखिएको हो । भक्तजनले सोही सागरमा स्नान गरेर पूजन-वन्दन, भजन-सङ्कीर्तन गर्दछन् ।

त्यस 'विशौल' भन्ने स्थानको अर्को मौलिक र सांस्कृतिक विशिष्टता के छ भने त्रयोदशी तिथिका दिन परिक्रमा गर्ने भक्तजनले मिथिलाको विशिष्ट परिकार 'कढ़ी-वड़ी' मात्र पकाएर खान्छन्, जो अन्य ठाउँमा हुँदैन । त्यस प्रकार चौधौं दिनको रात्रिविश्राम 'विशौल'मा गरेर भोलिपल्ट विहानको पूजा-आराधनापश्चात् श्री मिथिला विहारी (परिक्रमा)को डोला सीमावर्त्ती भारतीय क्षेत्रवाट प्रस्थान गरी मध्य परिक्रमाको क्रम पूरा गर्दै चतुर्दशी तिथिका दिन जनकपुरधाम फर्केर विश्राम लिन्छ ।

फागुन पूर्णिमाका दिन प्रायः रात्रिको अन्तिम प्रहर, जसलाई मैथिली भाषामा 'तरगरे' भनिन्छ, देखि नै श्री मिथिला विहारी (परिक्रमा)को डोला 'अन्तर्गृही परिक्रमा'का लागि 'गङ्गसागर'देखि पूर्वतिरको 'कदम चौक' भन्ने ठाउँतिर प्रस्थान गर्दछ् जहाँ हनुमानजीको पञ्चमुखी विशाल प्रतिमा भएको मन्दिर छ । पहिला कदमको ठूलो रूख समेत भएकोले कदम चौक भन्ने नामकरण गरिएको त्यस स्थानवाट मौनीवावाद्वारा निर्माण गर्न लगाइएको 'पञ्चकोशी परिक्रमा' पथहुँदै दक्षिणतिर प्रस्थान गर्दछ र 'विपहरा', 'विद्यापति चौक' (मुरती चौक), ज्ञाक कूप, पिडारी चौक, मिल्स एरिया, भानु चौक हुँदै पुनः सुरु गरेको स्थान, 'कदम चौक' पुगी त्यहाँवाट 'गङ्गासार' र 'धनुष सागर' हुँदै नगर प्रवेश गर्दछ । यस प्रकार 'मिथिला मध्य परिक्रमा'को प्रत्येक वर्ष नियमित रूपमा परापूर्वकालदेखि नै सम्पन्न गर्ने प्राचीन प्रचलन अनुरूपको पाक्षिक, आध्यात्मिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक भक्तिमूलक पुनित कार्यको इतिश्री फागुन पूर्णिमाका दिन 'अन्तर्गृही परिक्रमा' सम्पन्न गरेर हुन्छ ।

मिथिला मध्य परिक्रमाको अर्को मौलिक विशेषता के छ भने सो आध्यात्मिक कार्यक्रम सम्पन्न गर्न र सोमा सहभागी हुने भक्तजनका लागि खान-पीन, वसोवास, आदिका लागि गुठी संस्थान, वृहत्तर जनकपुर क्षेत्र विकास समितिद्वारा यथाशक्ति वन्दोवस्त गरिएको हुन्छ । खास गरी परिक्रमाको डोला राख्ने 'विश्रामस्थान', टेण्ट-शामियाना, दरी-सतरंजी तथा रात्रिमा जेनेरेटरद्वारा बिजुली बत्ती दिने कामको प्रबन्ध विगत केही वर्ष देखि 'वृहत्तर जनकपुर क्षेत्र विकास समिति'द्वारा गर्न थालिएवाट परिक्रमा गर्ने भक्तजनहरूलाई धेरै सहुलियत हुने गरेको छ ।

अझ त्योभन्दा पनि उल्लेख्य मौलिक विशेषता के छ भने जुन-जुन गाउँ-ठाउँमा 'परिक्रमाको डोला'को रात्रिवास हुन्छ, त्यहाँ स्थानीय वासिन्दाहरूले परिक्रमा गर्ने भक्तजन

मध्ये व्यवस्था गर्न नसक्नेका लागि भोजनका सामग्री उपलब्ध गराइदिने, खानेपानी, सर्वत, च्यूरा-चिनी, गुड़ (शक्कर) आदि स्वेच्छाले प्राचीनकालदेखि नै वितरण गर्दै आएका छन्। तिनीहरूमा यो अवधारणाअनुसार परिक्रमा गर्नेहरूकालागि सक्दो सहयोग गर्न सकेको खण्डमा परिक्रमा गरे जस्तै पुण्यको भागी बन्न पाइनेछ र त्यसैले गर्दा सक्नेले यथाशक्ति माथि उल्लेख भएका खाद्य सामग्रीहरू श्रद्धा, आस्था र स्वेच्छाले ठाउँ-ठाउँमा स्वतः परिक्रमा गर्नेहरूका लागि उपलब्ध गराउने गर्दै आएका छन्।

'मिथिला महात्म्य'मा मिथिलापुरीको महिमा यस प्रकार वर्णित गरिएको छ:-

'मंगल मिथिला धाम है, मंगलमय श्री मैथिली।
राजर्षि सदा मंगल करै, सुधरे सर्व जगस्थली॥'

अर्थात् मिथिला धाम आनन्ददायक छ र सदा रक्षागर्ने श्री जानकी छिन्। सारा संसारमा सुधार होस् आनन्दमय होस, त्यस प्रकारको भावना र प्रेरणा दिने राजर्षि जनकको नगरी यो मिथिला सदा कल्याणकारी छ।

मिथिलाञ्चलका गाउँ-गाउँमा अद्यापि भजन-सङ्कीर्तन मण्डलीका भक्तजनद्वारा यो भजन-सङ्कीर्तन गरिँदै आएको छ:-

"सागपात मुड़ी-मुड़ी दिवस गमैवइ हे हम मिथिले मे रहवै,
येहि वाटै औथिन सीताराम हे हम मिथिले मे रहवै।"

अर्थात् राम्रो अन्न खान नपाइए पनि केही छैन। सागपात नै टिपेर सोही खाएर हामी आफ्नो दिन विताउँछौ तर मिथिलालाई छाड्दैनौं। किनभने यहींको वाटो भएर सीताराम आउनेछन्। त्यसैले हामी मिथिलामा नै वस्नेछौं।

मिथिलापुरीको महत्त्व पुराणमा यस प्रकार वर्णित छ:-

"पौर्णमासी विना चन्द्रो यथा पूर्णो न जायते।
तथा तीर्यादिकं कृत्वा पूर्णो न मिथिला विना॥"

अर्थात् पूर्णचन्द्रको दर्शन विना जसरी पूर्णमासीलाई पूर्ण मान्न सकिन्न त्यस्तै सम्पूर्ण तीर्थको भ्रमण-दर्शन गरे तापनि मिथिलापुरीको भ्रमण-दर्शनविना तीर्थाटन पूरा भएको मान्न सकिन्न। त्यसैले गर्दा विशिष्ट महत्त्वका 'मिथिला मध्य परिक्रमा' प्रतिवर्ष फ़ागुन शुक्लपक्षमा सम्पन्न गर्ने चलन परापूर्वकालदेखि नै चलिआएको छ। इति।

सन्दर्भ

१. 'मिथिला महात्म्य' - श्री अवध किशोर शरण 'प्रेमनिधि', जनकपुरधाम।
२. 'मिथिला महात्म्य' - श्री राम कुमार शरण 'प्रेमनिधि', जनकपुरधाम।
३. 'राम चरित मानस' - तुलसीदास।
४. पवन भिडियो फिल्मस प्रा.लि.का प्रोप्राइटर श्री पनवकुमार मण्डलद्वारा तयार पारिएको 'परिक्रमा'को पूरै भिडियो फिल्म-वृत्त-चित्र।
६. मैथिल संस्कृतिका लोक-सङ्कीर्तन - सङ्कलनक डा. गङ्गाप्रसाद अकेला।
७. जनकपुर वृहत्तर क्षेत्र विकास समिति
८. 'मिथिला मध्य परिक्रमा'को नक्सा - श्री जानकी पुस्तक भण्डार, जनकपुरधाम।


मध्यमा परिक्रमा को मानचित्र
पथलहिया सड़क
ढल्केवर
भारापानी
13Km.
लहानको सड़क
महोत्तरी जिल्ला
पर्वता
धनुषा धाम
कंचनवन
धनुषा जिल्ला
ध्रुव कुण्ड
सातोखर
सिरहा जिल्ला
भारत
जनकपुर धाम
कुवा
(हनुमान नगर)
औराही
मड़ई
जलेश्वर
करुणा
भिट्टामोड़
मटिहानी
विसौल
कल्याणेश्वर
गिरजा स्थान
भारत
जयनगर लाइन
* जनकपुरधाम से आमावस्या के दिन चलकर हनुमाननगर मे विश्राम
संकेत
रेल्वे लाइन
अन्तराष्ट्रिय सिमाना
जिल्ला सिमाना
राजमार्ग (पक्की सड़क)
मेघल सड़क
यात्रियों का विश्राम स्थल (१५ दिनों का पैदल यात्री)
धार्मिक स्थल
१५ दिनोंका पैदल यात्रा
दिवसीय विश्राम स्थल
जनकपुर से जलेश्वर - २०.० कि.मी.
जनकपुर से धनुषाधाम - १८.० कि.मी.


जनकपुर धाम परिक्रमा क्षेत्र को मानचित्र (अन्तर्गृही)
संकेत चिन्ह
महेन्द्र राजमार्ग
परिक्रमा सड़क
पक्की सड़क
कच्ची सड़क
रेल्वे लाइन
चौक
पोखरी
विशिष्ठ जगहका संकेत
जानकी मन्दिर
जानकी नगर
जिरो माइल
श्याम चौक
एयर पोर्ट
जानकी पुस्तक भण्डार

साङ्केतिक लेखन विद्या

– डा. रामविक्रम सिजापति

१.१ परिचय

साङ्केतिक लेखन विद्याले हरेक कालमा आफ्नो विशिष्ट महत्त्व राखेको पाइन्छ। यसको महत्त्व हिजोआज पनि यथोचित मात्रामा रहेको छ। मानिसले जहिलेदेखि आफ्नो विचारलाई लिखित रूपमा व्यक्त गर्न थाल्यो त्यसैवेला देखि आफ्नो सूचनालाई गोप्य राख्नका लागि यो कलाको शुरुआत गरेर विकास गऱ्यो। साङ्केतिक लेखन विद्याको उपयोग मनोरञ्जन, अपह्नुतिका लागि मात्र हैन, आँखै आँखाको इशारावाट गोप्य सन्देश आदान-प्रदान, पति-पत्नीको बीचमा हुने प्रेमालापको गुप्त सङ्केत अथवा प्रेमी-प्रेमिकाहरूको साङ्केतिक अभिव्यक्ति आदि गोप्य खवर लिन-दिन आफ्नै किसिमको वेग्लै विशिष्ट भूमिका रहेको छ। यसको प्रयोग सेना, गुप्तचर विभाग, राजनीति, युद्ध, व्यापार, विद्रोही, क्रान्तिकारी, तस्करी, अपराध, चोर, डाँकु आदिका अतिरिक्त सामान्य जीवनमा पनि यसको कम महत्त्व छैन।

साधारणतया भाषा आफ्नो कुरा अरूसम्म पुऱ्याउनको लागि माध्यम हो अर्थात् भाषाको प्रयोग अभिव्यञ्जनका लागि हुन्छ तर भाषाको अर्को उपयोग पनि हुन्छ। विश्वमा जति पनि मिथ्या-भाषण हुन्छ, ती सवै कुनै न कुनै कुरा लुकाउनका लागि नै हुन्छ। यदि लुकाउने उद्देश्य नहुँदो हो त मिथ्या-भाषणको आवश्यकता नै थिएन। मात्राको दृष्टिले मिथ्या-भाषण केही कम हुँदैनथ्यो। यसैले विद्वान्हरूले भनेका छन् – भाषाको काम कुरा भन्ने होइन, लुकाउने हो। अलङ्कारशास्त्रमा व्याजोक्ति वा छेकापह्नुति आदि अलङ्कार गोप्यको आधारमा नै स्थित छ। सामान्य भाषामा जहाँ बोध्यता अभीष्ट हुन्छ, त्यहाँ साङ्केतिक वा कूट भाषामा अबोध्यता। वा यसो भनौं बोध्यता र अवोध्यता दुवै। किनभने त्यसमा केही बताउँदा अभीष्ट हुन्छ र केही लुकाउँदा। यसको प्रमुख उद्देश्य आफ्ना कुरालाई अनपेक्षित मानिसहरूलाई थाहा पाउन नदिनु नै हो।

१.२ परिभाषा

साधारण वा सामान्य भाषालाई वा सूचनालाई गोपनीय बनाउनका लागि त्यसलाई विशेष साङ्केतिक भाषामा परिवर्तन गर्ने प्रक्रियालाई साङ्केतिक लेखन विद्या, गुप्तलेख लेख्ने विधा, गुप्तलेखन तथा बीज लेखन (CRYPTOGRAPHY) कतै कतै कूट भाषा (SECRET LANGUAGE) भनिएको पनि पाइन्छ। अङ्ग्रेजी (CRYPTOGRAPHY) युनानी भाषाको दुई शब्द CRYPTOS (साङ्केतिक वा गुप्त) र GRAPHIYA (लेखन) मिलेर बनेको छ। प्रारम्भमा यो एउटा कला थियो भने अब आएर एउटा विज्ञानको विषय बनिसकेको छ। कूट (गूढोक्ति) बनाउने र कूटविच्छेदनका लागि गणितज्ञ तथा सुसांख्य वा परिकलक (COMPUTER) विशेषज्ञहरूको सेवा लिइन लागेको छ। अब महाशक्तिशाली सुसांख्यको प्रयोग पनि गरिन लागेको छ।

१.३ साङ्केतिक लेखनको इतिहास

विद्वान्हरूको भनाइ छ; साङ्केतिक लेखनको इतिहास लगभग ४००० (चार हजार) वर्ष पुरानो छ। सन् १९०० ई. पू. मा नील नदीको किनारमा अवस्थित मेनेट सुफु नामक सानो शहरमा एक कुशल व्यक्तिले आफ्नो मालिक खनुमहोटेप (द्वितीय) को जीवन – कथालाई सूचीस्तम्भ (Pyramid) को मुख्य कक्षमा राखिएको एउटा ठूलो ढुङ्गामा अलङ्कृत अक्षर र चित्रहरूको माध्यमले कुँदे। यो कुँदाइको मुख्य उद्देश्य गोपनीय बनाउनु थिएन बरू लेखकले आफ्नो कुशलता देखाउने लेखको प्रतिष्ठा र प्रभुत्व बढाउने रहेको थियो। यो कुँदिएको लेखमा साङ्केतिक लेखन विद्याको मूल सिद्धान्त – रूपान्तरको प्रयोग त अवश्य थियो तर यो शिलालेख गोपनीय चाहिँ थिएन।यसबाट साङ्केतिक लेखन विद्याको विशिष्ट अङ्गगोपनीयताको झलक मिल्दछ। यसको ध्येय कहिले पाठकहरूको कहिले दर्शकहरूको उत्सुकता जागृत गर्ने हुन्थ्यो भने कहिले लेखेको रहस्यमय (विशेष गरेर धार्मिक उदाहरणहरूलाई दैविक शक्तिको द्योतक) बनाउनका लागि। वास्तविक कुरा के हो भने शुरु-शुरुमा साङ्केतिक लेखन विद्याको कला फगत आमोद-प्रमोदका लागि विकसित गरियो। साङ्केतिक लेखन विद्याको विश्लेषण गरेर आफ्नो कुरालाई यस्तो शब्दमा भन्दा सुन्नेले छिट्टै बुझ्न नसकून् भन्ने जस्तो काम थियो। यसको लक्ष्य चाहिँ लेख गुप्त र बुझ्नका लागि ज्यादा समय नलागोस् भन्ने थियो।

१.४ साङ्केतिक लेखन विद्याको हेर-फेर (परिवर्तन)

प्राचीन समयदेखि नै भारतवर्षमा साङ्केतिक लेखन विद्याको सन्देशको हेरफेर (परिवर्तन) को महत्त्व विदित थियो। सन् ३०० ई.पू. मा लेखिएको कौटिल्यको "अर्थशास्त्र" मा पनि राज्यमा गुप्तचरहरूको वृद्धिको कारणले गर्दा प्रत्येक राजकीय अधिकारीले महत्त्वपूर्ण विषयसँग सम्बन्धित प्रेरणात्मक विचारको हेर-फेर गुप्त रूपमा गर्नुपर्छ र राजदूतहरूलाई अर्को देशमा सूचना सङ्कलन गर्नाका लागि साङ्केतिक-लेखन विश्लेषण (Crypto Analysis) प्रणालीको ज्ञान यथेष्ट हुनुपर्दछ भन्ने सुझाव उक्त ग्रन्थको "राजनीतिको गूढ रहस्य र नियमको वयानमा सुझाव दिएको पाइन्छ। यो ग्रन्थ नै विश्वको पहिलो ग्रन्थ हो जसमा राजनीतिको सन्दर्भमा साङ्केतिक लेखन विद्याको आवश्यकता र महत्ताको उल्लेख छ। तर यो ग्रन्थमा साङ्केतिक लेखन विद्याको विश्लेषण गर्ने तौरतरिका र विधि-वर्णन विषयको भने वर्णन गरिएको छैन। हामी यो अनुमान

लगाउन सक्छौं कि त्यस वेला यो कलाको विकास पूर्ण रूपमा भएकोले गर्दा नै यसको तौरतरिका र विधि वर्णनको आवश्यकता नदेखिएकोले नलेखिएको होला भन्ने केही विद्वान्हरूको मत छ।

गौतम बुद्ध ६४ (चौंसट्ठी) प्रकारको लेखन जान्दथे। उनले एकपटक आफ्ना गुरुलाई लेखेर आश्चर्यचकित बनाएका थिए। बुद्धले जानेका ६४ प्रकारका लेखनमध्ये साङ्केतिक विद्याको गोप्य सन्देश पठाउनका लागि प्रयोग गरिन्थ्यो होला भन्ने अनुमान विद्वान्हरूले लगाएका छन्। यो कुरा ललित विस्तार नामक पुस्तकमा वर्णित छ।

सवभन्दा रुचिकरण विवरण वात्स्यायनको प्रसिद्ध ग्रन्थ "कामसूत्र" मा छ। यसमा ६४ (चौंसट्ठी) कलाको वयान छ। यो कलाहरूको सूचीमा साङ्केतिक लेखन विद्याको गुप्त सन्देश आदान-प्रदान गर्ने कला पनि समावेश छ। "कामसूत्र" मा यो कलालाई "म्लेच्छिता-विकल्प" भनिएको छ र गूढ लेखको वयान छ।

साङ्केतिक लेखन विद्या साङ्केतिक माध्यमले गुप्त सन्देश आदान-प्रदान गर्ने काम पहिलेदेखि नै भएर आइरहेको छ। औंलावाट सन्देशलाई व्यक्त गर्ने कलालाई निर्भाष भनिन्थ्यो। औंलाको सन्धि स्थान (रेखा)वाट व्यञ्जनलाई र औंलाको गाँठोवाट "स्वर" लाई दर्शाइन्थ्यो। यसको प्रयोग वहिरा र व्यापारीहरू त अहिले पनि गर्दछन्। काव्यशास्त्रमा विपरित लक्षणा, व्याजोक्ति वक्रोक्ति र अपह्नुति आदिमा कूट-प्रयोग आधार रूपमा छ। २००७ सालको प्रजातन्त्रपूर्व हाम्रै नेपालमा पनि सेनाका जवानहरू डाँडा डाँडामा, धरहरा आदिवाट हेलग्राफ तालिम लिएको समाचार आदानप्रदान गरेको यो पंक्तिका लेखकले देखेको छ।

१.५ साङ्केतिक लेखन विद्याको विधि

पाँचौं शताब्दी ई.पू. को समयमा पर्शिया दरवारमा नियुक्त हिस्टियसले यूनानस्थित आफ्ना ज्वाइँ एरिस्टोगोरसलाई विप्लव गर्ने सन्देश अनौठो ढङ्गले पठाएका थिए।उनले आफ्नो निष्ठावान दासको टाउकोको कपाल खौरेर आफ्नो खवर टाउकोमा सियोले खोपे अनि टाउकोमा कपाल राम्ररी उम्रिएपछि मात्र ज्वाइँकहाँ पठाएका थिए। पठाइएको सन्देशअनुसार एरिस्टोगोरसले विद्रोह गरे। यो विधि तत्काल र शीघ्र पठाउनका लागि उपयुक्त नभएपनि यसको प्रयोग पहिलो विश्वयुद्धसम्म हुँदै गयो। युद्धताक जासूसहरूको शरीरमा अदृश्य मसीले लेखेर खवरहरू सीमापारि पठाउने काम गरियो।

एनिश र टेक्टीशियनद्वारा लिखित "अन द डिफेन्स अफ फर्टीफाइड प्यालेसेज" मा खवरहरूलाई गोप्य बनाउने सिद्धान्त, विधिहरू र त्योसँग सम्बन्धित निर्देशमा पूरा एक अध्याय लेखिएको छ। पाश्चात्य विद्वान्हरूको मत छ विश्वमा यूनान नै पहिलो देश थियो जहाँ एउटा पुरातन लेखिएको छ। यो सामरिक शास्त्रको पुस्तकमा साङ्केतिक लेखन विद्याको लागि स्वरहरू (Vowels) लाई विन्दुहरूवाट जस्तै Alpha (ग्रीक वर्णमालाको पहिलो अक्षरको लागि एक विन्दु) प्रदर्शित गरियो तापनि व्यञ्जनहरू (Consonants) मा चाहिँ कुनै प्रकारको परिवर्तन गरिएन। यसबाट के बुझिन्छ भने व्यञ्जनहरूको परिवर्तन नगरिकन स्वरहरूको रूपान्तरवाटै खवरहरू गोपनीय बनाउन सकिन्छ।

यसै पुस्तकमा वर्णित अर्को विधिमा कुनै पुस्तक अथवा सनदको विभिन्न अक्षरहरूमा गोपनीय खवर वन्न सक्छ र यिनै पुस्तक र सनदको माथि अथवा तल प्वाल

पारेर खबर पठाउने कुराको उल्लेख छ। यो विधि सरल भए तापनि विपक्षी (शत्रु) हरूका लागि फलाना पुस्तक अथवा सनद साङ्केतिक लेखनको माध्यम छ र अमुक प्रणालीको प्रयोग भएको छ भन्ने कुराको जानकारी हुनु आवश्यक पर्दछ। यस किसिमको विधि प्रयोग द्वितीय विश्वयुद्धताका परिवर्तित रूपमा जर्मनीका साङ्केतिक लेखन विद्याका विशेषज्ञहरूले गरेका थिए। त्यसवेला विशेषज्ञहरूले समाचारपत्रको विशिष्ट अक्षरलाई अदृश्य मसीको माध्यमले चिह्नित गरेर आफ्नो गुप्त सन्देश पठाउन सफल भएका थिए।

अर्को विधि हो धागोको फिर्के (Reel)। यदि धागोको फिर्के पठाउँदा विपक्षीको हात पऱ्यो भनेपनि गोप्य खबरको माध्यम हो भन्ने कुराको शङ्का पर्न जाँदैन। यो विधिमा वर्णमालाको 'ए' र 'जेड' मा आलपिन (pin) गाडिन्छ। धागोको एउटा टुप्पामा 'ए' मा रहेको आलपिनसँग बाँधिन्छ र 'जेड' मा रहेको आलपिनसम्म लगिन्छ। गोप्य खबर चाहिँ पहिले अक्षरको स्थितिको ठीक तल धागोमा मसीले चिनो लगाइन्छ। दोस्रो घुमाइमा धागो 'जेड' देखि 'ए' सम्म ल्याउँदा खबरको दोस्रो अक्षरको स्थितिसम्म अर्को चिनो लगाइन्छ। यस किसिमले धागोलाई दुवै आलपिनको बीचमा घुमाउने र चिनो लगाउने प्रक्रिया खबर पूरा नहुन्जेल यो क्रमलाई चलाइन्छ। यसपछि धागोलाई फिर्केमा बेरेर निर्दिष्ट व्यक्ति अथवा ठाउँमा पठाउने गरिन्छ। यो सन्देश पाउनेले यो विधिको ज्ञान प्राप्त गरिसकेको हुन्छ।

साङ्केतिक लेखन विद्यामा शब्दको प्रचलित अर्थ र प्रसिद्ध अर्थलाई छाडेर अर्को वस्तुलाई सङ्केत मानिन्छ जस्तै चोर्नलाई 'जन्ती जाने' जेलका लागि 'ससुराली, त्यस्तै 'खातिर' गर्नुको साङ्केतिक अर्थ 'ठोकठाक गर्नु' इत्यादि सेनाको गणमा पनि विभिन्न वस्तुहरूलाई विभिन्न सङ्केत दिइन्छ। सैनिकसङ्केत प्रायः प्रतिदिन बदलिन्छ जस्तै कहिले 'महादेव', कहिले हात्ती, कहिले 'चरा' आदि। यस किसिमको प्यारोलले आफ्नै सेनाको अङ्ग हो भन्ने जनाउँछ। यति भनेपछि मात्र उसलाई भित्र जाने अनुमति मिल्छ। यो सङ्केत अत्यन्त गुप्त राखिन्छ। सुनिए अनुसार यस्तो प्यारोल अश्लिल शब्दको पनि हुन्थ्यो (निवृत्त सेनाका पुराना कर्मचारीबाट)।

साङ्केतिक लेखन विद्याको प्रयोग समुदाय-विशेषमा परस्पर बुझ्नका लागि पनि पनि गरिन्छ। जुन समुदायले यस्तो प्रयोग गर्छ त्यसले पहिलेदेखि नै विभिन्न वस्तुहरूका लागि सङ्केत गमेको हुन्छ। यसमा ध्वनि या पद सामान्यतः परिवर्तन हुँदैन, केवल शब्द-भण्डार मात्र साङ्केतिक हुन्छ। कहिलेकाहीँ प्रचलित शब्दलाई पनि अबोध्य बनाउनका लागि ध्वनिमा पनि परिवर्तन गर्न सकिन्छ तर सामान्यतः शब्द-परिवर्तनले नै काम चल्ने गर्दछ।

साङ्केतिक लेखन विद्याको प्रयोग वर्ण-विपर्ययमा पनि देख्न सकिन्छ। यो साङ्केतिक कूट भाषाको अपेक्षा ज्यादा सुगम हुन्छ र अलिकति बुद्धि लडाउनसाथ बुझ्न सकिन्छ। जस्तै 'टीरो' = रोटी, नीपा = पानी। वर्ण-विपर्ययमूलक भाषाको उपयोग गोपन र मनोरञ्जन दुवैका लागि हुन्छ। ज्यादा गोपनीय वस्तुलाई वर्ण-विपर्ययद्वारा अभिव्यक्ति गरिँदैन किनभने यसमा कुरा खुल्ने आशङ्का ज्यादा हुन्छ। गोपनीयताको रक्षा साङ्केतिक लेखन विद्याबाट नै हुन्छ। वर्ण-विपर्ययबाट ज्यादाजसो उत्सुकता या मनोरञ्जनको भावना व्यक्त गरिन्छ।

हाम्रो बाल्यावस्थामा पहिलो अक्षरको अर्थ हुने र दोस्रो अक्षरको अर्थ नहुने एउटा प्रचलित विधि थियो । मलाई स्मरण छ: मैले पनि थोरबहुत यसको अभ्यास गरेको थिएँ जस्तै भार पात खार पायो = भात खायो । अर्को अङ्गात्मक साङ्केतिक सङ्केत । अङ्गात्मक कूट भाषा अपेक्षाकृत ज्यादा कठिन हुन्छ । यो कृत्रिम वाक्यमा आश्रित छ । यसमा वर्णमालाको सबै अक्षरलाई ओल्टाई-पल्टाई राखिएको छ । जुन क्रमले अक्षर राखिएको छ, त्यसै आधारमा संख्या पनि दिइन्छ र अक्षरको साटो संख्याको नै प्रयोग हुन्छ । मात्राहरू पनि त्यसैमा लाग्दछ । यसमा वर्णमालाको कामचलाउका लागि सबै अक्षर आउँछ । ङ, ञ, ण, श, ष, व आदि समावेश हुँदैन किनभने सामान्य बोलचालमाथि वर्णको प्रयोग हुँदैन । यसमा क्रमशः वर्णको संख्या निर्धारित गरिन्छ जस्तै १.गो.२विं.३द । प्रत्येक अक्षरलाई १, २, ३ आदि संख्या निर्धारित गरेर त्यसैमा मात्रा लगाएर लेख्ने वा बोल्ने गरिन्छ । जुन व्यक्तिहरू वा श्रोताहरू यो साङ्केतिक सूत्रबाट परिचित हुँदैनन तिनीहरू हतप्रभ नै रहन्छन् ।

साङ्केतिक लेखन विद्यालाई बेग्लै लिपि बनाएर प्रयोग गरेको विधि पनि पाइन्छ । जस्तै mar नu pa र ch= मारनु पर्छ आदि ।

मध्यकालीन नेपाली कवितामा पनि कूट भाषाको प्रयोग यसरी भएको पाइन्छ । प्रस्तुत कविता कवि राजीवलोचनको हो ।

'गा' को दक्षिण पाउ भाँचि झिकी कान् चुल्ठो लगाऊ 'ज' मा
चूचो भाँचि 'च' को निमोठि लखकान् थुपुक्क लाऊ 'ल' मा
चोर नाङ्गो गर, सब् 'न' राख विचमा 'व' मा पुछर लाइद्यौ
'वा' मा टोपि लगाई अक्षर झिकी कुन् नाम हो जानिल्यौ ।

१.६ साङ्केतिक लेखन विद्यामा वैज्ञानिक आधार

साङ्केतिक लेखन विद्यालाई अझै गोप्य बनाउनाका लागि विज्ञानको आधार लिइयो । यस अनुसार दुइटा मुख्य विधि-क्रम परिवर्तन (Transposition) र स्थानापन्न (Substitution) विकसित भयो ।

१.६.१ क्रमपरिवर्तन विधि

यो विधिको सबभन्दा पुरानो उदाहरण दक्षिणी-युनानको प्रसिद्ध पुरातन शहर स्पार्टामा विकसित भएको स्काइटेल यन्त्र हो । त्यहाँको किंवदन्ती अनुसार लेसेमानियन जनरल परस्परमा सामरिक महत्त्वको गोप्य खबर आदान-प्रदानका लागि बेलुन आकारको दण्डमा (दंड) पातलो रेशमी कपडाको पट्टीलाई वक्र आकारमा बेरेर माथिदेखि तलसम्म खबर लेखिइन्थ्यो र खबर पूरा भएपछि पट्टी खोलेर वाञ्छित व्यक्तिलाई पठाइन्थ्यो । पट्टीको चौडाइ चाहिँ एक अक्षरको उँचाइ बराबरको हुन्थ्यो । यो विधिको गोप्य खबर पढ्नेले खबर पढी सकेपछि साबिकको आकारमा राख्ने गर्दथ्यो । यो विधिको आविष्कार युनानमा पाँचौं शताब्दी ई.पू. मा भएको थियो । यही विधिमा आधारित केही यन्त्रमध्ये एकलाई प्रयोग गर्ने बयान "थुसाइडाइड" को लेखमा पनि पाइन्छ । यसैको अर्को प्रचलित विधिमा वाक्यको अक्षरलाई मूलवर्ग (Matrix) को रूपमा बायाँ र दायाँ लेख्छन् र त्यसलाई माथिदेखि तल पढेर एकसाथ लेखी साङ्केतिक लेखन बनाइन्छ जस्तै RUSH MORE एक साथ लेखी साङ्केतिक लेखन बनाइन्छ जस्तै TROOPS IMMEDIATELY को मूलवर्ग

r	u	s	h	m
o	r	e	t	r
o	o	p	s	i
m	m	e	d	i
a	t	e	l	y

माथिदेखि तल पढनाले साङ्केतिक लेखन वन्दछ ROOMA UROMT SEPEE HISDL MRIIY

यो विधिमा पनि पढ्नेको यदि पूर्ण ज्ञान यसमा छैन भने यो खवर निरर्थक हुन्छ। यसमा ५×५ को वर्गाकार मूलवर्ग वनाइएको छ तर वाक्यको अक्षरहरूको संख्या अनुरूप वर्गाकार वा आयाताकार मूलवर्ग पनि बनाउन सकिन्छ। यो प्रक्रियामा यदि ठाउँ खाली भयो भने त्यसलाई गुणन चिह्न (××) ले भरिन्छ। यो विधिलाई विभिन्न रूप दिन सकिन्छ। यसवाट असम्वन्धित व्यक्तिले सूत्र थाहा पाउन सक्तैन। यो विधिलाई परिवर्तन गरेर तलवाट माथि पढ्ने, स्तम्भको क्रमलाई साटेर पढ्ने, रेखाहरूलाई क्रम हेरफेर गरेर पढ्ने आदि पनि गर्न सकिन्छ।

१.६.२ स्थानापन्न विधि

यो विधिको विकास गर्ने यूनानका प्रसिद्ध लेखक पोलिवियस हुन्। उनले यो विधिमा आधारित अङ्कीय साङ्केतिक लेखनको विकास गरे। यसमा अङ्ग्रेजीको २६ वर्णमा २५ वर्णको पाँचवर्गको स्तम्भमा राखेर हरेक रेखा र स्तम्भको अङ्कहरूले प्रदर्शन गरेका थिए। यिनमा कुनै एउटा वर्ण-जोडा (जस्तै आइ र जे) एकै संख्यावाट प्रदर्शित गर्छन्, जस्तै –

	१	२	३	४	५
१	a	f	l	q	v
२	b	g	m	r	w
३	c	h	n	s	x
४	d	i	o	t	y
५	e	k	p	u	z

अव हरेक अक्षरलाई त्यसको रेखा तथा स्तम्भको अङ्कहरूलाई एकसाथ राखेर दर्शाउन सकिन्छ, जस्तै 'सी' को लागि ३१, 'एच' को लागि ३२ आदि। खवरको हरेक अक्षरको ठाउँमा संख्या लेखेर साङ्केतिक लख वनाइन्छ (काटिन्छ)। अव एउटा खवर –

११-४२-२४
११-४४-४४-११-३१-५२
११-४४
२३-४२-४१-३३-४२-२२-३२-४४

यो खबर पाउनेसँग 'पोलिविवयस' अङ्कीय वर्णक्रम वर्गको प्रतिलिपि छ भने उसले यो खवर NEXT YEAR ATTACK AT MID-NIGHT थाहा पाउन सक्छ। असम्वन्धित व्यक्तिका लागि यी संख्याहरू निरर्थक हुन जान्छन्।

यो विधिलाई पनि अङ्क या वर्णक्रम/स्थानलाई हेरफेर गरेर अरू कैयन विभिन्न वर्ग पनि वनाउन सकिन्छ र समय अनुसार प्रयुक्त गर्न सकिन्छ।

साङ्केतिक लेखन विधि अरूले विच्छेदन गर्न नसक्ने गरी समय निर्धारण गरेर समयलाई घटाउन र वढाउन सकिन्छ। यसमा साङ्केतिक खवर जति सकेको गोप्य रहनु नै प्रयास पूर्णरूपमा सफल भएको मानिन्छ।

मध्यु युगमा शार्लेभ्यागनेले स्थानापन्न विधिको आधार लिएर वर्णमालालाई नै विभिन्न चिह्नवाट विस्थापित गर्दा उनको जनरलहरूलाई सम्झन समेत ज्यादै मुस्किल परेको थियो। नवजागरण (Renaissance) भन्दा पहिले सोह्रौ शताब्दीसम्म सवैभन्दा प्रचलित स्थानापन्न कूट (Code) यसप्रकारको थियो।



(चित्र राख्नुपर्ने)

यो स्थानापन्न कूटको जानकारी भएपछि साङ्केतिक लेखन विच्छेदित भयो।

यो विधिमा पनि वर्णको स्थितिमा फेरवदल गरेर थरी थरीको कूट वनाउन सकिन्छ र शत्रुहरूलाई थरीथरीको कूट प्रयोग गरेर विस्मयमा पार्न सकिन्छ। यो प्रणालीलाई "चित्रकूट" भनिन्छ। यसैको समुन्नत रूपको कूटको प्रयोग गरेर हिजो आज पनि गुप्त खवरलाई चित्र, नक्सा, फोटो तथा वधाईपत्रको आवरणमा पठाइन्छ। यो पुरातन प्रणालीहरू कलम/सिसाकलमको सहयोगले वनाइन्थ्यो र हल गर्न सजिलो पर्थ्यो।

आजको युगले गणित र सुसांख्य (परिकलन) यन्त्र (Computer) प्रयोग गरेर साङ्केतिक लेखन-प्रणालीलाई अझ जटिलभन्दा जटिल वनाइदिएको छ र विशेषज्ञले मात्र यसको प्रयोग गर्न सक्छ।

सन्दर्भ कृति

तिवारी, भोलानाथ सन् १९८९, भाषाविज्ञान, किताव महल।
तिवारी, रजनीकान्त (डा.) सन् १९९५, कादम्बिनी,वर्ष ३५, अङ्क ३।

द्विवेदी, कपिदेव (डा.) सन् १९८६, भाषाविज्ञान एवम् भाषाशास्त्र, विश्वविद्यालय प्रकाशन ।
न्यौपाने, टंकप्रसाद सं. २०५१, भाषाविज्ञानको रूपरेखा, नेपाल बुक डिपो ।
शर्मा, देवेन्द्रनाथ सन् १९८६, भाषाविज्ञानको भूमिका, राधाकृष्ण प्रकाशन ।
सिजापति रामविक्रम (डा.) सं. २०५४, भाषापरिचय, विद्यार्थी पुस्तक भण्डार ।

मानव कर्ममा ज्योतिषको प्रभाव

– हर्षनाथ भट्टराई

मानव जीवनको कर्मसिद्धान्त र ज्योतिषशास्त्रलाई गम्भीरतापूर्वक विचार गर्ने हो भने यी दुई एउटै सिक्काका दुई पाटा हुन्। यदि ज्योतिष शास्त्रमा विश्वास छ भने कर्म सिद्धान्तमा विश्वास गरेको स्पष्ट हुन्छ।

'ज्योतिष' शब्दले आकाशका ज्योतियुक्त ग्रह-नक्षत्र र ताराहरू प्रतिविम्वित गर्दछ। कर्म सिद्धान्त पनि यही कुरालाई प्रतिविम्वित गर्दछ जहाँ जन्म-जन्मान्तरदेखि सञ्चित कर्म भाग्य वनेर यो जन्ममा मानवलाई असल वा खराव फल दिन्छ। कार्यसिद्धान्त र ज्योतिषको अभिन्न सम्वन्ध स्थापित गर्दा यो कुरालाई स्वीकृत गरी, यस तथ्यलाई मान्य गर्दै जुनसुकै असल वा खराव कर्म फल हामीले यही जन्ममा भोग्नै पर्छ, जुन आकाशका ग्रह-नक्षत्रहरू आफ्नो गति वा सम्वन्धद्वारा व्यक्त गर्दछन्। भने के हाम्रो भाग्यको निर्णय पनि आकाशका ग्रह-नक्षत्रहरू नै गर्छन ? के सर्वशक्तिमान् कुनै यस्तो सत्ता छ, जो यी ग्रह र नक्षत्रहरूलाई हाम्रो भाग्यविधाता वन्ने अधिकार दिन्छ ? के पृथ्वीमा वस्ने करोडौं मानवहरूको भाग्यनियन्ता यी नौ ग्रह र सत्ताईस नक्षत्र नै हुन् ? के यो सीधा तानाशाही वा अधिनायकीपन होइन ? के ग्रहनक्षत्रहरूको भाग्य नियन्त्रक शक्ति स्वीकार गरेर मानिस स्वतः भाग्यविधाताहरूको कठपुतली वन्न इन्कार गर्न सक्तछ ? यदि यस्तो हो भने फेरि मानिसको धर्म-कर्म-पुरुषार्थ केको लागि ? मानव जातिलाई सर्वोत्तम र जगत्लाई स्वर्ग वनाउने कल्पना किन र कसरी गर्न सक्तछ ?

यी ती सरल प्रश्न हुन् जुन आधुनिक मानव मन-मस्तिष्कमा सहज रूपमा आउन सक्छन् र उव्जन्छन्। यी प्रश्नको शास्त्र र सिद्धान्त अनुसार तर्कसम्मत समाधान नै यो लेखको मूल विषय हो।

आजकाल साधारणतया वुद्धिजीवीहरू यस्तो मन्तव्य व्यक्त गर्छन् – 'तपाईंको राशि भविष्य' भन्ने' विषयको कालम पत्र-पत्रिकाहरू र मासिक पत्रिकाहरूबाट हटाइदिनु

पर्दछ, किनभने यस्तो लेखादिले साधारण व्यक्तिलाई भ्रममा पारी निष्क्रियतातर्फ प्रेरित गर्दछ। तर यो मन्तव्य कति उच्च छ भने महत्त्वपूर्ण पत्र-पत्रिकाहरू ज्योतिषस्तम्भविना अधुरो मानिन्छन्। तथाकथित प्रगतिशील अङ्ग्रेजी पत्र-पत्रिकाहरूमा पनि ज्योतिष विषयक कालम अनिवार्य रूपले तिनका पाठकहरूको रुचिलाई प्रदर्शित गर्दछ। आफ्नो भविष्यका प्रतिको जिज्ञासाबाट कोही विरलाकोटी नै बच्न सक्ला, ठीक त्यस्तै नै आफ्नो प्रशंसा सुन्ने इच्छालाई सानोभन्दा सानो र ठूलोभन्दा ठूलो कुनै व्यक्ति पनि दमन गर्न सक्तैन।आफ्नो भविष्यको बारे सूक्ष्मताका साथ जान्ने इच्छा हरेकमा समान रूपमा भएको देखिन्छ। जुन बुद्धिजीवीको सामूहिक मन्तव्य ज्योतिषसम्बन्धी विश्वासलाई मान्न विरोधी हुन्छन्, ती बुद्धिजीवी नै व्यक्तिगत रूपले आफ्नो राशिको साप्ताहिक, पाक्षिक वा मासिक भविष्य हेर्नलाई खूब छिटो-छिटो पत्र-पत्रिकाका पन्ना पल्टाएको देखिन्छ।

यसबाट के बुझिन्छ भने आफ्नो भविष्य अवगत गर्ने इच्छा मानव स्वभावको अङ्ग हो। ज्योतिष शास्त्र-सम्बन्धी अनुभवजन्य सिद्धान्त, मनुष्य स्वभावको यस अङ्गलाई तुष्ट र पुष्ट पार्नका लागि नै प्रणीत गरेका हुन्।

पहिले यो भविष्यलाई हामीले त्यो भूतकालमा खोज्ने प्रयत्न गर्नुपर्दछ, जसको आधारमा हाम्रो भाग्य निर्मित भएको छ। भाग्यमा विश्वास नगर्ने कुनै व्यक्ति पनि यो कुरालाई इन्कार गर्न सक्तैन, जुन जन्मभन्दा पहिले कुनै पनि प्राणी आफ्ना माता-पिता र जन्मस्थान अनि जन्म समयको चुनाव गर्न सक्तैन। जसलाई जहाँ,जुन माताको पेटबाट जुन समयमा उत्पन्न हुनु, त्यहीं त्यो उत्पन्न भएको हुन्छ र पहिलो पटक दिनको उज्यालो वा रातको अँध्यारो देख्तछ। त्यो व्यक्ति जुन क्षण आफ्नी आमाको कोखबाट निःसृत भएर पृथ्वीको वातावरण स्पर्श गर्दछ, त्यही उसको जन्म-कुण्डलीको लग्नको त्यो विन्दु हुन्छ जहाँबाट उसको जीवन यात्रा प्रारम्भ हुन्छ।

जन्म-समय अनुसार लग्न निश्चित हुनुको अर्थ हो उसको लग्न-राशि निश्चित हुनु। राशिको शाब्दिक अर्थ समूह हुन्छ, पाश्चात्य ज्योतिषी यसलाई 'साइन' वा चिह्नको नामले जान्दछन्। यी राशिहरू वा चिह्न बाह्र छन्। इनको नाम क्रमशः – मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ र मीन हुन्। इनको पश्चिमीहरूले राखेका नाम र चिह्न यसप्रकार छन् – मेष (Aries - ♈), वृष (Taurus - ♉), मिथुन (Gemini - ♊), कर्क (Cancer -♋), सिंह (Leo - ♌), कन्या (Virgo -♍), तुला (Libra -♎), वृश्चिक (Scorpio -♏), धन (Saggitarius -♐), मकर (Capricorn - ♑), कुम्भ (Aquarius -♒), मीन (Pisces - ♓)

यी १२ राशिहरू खगोल चक्रका ती बाह्र भाग हुन् जुन हाम्रा दृश्य र अदृश्य आकाशलाई पूर्ण गर्दछन्। व्यक्तिको जन्म-समयमा पूर्व क्षितिजमा जुन राशिको उदय भइरहेको छ, त्यही त्यस व्यक्तिको लग्नराशि हुन्छ र त्यसबेला चन्द्रमा जुन राशिमा भ्रमण गरिरहेको हुन्छ त्यसको जन्म राशि त्यही हुन्छ। आफ्नो भविष्य पत्र-पत्रिकाहरूमा हेर्नका लागि मानिसहरू यही जन्मराशिको सहारा लिन्छन्। हरेक राशिमा सवादुई नक्षत्र समावेश हुन्छ र यसरी नै सत्ताईस नक्षत्र मिलेर बाह्र राशिहरूको निर्माण गरेका छन्। नक्षत्रअनुसार ध्वनिसिद्धान्तको आधारमा हरेक नक्षत्रका चार चरणका चार प्रतिनिधि अक्षरहरू हुन्छन् र तिनबाट शुरु गर्दा व्यक्तिको जन्म नाम निश्चित हुन्छ। उदाहरणार्थ

जुन व्यक्तिको जन्म समयमा चन्द्रमा मेष राशिमा भरणी अर्थात दोस्रो नक्षत्रको पहिलो चरणमा रहेको छ भने, त्यसको नाम 'ली' अक्षरबाट प्रारम्भ हुन्छ ली बाट उठ्ने जुनसुकै नाम पनि रहन सक्तछ। यसरी नै सत्ताइस नक्षत्रका १०८ चरण हुन्छन्, यही अनुसार प्रारम्भिक अक्षरहरूको सिद्धान्तअनुसार व्यवस्थित भएको छ। सुमेरु सहितको एकसय आठ दाना युक्त जपमालाको सम्बन्ध इनै नक्षत्र-चरणहरूसित छ, जसमा सारा खगोल-वृत्त अन्तर्भूत भएको मानिन्छ।

राशिको अर्थ 'समूह' किन भनिएको हो भने एक राशिमा जुन सवा दुई नक्षत्र अटाएको हुन्छ, ती कैयन् ताराहरूका समूह हुन् र तिनको निश्चित आकार छ। जस्तै – मृगशीर्ष (मृगशीरा) नक्षत्रका ताराहरूको आकार मृगको सिङ जस्तो छ। नक्षत्रहरूको नामको आधार नै तिनको आकार वा रूप हो, यही कुरा राशिहरूको नामअनुसारको रूपबाट सिद्ध भएको।

यो ज्योतिष-ज्ञानकोसामान्य र प्रारम्भिक विवरण, कर्म-सिद्धान्तको ज्योतिषसित सम्बन्ध सिद्ध गर्नु आवश्यक छ। वास्तवमा ज्योतिषविद्या अनन्त र त्यसको पार पाउनका निमित्त एक व्यक्तिको जीवन अवधि पर्याप्त छैन, तर सत्यताको आधार प्रमाणित भएको अनुभवजन्य अमूल्य रत्नहरूको जुन विशाल राशि हामीलाई मिलेको छ, त्यसैको आधारमा हामी सत्यताको नजीक पुग्न सक्तछौं।

सर्वप्रथम हामी के देख्छौं भने – कुनै व्यक्ति आफ्नो जन्म समय, स्थान, मातापिताको परिचय गर्न सक्तैन। यो भाग्यको निर्देश हो र यसमा कसैको वश चल्दैन। अब जन्मदेखि लिएर मृत्युसम्म यो प्राणी कुन-कुन र कस्ता-कस्ता परिस्थितिहरू पार गर्दछ भन्ने कुरा जान्नलाई हामीले तिनै ग्रहहरू र राशिहरूको सहारा लिनुपर्दछ, जुन त्यसबेला आकाशमा साक्षीको रूपमा उपस्थित थिए। यो प्रणालीको जस्तै भाग्य अघिल्लो जन्मदेखि नै साथमा लागेर आएको छ, उसको तत्कालीन आकाशको नक्सावाट हामीले जान्नुपर्दछ, जसको नाम नै 'जन्मकुण्डली' हो। जन्मकुण्डलीले के देखाउँछ भने – पूर्वी क्षितिजमा त्यसबेला कुन राशि उदाइरहेको थियो र त्यसपछि क्रमशः बाह्र राशिहरूमा कुन-कुन राशिबाट ग्रहहरू कहाँ-कहाँ भ्रमण गरिरहेका छन्।

जन्मकुण्डलीको आधार नै त्यसका बाह्रभावहरू हुन्, जसमा कल्पित कालपुरुष शिरदेखि पैतालासम्म गोलाकार भएर पल्टिएको हुन्छ।

पहिलो भाव – व्यक्तिको व्यक्तित्व निर्देश गर्दछ।

दोस्रो भाव – परिवार र उसको सामाजिक स्थिति, सम्पन्नता र वाणीलाई निर्देश गर्दछ।

तेस्रो भाव – सहजन्मलाई सहज भन्दछन्, जसको अर्थ हो सहजन्म हुने भाइ, बहिनी आदि र यही भावले व्यक्तिको पुरुषार्थ शक्तिलाई पनि निर्देशित गर्दछ।

चौथो भाव – मूलतः माता, पृथ्वी, वाहन र घरको स्थितिको निर्देशक हो।

पाचौं भाव – सन्तान, विद्या-बुद्धि र पूर्व-पूर्णको निर्देशक हो।

छैटौं भाव – शत्रु, रोग र ऋणको स्थितिवोधक हो।

सातौं भाव – पति वा पत्नी, विवाह र सहयोगीहरूको स्थिति र अवस्था हो।

आठौं भाव – जीवनको अवधि (आयु), दुःख, पाप र पुनर्जन्मको स्थितिको निरूपक हो ।

नवौं भाव – धर्म, गुरु, भाग्य र आस्थाको सूचक हो ।

दशौं भाव – पितृ, व्यवसाय, कर्म र अधिकारको सूचक हो ।

एघारौं भाव – लाभ र मित्रहरूको मुख्य रूपले निर्देशक मानिन्छ ।

बाह्रौं भाव – हानि व्यय र मोक्षको बोधक मानिन्छ ।

यी बाह्र भावहरूमा बाह्र राशिहरू जन्म-लग्न राशिका क्रमानुसार कुण्डलीमा हेरिन्छन् । इनै बाह्र राशिहरूमा प्राचीन भारतवर्षीय मान्यता अनुसार सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र र शनि यी सात ग्रहहरू र राहु अनि केतु यी दुई पातविन्दू कहीं न कहीं रहन्छन् । पश्चिमीहरूले ग्रहका चिह्न यस्तो दिएका छन् :–

सूर्य (Sun –☉), चन्द्र (moon –☽), मङ्गल (mars –♂) बुध (mercury –☿), बृहस्पति (jupiter –♃), शुक्र (venus –♀), शनि –♄), राहु (Dragon's head –☊), केतु (Dragon's Tail –☋), इन्द्र (Uranus or Hershell –♅), वरुण (Neptune –♆), रुद्र (Pluto –♇) आधुनिक अनुसन्धानको आधारमा नेप्चून, प्लूटो (चन्द्र० र हर्षल (इन्द्र) यी तीन ग्रहहरू पनि जन्मकुण्डलीमा सामेल गरेका छन्, जसको प्रभाव-निरूपण ज्योतिषी आफ्नो मान्यताअनुसार गर्दछन् ।

नौ ग्रह (जसमा राहु-केतु सम्मिलित छन्), बाह्र राशिहरू, सत्ताईस नक्षत्रहरू, जुन फैलिएका जन्कुण्डलीका ती बाह्र भावहरूमा तिनको संक्षेपमा निरूपण गरेको छ । जन्म-जन्मान्तरको शृङ्खलाको एक कडी यो वर्तमान मानव जो केही निर्धारित गरेर आएको छ, ती सब यस जीवनमा पूरा गर्दछ र साथै ऊ यही जन्ममा आफ्नो भविष्यको पनि निर्माण गर्दछ । यसको सामाजिक, आर्थिक परिस्थिति, परिवार, कार्यक्षेत्र, पुरुषार्थ, बुद्धि र प्रतिभा, जीवनसाथी, आस्था आदि सबै पहिलेदेखि नै निरुपित भइसकेका हुन्छन्, त्यो अदृष्टको अँध्यारो कन्दरामा जसको नाम, भाग्य वा हुनिहार हुन्छ । आकाशका यी ज्योतिमान यात्री, बाह्र राशिहरूमा भ्रमण गर्ने यी ग्रहहरू, अदृष्टको प्रभाव इनै अँध्यारो कन्दरामा आफ्नो स्थितिको माध्यमबाट गम्भीर रूपमा पारिरहन्छन् ।

जातक, भन्ने ज्योतिषीय भाषाको यो शब्द, त्यही व्यक्ति विशेषको निमित्त प्रयुक्त हुन्छ, जसको जन्मकुण्डली र अरू कुण्डलीहरूको माध्यमबाट (यी जति कुण्डली छन् ती सबै जन्मकुण्डलीका नै विस्तार हुन्) भविष्य निरूपण गरिन्छ । ग्रहहरूको राशि-राशिमा भ्रमण, तिनको वक्र गति र मार्ग गति, तिनका स्वाभित्ववाला राशिहरू र भावहरूको स्थितिलाई हेरी, परीक्षा गरी अनि गहिराइमा गएर जातकको विषयमा कुनै मत वा दृष्टि स्थिर गर्न सकिन्छ ।

यो लेखको शुरुमा कैयौं प्रश्नहरूको उल्लेख छ, जसमा ग्रहहरूको सर्वशक्तिमत्ताको बारेमा प्रश्न पनि छन् । उत्तरमा हामीले ज्योतिषको कुनै विवरणको आधारमा खोज्नुपर्ने आवश्यक छ, जे जति इनमा निरुपित गरिएको छ आकाशको स्थिति ऐनाले जस्तै स्पष्टसँग बनाउन सकोस् । त्यही नै व्यक्तिको सही जन्मकुण्डली हो । जे जति भएपनि शुभ र अशुभ फल निर्देश गर्दछ, र त्यो व्यक्तिविशेषको गुण-दोषको खाका हो । जति गुण छन् तिनको सही उपयोग र जति दोष छन् तिनको निवृत्ति, जुन पुरुषार्थ प्राप्त छ

त्यसलाई पुरुषार्थको वलमा आदर्शको स्थितिसम्म लैजाने क्षमता लिएर हरेक मानव यो धरतीमा आएको हुन्छ ।

कर्म वा भाग्यका साथ ज्योतिषको सुमधुर सम्वन्ध भय र आकाङ्क्षाहरूको अनि फेरि तिरस्कारको पनि कारण हुनुहुँदैन, ग्रह प्रकृतिको नियमअनुरूप भ्रमण गर्दछ, भने मानवले पनि प्रकृतिको रहस्यका साथ आफ्नो मेल कायम राख्नु पर्दछ र जीवनलाई अभिशाप नमानेर वरदान मान्नु पर्दछ । ज्योतिय ज्ञानका साथ-साथै विज्ञान पनि छ, भन्ने यो तथ्यलाई अनास्था नगरी प्रवुद्ध वर्गले मानेको यो अमूल्य अनुभवगत अमृततत्त्ववाट फाइदा लिन सक्नु पर्दछ ।

मुख्यतः गणित र फलित गरी दुई भागमा विभक्त ज्योतिष शास्त्रअन्तर्गत गणित-विज्ञानको चमत्कार पनि ठाउँ-ठाउँमा देखापर्दछ । प्राचीनकालदेखि नै ज्योतिषको समावेश वेदको प्रमुख अङ्गको रूपमा भएको छ, र ज्योतिषलाई वेदको चक्षु (आँखा) वताएका छन् । यो चक्षु मनुष्यलाई उपलव्ध छ, तापनि केवल दृष्टि स्थिर गर्ने आवश्यकता मात्र छ ।

उपर्युक्त ज्योतिषको आधारमा मानव जीवनमा पर्ने स्वास्थ्यको पनि महत्त्वपूर्ण विषय छ । कुनै-कुनै वेला अनेक वैज्ञानिकहरूले यस्तो प्रलाप पनि गरेका छन् – 'ज्योतिष एक असत्य परिकल्पना हो, ग्रहहरूको मानवजीवनमा कुनै प्रभाव पर्दैन ।' यस्तो घोषणा गरेका भए पनि ज्योतिष विषयमा विश्वास गर्नेहरूको संख्यामा कमी देखिएन र विश्वास पनि क्षण- प्रतिक्षण वढ्दै गएको देखिन्छ ।

'सत्य' निरपेक्ष सत्ता हो, त्यो जन्मतः उच्च पद वा युगको वशवर्ती हुँदैन । ज्योतिषको सत्ता पनि यस्तै स्वतः प्रमाणित सत्य छ । ज्ञानको विशिष्ट रूप नै विज्ञान हो, यसका लागि कुनै सार्वकालिक समय वा अनुवन्ध हुँदैन, वास्तवमा विज्ञानको परिभाषा यस्तै हुनुपर्छ । प्रत्येक युग विज्ञान सम्पन्न हुन्छ, यसकारण जुन युगले ज्योतिषको अनुसन्धान गऱ्यो, त्यो पनि विज्ञानको युग थियो – यसमा कुनै आपत्ति छैन ।

भारतवर्षमा ज्ञानलाई व्यवहारको विषय वनाउनेहरू अर्थात् अन्वेषण गर्नेहरूलाई ऋषि भन्ये अनि इतर विचारधाराका समानान्तर ज्योतिषका अनुसन्धान गर्नेहरू पनि ऋषि नै थिए । ती निरपेक्ष ऋषिहरूको निष्ठामा कुनै प्रकारको सन्देह गर्नु स्वयंको अल्पज्ञता परिचय गराउनु मात्र हुनेछ । ती ऋषिहरूको निष्ठापूर्ण प्रयत्नको विषयमा वढी प्रमाण के होला ? जहाँ उनीहरूले ग्रह वा नक्षत्रहरूको सतत सूक्ष्म निरीक्षण गरी ज्योतिषीय सिद्धान्त स्थापित गरे अनि ती सिद्धान्त आज पनि अक्षुण्ण र अविकृत छन् । अव वाँकी रह्यो प्रश्न फलितको – यसमा के भन्न सक्तछौं भने हामी चेतनवादी उत्कृष्ट प्राणी हौं, अतः यसका लागि ती निष्क्रिय ग्रहहरूवाट आइरहेका विभिन्न रङ्गावली रश्मीहरूको व्यक्ति-व्यक्तिमा वा लोकको वर्तमान जीवनमा पर्ने प्रभावहरूको समीकरण पनि आवश्यक थियो ।

अनेकौं पटक एक-दुई व्यक्तिमा फलित असङ्गत सिद्ध होला, तर यो असङ्गति ज्योतिषको समग्र शास्त्रलाई अविश्वसनीय भनेर लाञ्छना लाउन सक्तैन । ज्योतिषले व्यक्तिको अन्तर्वाह्यसित सम्वद्ध सवै विषयहरूमा विशद समीक्षा गरेको छ । गणितको सार्वदिह फलित सम्झाउनमा कुनै प्रकारको प्रमाद वा छिद्र रहन दिएनन्, अतः यो ज्योतिषको नै विश्लेषण हो, जहाँ ती आफ्नो सीमित ज्ञानदृष्टिले फलित उपलब्ध गर्न

वसे। कुनै पनि प्रश्नको सूच्यग्रवत् उत्तर प्राप्त गर्नलाई अनेक आयाम र आधारद्वारा मूल्याङ्कन गर्नुपर्दछ र त्यसका लागि जति समय चाहिन्छ उति समयको मर्मज्ञता पनि। अरू शास्त्रहरूजस्तै ज्योतिष पनि निगूढ विद्या हो र यसको रहस्य गुरुकृपावाट नै लभ्य छ। यसलाई गुरुमुखी विद्या पनि भनिन्छ र त्रिपाक्षिकी विद्या पनि भन्दछन्, जसको आशय हो – निरन्तर अध्ययन र अन्वीक्षण।

ज्योतिषका आचार्य अग्रगामी वैज्ञानिक थिए – यो तथ्य आजको विज्ञानको परिभाषासित पनि मेल खान्छ, किनभने ज्योतिष प्रत्यक्ष र प्रायोगिक शास्त्र हो।

भारतवर्षीय परम्परामा वेद सर्वप्रामाण्य छ। ज्ञानको मूल हुनाको कारण वेदको वर्ण्य-विषय सूची यति व्यापक छ, त्यसमा सबै विषय र ज्ञानका शाखाहरू पर्दछन्। हाम्रो मान्यता के रहेको छ भने – जुन विषय वेदद्वारा प्रमाणित छ, सो आप्त मानिन्छ, त्यसमा कुनै शङ्का गर्ने आवश्यक छैन। ज्योतिषको मूल आधार पनि वेद नै हो। प्रत्येक वेदको आफ्नो-आफ्नो ज्योतिष रहेको छ। साम ज्योतष आज अप्राप्य छ, तर ऋक्, यजुष र अथर्व वेदका क्रमशः छत्तीस, उनन्चालीस र एकशय वासट्ठी सूत्रहरू छन्, जसलाई सर्वप्रथम लगध ऋषिले उपदिष्ट गरे। त्यसै त ज्योतिषलाई वेदाङ्ग र 'प्रत्यक्षं ज्योतिषं शास्त्रं' भनेर भावका वौद्धिक जगत्को वैभव नवताएर सामान्य जनजीवनको घटना वताएको छ, यसकारण ज्योतिष्य विज्ञान हुनमा कुनै दोष वा अव्याप्ति छैन तापनि यहाँ एक आश्चर्य के देखिएको छ भने – एक वैज्ञानिक अर्को वैज्ञानिकलाई किन असत्य भनिरहेको छ।

एक छिन हामीले फलित पक्षलाई छोडिदिएर केवल गणितलाई मात्र विवेचनाको आधार मानेर ज्योतिषको वैज्ञानिकता र प्रामाणिकतामा विचार गऱ्यौं भने के मान्नु ठीक पर्ला भने – भारतवर्षीय भूमि विश्वका प्राचीनतम वैज्ञानिकहरूको कर्मभूमि रहेछ। दशमलव पद्धति, त्रिकोण मिति र एक सेकेण्डको तेत्तीसौं भाग सम्मको कालगणना प्राकृतिक व्यवहारमा गर्नु अतिवैज्ञानिकताको स्पष्ट रूप देखिन्छ। पृथ्वीको गतिशीलता (आर्यभटकों – 'चलापृथ्वीस्थिरा भाति' भन्ने उक्ति) मध्याकर्षण शक्तिजस्ता विषयमा निर्णायक कुराहरू वताउनु सम्म मात्र ज्योतिष सीमित रहेन, उसले तत्त्व र प्रतीकत्वको परस्पर मिल्नु वैज्ञानिक मान्यता अनुसार महाप्रलयको कालगणना ब्रह्मलोकको सयवर्षको गणित गरी स्थापित गरिदिए। पृथ्वी शेषनागको फणामा अडेको छ भन्ने रूपकको विज्ञानसम्मत अर्थ पनि हुन्छ, भन्ने विषयमा गहिरिएर हेर्दा यो ब्रह्माण्डमा प्रसृत विश्वकुण्डलिनी सर्पाकार हो र हाम्रो भूलोकको स्थिति उसको फणामाथि आउन सक्तछ।

ज्योतिष विषयको अनुसन्धान गर्नेहरू एशियामा सर्वाधिक छन्, अनेकौं स्थानमा ज्योतिष विषयको अनुसन्धानशाला र वेधशाला रहेका छन्। ज्योतिषका सम्मानित आचार्यहरूमा यवनाचार्य र अरवका पुलिश अनि पोल्याण्डका, रोमक रोमका छन्। अरूहरूमा रावणजस्तो लङ्कादेश निवासीले आफ्नो ग्रन्थको विश्रुत त्रयी-नाडीतन्त्र, अर्कप्रकाश र रावण संहितामा संहितास्तरको ज्योतिषविषय समावेश गरेका छन्। गणितकै आधारमा भूगर्भ, मौसमविज्ञान, वातावरण-विज्ञान, वजारको तेजीमन्दी, सामुद्रिक, शकुन, स्वर, रमल, नष्टजातक जस्ता निगूढ विषयहरूको प्रामाणिक विवेचन गरेका थिए। हुन त

आजको जीवन पद्धतिमा धेरै परिवर्तन आएको छ, तापनि त्यो गणित आफ्नो प्रयोजनीयतामा शिथिल वा ह्रासोन्मुख भएको छैन ।

ज्योतिषका अन्य पक्षको यहाँ विवेचन नगरी, यो लेखमा केवल रोगपक्षमा मात्र विचार गरिन्छ । प्रकृति स्वस्थ रहनुको नाम हो भने, अस्वस्थता विकृति हो । तर विकृतिको पनि मूल आधार प्रकृति नै रहन्छ । यसकारण आयुर्वेद वा कामशास्त्र समतामा जोड दिन्छ, सन्तुलनलाई स्वस्थताको प्रतीक मान्दछ । यो वैषम्य अथवा असन्तुलन नै रोगको अधार वन्दछ । यो वैषम्य हाम्रो शरीर र मनमा प्रकट हुन्छ । स्थूल शरीर तत्वको निर्मिति हो र 'तत्व' गुणहरूको नै सङ्घटित रूप हो । मूलरूपद्वारा गुणात्मक जगमा असङ्गति अथवा व्यतिक्रम उत्पन्न हुन्छ, त्यही स्थूलशरीरमा प्रकट हुन्छ । आन्तरिक गुण वाह्य प्रतीतिमा दोष वन्दछन् र चिकित्साको भारतीय पद्धतिमा रोग निदान गर्नमा वात, पित्त, कफको अवस्थिति दोषहरूको विश्लेषण गर्दछ । हुन त आयुर्वेद तत्वहरूलाई आफ्नो अनुसन्धानमा महत्त्व दिँदैन, तथापि तत्त्व, दोष वा गुणहरूको विकासको आधारभूमि वन्दछ र तिनका साथ विरोध दर्शाउँदैन ।

हाम्रो यो स्थूलदेहमा यसै त अनेक संस्थानहरू छन्, अनि कमसेकम तीन देह त सामान्यतया अनुभवका विषय हुन् । तिनमा एक हो भौतिक देह, अर्को तैजस अथवा सङ्कल्पात्मक अनि तेस्रो मानस । सङ्कल्पात्मक देह मन र त्यो भन्दा पनि परको शक्ति संस्थानसित प्रणीत हुन्छ र यो यही देहको फल वा वल हो जुन व्यक्ति अलौकिक कार्य गर्दछ । जिजीविषा, लोभ वा ईश्वर-साक्षात्जस्तो साधनको कृच्छ र असम्भव प्रायः कर्महरूमा यही इच्छाशक्ति सम्पन्न वैद्युत् देह नै आधार वनिरहन्छ ।

यहाँ वास्तविक कुरा के छ भने – यस युगको जीवन-पद्धति र आर्थिक वैज्ञानिक संस्कृतिको प्रभावले भौतिक जगत् दुष्प्रभावद्वारा हाम्रा मनोजगत्लाई अत्यधिक आक्रान्त गरिरहेको छ ।, यसकारण त्यस्ता विधिहरूलाई अधिक विकसित गर्नुपरेको छ, जुन तनाव र कुण्ठा कम गर्न सकियोस् । अपराधको वृद्धि र नृशंसता यही मानसिक रुग्णताका प्रकटित चिह्न हुन् । धर्मजस्ता कुरामा आधारित आचरणले व्यक्तिलाई मनसा स्वच्छ र शान्त राख्न सक्तछ । त्यही नै जनसंख्याको दवावले उत्पन्न हुने निरङ्कुशतामा लगाम लगाउन सक्छ । तर त्यो त संविधान र वैज्ञानिकताको आग्रहले परास्त भएको छ । यसकारण अधिकांश रोग मनबाटै उब्जिएर शरीरभर फैलिइरहेका छन् । यौ भोतिक वा स्थूलदेहमा फैलने रोगहरूको मन र शरीरसित सम्वन्ध त छ; तर तिनको चिकित्साको स्थूल उपचार पनि हुन्छ ।

ज्योतिष सम्भावित रोगहरूको सूचना दिन्छ र आयुर्वेद चाहिँ तिनको चिकित्सा गर्दछ । त्योतिषको दृष्टिवाट चिकित्साको रहस्य र सामाञ्जस्यलाई वुझ्न सकेमा चिकित्साको अरू प्रभावशाली विधिहरू प्रयोगमा ल्याउन सकिन्छ, अनि यो ज्योतिषको दूर दृष्टिले नै ती सम्भावित रोगहरूको पूर्व सूचना दिन्छ र त्यसवाट वच्नका लागि औपधि, स्नान, हवन, धातु र रत्न-धारणको उपचारात्मक व्यवस्था पनि वनाइदिन्छ । जसको चिकित्साशास्त्रका साथ तत्विक भेद वा विरोध छैन ।

ज्योतिषअनुसार वर्गीकृत अनेकौं व्याधिहरू छन्, जसको सम्वन्ध ग्रहहरू सित जोडिएको छ । हाम्रो शरीरका विभिन्न धातु र संस्थान ग्रहहरूसित (तिनवाट आइरहेका

रश्मिहरूको माध्यमबाट) सम्बन्धित छ। उदाहरणका लागि हाम्रो रक्त प्रवाह एक स्वतन्त्र संस्थान हो, तर त्यसको क्रिया र रूपको आधारमा त्यसलाई तीन कार्य-प्रणालीमा विभाजित गर्न सकिन्छ, जस्तैः– रक्तका श्वेतकण, रक्तकण, रक्तका ताप र दवाव। यी ती भिन्न घटकहरू र क्रियाहरूका आधारमा यसका प्रभावक तीन ग्रह छन्– शुक्र, मङ्गल र चन्द्रमा। शुक्र रक्तका श्वेत्मणु र वीर्य-विमोचन संस्थानका सूचक हो भने मङ्गल रक्ताणु र तापको अनि चन्द्रमा त्यसको तरलता र प्रवाहको कारक अनि सूचक पनि रहन्छ। यी ग्रहहरू मध्ये जसको जुन ग्रहमा वलहीनता हुन्छ त्यो व्यक्तिलाई त्यही प्रकारको देह व्याधिवाट पीडा हुने छ। निम्न रक्तचाप हुनेलाई मङ्गलको निर्वल स्थिति अनिवार्य रूपमा सूचक हुन्छ। हृदय रोगमा चन्द्रमा सीधा कारक हुन्छ र चन्द्रमाको रत्न मोती, हृदयरोगमा सर्वोत्तम औषधि हुनेछ। फलित ज्योतिष पूर्ण विश्वासका साथ के भन्न सक्छ भने– अमुक व्यक्तिमा प्रजनन शक्ति यतिसम्म रहनेछ र अमुक स्त्रीको कुण्डलीको सामञ्जस्यमा चन्द्र, मङ्गलको गोचर एक विशेष विन्दुमा आएपछि प्रथम पटकको रजस्वला हुने योग छ र त्यस्तै विन्दुमा पुगेपछि उसको रजोनिवृत्ति पनि हुने योग छ।

व्यक्तिको जन्मसमय उसको प्रारब्धको सूचक हो। यही विशिष्ट समयका आधारमा उसका जीवनका अरू अरू घटनाक्रमको विचार गरिन्छ। यदि कुनै रसायनविज्ञानका ज्ञाताले कुण्डलीको रासायनिक विश्लेषण गर्ने हो भने, उसलाई ज्योतिषको फलित विषयसित वैमत्य हुनेछैन। उदाहरणका लागि मङ्गल सेनापति मानिन्छ, प्रतिरोध र तदाश्रित सुरक्षा, सेनाको काम हो। उसको धातु ताँवो हो। जैव रासायनिक प्रक्रिया जान्ने व्यक्ति के सम्झन्छ, भने जसको देहमा ताँवोको मात्रा समुचित रूपमा रहन्छ, उसमा प्रतिरोधक शक्ति हुन्छ। यसको मात्रा यदि प्रबल छ भने त्यो व्यक्ति उग्र र आक्रामक हुन्छ। फलित ज्योतिषमा ग्रहहरूको वर्गीकरण, उनका नाम, जाति, स्वाभाव आदिको आधारमा गरिएको छ, त्यसैवाट व्यक्तिमा पर्ने प्रभाव अथवा उसको देह वा प्रकृतिमा विद्यमान क्षमता-अक्षमताको समग्र मुल्याङ्कन गरिन्छ।

हाम्रो संस्कृतिमा पुनर्जन्मको विश्वास गरिन्छ र पुनर्जन्मद्वारा कर्मवाद प्रतिष्ठित हुन्छ। शास्त्रको मर्यादाअनुसार व्यक्तिको जीवनमा अभाव र अवरोध उसको आफ्नै कर्मको फल हो। रोग अथवा हीनताको रूपमा हामी जुन मानसिक यातना भोग्दछौं, ती सब हाम्रै कुनै पूर्वकृत कर्मका परिणाम हुन्। जव कर्मविपाक हाम्रो निमित्त दुःखको कारण वन्दछ, भने त्यसलाई हतप्रभ पार्न वा स्थगित गर्नका लागि कर्मकुठार नै उपयुक्त अस्त्र वन्दछ। कर्मफल र कर्मवल दुवै आफू-आफूमा महत्त्वपूर्ण छन्। ज्योतिषले यो कर्म सिद्धान्तको नियतिसम्म व्याख्या गर्दछ। सामान्यतया व्यक्ति स्वास्थ्य अथवा अरू पक्षको परिज्ञान गर्नकालागि हामी त्यो स्थानसित सम्बन्धित ग्रह र भावको स्थिति विचार गर्दछौं अथवा लग्नमा दृष्टि दिन्छौं। ग्रहबलवान् हुनु अशुभ होइन, निर्वल हुनु नै कष्टप्रद हुन्छ। निर्वलताको पनि कैयन कारण हुन्छन्, यसका साथै राशिहरूवाट पनि अङ्ग विभाग गर्न सकिन्छ। अङ्ग विभागमा जुन राशि हीनबल हुन्छ, त्यही अङ्ग निर्वल हुन्छ। लग्नद र छैटौंभाव सहचारीको रूपमा, आठौं र वाह्रौंभाव पनि किञ्चित् रूपमा व्यक्तिको स्वस्थ अथवा रुग्ण जीवनको सूचना दिन्छन्।

यसै पनि स्थानगत राशि र ग्रहहरूको युति, दृष्टि आदिको आधारमा विस्तृत सर्वेक्षण गरिन्छ, फेरि पनि सूर्यादिग्रह छैटौं अथवा लग्नसित सम्बन्ध गरी क्रमशः निम्न प्रकारका व्याधिहरूको सूचक हुन्छन् । जस्तैः–

चन्द्रमाः– पाण्डु, क्षय, पिनास, सर्दी-रुघा, डी-हायड्रेशन (निर्जलन), कमलपित्त, हृदयरोगहरू हुने सम्भावनाका साथै छारेरोग, मानसिक उन्माद, आदिको पनि सम्भावना हुन्छ ।

मङ्गल रक्तचाप (ब्लड प्रेसर), अग्नि (पित्त) सम्बन्ध, गाँठो र घाउ हुने आशङ्का उत्पन्न हुन्छ ।

वुधः– पेट, वालरोग, कुष्ट, शूल, ग्रहणी र गुप्तरोग (उपदंश वा भिरिङ्गी), गुप्ताङ्गका रोगको सूचना दिन्छ ।

वृहस्पतिः– देवता, ब्राह्मण, अथवा गुरुजनहरूको शापजनित कुफल र गुल्मरोगहरूको कारक वन्दछ ।

शुक्रः– प्रमेह, अतिरतिजनित गुप्ताङ्ग एवं शुक्र संस्थानसित सम्वन्धित रोग तथा नपुंसकताको सम्भावना दर्शाउँछ ।

शनिः– पक्षाघात, स्नायुदौर्वल्य, डिप्रेशन, सन्धिरोगको आशंङ्का गराउँदछ ।

राहु-केतुः– मृगी (छारेरोग), अरूचि, कुष्ठ, हिक्का जस्ता रोगहरूको आशङ्का रहन्छ ।

एकाधिक निर्वल ग्रहहरूको परस्पर अथवा स्वास्थ्यसूचक स्थानवाट हुने योग ग्रहहरूका कारण यौगिक व्याधिहरू हुने ज्ञान, ग्रहहरूको प्रकृति र तिनका सम्पर्कवाट सम्भावित रोगहरूको सूचना व्यक्तिको जन्मकुण्डलीवाट थाहा पाइन्छ ।

ग्रहहरूवाट सूचित अरिष्टलाई शान्तिका निमित्त यदि समयभन्दा पहिले नै औषधियुक्त जलले स्नान गर्ने व्यवस्था गरेमा व्यक्तिलाई ती अस्वस्थकर स्थितिहरूमा पूर्णतः सम्भव नभए पनि थोरै अशं मात्र भए पनि नियन्त्रण गर्न अवश्य सकिन्छ ।

जुन औषधीहरूवाट स्नान गर्ने व्यवस्था ज्योतिषका आचार्यहरूले दिएका छन्, ती यस प्रकारका छन्–

सूर्यः– अलैंची, सठियाचामल, मह, खस, राजवृक्ष, कमल, कुम्कुम, मनशिला, देवदारु ।

चन्द्रः– पञ्चगव्य, शंख, स्फटिक, मोती, कुमुदिनी ।

मङ्गलः– हिंगुल, विल्वफल, मुसली, जटामसी, वकुल चन्दन, वला, रातोफूल ।

वुधः– गोवर, गोरोचन, चामल, मह, इन्द्रवारुणीको जरा ।

वृहस्पतिः– मालतीको फूल, मह, सेतो सर्स्यु, नेवारी मल्वल ।

शुक्रः– कटहर, कुंकुम, मनशिला, भिँभरीटा ।

शनिः– कालोतिल, लोध, शतपुष्पी, वलाञ्जन ।

सव ग्रहहरूका लागिः– लावा, कूट, वला, मुसली, नागरमोथा, सर्स्यु, देवदारु, हलेदो, लोध, सरपुंखा अथवा सर्वोषधि ।

जुन ग्रहका लागि जुन औषधि नियत गरिएका छन्, तिनलाई समानतामा लिएर जौकूट गरी रातमा भिजाएर विहान प्रातःकालमा कपडछान गरी त्यो पानीले नुहाउने। औपधियुक्त जलले स्नान गरेपछि, फेरि ननुहाई, नपुछी शरीरमा त्यत्तिकै सुकाउने। यो विधिलाई धेरै स्थानमा प्रयोग गरिएको छ, कहीं पनि यसको प्रतिकूल परिणाम आएको छैन, हुन सक्छ चाहिने जति पूरा अनुकूल प्रभाव नपाइएको भए पनि।

लेखकको आफ्नो अनुभवमा आफ्नो जन्मदिनमा सर्वौषधि मिश्रित जलले स्नान गर्ने गरेको छ। यसबाट पनि दुष्टग्रह जनित दोष निवारण हुने शास्त्रमा बताएको छ।

रत्नधारण पनि अनेक रोगका लागि चमत्कार उपचार हो, तर आज रत्नहरूको कल्पना गर्नु पनि एक मध्यम श्रेणी व्यक्तिका लागि अति दुष्कर छ। रत्नहरूको उपयोगका लागि लेखकको 'मानवजीवनमा रत्नको उपयोगिता' नामक लेख पढेमा विस्तृत जानकारी हुनेछ।

सञ्चारिक गणितः प्रयोग, प्रचलन र अपेक्षा

– महेश्वरप्रसाद उपाध्याय

If you ask your mother
for one fried egg for breakfast
and she gives you two fried eggs
and you eat both of them,
who is better in arithmatic,
you or your mother.
Arithmatic: Carl Sandburg.

गणित मानिसको दैनन्दिनीसँग गाँसिएको ज्ञानको महत्त्वपूर्ण शाखा हो भन्ने तथ्यमा कुनै अत्युक्ति वा अतिशयोक्ति रहेको छैन तर गणितीय ज्ञानको पूर्णता कसैमा नहुनु स्वभाविकै हो किनकि ज्ञान सीमाबद्ध हुँदैन ।

ज्ञानको जुनसुकै हाँगा पनि गणितको सहयोगविना उच्चतामा पुग्न सक्दैन रहेछ भन्ने कुरो अब विकसित र समृद्ध मुलुकका मानिसहरूमा मात्र हैन विकासोन्मुख मुलुकका मानिसहरूमा समेत बोध हुन थालिसकेको छ । नवौं शताब्दी मै हिन्दू गणितज्ञ महावीराचार्यले भनेथे–

बहुभिर्विप्रलापैः किं त्रैलोक्ये सचराचरे ।
यत्किंचिदस्तु तत्सर्वं गणितेन विना न हि ॥

(धेरै बखान गरेर के लाभ ? यो सम्पूर्ण विश्वमा (त्रिलोकमा) जे जति चर-अचर वस्तु छन् गणितविना ती सबको अस्तित्व छैन ।)

त्यतिमात्र हैन, मानिसको सामान्य दिनचर्यामा पनि गणितीय ज्ञानको अपरिहार्यता बोध भई अचेलहुँदो माध्यमिक शिक्षामा गणितलाई अनिवार्य विषयको रूपमा राखिएको छ । गणितको प्रयोगविना हाम्रो बोली-चाली, पढाइ-लेखाइ लगायत भाषा वा भाव सम्प्रेषणका यावत् माध्यमहरू अधुरा रहन्छन् ।

सञ्चार अर्थात् प्रेस-जगत् राज्यको चौथो अङ्गको रूपमा मानिदै भनिदै आएको छ। यसले मानिसहरूमा, नागरिकहरूमा सुसूचना प्रवाह गर्ने गर्दछ र ज्ञातव्य छ गणितको सहयोगविना सूचना सम्प्रेषण पनि सटीक, सुबोध्य तथा दुरुस्त हुन् सकोइन। त्यसैले यस माध्यममा प्रयोग गरिने गणितले प्रचलित गणितसँग तादात्म्य कायम गर्नु अपेक्षित मात्र हैन, अनिवार्य हुन्छ अन्यथा त्यसले पाठक। दर्शक श्रोतामा द्विविधा, भ्रम तथा अन्योल सृजना गरिदिने हुन्छ।

सञ्चार माध्यममा प्रयोग हुने गणितलाई सञ्चारिक गणित (communicational Mathematics, संक्षेपमा commumatics) भन्न सकिन्छ। सञ्चारकों मूलभूत उद्देश्य आम जनतालाई सुसूचित गर्नु रहेकोले यसमा प्रयोग गरिने गणितीय भाषा पनि द्विअर्थी, भ्रमात्मक तथा अप्रचलित हुनुको सट्टा एकार्थी, स्पष्ट तथा चलन-चल्तीअनुसारको हुनु अपेक्षित छ।

सञ्चार साधन भन्नाले श्रव्य, दृश्य तथा पठ्य साधनहरू पर्दछन्। रेडियो श्रव्य, टेलिभिजन श्रव्यदृश्य तथा अखबारहरू पठ्य सञ्चार माध्यमहरू हुन्।

प्रस्तुत लेखमा श्रव्यदृश्यभन्दा पठ्य सामग्रीबारेमा छलफल केन्द्रित रहनेछ। मुलुकको साक्षरता झन्डै ४० प्रतिशत पुग्न लागेकोले पठ्य सामग्रीको पहुँच पनि तीमाझ पुगेको वा पुग्ने सम्भावना रहेको अनुमान गर्न सकिन्छ।

सञ्चारका माध्यमहरूको भाषा लक्षित समूह (Target Group) को चेतना स्तरअनुरूप हुनुपर्दछ। रेडियो र टेलिभिजन निरक्षरदेखि शिक्षित स्रोता-दर्शकसम्म तथा इन्टरनेट र अखबारहरू साक्षरदेखि शिक्षितसम्म पुग्ने भएकाले तिनमा प्रयोग गरिने गणितीय भाषा तथा लिखतहरूको सरलता, सम्प्रेष्यता सोहीअनुरूपको हुनु वाञ्छनीय हुनेछ।

सञ्चारिक गणितको क्षेत्र र क्रम (Scope & sequence) यै हो भनी किटान गर्नु त्यति उपयुक्त नहोला तर पनि सञ्चार माध्यममा धेरैजसो प्रयोग भइरहने गणितीय विषयहरू जस्तै नाप-तौल, मुद्रा-प्रणाली, मौसमको भविष्यवाणी, संख्याहरूको लेखाइ-बोलाइ, बजेट, खेलकूद, सममिति (Mensuration) आदि सञ्चारिक गणितका विषय हुन्। प्रस्तुत लेखमा यीबारे सञ्चार माध्यमहरूमा भइरहेको प्रयोग, यीबारेको प्रचलन तथा गणितीय दृष्टिवाट पाठकीय अपेक्षाबारे चर्चा गर्ने प्रयास गर्नुअघि सञ्चारिक गणितमा प्रयोग गरिने गणितीय सङ्केत चिह्नहरूबारे छलफल गर्नु सान्दर्भिक हुनेछ।

पठ्य-सञ्चार माध्यमहरूमा, खासगरी अखबार तथा टेलिभिजन प्रयोजनकालागि, प्रयोग गरिने लेख्य सङ्केतहरू यी हुन् –

। / . : —— —

पूर्णविराम (Fullstop)

पूर्णविराम भनिने, बोलिने, पढिने र लेख्दा ठाडो कोरिने धर्का गणितमा नापका ठूला साना क्रमिक एकाइहरू छुट्याउनका लागि प्रयोग गरिन्छ। यदाकदा 'वा' (or, अथवा) को अर्थबोधकको रूपमा पनि प्रयोग गरिन्छ। स्थानाभावको कारण भिन्नको बोध गराउन पनि यस्तो सङ्केत चिह्न प्रयोग गरिन्छ। उदाहरणका लागि,

(क) मिति लेख्दा साल, महिना, गते छुट्याउन (।) चिह्न प्रयोग गरिन्छ।
जस्तै २०५४ साल कार्तिक १० गते लेख्नुपर्दा २०५४।७।१० लेखिन्छ।

(ख) मौद्रिक परिमाण लेख्दा रुपियाँ, पैसा वा तत्सम एकाइ छुट्याउन (।) चिह्न प्रयोग गरिन्छ । जस्तै, पन्ध्र रुपियाँ पचिस पैसा लेख्नु पर्दा रु १५।२५ लेखिन्छ ।

(ग) समय परिमाण वा वेला जनाउनका लागि (।) चिह्न प्रयोग गरिन्छ । जस्तै, घण्टा र मिनेट छुट्याउनु पर्दा वा आठ घण्टा सत्र मिनेट भन्नु पर्दा ८।१७ घण्टा, वा ८ वजेर १७ मिनेट भयो भन्नु पर्दा ८।१७ वज्यो भनिन्छ ।

(घ) वा (अथवा) वोध गराउनुपर्दा तथा अनिश्चय्यवोधक अनुमानित परिमाण जनाउनु पर्दा । चिह्न प्रयोग गरिन्छ । जस्तैः यो पोखरी चार वा पाँच फिट गहिरो छ लेख्नु पर्दा यो पोखरी ४।५ फिट गहिरो छ । ऊ ४।५ दिनमा आउँछ । त्यो गाउँमा १०।१५ घर मुसहरहरू छन् ।

(ङ) भिन्नको वोध गराउन पनि । चिह्न प्रयोग गरिन्छ । जस्तै $\frac{३}{४}$ लाई तल-माथि लेख्नुको साटो ३।४ लेख्न सकिन्छ ।

छडके धर्को (बाछिटा चिह्न, Slash, Oblique)

छडके धर्को वा वाछिटा चिह्न भनिने यो सङ्केत / भिन्नको वोध गराउन, मिति लेख्दा एकाइ विच्छेदकको रूपमा तथा "अथवा" बोध गराउन प्रयोग गर्ने चलन छ । उदाहरणका लागि ।

(क) भिन्न जनाउनः ३ का मुनि ५ वा $\frac{३}{५}$ लेख्नुको सट्टा स्थानाभावको कारणले ३/५ लेख्ने चलन छ ।

(ख) मिति लेख्दाः २०५४ साल कार्तिक १० गते लेख्नुपर्दा २०५४/७/१० लेख्ने चलन छ ।

(ग) 'अथवा'को अर्थ बोध गराउनः ३ वा ४ दिन लेख्नु पर्दा ३/४ दिन, १० वा १५ जना १०/१५ जना,

(घ) एकाइ दर जनाउन, जस्तै, चामलको मूल्य रु. २० प्रति किलोग्राम लेख्नुपर्दा रु. २०/कि.ग्रा. लेखिन्छ ।

बिन्दु (Point)

अङ्ग्रेजीमा Full Stop (पूर्ण विराम) जनाउनका लागि प्रयोग गरिने गरिएको विन्दु चिह्न हिन्दीका इण्डिया टुडे, धर्मयुग, सारिकाजस्ता* कतिपय पत्रिकाहरूले पनि पूर्णविरामका लागि प्रयोग गर्ने गरेका छन् । नेपाली पत्रकारितामा सम्भवतः यो प्रयोगको थालनी अझसम्म भइसकेको छैन । गणितीय लिखतमा भने विन्दु नामक ज्यामितीय आकृतिका रूपमा जानिने बुझिने यो चिह्न तपसिलका प्रयोजनका लागि प्रयोग गरिन्छ ।

(क) दशमलव बिन्दुका रूपमा

नापका एकाइहरू दश, सय, हजार ... अर्थात् दशको अपवर्त्य (Multiple) परिमाणमा आवद्ध भई ठूला वा साना एकाइमा आरोहित वा अवतरित भएका अवस्थामा पूर्णाङ्क परिमाण पछिको आंशिक परिमाण जनाउनका लागि विन्दुको प्रयोग गरिन्छ ।

---

* यी मध्ये सारिका र धर्मयुगको प्रकाशन बन्द भइसकेको छ ।

यसलाई दशमलव विन्दु (Decimal Point) भनिन्छ। जस्तैः १०० पैसाको १ रु. हुन्छ, त्यसैले १५ रु. ७५ पैसा लेख्नु पर्दा रु. १५.७५ लेखिन्छ। १० मिलिमिटरको १ सेन्टिमिटर हुन्छ त्यसैले ५ से.मि. ७ मिमि लेख्नु पर्दा ५.७ सेमि लेखिन्छ। १००० ग्रामको १ किलोग्राम हुन्छ त्यसैले ५ किलोग्राम ७७५ ग्राम लेख्नुपर्दा ५.७७५ कि.ग्रा. लेखिन्छ।

(ख) एकाइ विच्छेदककको रूपमा

नापका एकाइहरूको ठूलोदेखि सानो तहमा अवतरण हुँदा एकाइ छुट्याउन विन्दुको प्रयोग गरिन्छ। जस्तै ६ घण्टा १५ मिनेट लेख्नुपर्दा ६.१५ लेखिन्छ। २०५४ साल कार्तिक २५ गते लेख्नु पर्दा २०५४.७.२५ लेखिन्छ।

(ग) भिन्न बोध गराउन

स्थानाभावको कारणले भिन्नका रूपमा कुनै परिमाण लेख्नुपर्दा अप्ठ्यारो पर्न गएमा दशमलव विन्दुको प्रयोग गरिन्छ; वा भिन्नलाई दशमलव संख्यामा रूपान्तरण गरिन्छ। जस्तैः $\frac{२}{५}$ वा $\frac{४}{१०}$ लाई ०.४ वा .४ लेखिन्छ। भिन्नबोधक अर्थमा विन्दुको प्रयोग दशमलव विन्दुकै प्रयोग हो।

माथि 'क' र 'ग' तथा 'ख' बुँदामा उल्लेख गरिएको विन्दुको प्रयोगले दुई पृथक् पृथक् अर्थ दिने भएकाले कतिपय अवस्थामा त्यस्तो लिखत दाशमलिक विन्दु हो वा एकाइ विच्छेदकको रूपमा प्रयोग गरिएको हो सो छुट्याउन अलमल पर्ने हुन्छ। त्यसैले पुरानो गणितीय चलनमा दशमलवको रूपमा प्रयोग हुने विन्दु आसन्न दुई अङ्कहरूको वीचमा लेख्ने तथा पूर्णविराम वा एकाइ विच्छेदकको रूपमा लेखिने विन्दु आसन्न दुई अङ्कहरूको वीचभन्दा तल लेख्ने चलन रहिआएको हो। जस्तै ६·५० घण्टा लेख्दा साढे छ घण्टाको वोध हुन्छ भने ६.५० घण्टा लेख्दा छ घण्टा पचास मिनेटको वोध हुन्छ। दशमलवको रूपमा लेखिएको विन्दुको प्रयोग त्यो लिखतमा एक पटक मात्र भएको हुन्छ भने एकाइविच्छेदकको रूपमा विन्दुको प्रयोग एकभन्दा बढी पटक भएको हुन सक्छ। जस्तैः मिति लेख्दा २०५४. ७. १५ तर अचेल विन्दुको प्रयोग दशमलव विन्दु कै रूपमा सीमित हुन थालेको छ।

विसर्ग (Colon) :

गणितीय प्रयोगमा विसर्ग (:) प्रायशः एकाइ विच्छेदकको रूपमा तथा अनुपात र भिन्न जनाउन प्रयोग गरिन्छ। जस्तैः–

दुई वजे र सात मिनेट वोध गराउनुपर्दा २:०७ वजे लेखिन्छ।

डेढ घण्टा वोध गराउनु पर्दा १:३० घण्टा लेखिन्छ। तीन र चारको अनुपातमा जनाउनु पर्दा ३:४ लेखिन्छ। $\frac{३}{४}$ को भिन्न जनाउनु पर्दा ३:४ लेखिन्छ।

डिग्री, मिनेट, सेकेण्ड ° ' "

अङ्कको दायाँतिर माथि लेखिने लेखिएको अङ्कभन्दा अपेक्षाकृत सानो शून्य (°) गणितीय सङ्केतलाई डिग्री (Degree) पढिन्छ। डिग्रीसँगै प्रयोग हुने एकल अल्पविराम (') र दुई अल्पविराम (") चिह्नहरू मिनेट र सेकेण्ड जनाउन प्रयोग गरिन्छ। यी एकाइ कोणका नापका एकाइ हुन्। डिग्री तापक्रम जनाउन पनि प्रयोग गरिन्छ। त्यस्तै एकल अल्पविराम र दुई अल्पविरामहरू लम्बाइको नापको एकाइ सङ्केत क्रमशः फिट र इन्च जनाउन प्रयोग गरिन्छ। जस्तै–

आज काठमाडौंको अधिकतम तापक्रम २५° सेल्सियस रह्यो ।

नेपाल २६° २२' (छविस डिग्री वाइस मिनेट) देखि ३०° २७' उत्तरी अक्षांश अवस्थित छ ।

शहरको मूलसडक ७५' (पचहत्तर फिट) फराकिलो छ ।

उसको छाती ३२" (वत्तिस इन्च) चौडा छ । एकल अल्पविराम संख्याको दायाँतिर माथि लेख्दा त्यसले लुप्त अङ्कको वोध गराउँछ, जस्तै – २०५४ साल भन्नुको सट्टा ५४ सालमात्र भन्ने र लेख्दा '५४ लेख्ने चलन छ ।

अंशचिह्न (Hyphen)

गणितीय प्रयोगमा – चिह्न प्रायशः अथवा वोधक अर्थमा एवं दुईवटा आसन्न राशिलाई संयुक्त पारी भन्नुपर्दा वा लेख्नुपर्दा प्रयोग गरिन्छ । जस्तै – तीन चार दिन लेख्नुपर्दा ३-४ दिन लेखिन्छ । आर्थिक वर्ष २०५३-५४ लेखिन्छ ।

निर्देशक चिह्न (Dash)

गणितीय प्रयोगमा – चिह्न श्रेणी, समूह आदि जनाउन प्रयोग गरिन्छ तथा क्रिया चिह्न 'घटाउ' जनाउन पनि प्रयोग गरिन्छ जस्तै - दुई देखि दशसम्मको समूह लेख्नु पर्दा २-१० लेखिन्छ । वि.सं. २०५० देखि २०५० देखि २०५५ सम्म लेख्नुपर्दा २०५०–'५५ लेखिन्छ ।

माथि उल्लिखित सङ्केत चिह्नहरूका अतिरिक्त गणितीय प्रयोगमा प्रचलित एकाइहरूको लघुरूप वा संक्षिप्तरूपहरू पनि प्रयोग गरिन्छ ।

गणितीय प्रचलनमा रहेका एकाइहरू लामा शब्दहरू भएकाले व्यावहारिक रूपमा छिटो छरितोका लागि तिनका संक्षिप्त रूपहरू प्रयोग गर्ने आज चलन छ । तीवारे अत्यधिक प्रयोगमा आउने एकाइहरू निम्न हुन् ।

	लघुरूप	पुरा रूप
रु	Rs	रुपियाँ
से	c	सेन्टिग्रेड, सेल्सियस
मिमि	m m	मिलिमिटर
से मि	c m	सेन्टिमिटर
कि मि	k m	किलोमिटर
लि	l	लिटर
मि लि	m l	मिलि लिटर
ग्रा	gm	ग्राम
कि ग्रा	k g	किलोग्राम
क्यू फि	c f	क्युविक फिट
व फि	sq f	वर्गफिट

अव सञ्चार माध्यममा प्रयोग हुने गरेका, भइरहेका गणितीय भाषाको चलनबारे छलफल गरौं । सजिलोको लागि प्रचलनमा रहेका गणितीय भाषाहरूलाई केही शीर्षकमा वाँडिएको छ ।

(क) तिथि-मितिको प्रयोगबारे ।

तिथि-मिति लेख्दा विश्वव्यापी रूपमा साल, महिना र गते गरी त्रैराशिक पद्धति (Three Variable System) अपनाउने गरिन्छ । लघुरूपका लागि द्विराशिक पद्धति (महिना र गतेमात्र) प्रयोग गर्ने चलन पनि छ । अझ अदालती प्रयोग वा औपचारिक शर्तनामा, कबुलियत पत्र, करारनामा आदिमा चौराशिक पद्धति (साल, महिना, गते र वार) पनि प्रयोग गर्ने चलन छ ।

सञ्चार माध्यमहरूमा खास गरी अखबारहरूमा तिथि-मितिसम्बन्धी लिखतमा एकरूपता छैन । विभिन्न पत्रिकाहरूमा एकरूपताको त कुरै छोडौं, एउटै अखबारको उही अङ्कको विभिन्न ठाउँमा भिन्न भिन्न लिखत भेटिन्छ । विभिन्न पत्रिकाहरूमा तिथि मितिसम्बन्धी विविध लिखतहरू यस प्रकार छन् –

२०५४ साल असोज २८ गते मङ्गलवार
मङ्गलवार असोज २८ गते २०५४
मङ्गलवार आश्विन २८, २०५४
२८ असोज '५४
२०५४।६।२८, ०५४-६-२८, २०५४/६/२८
२८.६.०५४,
Tuesday october 14, 1997
oct. 14, 1997 Tuesday
.14th of oct '97, 14 oct. 1997

तिथि-मिति लेख्ने दुईथरी चलन विश्वमा अत्यधिक चलनमा रहेको छ । वेलायती चलन र अमेरिकी चलन । दुवै चलनमा त्रैराशिक पद्धति नै प्रयोग गरिन्छ ।

वेलायती चलनअनुसार बढ्दो क्रममा गते (तारिख), महिना र साल लेख्ने गरिन्छ । वेलायती चलनमा महिनालाई रोमन अङ्कद्वारा जनाउने चलन पनि छ । जस्तै– 14 oct 97 लाई 14 x 97 तर अमेरिकी चलनअनुसार सवभन्दा पहिले महिना त्यसपछि तारिख अनि वर्ष लेख्ने गरिन्छ । जस्तै – 0ct 14, '97

हाम्रो चलन चाहिँ वेलायती चलनको अनुगामी देखिएता पनि त्रैराशिक पद्धति हामी वढ्दो र घट्दो दुवै क्रममा लेख्ने गर्छौं । जस्तै– २०५४।०७।१५ वा १५।०७।२०५४।

हाम्रो पत्रिकाहरू लिखत एकैनासका छैनन् । जहाँसम्म सूचना-सम्प्रेषणको सवाल छ, महिनाको नाम शब्दमा लेखुन्जेल वेलायती वा अमेरिकी जुनै पद्धति अपनाउँदा पनि फरक पर्दैन तर महिनालाई अङ्क सङ्केतमा लेख्नासाथ त्यो लिखत भ्रमात्मक वन्न जान्छ । जस्तै– 10-12-97 लेखियो भने वेलायतीले 10 Dec 97 बुझ्ने भए तथा अमेरिकीले Nov 12, 97 बुझ्ने भए । त्यसैले यस्तो अवस्थामा लिखत भ्रमात्मक नहोस् भन्नाखातिर महिनाको शब्दमा लेखिनु युक्ति सङ्गत ठहरिन्छ तर त्यस्तो लिखतमा हाम्रा अखवारले हाम्रो चलन पछ्याउनुपर्छ । त्यतिमात्र हैन, राष्ट्रियस्तरका अखबारले राष्ट्रिय चलन र परम्पराको निर्वाह गर्नु वाञ्छनीय छ । राष्ट्रिय स्तरका पत्रिकामा लेखिएका कुराहरू, लेखाइका तरिकाहरू राष्ट्रिव्यापी सिको गर्ने माध्यम पनि हुन्, त्यतिमात्र हैन ती नजिर पनि वन्दछन् । तिनले राष्ट्रव्यापी रूपमै एउटा प्रचलन वसाउने अप्रत्यक्ष निर्देशन गरिरहेका हुन्छन् । त्यसैले त्यस्ता पत्रिकामा संलग्न सम्पादक प्रकाशकहरूले स्पष्ट नियमको पालन गर्नु आवश्यक हुन्छ । लेखनमा विविधता अँगाल्नुभन्दा एकरूपता तथा राष्ट्रिय पहिचान झल्कने युक्तिसङ्गत चलन वसाल्नु राम्रो हुन्छ । गणितीय चलनकै हिसाबले पनि एउटै नापका विभिन्न एकाईहरू प्रयोगगर्दा ठूलोदेखि सानो एकाइहरूको वा सानोदेखि ठूलो

एकाइहरूको क्रमिक प्रयोग अपेक्षित छ । त्यसैले तिथि-मिति नापका सन्दर्भमा यो साल, महिना र गतेको घट्दो वा वढ्दो क्रममा हुनु वाञ्छनीय देखिन्छ ।

(ख) समय वा बेला, अवधि जनाउनेबारे

समय, अवधि जनाउन प्रयोग गरिँदै आएको विभिन्न लिखतहरू यसप्रकार छन् –

११ वजेर ७ मिनेट लेख्नुपर्दा ११।७, ११.०७, ११:०७, ११-०७, ११०७ आदि ।

हाम्रो सञ्चार माध्यममा वाह्र घण्टे तथा चौवीस घण्टे दुवै थरीका प्रणालीहरू प्रचलनमा छन् ।

पात्रो, जन्मकुण्डलीहरूको लिखतमा पूर्णविराम प्रणाली (११।७), हवाइ उड्डयन सारिणी, रेलवे समय सारिणी आदिकोलिखतमा चौवीस घण्टे प्रणाली (१७:२५ वा ५ वजेर २५ मिनेट) प्रचलनमा छ । चौवीस घण्टे प्रणाली टिभिको कार्यक्रम जनाउन अखवारहरूले पनि प्रयोग गर्दै आएका छन् । अचेल अन्तर्राष्ट्रिय चलनमा २४ घण्टा एकाइ मानी कुनै विच्छेदक समेत नराखी चार अङ्क लेख्ने चलन चलिसकेको छ । जस्तै – ५:२५ वजेलाई १७२५ वजे । तर हाम्रा सन्दर्भमा १२ घण्टाकै एकाइ कायम रहेको हुँदा सोही आधारमा एकनासे लेखोटको थालनी वसाल्नु उपयुक्त हुन्छ र त्यसरी राख्दा घण्टा, मिनेट र सेकेण्ड गरी तीनवटा एकाइमा राख्न सकिन्छ तर प्रतियोगितात्मक खेलकूद वाहेक अन्यत्र सेकेण्डको माप त्यति प्रचलनमा नरहेकोले घण्टा र मिनेट मात्र प्रयोग गर्दा हुने अवस्था छ । जस्तै – ११ वजेर ७ मिनेट लेख्नुपर्दा ११:०७ वा ११।०७ वा ११.०७ लेखिन्छ तर ११।०७ को चलन अचेल पुरातन ज्योतिष प्रयोगमा मात्र सीमित छ । तथा ११.०७ को लिखतको विन्दु प्रणालीले दशमलव प्रणालीको भ्रम दिने हुँदा ११:०७ को चलन युक्तिसङ्गत देखिन्छ ।

यस्तै लिखत समयको परिमाण जनाउनका लागि पनि प्रयोग गर्न सकिन्छ । जस्तै – साढे दुई घण्टा वा दुई घण्टा तीस मिनेट लेख्नुपर्दा २:३० घण्टाको सट्टा २:३० घण्टा लेख्नु युक्तिसङ्गत हुन्छ किनभने २:३० घण्टा लेख्दा गणितीय अर्थमा यसले २ घण्टा १८ मिनेट जनाउँछ ।

त्यस्तै वर्ष (साल) जनाउनका लागि वाछिटा चिह्न सट्टा hyphen, dash को पृथक् प्रयोग गर्नु वाञ्छनीय छ । जस्तै – आर्थिक वर्ष २०५३-५४, ३-४ दिन, २०४७ सालदेखि २०५४ सालसम्म लेख्नुपर्दा २०४७–'०५४ आदि ।

(ग) मुद्रासम्बन्धी लिखतबारे

सञ्चार माध्यमहरूमा प्रयोग गरिने मौद्रिक लिखतहरूमा पनि एकरूपता पाईंदैन । मुद्रासम्वन्धी लिखतहरूमा एउटा भिन्नता त मौद्रिक एकाइमै देखिन्छ । उदाहरणका लागि, रुपियाँ र रूपैयाँ । नेपाली मुद्राको एकाइ 'रुपियाँ' हो कि 'रूपैयाँ' ?

गोरखापत्रले 'रुपियाँ चार' लेख्छ, कान्तिपुरले '४ रूपैयाँ' लेख्छ । नेपाल राष्ट्र बैंकले नोटको लिखतमा 'रूपैयाँ' लेख्ने गरेको छ । शब्दकोषका हकमा कुनैले 'रुपियाँ' र कुनैले 'रुपियाँ' 'रूपैयाँ' दुवै लेखेका छन् । भारतीय नोटहरूमा नेपाली भाषामा लेखिएको लिखतमा 'रुपियाँ' नै छ । नेपाली जनजिब्रोले 'रुपियाँ' बोल्ने गर्छ । 'रूपैयाँ' हिन्दीका प्रभावमा तराई क्षेत्रमा बोल्ने गरिएको सुनिएको छ । मौद्रिक एकाइको लिखत एउटै हुनु राम्रो हो र त्यो 'रुपियाँ' नै हुनुपर्दो हो कि ? यस मानेमा हाम्रा नोटहरूको लिखत को 'रूपैयाँ' बाट संशोधन भई 'रुपियाँ' बन्नुपर्दो हो कि ?

मौद्रिक लिखतमा प्रयोग हुने रकमलाई पढ्न सजिलो पार्नका लागि अङ्कहरूलाई स्थानमानअनुसार अल्पविराम (comma) ले छुट्याएर लेख्नुपर्ने हुन्छ। तर यसतर्फ हाम्रा अखबारहरूको ध्यान यथेष्ट पुगेजस्तो देखिँदैन।

२८ असोज २०५४ को गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वान (पृष्ठ ८) को एउटा लेखोटमा इष्टिमेट रकम ओभरहेड र कन्टेनजेन्सीबाहेक रु. ४८८४४३।८९ (यस्तै लिखत तीनवटा) र अर्को बुँदामा ऐजन शीर्षकमा रु. १३,५६,८५४।६० लेखिएको छ।

एउटै बोलपत्रको लिखतमा रकमसम्बन्धी लिखत भिन्न भिन्न छ। यस्तो असावधानी गोरखापत्रमा हैन अरू अखबारहरूमा पनि देखिन्छ।

यी दुई लिखतमा लिखतका आधारमा पढ्न सजिलो हुने रकम कुन होला ? दुवै उत्तिकै र उस्तै सजिलो ? वा पहिलो रु ४८८४४३।८९ सजिलो, वा दोस्रो रु. १३,५६,८५४।६० सजिलो ?

निसन्देह, दोस्रो लिखत सजिलो हुन्छ किनभने त्यसमा अङ्कहरूलाई स्थानमान (Place value) अनुसार अल्पविरामले छुट्याइएको वा सामुहिकीकरण गरिएको छ। पहिलो लिखतमा स्थानमान समूह नछुट्याइएकोले पढ्न गाह्रो हुन्छ। संख्या उच्चारण गर्न अङ्गैपिच्छे एक, दश, सय, हजार .... को स्थानमान बोलि/सम्झिरहनुपर्ने हुन्छ। त्यसैले यस्ता परिमाणबोधक रकमहरू अङ्कमा लेख्दा स्थानमानअनुसार अल्पविरामले छुट्याउनुपर्ने हुन्छ। यसरी स्थानमान अनुसार , comma ले छुट्याउँदा हामीले कुन पद्धति अपनाउने हो त्यसअनुसार , comma राख्नुपर्ने हुन्छ। हिन्दु अरबिक चलनअनुसार स्थानमानमा दायाँतिरबाट शुरुका तीन अङ्कको एक समूह (एक, दश, सय) र त्यसपछि प्रत्येक दुई अङ्कको एक समूह (हजार, दश हजार, लाख, दशलाख..... आदि) बन्दछ। अन्तर्देशीय चलनअनुसार तीन तीन अङ्कको समूह बन्दछ। जस्तै – one, ten, hundred; thousand, ten thousand, hundred thousand; million, ten million, hundred million; ..... आदि। अझ अन्तर्देशीय चलनमा पनि अमेरिकी तथा बेलायती पद्धति भनी पृथक् पद्धतिहरू चलनमा रहेका छन्।

अखबारहरूमा संख्याहरू वा रकमहरू लेख्दा अधिकांश अखबारहरूले अङ्कमा लेख्नुको सट्टा स्थानमान अक्षरमा र परिमाण अङ्कमा लेख्ने चलन चलाएको देखिन्छ। उदाहरणका लागि, २८ असोज २०५४ कै गोरखापत्रको 'विराटनगरमा सुपथ मूल्यको बजार' (पृ.३) शीर्षक समाचारको लिखतको एक अंश हेरौं '... पुरानो बक्यौता रु ९३ हजार ७३२।४४ र जरीवाना रु. ३२ हजार ७८४।३१ पैसा गरी जम्मा ...'

यसमा लिखतका कारणले ९३ हजार र ७३२।४४ दुई बेग्लाबेग्लै परिमाण हुन् भन्ने बोध हुन सक्छ। स्थानमान शब्दमा लेखिएपछि ७३२।४४ लेखिन उपयुक्त होइन र फेरि तल्लोलिखतमा ७८४।३१ पैसा लेख्नु पनि उपयुक्त होइन। रकमको एकाइमा रु. प्रयोग गरेपछि पूर्णविराम पछिको परिमाण पैसा हो भन्ने स्वतः बोध हुन्छ। वरू माथिको लिखतको रूप यस्तो हुनुपर्थ्यो –

रु. ९३, ७३२।४४

वा, रु. ९३ हजार ७ सय ३२ र ४४ पैसा वा, त्रियान्नब्बे हजार सात सय बत्तीस रुपियाँ चौवालीस पैसा।

अब त अङ्कहरू लेख्दा "लिपिमा समेत ध्यान दिनुपर्ने हो कि?" भन्ने बेला भइसकेजस्तो लाग्छ। अचेल जनक शिक्षा सामग्री केन्द्रले प्रकाशित गरेका गणितका पाठ्यपुस्तकहरू समेतमा हिन्दु-अरबिकको अङ्ग्रेजी लिपिका अङ्क सङ्केतहरू (0, 1, 2,....) कै प्रयोग गर्ने गरिएको र आवासीय स्कूलहरूमा शिक्षाको लेख्य-पठ्य माध्यम अङ्ग्रेजी नै

रहेकोले अब आउँदो पुस्ताले नेपाली अङ्क पढ्नै पो नजान्ने हो कि ? यसो भन्दा कतिपयलाई यो कुरो हास्यास्पद लाग्न सक्छ तर एकछिन गम्नुस्, स्कूल जाने तपाईंको छोरा छोरीले उनन्तीस भनेको नबुझ्लान्, ट्वेण्टीनाइन भनेपछि मात्र बुझ्छन् होला ।

अचेल सामान्य लेखपढ गरेका वा निरक्षरै मानिस पनि फोन सेटमा भएका अङ्ग्रेजी अङ्क चिन्दछन् तर नेपाली अङ्क चिन्न गाह्रो पर्छ तिनलाई । फोन, क्यालकुलेटर, रेडियो, टिभी, क्यालेण्डरजस्ता सञ्चार साधनहरूले अनौपचारिक रूपमै भए पनि 0, 1, 2, ... 9 सम्मको अङ्कहरू चिनाइदिएको छ तर ०, १, २, ३, ४, ... चिनाउने साधनहरू त छैनन् ।

त्यसैले सञ्चार माध्यममा प्रयोग गरिने परिमाणबोधक राशीहरू अक्षर तथा अङ्क दुवैमा लेखिने गरिनु युक्तिसङ्गत होला ।

अखबारहरूमा लेखिने तथा रेडियो, टिभीमा बोलिने खबरहरू विदेशी मुद्राका खबरहरू बग्रेल्ती हुन्छन् । उदाहरणका लागि, २९ असोज ०५४ को गोरखापत्रको मुखपृष्ठको 'अर्थशास्त्रको नोबेल पुरस्कार ...' समाचारको पेटबोलीमा '... यस वर्ष सो पुरस्कारको राशि १० लाख अमेरिकी डलर रहेको छ ।' त्यस्तै ३० असोज २०५४ को कान्तिपुरको मुखपृष्ठको 'अरून्धतीलाई बेलायती पुरस्कार' शीर्षकको अन्तिम वाक्य हेरौं – '... बेलायतको उक्त साहित्यिक पुरस्कार २० हजार पौण्ड (३२ हजार डलर) को रहेको छ ।'

नेपालीभाषी पाठकका हकमा पौण्ड र डलर दुवै विदेशी मुद्रा हुन् र त्यही रूपमा मात्र लेखिँदा पाठकका मानसमा त्यस रकमको वास्तविक परिमाण नउत्रिन सक्छ । त्यसैले त्यस्तो खबरको लिखतमा विदेशी मुद्राको लिखतसँग कोष्ठमा समतुल्य नेपाली मुद्राको परिमाण पनि लेख्ने गर्दा पाठकहरू अझ बढी लाभान्वित हुने थिए ।

अधिराज्यबाट निस्कने दैनिक अखबारहरूमा ने.रा.बै. ले तोकेको विनिमय दर प्रकाशित हुने गर्दछ । त्यसमा भारतीय मुद्राको एकाइ 'रूपैयाँ' लेख्ने गरेको देखिन्छ । तर भारतीय मुद्रालाई 'रूपैयाँ' हैन 'रूपया' भन्ने गरिन्छ, बहुवचनमा 'रूपये' हुन्छ । विदेशी विनिमयको सूचीमा सम्बन्धित मुद्राको एकाइ जस्ताको तस्तै लेखिनु युक्तिसङ्गत हुन्छ । कान्तिपुरमा त मुद्राको विक्री दरको एकाइ नै लेखिएको हुँदैन ।

(घ) मौसमसम्बन्धी जानकारीबारे

दैनिक सञ्चारमा मौसमसम्बन्धी गणितीय जानकारी दिने गरिन्छ । मौसमसम्बन्धी जानकारीअन्तर्गत तापमान; वर्षा-बादल, आर्द्रता, सूर्योदय-सूर्यास्त आदि उल्लेख गर्ने चलन छ । पत्रिकाहरूमा छापिने गरेका तथा रेडियो, टेलिभिजनमा प्रसारण हुने गरेका मौसम गणितबारे समुचित ध्यान दिएको देखिन्न । गोरखापत्र, कान्तिपुरलगायत कतिपय पत्रिकाहरूमा प्रकाशित हुने गरेका विभिन्न ठाउँको तापक्रम, वर्षा आदिको परिमाणसँग एकाइ उल्लेख गरिएको हुन्न, पाठकले स्वविवेकले बुझ्नुपर्ने हुन्छ । उदाहरणका लागि ३० असोज ०५४ को कान्तिपुरको 'मौसम' हेरौं । त्यसमा पहिलो खण्डमा विहिवारको सम्भावित मौसमको आकलन दोस्रो खण्डमा विभिन्न ठाउँको बुधवारको तापक्रम र वर्षा र पुछारमा सूर्योदय र सूर्यास्तको समय दिइएको छ । सिरानमा बिहिवारको मौसम बीचमा बुधवार (अर्थात् अघिल्लो दिन) को तापक्रम र वर्षा दिइएपछि पुछारको सूर्य-उदय/अस्त कुन दिनको भनी बुझ्ने ? कुनै कुनै अङ्कमा सूर्योदय-सूर्यास्तको समयसँग वार पनि उल्लेख गरिएको छ तर अक्सरजसो त्यस्तो उल्लेख भएको छैन । रेडियोमा पनि स्थानीय समाचार अन्तर्गत भन्ने गरिएको तापमानमा एकाइ भन्ने उस्तो चलन छैन ।

(ङ) सममिति (mensuration) बारे

सञ्चार माध्यममा प्रेषित समाचारमा सम्बन्धित वस्तु, ठाउँ आदिको आकार-प्रकार, तौल, उचाइ, क्षेत्रफल, आयतन आदिबारे उल्लेख गर्नुपर्ने हुन्छ। यस्ता समाचारहरूमा उपयुक्त एकाइको प्रयोग नभइदिँदा तथा परिमाणात्मक विशेषणहरू उपयुक्त ठाउँमा नभई अन्यथा पर्न जाँदा त्यसले भ्रामक अर्थप्रवाह गरिदिन्छ। जस्तै – कतै मोटर बाटो बन्यो, समाचार छापिन्छ '३० कि.मी लामो मोटर चल्ने बाटो बन्यो, वा अमुक मन्त्रीले शिलान्यास वा उद्घाटन गर्नुभयो, तर '३० कि.मी. लामो मोटर' त हुँदैन यस्तो समाचार प्रायशः पढ्न वा श्रव्य माध्यममा सुन्न पनि पाइन्छ।

२० असोज २०५४ को कान्तिपुरको पृष्ठ १० आठौं कालममा समाचारको एउटा अंश '.... जम्मा ३० हजार क्युबिक काठबाट सञ्चालन गरेको उद्योगमा....' यहाँ, ३०,००० क्युबिक मात्र भन्नाले सो काठको परिमाणको समुचित बोध हुँदैन किनकि एकाइले पूर्णता पाएको छैन। काठको आयतन नाप क्युबिक इन्च, क्यु. फिट, क्यु. मिटर आदि हुन सक्छन्।

२९ असोज २०५४ को गोरखापत्रको संक्षेप समाचारअन्तर्गत '२७ वटा वन हस्तान्तरण' शीर्षकमा समाचार अंश यस्तो छ, '... हालसम्म उक्त कार्यालयले ११ हजार १९.२ दशमलव ८५ हेक्टर वन हस्तान्तरण गरिसकेको छ।' यहा, ११,१९२.८५ हेक्टर क्षेत्रफलको परिमाण आँक्न वा अनुमान गर्न शिक्षित मानिसहरूलई पनि अप्ठ्यारो पर्छ किनकि हेक्टर हाम्रो लागि चलनचल्तीको नाप हैन तर यही क्षेत्रफललाई स्थानीय नाप वा राष्ट्रको चलनचल्तीको नापको एकाइमा लेखियो वा भनियो भने त्यो बुझ्न सजिलो हुन्छ। हेक्टर, एयरको सट्टा वर्गमीटर, वर्ग किलोमिटरको एकाइमा राख्दा पनि सजिलो हुन्छ। अझ रोपनी, बिघा आदि एकाइहरू प्रयोग गर्न सके झन् राम्रो हुन्थ्यो।

त्यस्तै परिमाणसँग उपयुक्त एकाइ नरहेको एउटा समाचार अंश हेरौं। रासस्द्वारा प्रेषित 'पोखराको फोहोर मैलाको बढ्दो समस्या' २९ असोज ०५४ को गोरखापत्र, कान्तिपुर तथा अन्य पत्रिकाहरूमा पनि छ। समाचार अंश यस्तो छ –

'पोखरा उपत्यकामा प्रतिदिन प्रतिव्यक्ति उत्पन्न हुने फोहोरको **परिमाण** ०.५ केजी रहेको छ। उक्त **परिणाम** को आधारमा हाल प्रतिदिन कुल १ सय ४८ वर्गमिटर फोहोरमैला उत्पन्न हुने गरेको ... जनसंख्या वृद्धिदर ७ प्रतिशत भन्दा बढी रहेको ... सन् २००० सम्म प्रतिदिन १ सय ८९ वर्गमिटर फोहोर मैला जम्मा हुन थाल्नेछ।...'

यहाँ, फोहोर मैलाको परिमाण किलोग्राममा दिइएको छ। सो परिमाण (परिणाम हैन) फोहोरको आयतन हो, त्यसैले त्यसले ढाक्ने ठाउँ घनमिटर वा घनफिटमा हुनु उपयुक्त हुन्छ। जहाँसम्म फोहोरले भुइँ ढाक्ने कुरो छ, १४८ वर्गमिटरमा फैलने फोहोरलाई २०० व.मि.. वा सो भन्दा बढीमा पनि छर्न सकिन्छ र १४८ व.मि. भन्दा वा सो भन्दा कममा पनि सीमित गर्न पनि सकिन्छ। फोहोर जम्मा गर्न राखिने कन्टेनरको उचाइ बढाएर भुइँ क्षेत्र कम पार्न सकिन्छ। परिमाण (आयतन)सँग भुइँको सम्बन्ध भनेको उचाइमा भर पर्छ। त्यसैले फोहोरको परिमाणसँग क्षेत्रफलको सम्बन्ध त्यति युक्तियुक्त देखिँदैन।

(च) विविध बुँदाहरूबारे

माथि चर्चा गरिएबाहेक पनि अरू थुप्रै राशिहरू सञ्चारिक प्रयोगमा देखापर्दछन्। सञ्चारका विभिन्न माध्यमहरूमा प्रयोग हुने नम्बरब्लकहरू हुन्छन्। जस्तै – फोन नं., फ्याक्स नं., राहदानी नं., लाइसेन्स नं. आदि। यी नम्बरहरू अङ्क लेख्नुपर्ने हुन्छ र धेरै

अङ्कहरू हुन्छन्, तर यस्ता नम्बरहरूको ब्लक विभिन्न किसिमबाट बनेका हुन्छन् । जस्तै – फोन नम्बरकै हकमा कन्ट्रीकोड, जिल्ला कोड, एरिया कोडहरू हुन्छन्, त्यसैले त्यस्ता ब्लकहरू कोडअनुसार अङ्कहरूलाइ - dash ले छुट्याएर राख्न सकिन्छ । अन्य संख्या ब्लकहरूलाई सम्झन/पढ्न सजिलो होस् भनी दुई-दुई वा तीन-तीन अङ्को समूहमा छुट्याउन सकिन्छ ।

पत्रिकाहरूमा दिइने गरिएको कतिपय जानकारीहरू चलनचल्तीको एकाइमा नराखिँदा पाठकहरू झुक्किन्छन्, त्यति मात्र हैन आम पाठकहरूले बेचल्तीको एकाइमा दिइएको जानकारीबाट चलनको प्रामाणिक एकाइको जानकारी पाउन गाह्रो हुन्छ । उदाहरणका लागि, अचेलहुँदो गोरखापत्र र हिमालय टाइम्समा अक्सरजसो सुनचाँदीको मूल्य १० ग्राममा दिने गरिएको छ । हाम्रो नाप-तौलमा सुनचाँदी तोलामा किन-बेच हुन्छ भन्ने थाहा हुँदैन र यसरी पाठकहरू सुसूचित हुनुको सट्टा अलमलमा पर्दछन् १० ग्रामलाई तोला ठानेर ।

यसबाहेक दैनिक अखबारहरूमा यातायातसारिणी, खाद्यवस्तुको बजार-भाऊ आदि पनि हुन्छ । यातायात सारिणीमा गाडी छुट्ने समय, भाडा दर रु, गन्तव्यमा पुग्ने समय दिइनु उपयुक्त हुन्छ । स्टक एक्सचेन्ज (शेयर बजार), खेल-स्कोर आदि पनि सञ्चारिक गणितका विषय हुन् ।

पत्रिकाहरू लगायत सञ्चारका साधनहरूले आफ्ना माध्यमहरूबाट प्रसारण हुने गरेका समाचारदेखि विज्ञापनसम्ममा लिखत तथा बोलिने भाषाको शुद्धता, प्रमाणिकतामा तथा स्तरियतामा ध्यान दिने गरिएमा मात्र पाठक तथा श्रोताहरूको विश्वास जित्न सकिने कुरा अरूले सम्झाइरहनुपर्दछ जस्तो लाग्दैन ।

सञ्चार माध्यममा प्रयोग हुने गणितीय भाषामा अपेक्षा गरिने अनुसारको शुद्धता, एकरूपता ल्याउन र त्यसलाई प्रचलित प्रणालीसँग तालमेल मिलाउनका लागि तल केही सुझावहरू प्रस्तुत गरिएका छन् ।

(१) तिथि-मिति लेख्दा साल, महिना र गतेको घट्दो वा बढ्दो क्रम अपनाउनु उपयुक्त हुन्छ । यसो गर्दा हाम्रो प्रचलनसँग मेल खाने मात्रै हैन गणितीय क्रमबद्धता पनि कायम हुन्छ । यसरी लेख्दा सालका लागि चार अङ्क वा तीन अङ्क वा दुई अङ्क (आवश्यकताअनुसार), महिनाका लागि दुई अङ्क र गतेका लागि दुई अङ्कको चलन बसाल्नु युक्तसङ्गत हुन्छ । जस्तै – २०५४ साल कार्तिक ९ गते लेख्नुपर्दा २०५४।०७।०९ वा ०९।०७।२०५४ र द्वैराशिक हुँदा महिनालाई शब्दमा र गते अङ्कमा लेख्ने, जस्तै कार्तिक ०९ गते ।

(२) समय, बेला जनाउनका लागि बिन्दु प्रणालीले दशमलवको भ्रम दिन सक्ने सम्भावना रहेकाले विसर्ग प्रणालीको प्रयोग गर्नु राम्रो हो । घण्टा र मिनेटको लिखतमा दुई दुई अङ्कको प्रयोग गर्नु युक्तिसङ्गत छ । जस्तै – नौ बजेर पाँच मिनट लेख्नुपर्दा ०९:०५ बजे बिहान वा बेलुका, सवा पाँच घण्टा ०५:१५ घण्टा आदि चौबीस घण्टे परिमाणको लिखत प्रयोग गर्ने गरिएको क्षेत्रको समयको लिखतमा सोहीबमोजिम गर्न सकिन्छ ।

(३) मुद्रासम्बन्धी लिखतहरू उपयुक्त एकाइ प्रयोग गरी अक्षरेपी लेखिनु वाञ्छनीय छ । यसरी लेख्दा परिमाण धेरै ठूलो भएमा प्रयुक्त ठूलो एकाइ वा स्थानमानको नजिकको परिमाणमा अभिव्यक्त गर्न सकिन्छ । जस्तै – पन्ध्र अरब पचहत्तर करोड नब्बे लाख चौरासी हजार तीन सय सत्र भए लगभग सोह्र अरब (अर्थात्

१५,७५,९०,८४,३१७) अङ्कमा लेख्दा स्थानमानअनुसार अल्पविरामले छुट्याएर उचित हुन्छ ।

(४) सांख्यिक परिमाणहरू लेख्दा त्यसको नापको उपयुक्त एकाइ अनिवार्य रूपमा लेख्नुपर्दछ ।

(५) विदेशी मुद्राहरूको उल्लेख हुँदा सोसँग समतुल्य नेपाली मुद्राको परिमाण उल्लेख गर्नु वाञ्छनीय छ ।

(६) नापका अन्य एकाइहरूका हकमा पनि यथासम्भव समतुल्य स्थानीय तथा प्रचलनको राष्ट्रिय नापको एकाइ पनि उल्लेख गरिनु युक्तिसङ्गत देखिन्छ । जस्तै – क्षेत्रफलको एकाइ एकडमा, हेक्टरमा राखिँदा समतुल्य परिमाण रोपनी, विघामा पनि राख्ने ।

(७) विभिन्न परिमाणसँग लेखिने एकाइहरू सङ्केत चिह्नमा नलेखी अक्षरमा लेख्दा आम पाठकलाई पढ्न सजिलो हुन्छ । जस्तै – ५% को सट्टा ५ प्रतिशत, १५° से. को सट्टा डिग्री सेल्सियस आदि ।

सञ्चारिक गणितको भाषा युक्तिसङ्गत, सुग्राह्य तथा सुवोध्य वनाउनका लागि पत्रकार-सङ्गठन लगायत पत्रकारिताको शिक्षण-प्रशिक्षणमा संलग्न सङ्घ-संस्थाहरू, प्रशिक्षकहरू, क्याम्पसहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । पत्रकारिताको स्तरवृद्धिहेतु सञ्चारिक गणितलाई एउटा विषयको रूपमा विकास गर्नु वाञ्छनीय हुन्छ ।

नेपाली भाषाका तथा राष्ट्रिय भाषाका कोषकारहरूले पनि यसतर्फ विचार गर्नु युक्तिसङ्गत होला जस्तो लाग्छ । बोलचालमा तथा व्यवहारिक लिखतमा प्रयोग भइरहेको गणितीय भाषालाई एउटा सुनिश्चित आकार दिने काम शब्दकोषले पनि गर्दछ । अङ्ग्रेजी भाषाका शब्दकोषहरू, खास गरी 'अक्सफोर्ड एडभान्स्ड लर्नर्स डिक्सनरी अफ करेण्ट इङ्गलिस' मा परिशिष्टमा भाषामा प्रयोग हुने गणितीय प्रयोगहरू दिइएको छ । नेपाली भाषाका शब्दकोषका हकमा नेपाली भाषामा गणितीय प्रयोग प्रचलनबारे तथा नेपालभित्र चलनचल्तीमा रहेका स्थानीय नाप प्रणालीहरूबारे उल्लेख भएको छ जस्तोलाग्दैन । भाषागत रूपमा हेर्न-बोल्नका लागि शब्दकोष उपयुक्त सन्दर्भ सामग्री हो, त्यसैले शब्दकोषमा त्यस्तो परिच्छेद परिशिष्टका रूपमा थपिनु युक्तिसङ्गत नै होला जस्तो लाग्छ । विज्ञेषु किमधिकम् ।

किराँती संस्कृतिको धरोहर बूढासुब्बा

– सीता भण्डारी (पौडेल)

कुनै समयमा सिङ्गै राज्यका रूपमा प्रख्यात भएको धरानको विजयपुर खुम्चिएर आज सिर्फ एउटा डाँडाको नाउँबाट चिनिन्छ – धरान बजारदेखि पूर्वपट्टिको डाँडो विजयपुर । यसै डाँडाको पूर्वपट्टि दन्तकाली मन्दिरदेखि पूर्वोत्तर पञ्चकन्यादेखि दक्षिणपट्टि बीचको टारमा एउटा सानो सानो मन्दिर छ, जसलाई बूढासुब्बाको मन्दिर भनिन्छ । मन्दिरका आँगनमा भोग दिएका कुखुरा, हाँस आदिका रगत कटकटिएका छन् र यसै मन्दिरको अलिपर पूर्वपट्टि अझ सानो अर्को मन्दिर छ, जसलाई बूढा सुब्बाकी बहिनीको मन्दिर भन्ने गरिन्छ ।

विजयपुर डाँडाका ४ प्रसिद्ध मन्दिरहरूमध्ये बूढा सुब्बा पनि एक छुट्टै ऐतिहासिक रहस्य बोकेको महत्त्वपूर्ण मन्दिर हो, जसको वरिपरि ठूला ठूला रुख र बाँसको झ्याँङले झ्याम्म घेरिएको एउटा मन्दिर छ । यस मन्दिरभित्र कुनै देवदेवीको आकृतियुक्त प्रतिमा नभएर तीनवटा चिहान (समाधि) जस्तो माटाको ढिस्को छ । तीनवटा त्यस्ता ढिस्काहरूमा पछाडिपट्टि ढिस्को चाहिँ सुब्बेनीले घोप्टयाएको थुन्से हो भन्ने विश्वास गरिन्छ (धरान: एक परिचय, २०५०: ३१) भने बूढासुब्बाको मूर्ति ठूलो भुक्क परेको धमिराले उठाएको माटाको समाधि स्वरूपको छ । र यो पूर्वतिर सिरान पारेर घुँडा खुम्च्याएर उत्तानो सुतेको जस्तो बुझिन्छ । उत्तरतिर, बूढासुब्बाको दाहिनेपट्टि उनका भानिज भनेर स्थानीय पूजारीहरूबाट परिचय पाइने अर्को उस्तै सानो समाधि छ । यी समाधि काँचा माटोका ढिकुरा जस्ता छन् । यी समाधिका सिरानतिर केही त्रिशुल र ध्वजाहरू झुण्ड्याइएका छन् । यो समाधिको उचाइ घुँडातिर अढाइहात जतिको र सिरानतिर डेढ हात जतिको देखिन्छ । छातीको चौडाइ दुई अँगालोको भन्न सकिन्छ । भानिजको समाधि बूढासुब्बाको समाधि जस्तै छ तर अलिक सानो छ । बूढासुब्बाको मन्दिरपरतिर रहेको बूढासुब्बाकी बहिनीको मन्दिरभित्र चाहिँ केही दुङ्गाहरूलाई स्थापना गरिएको छ । यहाँ बूढासुब्बाको जस्तो समाधि छैन । बूढासुब्बाको मन्दिर पहिले फुसको कटेरो थियो, आजकल पक्की मन्दिर बनाएर

टिनको छानो हालिएको छ। यहाँ सातौ, आठौं पुस्ता अगाडिका घण्टा र पूजापात्रहरू थिए। तर ती अहिले देखिदैनन्। देखिन्छ त केवल धरानस्थित वृटिश आर्मीका गोर्खाली भाइहरूले चढाएको २५ सेर जतिको एउटा घण्टा। (आचार्य, २०३०: १५३)

वूढासुब्बाको पूजाआजा हुँदा यसै माटाको ढिस्कोलाई पूजाआजा गर्ने गरिन्छ। स्थानीय वासिन्दाहरू वूढासुब्वालाई "वूढा-बाजे" भनेर सम्बोधन गर्दै जाँड, रक्सी सहित सुँगुर, कुखुराको वलि दिएर पुज्दछन्। आपद्-विपद् र दुःख विमार पर्दा पनि वूढासुब्बालाई सम्झेर डिम्वा, कुखुरा, सुँगुर, वीडी आदि भाकल गरेमा मनोकामना सिद्ध हुन्छ भन्ने गहिरो जनविश्वास रहेको छ (धरान एकपरिचय, २०५०: ३२) त्यसैले धेरै जसो मानिसहरू भाकल गरेर पूजा गर्न आउँछन्। आफन्तमा पिर पिराउ पऱ्यो भने पनि मानिसहरू दूध वा कुखुराको भाले वूढासुव्वालाई चढाउने गर्छन्। आजकल यहाँ हरेक शनिवार मेला लाग्ने गर्दछ। वैशाख शुक्ल पूर्णिमामा त यहाँ ठूलो मेला लाग्छ। त्यसवेला वूढासुब्वालाई सुँगुर र कुखुराको अनगिन्ती वलि दिइन्छ। त्यहाँ चढाइएका भाले कुखुराको मुटु, कलेजो केलाएर त्यहाँका पूजारीहरू जोखना हेर्दछन् र भक्तजनहरूको शुभ-अशुभको भविष्यवाणी गर्छन्। यहाँको वाँसको टुप्पा नहुनु, भुसुना तथा काग, श्याल नआउनु तथा शीत नपर्नु यस क्षेत्रको अलौकिक विशेषता पनि हो। वस्तुतः स्थानीय सवै धर्मावलम्वीहरू वूढासुब्वालाई वहुतै मान्दछन्।

यसरी सवैका विश्वासपात्र भएका वूढासुब्वा आखिर को हुन् त ? भन्ने जिज्ञासा उठ्नु स्वाभाविकै हो। वूढासुब्वाका वारेमा अनेकौ लोककथा र किंवदन्तीहरू पाइन्छन्। स्थानीय किंवदन्तीका आधारमा वूढासुब्वा एउटा सिद्ध थिए। उनी धनुषमा गुलेली वा मट्याङ्ग्रा राखेर हान्ने शिकारी थिए। उनकी एउटी छोरी र वहिनी गौरी थिइन्। छोरीको प्रेममा परेर स्थानीय राजाहरूका वीचमा भिडन्त हुँदा छोरीको प्राण गयो। छोरीको निधनले वूढासुब्वा विरक्तिएर आफ्नो गुलेली र धनुष त्यही फ्याँकेर उत्तानो परेर सुते र त्यही नै उनी समाधिस्थ पनि भए। उनी सिद्ध भएका हुँदा उनको गुलेली र धनुष वाँसको रूपमा उम्रियो। गुलेली वा धनुषको टुप्पो नहुनाले त्यहाँका वाँसका टुप्पा नभए झै देखिन्छन्। अर्को किंवदन्ती के छ भने वूढासुब्वाले मट्याङ्ग्रा हान्नाले ती वाँसका टुप्पा नभएका हुन्। (आचार्य, २०३०: १३३०)

यस्तै अर्को लोककथामा दुर्योधनसँग जुवामा हारेका पाण्डवहरूले आफ्नो वनवासको वेलामा विजयपुरमा आएर ठूलो यज्ञ गरेका थिए। त्यो यज्ञमा वूढासुब्वा यज्ञ रक्षकको काम गर्थे। उनको काम काग, गिद्ध, श्याल आदिलाई यज्ञका छेउछाउमा आउन नदिनु थियो। उनको साथमा वहिनी भानिज तथा अरू चेलाहरू पनि थिए। उनी गुलेली, मट्याङ्ग्रा र धनुष चलाउने गर्थे र आफ्ना चेलाहरूलाई पनि गुलेली र मट्याङ्ग्रा हानेर श्याल, गिद्ध, काग आदि धपाउने तालिम दिन्थे। यसरी तालिम दिंदा तारो हान्ने लक्ष्य यिनै वाँसका टुप्पालाई वनाइएको थियो। (आचार्य, २०३०: १३२-१३३) त्यसैले ती वाँसका टुप्पाहरू नभएका हुन्। यहाँका वाँसहरू वैशाख पूर्णिमाको अघिल्लो दिन मात्र काट्न हुन्छ। स्थानीय वासिन्दाहरू त्यसै वेला यहाँका वाँसको सिन्का वा लौरो लगेर घरमा सिउरिराख्छन् र मान्छे वा वस्तुभाउ विमारी हुँदा त्यसैले जिउमा कोर्दा विमारी निको हुन्छ भन्ने विश्वास गर्छन्। वाँसको टुप्पो उडाउन प्रयोग गरिएका पोलेका माटाका

मट्याङ्ग्राहरू चाहिँ बारी खन्दा अझै पाइदैछन् विजयपुरमा, जसलाई मानिसहरू बूढासुब्बाका मट्याङ्ग्रा भन्ने गर्छन्। डुलुवा वा शिकारी लाग्दा यो मट्याङ्ग्रो घोटेर खाएमा सन्चो हुने विश्वास गर्छन् स्थानीय वासिन्दाहरू। यज्ञ गर्दा पाण्डवहरूले चँदुवा टाँगेको हुनाले शीत पर्दैन र श्याल, गिद्ध, काग आदि पनि बूढासुब्बाको डरले विजयपुरमा वास वस्तैनन्। (पोखेल, २०४८: ९)

रुद्राक्षारण्य माहात्म्यमा पनि एउटा समाधिको चर्चा भएको पाइन्छ। रुद्राक्षको दानाको महत्त्व दर्शाउने प्रसङ्गमा भनिएको यस कथामा केरल प्रदेशका देवदत्त नाम गरेका ब्राह्मण पहिले पवित्र भावना भएका विद्वान् ब्राह्मण थिए, पछि कुसङ्गतमा लागेर पतित भए। उनको कुकर्मले गर्दा गाउँबाट उनी निकालिए र जङ्गलमा गएर रहन थाले। तर आफ्नो उही दुष्ट कर्मले गर्दा जङ्गल जङ्गल डुल्दै रुद्राक्षारण्यको जङ्गलमा पुगे र अन्तमा रोग लागी मरे। उनी ढलेको जमिनमुनि रुद्राक्षको दाना पुरिएर रहेको हुनाले उनले मुक्ति पाए भन्ने कथाको वर्णन गरिएको छ। (आचार्य, २०४१: ४७-५०) रुद्राक्षारण्य माहात्म्य सेन राजाहरूको राज्यकालमा लेखिएको हो भन्ने विद्वान्हरूको राय छ। (पोखेल, २०४८: ११)

पथिक कवि लक्ष्मी आचार्यको बूढासुब्बाको बारेमा विचार यस्तो छ– पाण्डवहरूको वनवासका समयमा अर्जुनलाई पाशुपतास्त्र दिलाउन श्रकिृष्णले हिमालयतिर लिएर आउँदा पौण्ड्कनारायणले द्वारकामा आक्रमण गरेको वेला उपत्यकामा यलम्बहाङ अथवा यलम्बरको शासन चलिरहेको थियो। पौण्ड्रकनारायणले यलम्बहाङलाई सहयोग गर्न अनुरोध गऱ्यो। उनी पनि पौण्ड्रकनारायणको सहायताको लागि आफ्नो सैन्यसहित द्वारका पुगे। द्वारकामा पौण्ड्रकको युद्धमै मृत्यु भयो। त्यसपछि यलम्बहाङ पनि कृष्णजीसँग युद्ध गर्न नसकी समुद्रमा हाम फालेर कुनै द्वीपमा पुगी त्यही आफ्नो बाहुबलले राज्य गर्न थाले भन्ने कथा हरिवंश पुराणमा लेखिएको छ। हरिवंश पुराणमा उल्लेखित द्वीपलाई लक्ष्मी आचार्यले रुद्राक्षारण्य वा विजयपुर हो भनेका छन्। यलम्बहाङ समुद्रमा हामफालेपछि रुद्राक्षारण्य वा विजयपुरमा पुगी उनी त्यहाँ राजा नभएर सुब्बासरह रहन थाले र पछि त्यहीं नै उनको मृत्यु भयो। रुद्राक्षारण्य माहात्म्यमा उल्लिखित कथाका देवदत्त ब्राह्मण केरल प्रदेशबाट आएको कुरो र हरिवंश पुराणमा उल्लेखित यलम्बहाङ द्वारका अर्थात् दक्षिणतिर बाटै विजयपुर आएको प्रसङ्ग मिल्ने जस्तो देखिन्छ साथै यलम्बहाङ किरात भएकाले रक्सी, मासु खाने अनि देवदत्त ब्राह्मण भए पनि भ्रष्ट भएकाले रक्सी, मासु खाने आदि कुराहरूलाई आचार्यले रुद्राक्षारण्य माहात्म्यले प्रकारान्तले हरिवंशको कथालाई नै पुष्टि गरेको र यिनै यलम्बहाङको समाधि नै बूढासुब्बा हुन् भन्ने ठानेका छन्। किरातको समाधि भएकाले नै यहाँ रक्सी र बलि चढाइएको हो भन्ने उनको धारणा हो। (आचार्य, २०३०: १४१-१५२)

बूढासुब्बाका पूजारीहरू मगर छन्। पूर्वी नेपालमा मगरहरूको प्रधानता छैन। यो किरात क्षेत्र हो। फेरि बाहुन र चैनपुरे नेवारहरूको बाहुल्य भएको विजयपुरमा बूढासुब्बाका पूजारीहरू मगर हुनु अनौठो देखिन्छ। यसबाट के अनुमान गर्न सकिन्छ भने पृथ्वीनारायण शाहले आफूले विजयपुर जितेपछि मगरहरूलाई बूढासुब्बाका पूजारी बनाए होलान्। जनकलाल शर्माले पनि पृथ्वीनारायण शाहले जुन जुन ठाउँमा जित्दै गए त्यहाँ

देवीदेवताका थानमा मगर पूजारी राख्तै गए भनेको हुँदा यसै भएको हो कि भन्ने अनुमान हुन्छ। फेरि लिम्बूहरूलाई "सुब्बा" पदवी पनि पृथ्वीनारायण शाहले नै दिएका हुन्। (शर्मा, २०४९: २९५-२९६) नेपालमा सुब्बा शब्दले सरकारी ओहदामा एउटा निश्चित क्षेत्रको हाकिम भन्ने बुझाउँछ भने पल्टनमा पनि सुवेदार भन्नाले "इलाका-प्रमुख" भन्ने नै बुझाउँछ। अतः पृथ्वीनारायण शाहले लिम्बूहरूलाई बेग्ला बेग्लै भू-भागको प्रमुख बनाउँदै "सुब्बा" पदवी दिएका थिए। बूढासुब्बालाई रक्सी र बलि चढ्ने हुनाले "सुब्बा" उपाधि भरखरै थपिएको हो भन्ने पनि भनाइ पाइन्छ। (आचार्य २०३०: १४१)

यसरी बूढासुब्बालाई सुब्बा पदवी पाएका लिम्बू हुन् भन्ने धेरैको भनाइ रहे तापनि ज्ञानमणि नेपालले यी बूढासुब्बा बूढा मगर हुन्, सेनको विजयपछि सुब्बा अधिकार पाएर अथवा ज्ञान गुनको मार्गले यिनी विजयपुरमा आइपुगे र उनको यहीँ समाधि भयो, उनका चेला वा सन्तानले उनको पूजा चलाए। मगर पूजारी भएकाबाट पनि यो कुराको पुष्टि हुन्छ भनेर भनेका छन्। (नेपाल, २०४०: २७८) यदि बूढासुब्बा सिद्धपुरुष मगर थिए भने लिम्बूको मात्र सुब्बा उपाधि हुन्छ मगरको हुँदैन। पृथ्वीनारायण शाहले किरात प्रदेशलाई आधुनिक नेपालमा सम्मिलित गराएपछि अर्थात् वि.सं. १८३१ को आसपासदेखि नै लिम्बूमा सुब्बा शब्दको प्रयोग व्यापकरूपमा हुन थालको हो। यस्तै मान पदवीको प्रयोगले गर्दा खम्बुहरू "राई" लिम्बूहरू "सुब्बा", सुनुवारहरू "मुखिया" र याखाहरू "देवान" भएका हुन्। यस्ता व्यक्तिलाई जमिनको किपट व्यवस्था मिलाएर विशेषाधिकारको साथै मालपोत आदि राजस्व असुल गर्ने दायित्व सुम्पेको हुन्थ्यो। यस्तो किपटको अधिकार वंशानुक्रमबाट चल्ने हुँदा ती पदवी एउटा छुट्टै जातिबोधक शब्दको रूपमा आउन थालेको अनुमान हुन्छ। (शर्मा २०४९: १९५-१९६) बूढासुब्बा यदि सेनको राज्यकालमा आएका सिद्धपुरुषको समाधि हो भने सेनहरूकै राज्यकालमा लेखिएको रुद्राक्षारण्य माहात्म्यमा बूढासुब्बाको उल्लेख नहुनु अनौठो नै देखिन्छ। किनभने यस पुस्तकमा पिण्डेश्वर, दन्तकाली (कालीका) जस्ता विजयपुरका प्रसिद्ध देवीदेवताको चर्चा भएको पाइन्छ भने बूढासुब्बा पनि विजयपुरका प्रख्यात देवता नै हुन् तर उनको चर्चा भएको पाइँदैन। अतः बूढासुब्बालाई पृथ्वीनारायण शाहको एकीकरण पश्चात्का मान्नुपर्ने हुन्छ।

यस्तै इतिहासकारहरू बूढासुब्बालाई विजयपुरका अन्तिम सेन राजा कामदत्त सेनका मन्त्री बुद्धिकर्ण राईको चिहान हो भन्ने मान्दछन्। (धरानः एकपरिचय, २०५०: ३१) विजयपुरका सेन राजाहरूको नियम थियो राजाहरूले किराँतलाई मन्त्री बनाउने र मन्त्रीहरू पनि राजासरह वंशानुगतरूपमा फेरिदै जाने। (आचार्य २०३०: १६८-१६९) त्यस वेला किरात प्रदेशका राजा विद्याचन्द्रले सेनहरूबाट सर्वप्रथम "राई" उपाधि पाएका थिए। (शर्मा २०४९: ९) मकवानपुरका राजा हरिहर सेनपछि पूर्वको सेनराज्य मकवानपुर र विजयपुर गरी दुई राज्यमा टुक्रियो। मकवानपुरको राजगद्दीमा शुभ सेन बसे भने विजयपुरको राजगद्दीमा छत्रपति सेनका छोरा इन्दुविधाता सेन राखिए। (ह्यामिल्टन, १९७१: १४०) यस वेला भारतको पूर्णिया क्षेत्रमा नबाबहरूको राज्य पर्दथ्यो र यिनीहरू विजयपुरतर्फ आकर्षित हुन थालेका थिए। शुभ सेन पनि आफ्नो राज्यबाट छुट्टिएको विजयपुरलाई नबावहरूको सहयोग लिएर पुनः आफ्नो राज्यमा मिलाउन चाहन्थे।

नवाबहरूले यिनै शुभ सेनको आड पाएर शुभ सेन र इन्दुविधाता सेनलाई पक्रेर कैद गरे र दुवैलाई दिल्ली पठाइयो, त्यही यिनीहरू जातिच्यूत भए (आचार्य, २०२५: ६०२)। यस घटनाको केही समयसम्म विजयपुर क्षेत्रमा पूर्णियाका नवाबहरूको अधिकार कायम भएको थियो। पछि किराँत प्रदेशबाट यिनै विद्याचन्द्र राईले आएर नवाबहरूलाई धपाएपछि महीपति सेन राजा बनाइएका थिए। महीपति सेनपछि उनका छोरा कामदत्त सेन विजयपुरको राजगद्दीमा बसे। त्यस बेला विचित्र राई मन्त्री थिए। राजा कामदत्त सेनको यिनीसँग मेल हुन नसक्ता मन्त्री विचित्र राईले राजालाई भोटतिर लखेटी मकवानपुरबाट जगत्सेनलाई ल्याएर विजयपुरको पनि राजा बनाए। केही दिनपछि लखेटिएका कामदत्त सेन फेरि फर्केर आए र जगत्सेनको प्रयत्नबाट विचित्र राईसँग उनको मेल भयो र यसको केही दिन पछि नै विचित्र राईको मृत्यु भयो र उनीपछि उनकै छोरा बुद्धिकर्ण राई मन्त्री भए। राजा कामदत्त सेनको मन्त्री बुद्धिकर्ण राईसँग पनि मेल हुन सकेन र यिनी भागेर इष्ट इण्डिया कम्पनीको शरणमा पुगे। (शर्मा, २०४०: २०७) तर यसबाट पनि केही हुन नसकेपछि उनी फर्केर मोरङ आए र केही सिपाही जम्मा गरी आक्रमण गरेपछि विजयपुर राज्य हात पार्न सफल भए। आफू बलियो भएपछि यिनले बुद्धिकर्णका भाइको हत्या गराए। बुद्धिकर्ण राईले पनि यसको बदला लिन सिक्किमका राजा नामग्याल-फुन्चेक र पूर्णियाका नवाबसँग सहायता मागे र राजाको हत्या गराए। (२०४०: २०६-२०७) राजा कामदत्त सेनको हत्या भएकोमा लिम्बूआन् बुद्धिकर्ण राईसँग असन्तुष्ट भयो। राजा कामदत्त सेनको हत्या भएपछि विजयपुरको गद्दीमा स्वर्गीय राजाका काका रघुनाथ सेनलाई राखियो। उनले बुद्धिकर्ण राई विरुद्ध कम्पनी सरकारसँग सहायता मागे तर सहायता नपाएपछि गद्दी त्यागी भागे। (श्रेष्ठ, २०४२: ४०-४१) बुद्धिकर्ण राईले रिक्त राजगद्दीमा चौदण्डीका राजा कर्ण सेनलाई नाममात्रको राजा थापे र राज्यको हर्ताकर्ता आफै बने। (आचार्य, २०२५: ६०३-६०५)

वर्षाको उर्लदो भेलमा अभिमानसिंहले आफ्ना गोर्खाली सेनालाई कोशी पार गराएर विजयपुरमा आक्रमण गरे। वि.सं. १८३१ मा विजयपुर गोर्खालीहरूको अधिपत्यमा आयो। पृथ्वीनारायण शाहको इच्छा लिम्बुआन प्रदेश पनि जित्ने थियो। तर यसको लागि भागेर कतै लुकिरहेका बुद्धिकर्ण राईलाई लिम्बूहरूको जिम्मा लगाइदिए लिम्बुआनले पृथ्वीनारायण शाहको आधिपत्य स्वीकार गर्ने शर्त थियो। त्यसैले गोर्खालीहरू माग्नेको भेषमा बुद्धिकर्णको खोजी गर्न थाले। अन्त्यमा उनीहरूले बुद्धिकर्ण राईलाई सिनमारीमा फेला पारे र विजयपुरमा तीर हानेर मारे। (पोखेल, २०४८: १०) बालचन्द्र शर्माका अनुसार बुद्धिकर्ण राई इष्ट इण्डिया कम्पनी सरकारको सहायताले गोर्खालीहरूको हातबाट मोरङ उकास्न प्रयास गर्दा गोर्खालीहरूले उनलाई आफ्नो सरहदनजिक भेट्टाएर कैद गरी विजयपुर लगे। त्यहीं उनको दुश्मनको यातना खप्न नसकेर मृत्यु भयो। (शर्मा, २०४०: २०७) यसरी गोर्खालीहरूले मारेपछि बुद्धिकर्ण राईलाई अन्तिम संस्कार गरिएको समाधिस्थल नै बूढासुब्बा हुन् भनेर इतिहासकारहरू बताउँछन्। जनकलाल शर्मा बूढासुब्बालाई राईका चिहान मान्दछन्। उनको विचारमा लिम्बूको चिहानमाथि ठूलो च्याप्टो ढुङ्गो हुन्छ तर राईको चिहानमाथि च्याप्टो ढुङ्गो हुँदैन। (शर्मा, २०४९: ३०७, ३२२) बूढासुब्बाको चिहानमाथि त्यस्तो च्याप्टो ढुङ्गो नहुनाले यो कुनै राईको चिहान हुन

सक्तछ। इमानसिंह चेमजोङका अनुसार कुनै किराँती अगति परेर मऱ्यो भने त्यसको आत्माले स्थानीय वासिन्दालाई भलाइ गर्न सक्तछ भन्ने किराँतीहरूको विश्वास छ। (पोखेल २०४८: ११) त्यसकारण बुद्धिकर्ण राईको आत्मा नै वूढासुब्बा पो हुन् कि भन्ने अनुमान गर्न सकिन्छ।

यस प्रकार यी सबै कुराहरूको अध्ययन गर्दा के चाहिँ स्पष्ट हुन्छ भने वूढासुब्बा "समाधि" हो तर लक्ष्मी आचार्यले भने जस्तो यलम्बहाङको समाधि हो अथवा गुलेली, मट्याङ्ग्रा लिएर हिँड्ने शिकारी सिद्ध हो। त्यस्तै अर्को विचारअनुसार बुद्धिकर्ण राईको चिहान हो, स्पष्ट आधार नभएको हुँदा यसै हो भनी किटान गर्न सकिँदैन। फेरि वूढासुब्बाका मगर पूजारीहरूका बारेमा पनि सन्तोषजनक जानकारी पाइँदैन। यसरी थुप्रै विरोधाभासहरूलाई बोकेर रहेको "बूढासुब्बा धरानवासीहरूका आस्थाका केन्द्र हुन्। यसो त स्थानीय निवासी डा. माधव पोखेलले बूढासुब्बा शब्दको अर्थ "गाउँ-वूढा" भन्ने लगाएका छन्। उनी स्थानीय जनताका पालक ग्राम देवता प्रतीत हुन्छन् पनि भन्छन्। वूढासुब्बाका साथमा रहेको अर्को समाधि कसरी आयो ? र कसको हो ? भन्ने कुराको रहस्य खुल्न सकेको छैन। त्यस्तै वूढासुब्बाको बहिनी को हुन् र उनको समाधि नहुनु त्यो पनि आश्चर्य नै छ। भरपर्दा आधारहरू नपाउन्जेल यी प्रश्नहरू अनुत्तरित नै रहनेछन्। अतः धरानका यी बूढासुब्बा समाधि त हुन्, तर यिनमा मानिसका आस्था र विश्वासले जरा गाडेको छ। त्यसैले "वूढासुब्बा" समाधिवाट देवतामा परिणत भएका छन्। रक्सी र बलिवाट पूजिए पनि बूढासुब्बाको मन्दिर सांस्कृतिक सङ्गमस्थल पनि बनेको छ। राई, लिम्बूका त इष्टदेवता हुँदैहुन् यसदेखि बाहेक बाहुन, क्षेत्री, नेवार, मारवाडी आदि सबैको मनोकामना पूर्ण गराउने बूढाबाजे पनि हुन् वूढासुब्बा। अस्तु।

ग्रन्थसूची

१. आचार्य, बाबुराम **श्री ५ महाराजाधिराजको संक्षिप्त जीवनी भाग ३** (काठमाडौं: श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय, राजदरबार, २०२५)

२. आचार्य, लक्ष्मी **रुद्राक्षारण्य माहात्म्य,** (वाराणसी: लक्ष्मीसाहित्य प्रकाशन, २०४१)

३. आचार्य, लक्ष्मी **देशको माटो देशको ढुङ्गा,** भाग २ (धरान: धरान नगरपञ्चायत, २०३०)

४. धरान नगरपालिका, **धरान: एक परिचय,** (धरान: धरान नगरपालिका २०५०)

५. नेपाल, ज्ञानमणि, **नेपाल निरुक्त,** (काठमाडौं: ने.रा.प्र.प्र., २०४०)

६. शर्मा, जनकलाल, **हाम्रो समाज एक अध्ययन** (द्वि. सं.) (काठमाडौं: साझा प्रकाशन, २०४९)

७. शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा** (७ सं.), (वाराणसी: कृष्णकुमारी देवी, २०४०)

८. श्रेष्ठ, शिवकुमार, **लिम्बूवानको ऐतिहासिक अध्ययन** (धनकुटा: गंगादेवी श्रेष्ठ, २०४२)

9. Hamilton, F.B., **An Account of the Kingdom of Nepal,** (New Delhi: Manjushree Publishing House, 1971)
१०. पोखेल, माधव, "धरानको उकाली ओराली" **मधुपर्क**, २४।११, (काठमाडौं: गोरखापत्र संस्थान, चैत्र २०४८)

पिखालखु: मूलढोकाबाहिरका रक्षक

– योगेशराज

१. विषय प्रवेश:

झन्डै प्रत्येक नेवारघरको[Δ] मूलढोकाअगाडि एउटा गोलाकार, चेप्टो र कुँदिएको[१] ढुङ्गा देख्न पाइन्छ। मूलढोकाभित्र पस्ता टेक्नुपर्ने 'दैलो ढुङ्गा' भन्दा फरक यो ढुङ्गा मूलढोकासामु तर केही पर[२] ओछ्याइएको हुन्छ। यो ढुङ्गालाई नेपालभाषामा पिखालखु (भक्तपुर भाषिकामा: पिखालाकि) भनिएको पाइयो। प्राय: नेवार घरधनीहरूले यसलाई कुमारको प्रतीक मानेको देखिन्छ। लेभिले यो अप्रतिमायुक्त (uniconic) ढुङ्गालाई "कहिलेकाहीँ क्षेत्रपालको रूपमा लिइने"[३] गरेको भेट्टाएका छन् [लेभि:१९९२:२६२]. एकजना नेवार पुरोहितले पिखालखु भनिएको यो ढुङ्गालाई स्थूल जिह्वा क्षेत्रपालको रूपमा आफूले पूजा गर्ने गरेको बताएका छन्।[४] एक अन्य पुरोहितका अनुसार, सो ढुङ्गा क्षेत्रपाल हो र पिखालखु चाहिँ यथार्थमा मूलढोकाको माथिल्लो चौकोस (जहाँ त्रिकोणाकार किल्ला ठोकिएको हुन्छ) मा विराजमान देव हुन्।[५] यद्यपि क्षेत्रपाल

[Δ] यो लेख भक्तपुरका नेवारघरहरूको स्थलगत भ्रमणका आधारमा तयार गरिएको हो। यहाँ प्रयोग गरिन लागिएका तथ्याङ्कहरू पनि तसर्थ भक्तपुरका मात्रै हुन्। यद्यपि यहाँ गरिएको अनुसन्धान अन्य नेवारबस्तीहरूमा दोहोऱ्याउन सकिन्छ।

[१] कतिपय ढुङ्गामा कुँदिएका वृत्ताहरू भिन्न भिन्न भेटिन्छन् (परिशिष्ट) कतिपयमा कुनै धर्को वा बिन्दुसम्म पनि भेटिदैन। कतिपय घरका अगाडि त्यस्तो कुनै ढुङ्गा पनि छैन यद्यपि ढुङ्गा रहनुपर्ने स्थानमा पूजा गर्ने, चोखो पानी चढाउने संस्कार चाहिँ शेष रहेकै देखिन्छ।

[२] मूलढोकाबाट एक हातदेखि झन्डै २० हात परसम्म यस्तो ढुङ्गा भेट्टाइएका छन्।

[३] यद्यपि अन्यत्र उनैले यसलाई 'कहिलेकाहीँ' सैद्धान्तिक रूपले कुमार भनी चिनिने गरेको' कुरा पनि लेखेका छन् [लेभि:१९९२:२६२]

[४] विनोदराज शर्मासितको व्यक्तिगत कुराकानी।शर्मा स्थूलजिह्वा भन्नाले 'जति दिए पनि खान सक्ने' भन्न रुचाउँछन्।

[५] रमापतिराज शर्माबाट प्राप्त जानकारी अनुसार।

भनिने ढुङ्गाहरू पिखालखु भनिने ढुङ्गाहरूजस्तै देखिन्छन् ।[६] ती वेग्लै हुन् भन्ने कुरामा कुनै नेवार घरधनीलाई सन्देह नरहेको तथ्य उल्लेखनीय छ । तिनले क्षेत्रपाल भनी देखाएका ढुङ्गाहरू प्रायः इनारनजिक, चोकको एक कुनामा, डबलिमा पुलमा र अन्य साझा/सार्वजनिक ठाउँहरूमा राखिएका र यदाकदा मात्र[७] मुख्य ढोका वाहिर वाटोमा पाइएका छन् । पिखालखु घर वनाइँदा अन्यत्रवाट ल्याइन्छ [लेभिःर्१९२:२६२] भनेर भनिए तापनि यथार्थमा यो कुलदेवता (ने आगंद्यो) एउटा थलोवाट अन्यत्र सारेजस्तो कुनै विधि संस्कार पूरा गरी सारेको पाइँदैन । कुनै नयाँ घर वनाइसकेपछि अथवा वासस्थान सारेर कुनै नयाँ घरमा प्रवेश गरिसकेपछि पिखालखु स्थापना गर्ने प्रचलन देखिन्छ । यतिखेर पिखालखु भनिएको ढुङ्गामुनि पुरानो तामाको सिक्का राखिने चलन पनि दृष्टिगत हुन्छ । वर्तमानमा पिखालखुको प्रकार र घरधनीको सामाजिक पृष्ठभूमिवीच कुनै अन्तर्सम्वन्ध नदेखिए तापनि विगतमा त्यस्तो सम्वन्ध रहेको हुन सक्छ । जे होस्, पिखालखुको परिचयविषयमा पर्याप्त अस्पष्टता छ भन्दा अत्युक्ति नहोला ।

२. क्षेत्रपाल

क्षेत्रपाल कुनै खेत अथवा भूमिखण्डका रक्षक देवता मानिन्छन् [शर्मा: १९९५: २५३] । क्षेत्रपाललाई शिवको अनुचर [ब्रह्मा: ३.४१:३३;४.१४:७][८] देखि स्वयं कार्तवीर्य[९] सितै एकात्म [मत्स्य: ४३: २७, वायु ४४:२४] मान्ने पुराणहरू पनि छन् । क्षेत्रपाललाई विघ्नपाद भैरव मान्ने तान्त्रिक परम्परा पनि रहेछ ।[१०] यो परम्पराअनुसार क्षेत्रपालको स्वरूप वर्णन (ध्यान) यस्तो छ:

> चन्द्रमालाई जटामा धारण गरेका, तीन आँखा र नीलाञ्जन पर्वतजस्तो वर्ण भएका, एक हातले गदा र अर्कोले कपाल समाएका, राम्रा सुगन्धित रातो माला र वस्त्र पहिरेका, घण्टाहरू झुन्डिएको मेखलाबाट घर्घर ध्वनि मिश्रित झङ्कार निकाल्ने, डरलाग्दा व्यापक भएर रहेका गडुल्कुलिएको सर्पको कुण्डलले सुसज्जित श्रीक्षेत्रपाललाई नमस्कार ।[११]

"कैला केश लामा दाह्रा भएका कालो वर्ण र डरलाग्दो अनुहार भएका खप्परको माला लाएका त्रिशुल हातमा लिएका क्षेत्रपाल हुन् ।"

झन्डै एघारौं शताब्दी इस्वीको भनिएको प्रतिष्ठालक्षणसारसमुच्चय भन्ने ग्रन्थको छैटौं अध्यायमा दिइएको शैव देवदेवीहरूमध्ये क्षेत्रपालको वर्णन यसरी गरिएको छ :[११]

---

[६] "कहिलेकाहीं यसमा (पिखालखुमा) क्षेत्रपालमा कुँदिएकै वुट्टाहरू भेटिन्छन्" [लेभिःर्१९२:२६२]

[७] विशेष गरी भित्र चोक रहेको अवस्थामा चोक पस्ने घरदलानवाहिर ।यस्ता केही चोकहघरूमा वर्तमानमा अथवा अतीतमा एकै परिवारका मानिसहरू वसेका देखिन्छन् ।

[८] पुराणहरूको उद्धरणको लागि [शर्मा: वि.सं. २०२८] हेर्नुस् ।

[९] कृतवीर्य पुत्र, जो तन्त्रशास्त्रका आचार्य पनि थिए । रावणलाई यिनले जितेका थिए । ब्रह्मवैवर्त पुराणअनुसार यिनलाई परशुरामले मारे ।

[१०] पं. भासकर बोध भिश्रको सङ्ग्रहमा रहेको हस्तलिखित ग्रन्थ *तन्त्रसार* अनुसार । यसग्रन्थमा उनलाई वृहत्पिण्ड ग्रहणगर्ने भनिएको छ । द्र. पाद टिप्पणी ४ हेर्नुस् ।

[११] भ्राजच्चन्द्रजटाधरं त्रिनयनं नीलाञ्जनाद्रिप्रभंदोर्दण्डान्तगदाकपालमरुणस्रवस्त्रगन्धोज्ज्वलं ।
घंटामेखलघर्घरध्वनिमिलज्झंकारभीमं विभुं वंदेसंहितसर्पकुण्डलधरंश्रीक्षेत्रपालंसदाः ।
उपरोक्त अनुवाद पं. भास्करबोध मिश्रको हो ।

[११] बभ्रुकेशोग्रदंष्ट्रास्याः कृष्णवार्णाभयङ्कराः ।

वर्णमा र हस्तायुधमा यसमा केही भिन्नता देखिए तापनि प्रकृति, स्वभाव समान रहेको तथ्य विचारणीय छ। क्षेत्रपाल धेरै किसिमका हुन्छन् भन्ने जानकारीलाई[१२] सही मान्ने हो भने यस्तो सामान्य विवरणात्मक भिन्नतालाई स्वाभाविक मान्नुपर्ला।

हिन्दू वास्तुकलाभित्र क्षेत्रपाल वासस्थानको रक्षकको रूपमा देखापर्दछन्। एघारौं शताब्दीको भनिएको वास्तुशास्त्रसम्बन्धी एउटा ग्रन्थमा यसो लेखिएको छ:

> शिव मन्दिरमा, खास गरेर सँगैको डवलिमा यस्ता मूर्तिहरू बनाइनुपर्छ: कालदेवको मूर्ति उत्तरमा राखिनुपर्छ भने क्षेत्रपालहरू र कार्त्तिकेय (अथवा ६ मुख भएका) मूर्ति मुख्य भवनको भुइँतल्ला उक्लिने खुड्किलामा कुँदिएको हुनुपर्छ।[१३]

ध्यान दिनुपर्ने तथ्य त के हो भने भक्तपुरको कुनै पनि शिवमन्दिरवरपर 'क्षेत्रपाल' भेटिएको छैन। खुड्किलामा कुँदिएको क्षेत्रपाल भने प्राय: बौद्ध विहार वहीमास्थित क्वा: पाल देवको मुख्यद्वार वाहिर देखापर्छ।

क्षेत्रपाललाई गृहप्रवेश अथवा अन्य शान्तिकर्महरूको समय प्रसन्न राख्नुपर्ने विधान रहेको र यसको लागि *चौवाटोमा* सिन्दूर, वत्ती, दही भात इत्यादि सजाएर राख्ने प्रथाको चर्चा एउटा सांस्कृतिक कोषमा भएको छ। खेत जोत्नु, बीउ रोप्नुअगाडि पनि क्षेत्रपाललाई पूजा गर्ने विधान भारतका कतिपय स्थानमा प्रचलित रहेको कुरा सो कोषवाट थाहा पाइन्छ। [शर्मा: वि.सं. २०५१: २५३]। नेवारहरूको सन्दर्भमा यो सूची अलि अल्मल्याउने खालको बन्दछ। गृहप्रवेश वा अन्य पूजाकर्मका वेला यिनीहरू पिखालखुको पूजा गर्छन्[१४] शान्तिकर्म अथवा दोष अन्माउनका लागि क्षेत्रपाललाई भोजभाग छुट्याउँछन् र खेत जोत्ने बीउ रोप्ने आदि काममा कुनै विशेष पूजा गर्दैनन्। वृहद्पुरश्चर्याणव तन्त्रको कुब्जिका प्रकरणमा आउने आवरण पूजामा भूद्वारे क्षेत्रपालं गणेशं वटुकं तथा भनी उल्लेख भएवाट[१५] *भूद्वारका क्षेत्रपाल*, गणेश र वटुकलाई पुज्नुपर्ने विधान रहेको छ भन्ने आभास पाइन्छ। यसवाट द्वारको भूमिमा क्षेत्रपाल रहने कुरा पत्तो लाग्दछ साथै क्षेत्रपाल र वटुक[१६] दुवै भिन्न देव हुन् भन्ने प्रमाणित हुन्छ। यो विवेचनावाट कतिपय कुराहरूले पिखालखु क्षेत्रपालकै एक भेद हो कि भन्ने निष्कर्षतर्फ इङ्गित गरेको कुरातर्फ विवेकशील पाठकको ध्यान तान्न नपर्ला।

कपालमालिन: शूलधारिण: क्षेत्रपालका: ॥

[१२] विनोदराज शर्माबाट प्राप्त जानकारी।

[१३] The images should be (made) likewise in the Siva temple, especially in the (attached) pavillon; the image of the kala (Death) is said to be in the north, and the image of kshetrapalas also as well as of kartikeya (lit. six faced) should be carved on the ascending steps of the base of the main edifice. [Manasara.ch XX 101-104].

[१४] यस बारेमा केही विवरण पछि आउनेछ।

[१५] [न:घ:भनी: वि.सं. २०४८: ६९] मा उद्धृत

[१६] वटुकलाई शब्दकोषमा भैरव भनी उल्लेख भएको छ [आप्टेको हिन्दी संस्कृत कोश] मैथिलीमा उपनयनका अधिकारीलाई वटुक अर्थात् कुमार भन्ने प्रचलन छ। वटुकलाई रमापति राज शर्मा पनि कुमारकै पर्यायमा लिन रुचाउँछन्।

३. कुमार

यिनी शिवका दुई पुत्रमध्ये एक हुन्। यिनको अर्को नाम कार्त्तिकेय हो[१७] किनभने उनलाई ६ वटी कृत्तिकाहरूले हुर्काएका थिए। उनको जन्मसित गङ्गाको सम्बन्ध छ।[१८] कुमार एकजना वास्तुकलाविद् हुन् [मत्स्य. २५२.३] भन्ने कुरा रुचिकर लाग्न सक्छ। यस बाहेक, आठौंकल्पको आरम्भमा ब्रह्माका एक पुत्र नील लोहित भएका थिए जो सधैं रोइरहन्थे। कुमार पनि भनिने योपुत्रलाई ब्रह्माले रुद्र, महादेव आदि शिवकै पर्यायवाची नामहरूद्वारा न्वारान गरेको कुरा पनि पढ्न पाइन्छ। [वायु २७.४-१६]। त्यस्तै उनन्तिसौं कल्पमा ब्रह्माले ध्यानावस्थामा जन्माएका मानसपुत्र पनि कुमार नै कहलाएका भेटिन्छन्। उनी श्वेत वर्णका थिए र उनको मुखाकृति भयङ्कर थियो र त्यसैले स्वयं ब्रह्माले उनको स्तुति गरेका थिए। [वायु २२.१०-२३]।

सान्दर्भिक तथ्य चाहिँ के हो भने हामीले माथि क्षेत्रपालको स्वरूपवर्णनमा यस्तै भयानकताको छाया परेको देखिसकेका छौं। वास्तुशास्त्रमा कुमारलाई क्षेत्रपालको पर्याय मानिएको एउटा उद्धरण परेको छ :

उत्तरपूर्व दिशामा क्षेत्रपाल (मकैबारीका देवता) *अथवा* वटुकको मन्दिर हुनुपर्छ।[१९] कुमार एकजनाप्रजापति पनिहुन् (ब्रह्म, ३.१५४. वायु, ६५.५३) पूर्वोद्धृत एक ठाउँमा मुख्यद्वार उक्लिने खुड्किलामा कार्त्तिकेयको चित्र कुँदिएको हुनुपर्ने कुरा परिसकेको छ। भक्तपुरमा ढोकाको दायाँ गणेश र बायाँ कुमारलाई द्वारपालको रूपमा रहेको विश्वास गरिन्छ।

कुमारको स्वरूपका बारेमा अध्ययन गर्दा प्रतिष्ठालक्षणसारसमुच्चयमा तीन कुमारहरूको चर्चा गरिएको तथ्य महत्त्वपूर्ण हुन जान्छ।[२०] पहिलोलाई स्कन्द भनिएको छ: यिनको ५ मुख, बाह्र हात र पद्मासन रहने कुरा त्यहाँ परेको छ। दोस्रोलाई कुमार भनिएको छ : यिनको एक मुख, ५ हात र मयूरासन देखिन्छ। तेस्रोलाई बालकुमार भनिएको छ: यिनको केवल दुई वटा हात कोरिएको छ। नत्र यिनी झन्डै दोस्रा कुमारजस्तै देखिन्छन्। स्कन्द र कुमारको हस्तायुध यसप्रकार छ:

स्कन्दः वाण, पास, खड्ग, भाला, पन्छी, झन्डा, मयूरप्वाँख, ढाल।[२१]

कुमारः ×, × , खड्ग, भाला, ×, ×, मयूरप्वाँख, ढाल, घण्टा वज्र।[२२]

---

१७ अमरकोष प्रथम काण्ड, स्वर्ग वर्ग:
कार्त्तिकेयो महासेनः शरजन्मा षडाननः ॥४१॥
पार्वतीनन्दनः स्कन्दः सेनानी रग्निभूर्गुहः ॥
बाहुलेयस्तारकजिद्विशाखः शिखिवाहनः ॥४२॥
षाण्मातुरः शक्तिधरः कुमारः क्रौञ्चदारणः ॥

१८ स्वस्थानी व्रतकथा एवं ब्रह्मवैवर्त्तपुराणका आधारमा।

१९ In the north-east should be built the temple of Kshetra-pala (god of cornfield) or Vatuka [Manasara ch xxx ll :28]

२० कुमारको योनिलक्षण भेद सैद्धान्तिक दृष्टिले भन्दापनि व्यावहारिक दृष्टिले महत्त्वपूर्ण हुन जान्छ। हेर्नुस् : व्यूनेमान एवं ताचिकावा: १९९१: ८२-८३

२१ बाँकी चारवटा हातहरूमध्ये दायाँ क्रमशः तर्जनी र वर-मुद्रामा देखिन्छ भने बायाँ क्रमशः अभय मुद्रामा र खुट्टामा बिसाइएका देखिन्छन्।

सम्भवतः नेवारहरूले मन पराएका कुमार स्कन्द हुन्। पिखालखुलाई कुमार भनेर प्रमाणित गर्न चाहनेहरूले अन्य कुराका अतिरिक्त उनको पद्मासनलाई पिखालखुमा रहेको कमलपत्रहरू र उनको ६ वटा मुखलाई पिखालखुमा कुँदिएको ६ वटा कमल पत्रदलसित तुलना गर्ने गरेको पाएको छु।

४. पिखालखु

पिखालखु एउटा नेवारी (नेपालभाषाको) शब्द हो। सामान्यतया यसको पदविच्छेद पिखा र लखु यसो गरिन्छ। अघिल्लो शब्दलाई ढोका (ने. *लुखा, ध्वाखा*) सँग जोड्न सकिन्छ।[२३] पछिल्लो शब्दलाई लेभिले पुरानो नेपालभाषाको वाटोवाची शब्द मानेका छन् लेभिः [१९९५:२६२] यद्यपि स्रोत खुलाउन आवश्यक ठानेनन्।[२४] केही संस्कारहरूमा पिखालखु[२५] – घर (निजी) र संसार (सार्वजनिक) छुट्याउने सिमाना रहेको तथ्यले हाम्रो ध्यान तान्छ।[२६] पिखालखु भन्ने शब्दले ढुङ्गालाई मात्र होइन, त्यस वरिपरिको क्षेत्रलाई समेत जनाउँछ भन्ने उल्लेख भएको पनि छ [लेभिः १९९५: १९०-१९१]।

पिखालखु अथवा त्यो ढुङ्गा रहेको क्षेत्रमा पूजा गर्ने प्रचलनवारे गोपालराजवंशावलीमा एउटा उल्लेख परेको छ जसमा दूधे कर्कलोलाई द्वारमा राखेपछि श्रापवाट रक्षा गरिएको र महामारी थामिएको कुरा लेखिएको छ। श्रीपुष्पदेवको पालोमा घटेको भनिएको यो घटना तर कुनै *नाग* लाई प्रसन्न पार्ने विधान जस्तो बुझिन्छ।[२७]

५. पिखालखु र क्षेत्रपाल

पिखालखु र क्षेत्रपाल भिन्नै प्रकृतिका देवता हुन् भन्ने आशय लाग्ने दुईवटा कुराहरू उल्लेखनीय छन् –

१. क्षेत्रपाल कडा छन्।[२८] उनलाई रिसाउन दिनु हुँदैन। घरमा कुनै अनिष्ट, विपत्ति आइपऱ्यो भने क्षेत्रपालको भागमा कुनै तलमाथि परेको हुन सक्छ भन्ने विश्वास

---

२२ बालकुमारका दुई हातमा क्रमशः भाला र पन्छी रहेको देखिन्छ।

२३ अमरकोशः ने. सं. ५५० मा ढोकावाची शब्द खा नै देखा परेको छ। नेपाल भाषा (नेवारी) एकाक्षरी भाषा हो भन्ने ज्ञानलाई पृष्ठभूमिमा राख्ने वित्तिकै लुखा, पिखा, दुखा, ध्वाखा इत्यादि ढोका (< ने. ध्वाखा) कै विशेष (particular) शब्दहरू हुन् भन्ने भेउ लाग्छ। खा वास्तवमा घर र घरको उपस्करण शब्द हो।

२४ सम्भवतः उनले लखुलाई लाछि (अमरकोश, ने. सं. ८३१) वा लाछ अमरकोशः ने.सं. ५०६) कै परिवर्तित रूप मानेका होलान्। पछिल्लो लाछ वाटोवाची शब्द हो।

२५ क. ईहिका बेला अलिं लिइ फर्केका इहिमचा र लस्करलाई पिखालखुमा नै लसकुस (नेपा. स्वागत) संस्कारले स्वागत गरीन्छ।

ख. विहाका बेला कन्यालाई विदाइ गर्ने कार्य पिखालखुमा हुन्छ, त्यस्तै दुलही घर भित्र्याउनु (ने. दुकायेगु) काम पनि घरकी नकींले (नेपा. घरकी सबैभन्दा जेठी विवाहिताले) पिखालखुमै गर्दीछिन्। यतिबेला दुलहीलाई अन्भाउने काम पनि हुन्छ।

ग. मृत्युका बेला मृतकलाई कूतः (नेपा. बाँसको खट) मा पल्टाउने काम पिखालखुमा हुन्छ। लेभिको यो सूचना त्यति भरपर्दो भने छैन।

२६ यो सरलीकरण उचित नभएको तथ्य पछि आउनेछ।

२७ चङ्गुया दुदु फंकया हेतुः श्रीप्वस्येदेवराजासप्रज्यास असहन देशस मह्रंङ्व, थ्वतेस सातक याडा, म्हंगवस क्यडा ॥ गुणिला थोव दुह्रिस कोन्हु दुदु फकंकन, खुंत्रे थ्वन द्वारस तेये गुह्रातो एकापलकासखी, आभिषेस श्रपरक्षा, मह्रं निवारण ... [गो.रा.वं. ३० खः ३-५]

२८ वंबाहाः नागपोखरीका एक बौद्ध महिलालाई नाग (चित्र) कडा छन् कि भन्ने प्रश्न गर्दा तिनले नागभन्दा सोही परिसरमा दक्षिणपूर्वी कुना (यो स्थिति विहारहरूमा क्षेत्रपालको निम्ति छुट्याइएकै देखिन्छ) मा

रहेको देखिन्छ। यस दृष्टिकोणबाट क्षेत्रपाल र छ्वास:[२९] उत्तिकै भयानक हुन्। पिखालखु अपेक्षाकृत नरम देवता हुन्।

२. पिखालखु घरको शुद्धता/अशुद्धतासँग र शुभलाभ/हानिसँग निकै नजदिकको सम्बन्ध भएको देउता हो।[३०] प्रत्येक विहान नेवार गृहिणीले पवित्र पानी (ने.नील:) घर भित्र्याउँदा पिखालखुलाई पहिले अलिकति चढाउँछिन्। त्यस्तै नजीकका देवीदेवताकहाँ पूजा गर्न निस्कँदा (ने घय्के वनेगु) तिनी सर्वप्रथम पिखालखुलाई पूजा गर्न विर्सिदैनन्। कति नेवार अधवैंसेहरूलाई घरबाट निस्कँदा वा घरभित्र प्रवेश गर्दा पिखालखुलाई दाहिने पारी घुम्ने गरेको (ने जपाय् लाकेगु) देख्न सकिन्छ। फेरि तिहारमा दीपावलि गर्ने (लक्ष्मीपूजा) का दिन ढोका लिप्ने क्रममा पिखालखुलाई पनि लिपेर ढोकासित जोड्ने गरिन्छ।[३१] यो विवेचनाबाट पिखालखुलाई निजी र सार्वजनिक संसारको सिमाना मानिएको धारणा एकआयामी र अपरिपक्व देखिएको छ।

६. पिखालखु र कुमार

पिखालखुलाई कुमार मान्नेहरूको आधार सम्भवत: द्वारपालको रूपमा गणेश र कुमार राख्ने वास्तु-परम्परा हो। मूलढोकाको दुई छेऊमा द्वारपाल राखिएका घरहरू दुर्लभ छन्। तर एउटा घरको ढोका दुई छेऊमा पूजा नगरिएका र अप्रतिमायुक्त ढुङ्गा विसाएको भेट्टाइएका छन् (चित्र)। यस घरको वेग्लै पिखालखु रहेको तथ्य भने विचारणीय छ। पिखालखुलाई कुमारसित जोड्ने अर्को एउटा आधार दुवैको पानीसितको सम्बन्ध हुन सक्छ।[३२] कुमार गङ्गापुत्र रहेको तथ्य द्रष्टव्य छ। पिखालखु शब्दको अर्को एक थरीको व्युत्पत्तिले यसलाई पानीसँग निकै नजीक पुऱ्याउँछ।

सो व्युत्पत्तिअनुसार पिखालखु शब्दको पदविच्छेद माथि भनिसकिए झैं पिखा र लखु यसो गरिन्छ तर पछिल्लो शब्द लखु चाहिँ पानीवाची शब्द हो भन्छन्। भाषा वैज्ञानिक दृष्टिले[३३] यो विश्लेषण बढी भरपर्दो देखिन्छ। प्रत्येक घरको मूलढोका बाहिर खोला, कुण्डजस्तो कुनै पानीको स्रोत हुनु परम्परागत अर्थमा शुभ पनि हो। तर पिखालखुमा गरिने केही संस्कारहरूलाई (जस्तो इही र विहाका बेला) यो दृष्टिले सङ्गतिपूर्ण ढङ्गले व्याख्या गर्न सकिए पनि बाँकी संस्कारहरूलाई (जस्तो मृत्युको बेला र दैनन्दित संस्कार) व्याख्या गर्न भने सजिलो छैन। यसबाहेक पिखालखुमा कुँदिएका बुट्टा, आकृति र आधारहरूमा पाइएको विविधतालाई पनि यो दृष्टिकोणले व्याख्या गर्न गाह्रै पर्नेछ।

रहेको क्षेत्रपाल बढी कडा रहेको बताइन्। केही समय अघि सोही ठाउँ बस्ने एकजना युवाले सो नाग अत्यन्तै कडा रहेको बताएका थिए।

[२९] ह्वास: चौबाटो ढुकेर बस्ने, क्षेत्रपाल सरहकै प्रेतहरूको वासस्थान हो।

[३०] पिखालखु घरकै अङ्ग देखिए तापनि नेवार घरको वास्तुकलाका बारेमा चर्चा परेका कतिपय शास्त्रीय एवं आधुनिक विवेचनाहरूमा पिखालखुको चर्चासम्मै परेको छैन।

[३१] यो परम्परा त्यति पुरानो होइन भन्नेहरू पनि छन्।

[३२] यतातिर मेरो ध्यान डोऱ्याइदिने काम रमापति राज शर्माबाट भएको हो, यसको लागि म उहाँप्रति कृतज्ञ छु।

[३३] लखु पानीवाची शब्दको रूपमा नेसं. ५९१ को अमरकोशमा देखिएको छ। यसबाहेक लंख्व (अमरकोश: नेसं. ५०६), लख (अमरकोश: ने सं. ६६१) लंख (लांख्व (फारसी प्रकाश: नेसं. ८२०) इत्यादि रूपहरू पनि समानै छन्।

७. निष्कर्ष

माथिको विवेचनाले के स्पष्ट पार्छ भने पिखालखुको परिचय एवं प्रकृतिका बारेमा थरीथरीका तर्कसम्मत व्याख्याहरू सम्भव छन्। यस्तो बहुअर्थी सङ्केत/प्रतीकहरू नेवार-संस्कृतिमा पाइनु अस्वाभाविक छैन।[३४] साँच्चि भन्ने हो भने नेवारसमाजजस्तो जटिल परम्परा बोकेको समाजमा निक्यौंल वा निष्कर्ष गर्नेजस्ता कुराहरू पूर्वाग्रह मात्र पनि सिद्ध हुन सक्छ। पिखालखु, क्षेत्रपाल र कुमारका कतिपय साझा तथ्य एवं कतिपय भिन्न तथ्यहरू बाहिरिया विद्वान्हरूका लागि विसङ्गतिपूर्ण देखिइन सक्छन् तर एकजना नेवार यस्तो कुराले कहिल्यै अलमलिएको देखिएको छैन। वास्तवमा यो वैविध्यता-विश्लेषण परम्पराको परिणाम मात्र हुन सक्छ। एउटा नेवार-मस्तिष्क संश्लेषणात्मक मस्तिष्क हो कि? पिखालखुमा कमलपत्र संख्यामा देखिएको फरकलाई सम्बन्धित शिल्पी (ने ल्वहँकः मि) ले[३५] – शास्त्रीय परिभाषा दिन खोजेको यहाँनेर सम्झिन्छु। उनले ६ वटा कमलपत्रलाई कुमारसित, सातवटालाई सप्तर्षिसित, आठवटालाई अष्टमातृकासित, नौवटालाई नवदुर्गासित, १२ वटालाई चन्द्रमासित, सोह्रवटालाई सूर्यसित जोडे। त्यस्तै कमलदलभित्र कोरिएको षट्कोणलाई शिवशक्ति, अष्टकोणलाई अष्टमातृकासित जोडे। त्यस्तो यन्त्रभित्र देखापर्ने पाँचबिन्दु पाँचपाण्डव भनी सुध्याए। स्पष्ट छ, यस्तो स्पष्टीकरण भरपर्दो छैन तर पिखालखु कुँदने एकजना वयोवृद्ध शिलाकारबाट प्राप्त भएकोले यसलाई उपेक्षा गर्न भने मिल्दैन। एउटा सम्भावना अवश्य छ, शायद पिखालखुकोपरिचय परम्पराबाट हराइसकेको छ। अर्को सम्भावना के हुन सक्छ भने शायद पिखालखु सामान्य वासस्थान रक्षक हुन् जो पानीसित सम्बन्धित छन्। अहिलेलाई दोस्रो सम्भावनालाई यावत् "विरोधाभासहरू" समेत स्वीकार गर्नु ठीक होला।

सन्दर्भ ग्रन्थहरू

आचार्य, प्रसन्न कु. (अ.)	१९३४ (१९९५)	आर्किटेक्चर् आफ् मनसार, लो प्राइस् पब्लिकेशन्स्, दिल्ली।
आप्टे, वा. शि.	१९६९	संस्कृत हिन्दी कोश, मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि., दिल्ली।
गौतम, कविप्रसाद (अ.)	१९३३	अमरकोश:, शिवप्रशाद राघोराम, रामघाट बनारस सिटी।
नःघः भनी, तीर्थलाल	२०४८	यमपञ्चक लक्ष्मीपूजा, अभिलेख वर्ष ९, अङ्क ९, राष्ट्रिय अभिलेखालय, काठमाडौं।

[३४] नेवारहरुको सांस्कृतिक विश्व बहुअर्थी/बहुसङ्केतात्मक प्रतीकहरुको व्यवस्था हो भन्ने सिद्धान्तको लागि लेखकको शीघ्र प्रकाश्य लेख "नेवार-विश्व" हेर्नुस्।

[३५] नासमना तोखचो बस्ने वृद्ध शिलाका सुनकुमारबाट प्राप्त जानकारी।

साकोठा (तद्दिछें (महाविहार) को पिखालखु ।

खाँमा, इन्द्रायणीद्वारभन्दा केही भित्र, इन्द्रायणीको खः
जात्रा वेला खः विसाउने आसन ।

पिखालखु: 'प्रधान' घरको, गछेँ।

टेराकोटाका पिखालखु। भोलाछेँ– नागपोखरी मार्ग।



भोलाछेंस्थित एउटा घरको मूल द्वार दायाँबायाँका
अनाकृति गणेश र कुमार

इनाचो, स्वंग ल्वहँभन्दा अलिक माथि वीचबाटोमा रहेका क्षेत्रपाल ।

चोछें छुमँ गनेद्योवाट व्यासी भर्ने ओरालोको सिरानका क्षेत्रपाल ।



दरबार स्क्वाय्रस्थित डबलिमा रहेका आकृतिहरू । क्षेत्रपाल ?

A451

बा. अ. द नं. १३/२०२६-२७

मुद्रक : प्रज्ञा-छापाखाना, कमलादी, काठमाडौं ।